practice ministries™

Dads and Kids Together in God's Word.™

practiceministries.org

# व्यवहारिक सेवाकाई

विश्वासको सम्पदाको निर्माण
२ तिमोथी १:५

# ख्रीष्टिय आचरण अगुवा पुस्तक
(Christian Character Leader Book)

परमप्रभुको प्रशंसा गर । त्यो मानिस धन्यको हो, जसले परमप्रभुको भय मान्दछ, र उहाँका आज्ञाहरूमा ज्यादै प्रसन्न हुन्छ । त्यसको वंश देशमा शक्तिशाली हुनेछ सोझा मानिहरूको पुस्ताले आशिष् पाउनेछ । (भस ११२:१,२)

# व्यवहारिक सेवाकाई बाइबल अध्ययन बिषयबस्तु

# ख्रिष्टिय आचरण तथा बाइबल खोजतलास

बिषयसूची

भाग १ संक्षिप्त बाइबल पाठ
भाग २ व्यवहारिक अभ्यासले मानिसलाई मजबुत बनाउछः एउटा सरल बाइबल अध्ययन कसरी गर्ने
भाग ३ बाइबलको उत्तरहरुको खोजतलास

व्यवहारिक अभ्यास सेवाकाई बाइबल अध्ययन बिषयबस्तु र बाइबलको खोजतलास
© १९९७, २००२ व्यवहारिक अभ्यास सेवाकाई

Practice Ministries Nepal
PO Box 12
Tansen (Palpa) Nepal
practiceministriesnepal@live.com

Practice Ministries USA
6125 Luther Lane, Suite 183
Dallas, TX 75225
www.practiceministries.org

# संक्षिप्त बाइबल पाठ

# खीष्टीय चरित्र एवं स्वभाव

**पाठ एक : "अ"** चाहिँ **आचरण**को लागि हो

तिमीहरु हरेकले आफनै हित मात्र नखोज, तर अरुहरुको हितलाई पनि हेर । (फिलिप्पी २:४) । आजको पाठमा सेवकपनको आचरण बारे छलफल गर्ने छौं।

बाइबल खोजतलासले बालबालिकाहरुलाई उरुहरुको हितलाई पनि हेर्ने अभ्यास गर्न सहयोग गर्ने छ ।

**पाठ दुई : "द"** चाहिँ **दया**को लागि हो

तर एउटा सामरी उसको यात्रामा जादै गर्दा त्यो मान्छे भएको ठाउँमा आईपुग्यो, र त्यसलाई देखेर उसको मन दयाले भरियो । (लुका ५०:३३) आजको पाठमा हामीले एउँटा असल सामरीको कथा हेर्ने छौंर कसरी दयावान हुने भन्ने बारे कुराकानी गर्ने छौं ।

बाइबल खोजतलासले बालबालिकाहरुलाई दयाको अभ्यास गर्न उत्साह दिने छ ।

**पाठ तीन : "ख"** चाहिँ **खिष्ट जस्तै हुन**को लागि हो

"...................... प्रभु यशु खितमा विश्वास गर्नु होस र तपाईले उद्वार पाउनु हुने छ .................. " प्रेरित १६:३१ । आजको पाठमा के ले मानिसलाई खिष्टीयन बनाउँछ वा खिष्टीयन बनाउँदैन भनि हामी कुराकानी गर्ने छौं । आजको बाइबल पाठमा पावल र सिलास जेलमा परेका छन्  र एउटा रोगी सिपाहीले यशूलाई आफ्नो व्यक्तिगत मुक्तिदाताको रुपमा स्वीकार गर्दछन् ।

बाइबल खोजतलासले उद्वार एउँटा उपहार हो त्यो प्राप्त गरिनु पर्छ भनेर जोड दिइएको छ ।

**पाठ चार : "ख"** चाहिँ **खिष्ट जस्तै हुन**को लागि हो **(भाग - दुई)**

"................. हेर संसारको पाप पठाईलैजाने प्रमेश्वको थुमा .............." यूहन्ना १:१९ । आज हामी किन हामीलाई उद्वार कर्ताको आवश्यकता छ र खिष्ट येशुमा हाम्रो विश्वासले कसरी हामीलाई हाम्रो पाप बाट बचाउंछ भनेर हेर्नेछौं । यो वास्वीक सुसमाचार सन्देश हो ।

बाइबल खोजतलासहरुको उद्वारको योजनाको रुपरेखा हो ।

**पाठ पाँच : "प"** चाहिँ **पहिचान**को लागि हो

"किनभने परमप्रभुले वुद्वि दिनुहुन्छ, र उहाको मुखबाट ज्ञान र समझने शक्तिका केराहरु निस्कन्छन ( हितेपदेश २:६) । आज हामी ठिक ज्ञान र वुद्विको महत्वको बरेमा कुराकानी गर्ने छौं ।

**पाठ छ : "उ"** चाहिँ **उत्साह**को लागि हो

भातृ-प्रेमसंग एक-अर्कालाई प्रेम गर । आफुलाई भन्दा बढि अरुलाई आदर गर (रोमी १२:१०) । आज हामीले कसरी विभिन्न प्रकारले एकअर्कालाई उत्साह दिने र अरुको लागी उत्साहको जीवन कसरी जिउने भन्ने बारेमा कुराकानी गर्ने छौं ।

बाइबल खाजतलासले बालबालिकाहरुलाई अरुहरुलाई उत्साह दिने विभिन्न तरिकाहरुको अभ्यास गर्ने सहायता गर्ने छ ।

**बाइबल अध्ययनको व्यवहारिक सेवाकाई**

## ईसाई चरित्र

### पाठ सात : "प" चाहिँ प**रमेश्वरको भय मान्न**को लागि हो

यसैकारण अब हे इस्राएली हो, परमप्रभु तिमीहरुका परमेश्वरले तिमीहरुबाट चाहानु भएका कुरा यहीं नै हुनः तिमीहरुले आफ्ना परमप्रभु परमेश्वरको डर मान, यहांका सबै मार्गमा हिँड, उहाँलाई प्रेम् गर, आफ्नो सारा हृदय र प्रणले प्रमप्रभु तिमीहरुका परमेश्वरको सेवा गर र तिमीहरुका हितको लागी मैले आज तिमीहरुलाई आदेश गरेका परमप्रभुका आज्ञा र विधिहरु मान् (व्यवस्था १०-१२-१३) । आज हामीले परमेश्वरको भय मान्ने बारे सिक्ने छौं, आद्वितिय र भययोग्य परमेश्वरको आदर गर्ने ।

बाइबल खोजतलासले बालबालिकाहरुलाई परमेश्रको भय मान्न उत्साह दिने छ ।

### पाठ आठ : "प" चाहि **उदारतापूर्वक दिन**को लागि हो

"दान दिनेले उदार चित्तले देओस (रोगी १२:८) । आज हामीले के, किन, कहिंले र कसरी दिने र कसरी परमेश्वर हाम्रो दानको लागी एउटा नमुना हुनुहुन्छ भन्ने बारे हामी छलफल गर्ने छौं ।

बाइबल खोजतलासले बालबालिकाहरुलाई उनिहरुको समय, सामार्थ्य (बरदान) र सम्पत्तिलाई उदासापूर्वक दिन उत्साह दिने छ ।

### पाठ नौ : "प" चाहि **पवित्रता**को लागि हो **पवित्रता**

तिमीहरु मेरो निम्ति पवित्र होओ, किन भने म, परमप्रभु, पवित्र छु, र तिमीहरु मेरै हुनाले मैले तिमीहरुलाई अरु जातीहरुबाट अलग गरेर छुट्याएको हुँ (लेवी २०:२६) ईतिहांसमा पवित्र परमेश्वले आफ्ना मानिसहरुलाई पवित्र हुन् वोलाउनु भयो । आज हामीहरु पवित्रता र पवित्र कसरी रहने भन्ने बारे कुराकानी गर्ने छौं ।

बाइबल खोजतलासले बालबालिकाहरुलाई एउटा ईश्वरीय र पवित्र जीवन जिउन अभ्यास गर्न उत्साह दिने छ ।

### पाठ दश : "स" चाहि **सद्चरित्र**को लागि हो

"तपाईका सम्पूर्ण वचनहरु सत्य छन्, र तपाईका सवै धार्मीक नियमहरु अनन्तका छन्, ।" (भा.स. ११९-१६०) सद्यरित्र नैतिक र असल कुरा प्रतिको प्रतिवद्धता हो । आज हामीहरु मा भए पर कसरी बाइबलले भनेको असल र सत्यनिष्ठता बारे हर्नेछौं । बाइबल खाजतलासले बालबालिकाहरुलाई धर्मशास्त्रको सत्यतालाई खोजी गर्न उत्साह दिने छ ।

### पाठ एघार : "स" चाहि **सद्चरित्र**को लागि हो (२)

"सबै कुरामा असल कामको नमुना भई तिमीले आफलाई देखाऊँ.......(तितस २:७) । सदचरित्र सत्यप्रतिको प्रतिवद्धता हो । आज हामीले दश आज्ञाहरु द्धारा हामीमा सदचरित्र कसरी निर्माण गर्ने भन्ने बारेमा कुराकानी गर्ने छौं ।

बाइबल खोजतलासले बालबालिकाहरुलाई सद्चरित्रताको लागी केहि प्रतिबद्धता हुन उत्साह दिनेछ ।

### पाठ बाह्रः "स" चाहि **सद्चरित्र**को लागि हो (३)

"तिमिहरुका जिवनको चाल खीष्ठका सुसमाचारको योग्य होस् (फि १:२६) । आजको पाठमा पनि हाम्रो जिवनमा सद्चरित्रलाई कसरी निर्माण गर्ने भन्ने बारेमा निरन्तरता दिने छौं र असहज परिस्थितिमा पनि कसरी सद्चरित्रता प्रर्दशन गर्ने भनेर छलफल गर्ने छौं ।"

## बाइबल अध्ययनको व्यवहारिक सेवाकाई

## ईसाई चरित्र

बाइबल खोजतलासले बालबालिकाहरुलाई सद्चरित्रताको लागी केहि प्रतिबद्धता हुन उत्साह दिनेछ ।

**पाठ तेह्र: "अ"** चाहि **आनन्द**को लागि हो

"म त तिनीहरुको जिवन पाऊन र त्यो प्रसस्‍ मात्रामा पाऊन भन्ने हेतले आएँ.....(यूहन्न १०-१०) । आजको पाठमा असहज परिपस्थितिमा पनि कसरी आनन्दीत रहन सक्छौ भन्ने बारेमा सिक्ने छौं ।

बाइबल खोजतलासले बालबालिकाहरुलाई उनिहरुको जीवनमा आनन्दको विकास र अभ्यास गर्न उत्साह दिने छ ।

**पाठ चौध: "प"** चाहि प्रेमको लागि हो **(भाग-१)**

प्रेम सहनशील हुन्छ र दयालु हुन्छ । प्रेम्ले डाह गर्दैन, न शेखी गर्छ । प्रेम हठी हुदैन न ढीट हुन्छ । प्रेमले आफ्नै कुरामा जिद्दी गर्दैन, झर्की मान्दैन, खराबीको हिसाव राख्दैन, प्रेम खराबीमा प्रसन्न हदैन तर ठीक कुरामा रमाउँछ । प्रेमले सबै कुरा सहन्छ, सबै कुराको पत्यार गर्छ, सबै कुरामा आशा राख्छ, सबै कुरामा स्थिर रहन्छ (१को १३ ४-७) आज हामीले प्रेमलाई कसरी कामबाट प्रकट गर्ने भनेर विशेषगरी हराएको छोरोको कुराकानी गर्ने छौं ।

बाइबल खोजतलासले बालबालिकाहरुलाई प्रेम द्वारा प्रकट गर्न उत्साह दिने छ ।

**पाठ पन्ध्र:"प"** चाहि प्रेमको लागि हो (**भाग २**)

"प्रेम यसैमा छ, कि हामीले परमेश्वरलाई प्रेम गरेका होइनौं, तर उहाँले हामीलाई प्रेम गर्नु भयो र हाम्रा पापको प्रयाश्चित हुनको लागी आफ्ना पुत्र पठाउनु भयो (१ यु ४:१०) । आजको पाठमा येशुखीष्टले हामी प्रति देखाउनु भएको त्यो प्रमको बारेमा कुराकानी गर्ने छौ । जुन प्रेम उहाँले गेतसमनीको बगैचामा आफु पकडाउ पर्ने रात देखाउनु भएको थियो र उहाँको क्रूरीकरण को कुरा जुन पुरानो करारका भविष्य वक्ता यशैयालृ पुरानो करारमा भने अनुसार भएको थियो ।

बाइबलको अनुसन्धनात्मक खोजले बालबालिकाहरुलाई प्रेम व्यवहारमा निरन्तर कायम राख्न भुनौति दिन्छ ।

**पाठ सोह्र: "प"** चाहि प्रेमको लागि हो (**भाग ३**)

उहाँले तिनलाई भन्नु भयो, "तैंले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा ह्रदयले, र आफ्नो सारा प्राणले, र आफ्नो सारा समझले प्रेम गर्नु । महान र प्रथम आज्ञा यही हो । दोस्रो पनि त्यस्तै छ, तैले आफ्नो छिमेकीलाई आफैलाई जस्तै प्रेम गर्नू (मत्ती २२: ३७- ३९) । आज हामीले परमेश्वरलाई र अरुलाई प्रेम गर्ने बारे हेर्नेछौं ।

बाइबलको अनुसन्धनात्मम खोजले बालबालिकाहरुलाई कामद्वारा प्रेम प्रकट गर्न उत्साह दिन्छ ।

**पाठ -१७: "सं" चाही सगीलकोलागि हो**

"आओ, परमप्रभुको निम्ति हामी आनन्दले गाऔं, हाम्रो उद्धारको चट्टानकहाँ चर्को सोरले कराऔं । धन्यवाद चढाउदै उहाँको सामुन्ने आऔं, भजन र गीतले उहाँको प्रशंसा गरौं (भजनसंग्रह ९५: १,२) आज हामीहरुले खीष्टयन विश्वासका दुई ठुला महान भजन र तिनको शिक्षाले आज हामीहरुलाई के सिकाँउछन् त भन्ने बारे कुरा गर्नेछौं ।

बाइबलको अनुसन्धनात्मक खोजले बाल-बालिकाहरुलाई संगीतले परमेश्वरको प्रशंसागर्न सिक्नलाई र धर्मशास्त्र र बाइबलीय सत्यता बुझ्नलाई उत्साह दिदैछ ।

**बाइबल अध्ययनको व्यवहारिक सेवाकाई**

# ईसाई चरित्र

## पाठ - १८ : "स" चाही संदेश बाहकको निम्ती हो । (भाग -१)

"..... प्रधन पुहारीले उहाँलाई भने, "जीवित परमेश्वरको पेत्र खितष्ट होस्?" येशुले तिनलाई भन्नु भयो "तपाईले नै भनिहाल्नु भयो ..(मत्ती २६:६३-६४) (येशुले म ईश्वर हुँ भनि दाबि गर्नु भयो, र इसाइहरु चाही यहीं सत्यताको संदेश वाहकहरु हुन् । तपाई र मैले कसरी थाहा पाउने की संदेश सत्य छ भनेर ? आज हामीले येशू खिष्टको व्यक्तित्व र उहाँ कसरि ईश्वर (परमेश्वर) हुनु हुन्छ भन्ने उहाँका दाबिहरु बारे हेर्नेछौं ।

## पाठ - २१:"न" चाही नयाँको लागि हो (भाग-१)

"यस संसारको ढाँचामा नचल, तर आफ्नो मनमा नयाँ भई पूर्ण रुपले परिवर्तित होओ, र परमेश्वरको असल, ग्रहणयोग्य र सिद्ध इच्छा के हो, त्यो तिमीहरुले जाँच्न सक" (रोमी १२:२) । संसँरको नजरमा प्रख्यात मानिने कुराबाट पूर्णरुपमा भिन्नै र फरक रहनलाई धर्मशाष्त्रले इसाइहरुलाई आज्ञा गर्दछ । हामीले आज किन हाम्रो विचार र व्यवहार यस संसारको दृष्टिकोण भन्दा फरक हुनु पर्छ भन्ने बारे कुरा गर्नेछौं ।

- ✷ बाइबल शास्त्रको खोज मूलक अनुसन्धानकाले बालबालिकाहरुलाई परमेश्वरले उनीहरु के भएको चाहनुहुन्छ त ? भन्ने तर्फ काम गर्न उत्साह दिन्छ ।
- ✷ बाइबल अध्ययनको व्यावहारिक सेवकाई

पाँचौ पृष्ठ समाप्त यहाँ

**इसाई चरित्र :** छैठौ पृष्ठ सुरु यहाँ देखि

## पाठ -२२: "न" चाही नयाँ कोलागि हो (भाग-२)

"यसैकारण मूर्ख नहोओ, तर प्रभुको इच्छा के छ, सो बुझ । दाखमद्ययले नमात्तिओ, कारण त्यो बिलासिता (वा नैतिक भ्रष्टता) हो तर पवित्र आत्माले भसिपूर्ण हाओ । एउटाले अर्कासँग भजन, गीत र आत्मिक गानमा बोल्दै र आफ्नो सम्पूर्ण हृदयले प्रभुको निम्ति गाउँदै र धुन निकाल्दै सधैं सबै कुराका निम्ती हाम्रा प्रभु येशूको नाउँमा परमेश्वर पितालाई धन्यबाद चढाओ" (एफिसी ५:१७-२०) । धर्मशस्त्रले इसाईहरुलाई संसारका प्रसिद्ध भनाउँदो थोकहरुबाट भिन्नै (फरक) रहनको निम्ती आज्ञा गर्दछ । आज हामीले यो कसरी हुन सक्छ त ? भन्ने बारेमा कुरा गर्छौं ।

यस प्रकारको बाइबिलय अनुसन्धानात्मक खोजले बालबालिकाहरुलाई पवित्र आत्मालाई आफ्ना जीवन परिवर्तन गर्नको निम्ती स्वागत गर्नको निम्ती उत्प्रेरित गर्दछ ।

## पाठ -२३: "श" चाही शक्तिको निम्ती हो ।

"जब तिनीहरुले पत्रुस र यूहन्नाको साहस देखे र यिनीहरु अशिक्षित र साधारण मानिसहरु रहेछन् भनी थाहा पाए, तब तिनीहरु छक्क परे, र यिनीहरु येशूको साथमा रहन्थे भन्ने तिनीहरुले थाहा पाए" (प्ररित ४:१३) ।

- आजको पाठमा हामीले कसरी परमेश्वरको आत्माले साधारण मानिसहरुको जिानमा पनि का गर्नुहुन्छ भनि हेर्नेछौं ।

यस प्रकारको खोजमूलक बाइबल व्याख्यानले साना नानीहरुलाई परमेश्वरद्वारा उनीहरुको उपलब्ध ईश्वरीय शक्तिको प्रवाहमा हुन (आउन) सकिन्छ भनेर उत्साह दिन्छ ।

## पाठ - २४: "प" चांही प्रार्थनाको निम्ती हो

"परमेश्वरमा हाम्रो पूर्ण भरोसा छ कि उहाँको इच्छाबमोजिम जे मागे तापनि उहाँले हाम्रो कुरा सुन्नुहुन्छ" (१ यूहन्ना ५:१४) । आज हामीले प्रभुको प्राथना बारे हेर्नेछौं कि यसले कसरी हामीलाई प्रार्थनाबारे सिकाउन मद्दत गर्छ भनेर ।

## बाइबल अध्ययनको व्यवहारिक सेवाकाई

**ईसाई चरित्र**

यस प्रकारको खोज अनुसन्धानात्मक बाइबल व्याख्यानले नानीहरुलाई बक्र्ातक विभि प्रयोग गरेर प्रार्थना गर्न उत्साहित गर्दछ ।

**पाठ -२५: "आ" चाही आदरको निम्ती हो (भाग-१)**

"सबै मानिसहरुलाई आदर गर । भाइबन्धूलाई प्रेम गर । परमेश्वरसँग डराओ । राजको आदर गर ।" (१पत्रुस २:१७) । आजको पाठमा हामीले परमेश्वर को आदर, हाम्रा बुवा-आमा र शिक्षिकहरुको आदरबारे सिक्ने छौ ।

बाइबलिय खोजमूलक अनुसन्धान एवं व्याख्याले बालबालिकाहरुलाई आदरको मह,वबारे सिक्न उत्साह दिंदछ ।

**पाठ -२६:"आ" चाही आदरको लागि हो (भाग -२)**

"स्वार्थ वा अहङ्कारमा केही नगर, नम्रतामा एउटाले अर्कोलाई आफू भन्दा श्रेष्ठ ठान । तिमीहरु हरेकले आफ्नै हित मात्र नखोज तर अरुका हितालई पनि हेर (फिलिप्पी २:३-४) । आजको पाठमा हामी अरुको तिल (आदर) कसरी गर्ने भन्ने बारेमा हेर्नेछौं ।

खोजमुलक अनुसन्धानात्मक बाइबल व्याख्याले बालबलिकाहरुलाई आदरको मह,व निरन्तर कायम राख्न उत्साह दिन्छ ।

**पाठ -२७: "आ" चाही आदरको निम्ती हो (भाग-३)**

"यस संसारको ढाँचामा नचल तर आफ्नो मनमा नयाँ भङ्ग पूर्ण रुपले परिवर्तित होओ, र परमेश्वरको असल, ग्रहणयोग्य र सिद्ध इच्छा के हो , त्यो तिमिहरुले जाँच्न सक" (रोमी १२:२) । आजको पाठमा हामीले हाम्रो लागि आदर कसरी गर्ने र हाम्रो आफ्नै लागि अरुको आदर कसरी पाउने ? भन्ने बारे हेर्नेछौ ।

खोजमूल अनुसन्धानात्मक बाइबल व्याख्यानले बालबालिकाहरुलाई आदरको मह,वबारे निरन्तर सिक्न उत्साह गर्दछ ।

**पाठ -२८: "स" चाही सेवाकोलागि हो**

"यदि तिमिहरुका प्रभु र गुरु भइकन मैले तिमिहरुको गोडा धोएको छु भने तिमिहरुले पनि एकअर्काको गोडा धोनु पर्छ किनकी मैले तिमिहरुलाई एउटा उदाहरण दिएको छु, र जसो मैले तिमिहरुका निम्ती गरे, तिमिहरुले पनि त्यसै" (यूहन्ना १३:१४र १५) । हाम्रो पहिलो वर्षको पाठमा, हामीले सेवकपनाको स्वभाव बारे कुरा गर्‍यौ । यहाँआज हामीहरुले गत पाठको उदाहरणहरुलाई लिएर कसरी हामीले अरुको सेवा गर्ने त भन्ने कुरा गर्नेछौं ।

खोजमूलक बाइबल अध्ययन र व्याख्यानले बालबालिहरुलाई कसरी अरुको सेवा गर्ने त भनेर उत्साह दिन्छ ।

**पाठ -२९: "वि" चाही विश्वासयोग्याताको लागि हो**

"तब अध्यक्षहरु र प्रान्तका बडाहाकिमहरुले दानिएलको विरुद्ध अभियोग लगाउनका निम्ती सरकारी कामकारबईहरुमा तिनको दोष खोज्न लागे, तर त्यसो गर्न उनीहरु असमर्थ भए । उनीहरुले तिनमा कुनै पनि भ्रष्टाचार भेटाउन सकेनन्, किनभने तिनी विश्वासयोग्य थिए, र तिनी न तत भ्रष्ट र लापरवाही नै थिए । ( दानिएल ६:४) । आजको पाठमा हामीले पुरानो करारको हिरो (बिर) दानिएललाई विश्वासयोग्यताको नमूनाको रुपमा लिनेछौ र विश्वासयोग्य र भरपर्दो हुनुको मह,व माथि प्रकाश पार्ने छौं ।

बाइबल अनुसन्धानात्मक खोजले बालबालिकाहरुलाई विश्वासयोग्य रहन उत्साह दिन्छ ।

**बाइबल अध्ययनको व्यवहारिक सेवाकाई**

## पाठ -३०: विशेष धन्यवदीताका पाठ : धन्यवादिताका कथाहरु

“परमप्रभुलाई धन्यवाद चढाओ, उहाँको पुकार गर, जातिहरुका बीचमा उहाँले गर्नु भएका कार्यहरु प्रचार गर । उहाँको तिम्ती गाओ उहाँको निम्ती प्रशंसाको स्तुति गाओ, उहाँको सबै आश्चर्यकर्महरुको बयान गर (भजनसंग्रह १०५:२,२) धन्यबादका तीनवटा कथाहरुले, हामीलाई कसरी नयाँ प्रकारले उहाँलाई धन्यवाद दिन सकिन्छ भनि सिक्न मद्दत गर्दछ ।

### विशेष खिष्टमस पाठ : विश्व खिष्टमस

“अब हेर, तिमिले गर्भ धारण गर्ने छ्यो, र एउटा छोरो जन्माउने छ्यौ, र तिमिले उहाँको नाउ येशू राख्छ्यो” (लूका १:३१) ।

विश्व खिष्टमस बारे म्याक्स् लूकाडोको कथाले हामीलाई आज सम्म सुनिरहेको खिष्टमस कथा भन्दा फरक दृष्टिकोणले बताउँदछ्

अनुसन्धानात्मक खोजमूलक बाइबल व्याख्याले बालबालिकाहरुलाई येशू किन हाम्रो लागि विशेष उपहारको रुपमा पठाइनु पर्‍यो भनि सम्झन उत्साह गर्दछ ।

### विशेष ईष्टर पाठ

“तब हामी आफैले धार्मिक्तामा गरेका कामबाट होइन, तर उहाँको आफ्नै कृपाअनुसार पूनर्जिवनको स्नान द्वारा र पवित्र आत्मा द्वारा भएको नविकरण बाट उहाँले हामीलाई मुक्ति दिनु भयो” (तीतस ३:५) ।

अनुसन्धान एवं खोजमुलक बाइबल व्याख्याले बालबालिकाहरुलाई हाम्रो वरिपरि रहेको आत्मिक यूद्ध (लडाईलाई) बुझ्न र किन परमेश्वरले येशूलाई पठाउन पर्‍यो भनि बुझ्न मद्दत गर्दछ ।

### राष्ट्रिय प्रार्थना दिनको पाठ

“यदि मेरो आफ्नै नाऊँ दिइएको मेरो प्रजाले आफैलाई नम्र पारेर प्रार्थना गर्छ, र मलाई खोजेर आफ्नो दूष्ट चालहरुबाट फर्कन्छ, तब म स्वर्गबाट तिनीहरुको प्रार्थना सुन्नेछु, र तिनीहरुका पाप क्षमा गर्नेछु, र तिनीहरुको देशलाई म स्वस्थ पार्नेछु” (२ इतिहास ७:१४) । अध्ययन गर्नुको साँ आज हामी एउटा काम गर्न जादैछौं । अध्ययन गर्ने समयमा आज हामी, हामीलाई रच्नुहुने, बनाउनुहुने र हाम्रो देशबासीहरुलाई समेत थाम्नुहुने सृष्टि कर्ता परमेश्वरसँग प्रार्थना गर्नेछौं ।

खोजमूलक बाइबल व्याख्याले बालबालिकाहरुलाई देशका मानिसहरुको निम्ति प्रार्थना लेख्न निम्त्याउँदछ ।

### कथाको समय

“एउटै कुरा मात्र म जान्दछ कि म अन्धो थिएँ तर अब देख्दछु” (यूहन्ना ९:२५) । “तपाइको कथाको सार” चाहि येशू कसरी तपाइको जिवनमा आउनु भयो भन्ने कुरा थोरै असजिलो हुन सक्छ । सायद तपाईको असफलताको निम्ती वा तपाईले भन्न नसक्ने कुरासँग तपाई डराउनुहुन्छ होला । तर यदि येशू तपाईको जीवनमा हुनुहुन्छ भने, तपाईसँग भन्ने कथा अबस्य छ, र यो कथा कसरी भन्ने कुरा नै कसको जीवनमा येशूलाई ल्याउने कुरा हुन सक्दछ ।

अनुसन्धानात्मक बाइबल व्याख्यानले तपाइलाई आफ्नो कथा भन्न एउटा विचार, सल्लाह र रुपरेखा दिन्छ ।

## ईसाइ चरित्र अभ्यास्ले सिद्ध बनाँउछु ?

हामीले बिगत नौवर्ष पहिले देखि सयौ बाइबल अध्ययनहरु आयोजना गर्दै आइरहेका छौं । आज हामी उत्तम तरिकाहरु लिएर आएका छौं जसले तपाईलाई आफ्नो परिवारमा आफ्नो बाइबल अध्ययन बाट मद्दत पाउन यसले गर्दछ ।

यहाँ भएका रुपरेखाले तपाईको बाइबल अध्ययनलाई पहिले कसरी अगाडी बढाउने भनेर सल्लाह दिन्छ :

- आफ्नो बाइबल अध्ययनमा येशूलाई निम्त्याउनुहोस् । त्यहाँ भएका प्रत्येक व्यक्ति द्वारा काम नर्गु भएको होस् भनि उहाँको शक्ति र उपस्थिती माग्नुहोस् ।
- यदि यो बिहानी अध्ययन हो भने, केही खाजा र चियाँ लिनुहोस । यदि यो बेलुकीको अध्ययन हो भने, हल्का नास्ता लिनुहोस् खभ्ययन अगाडी ।
- कसैलाई समयको अभाव (असजिलो) भए झै कुनै बिलम्ब नगरी झदैृ सुरु गर्नु होस् ।
- हामीलाई थाहा छ कि यदि तपाईहरुको नानीहरु । बाबुहरु बाइबल अध्ययनको समयमा आएर आफ्ना बुवा-आमाहरु सँग बसे भने बाइबल अध्ययनले अझ प्रभावकारी रुपले काम गर्छ ।
- समूहमा कोही नयाँ अपरिचित छ भने आफैलाई र आफ्ना बाल-बच्चा सबैले आ-आफ्ना परिचय दिउन् विशेष गरि त्यसबेला जहाँ एक अपरिचितहरुको जमघट छ ।
- बाइबल अध्ययन प्रार्थनाद्वारा सुरु गर्नुहोस । कुनै नानीहरु वा कुनै बुवाले पनि प्रार्थना गर्न सक्छन् । तर ज्यादै कर नगर्नुहोस् यो कसैको निम्ती असजिलो र तर्साउने हुन सम्छ सुरुमा । यो सानालाई मात्र होइन ठुलालाई पनि त्यस्तै अनुभव हुन सक्छ । एउटा उपाए चाही सुरुको प्रार्थना एक बुवालाई र अन्तिम प्रार्थना चाही तिनकै छोरा/छोरी मध्य एक जनालाई दिनु पहिलै तयारी रहन भन्न सकिन्छ ।
- जसै समूहका मानिसहरु एकले अर्कोलाई चिन्न थाल्छन्, तब हामी पत्ता लगाउछौ कि हप्तौ-हप्ता यसरी बाल-बच्चाहरु र तिनका अभिभावकहरु एक यसरी सामेल हुनु एक अशल तरिका हो ।
- दिनको पाठबारे छोटो व्याख्या गर्नुहोस् ।
- छलफलको प्रश्नद्वारा अगुवाई गर्नु होस् र केही समय छलफल गर्नुहोस् । आफ्ना बुवाहरुलाई सहयोग हुन उत्साह दिनुहोस् । प्रायजसो बुवाहरुले केही भन्नुहुन्न किनभने उहाँहरु ठान्नुहुन्छ कि "यो केवल बच्चाहरुको अध्ययन" मात्र हो भनेर । तर उहाँहरुको सहभागिहरु पनि मह,वर्पूण छ ।
- समूहलाई सुगम हुने प्रकारले अघि बड्नु होस । यदि छलफल एकै पल्टमा सकिएन भनृ पनि ठिकै छ ।
- बिलम्ब नगरी तोकिएको समयमा पाठ सिध्याउनुहोस । २५ मिनेटको अध्ययन काफी छ । त्यो समयमा तपाईले पत्ता लगाउनु हुनेछ कि अझै थोरै समय अझ अशल हुनेछ ।
- बाल-बालिकाहरु र तिनका बुवाहरुलाई यस खोज मूलक बाइबल अध्ययन अनुरुपको गृहकार्य ( वर्कसित) गने हरेक हप्ता प्रेरित गर्नुहोस र बाल-बालिकाहरुलाई ती प्रश्नका उत्तर दिनलाई समय राख्नुहोस ।
- बाल-बालिकाहरुलाई हप्ताभरिका पाठमा सिकेका अशल चरित्रका विशेषता वा गुणलाई अभ्यास गर्नका निम्ती उत्साह गर्नूहोस । अर्को पाठमा जाने बेलामा (अर्को हप्तामा) गतहप्ता सिकेका कुरा कहि कुनै परिस्थिति वा अवसरमा प्रयोग गरेका कुरा बाँड्नलाई चुनौति दिनुहोस ।
- पाठलाई कसरी अन्त्य गर्ने भन्ने बारे यहाँ एक अचम्मको उपाए छ : हरेक बुवाहरुलाई आ-आफ्ना बाल-बच्चा सिल बस्न लगाउनुहोस स छोसा वा छोरी जसको बुवा त्यहाँ छैन लाई पनि साथमा लिएर सँगै प्रार्थना गर्न लगाउनुहोस । हामीले यो पत्ता लगाएका छौं कि यसरी बुवा र बाल-बच्चहरु संगै मिलेर एक अर्काका लागि प्रार्थना गर्न सिक्ने एक गजपको कुरा हो । तपाईले उनीहरुलाई त्यस दिन कुन विषयमा प्रार्थना गर्न चाहन्छन् सो विषय राखेर प्रार्थना गर्न सक्नेछन् भन्न सक्नुहुन्छ ।
  माथिको विधिहरु वा निर्देशनहरु पहिला अभ्यास गर्नु होस, यदि आवश्यक भयो, पऱ्यो भने, आफ्नो समुहको आवश्यक्ता पुरा गर्नको निम्ती यसलाई मिलाउन वा सुधार गर्न सक्नुहुन्छ ।

## बाइबल अध्ययन कार्यसूचि नमूना

| | |
|---|---|
| 7:10-7:20 प्रभातः | चिया खाजा संगती । |
| 7:20-7:40 प्रभातः | बाइबल पाठ अध्ययन । |
| 7:40-7:50 प्रभातमाः | खोजमूलक बाइबल अध्ययनको पुनरावलोकन । |
| 7:50-7:55 बिहान | बुवाहरु र आफ्ना बाल-बच्चाको बिच प्रार्थना । |
| 7:55 | तपाईले के सिक्नु भयो सो अभ्यास् गर्नुहोस । |

⁂ ७ औं पृष्ठको अन्त्य ⁂

# बाइबल पाठ

| **पाठ** | **पाठका पदहरु** | **पृष्ठ** |
|---|---|---|
| १) "A" चाही मनोवृत्तिको लागि हो फिलिप | २ : ३ - ११ | ११ |
| २) "B" कृपाको लागि हो (शुभचिन्ता) | लूका १० : २५ - ३७ | १४ |
| ३) "C" चाही येशु जस्तै (भाग १) को लागि हो प्रेरित | १६ : २२ - ३४ | १७ |
| ४) "C" चाही येशु जस्तै (भाग २) को लागि हो | (१ युहन्ना १ : ९) | २० |
| ५) "D" चाही बुद्धी वा विवेकको लागि हो | (हितोपदेश २ : १ - १५) | २३ |
| ६) "E" चाही उत्साहको लागि हो | (रोमी १२ : ९ - २१) | २६ |
| ७) "F" चाही परम प्रभुको डरको निम्ती हो | (व्यवस्था ५ : ३३) | २९ |
| ८) "G" चाही देआई (दिनुको) लागि हो | (२ कोरिन्थी ९ : ६ - ७) | ३२ |
| ९) "H" चाही पवित्रताको निर्मति हो | (१ पत्रुस १ : १६) | ३५ |
| १०) "I" चाही इमान्दारी (भाग - १) को लागि हो | (हितोपदेश ३० : ५) | ३७ |
| ११) "I" चाही इमान्दारी (भाग - २) को लागि हो | (तितस २ : ७) | ४१ |
| १२) "I" चाही इमान्दारी (भाग - ३) को लागि हो | (फिलिपी १ : २७) | ४३ |
| १३) "J" चाही आनन्दको निर्मति हो | (युहन्ना १० : १०) | ४५ |
| १४) "L" चाही प्रेम (भाग - १) को निर्मति हो | (१ युहन्ना ४ : १०) | ४७ |
| १५) "L" चाही प्रेम (भाग - २) को निम्ति हो | (१ युहन्ना ३ : १८) | ५० |
| १६) "L" चाही प्रेम (भाग - ३) को निम्ति हो | (मत्ती २२ : ३६ - ३९) | ५२ |
| १७) "M" चाही संगितको निम्ति हो | (भजनसंग्रह ९५ : १) | ५५ |
| १८) "M" चाही संदेश (भाग - १) निम्ति हो | (युहन्ना १४ : ६) | ५८ |
| १९) "M" चाही संदेश (भाग - २) को निम्ति हो | (१ कोरिन्थी १५ : २०) | ६१ |
| २०) "M" चाही संदेश (भाग - ३) को निम्ति हो | (मत्ती २८ : १९ - २०) | ६५ |
| २१) "N" चाही नयाँ (भाग - १) को निम्ति हो | (रोमी १२ : २) | ६९ |
| २२) "N" चाही नयाँ (भाग - २) को निम्ति हो | (एफिसी ५ : १८) | ७२ |
| २३) "P" चाही शक्तिको निम्ति हो | (२ तिमोथी १ : ७) | ७६ |
| २४) "P" चाही प्रार्थनाको निम्ति हो | (१ युहन्ना ५ : १४) | ८० |
| २५) "R" चाही आदरको निम्ति हो (भाग - १) | (१ पत्रुस २ : १७) | ८४ |
| २६) "R" चाही आदरको निम्ति हो (भाग - १) | (फिलीपी २ : ४) | ८७ |
| २७) "R" चाही आदर (भाग - १) को निम्ति हो | (फिलिपी १ : २७) | ९० |
| २८) "S" चाही सेवकको निर्मति हो | (एफिसी ६ : ७) | ९३ |
| २९) "T" चाही विश्वासयोग्यताको निम्ति हो | (दानियल ६ : ४ वा ख) | ९६ |

| **वशिष्ट पाठहरु** | **पाठका पदहरु** | **पृष्ठ** |
|---|---|---|
| धन्यवाद ज्ञापन | भजनसंग्रह १०५ : १ - ५ | १०० |
| ख्रीष्टमस | लूका १ : ३१ | १०३ |
| इष्टर | युहन्ना ३ : १६ | १०९ |
| प्रार्थना | २ कोरिन्थी ७ : १४ | ११२ |
| कथाको समय | युहन्ना ९ : २५ | ११५ |

| **बाइबल खोज** | **पृष्ठ** |
|---|---|
| बाइबलका उत्तरहरु | १२१ |

## पाठ - १ : व्यवहार मनोवृत्ति

**आजको पाठको पद :**
" तिमीहरुलाई हरेकले आफ्नै हित मात्र नखोज, तर अरुका हितलाई पनि हेर " (फिलिपी २ : ४)।

**चरित्रको गुण**

**व्यवहार**

**छलफल प्रश्न**
घरमा कस्तो जिम्मेवारी छ तपाईको ? ती काम गर्दा तपाई कस्तो महसुस गर्नुहुन्छ ?

**परिचय :**
तलको अंश चाही सेप्टेम्बर ११, २००१ इस्वी सं. मा विश्व व्यापार केन्द्र पेन्टागनमा हमला भएको घटना पछि राष्ट्रपति जर्ज डब्लु बुशले दुई महिना पछि दिनुभएको भनाईको (अंश हो) एक अंश हो ।

" अमेरिकीहरुले अर्थपूर्ण तरिकाले आफ्नो वास्ता र साहससाथ जवाफ दिएका छन् । हामीले यो आफ्ना बालबालिकाहरुमा पनि देख्न सक्छौं जसले अफतानिस्तानका बाल बच्चाहरुलाई दश लाख अमेरिकेन डलर बराबरको सहयोग पठाईसकेका छन् । हामीले यो यहुदीहरु र अनेरिकन इसाईहरुमा देखेका छौं । जोहरु आफ्ना मुस्लिम छिमेकीहरुलाई भेट्न पुगि सकेका छन् । हामीहरुले यस कुरालाई अमेरिकीहरुको मुल्य निर्धारण निम्न कुरामा गरेका छन् भनी देख्न सक्छौं । कि अभिावकहरुले आफ्ना बालबच्चासँग धेरै समय बिताउँछ । त्यस्तै गरि प्रार्थना र आराधनामा आदी । हामीहरुले नयाँ विरहरु पाएका छौं जो बचाउनको लागि जलिरहेका भवन तर्फ दगुरे । जस्तै अग्नि नियन्त्रण गर्ने योद्धाहरु र प्रहरीहरु आदी । अनि केही अमेरिकी शिक्षिकाहरु जसले आफ्नै भयभित र त्रसित भएकोहरुलाई सम्हाल्न संघर्षरत थिए । अनि हाम्रो सुरक्षा सेनाका जवान जवानीहरु जसले हाम्रो स्वतन्त्रताको रक्षा गर्न आफ्नो ज्यानलाई समेत खतरामा हालेका थिए । आज बेलुका हामी धन्यवादका साथ यो संदर्भ जोड्न चाहन्छौं ती मानिसहरु वा जनताहरु प्रति जसले लडाईलाई प्रोत्साहन गरेनन् तर आफैलाई लडाईमा आफु पहिलो ताकमा (त्चबनभत) मा पाए तापनि अमेरिकी हुलाकीहरुको वा कारिन्दाहरुको सह्नाना गर्दछौं, जसले दस्ता र सञ्चारमा सहायता गरे ।

हामीले हाम्रा स्वास्थ्य कर्मीहरुलाई पनि धन्यवाद दिन चाहन्छौं । जसले हजारौको जीवन बचाउन द्रुत स्वास्थ्य सेवा उपलब्ध गरे । यो आक्रमणमा हजारौं (अगन्य) अमेरिकीहरुले आफ्नो जीवनदान गरे । न्यूयोर्क बासीहरुले आफ्ना घर दिर्घकालीन सुरक्षाको लागि पर्खिरहेका छौं । अमेरिकी बालबालिकाहरुले अफगानिस्तानका बालबालिकाहरुलाई सहायता गर्नलाई कुकी जस्ता खाद्य बेच्न व्यवस्था मिलाएका छन् । हामी अर्कै धेरै गर्न सक्छौं । प्रभुको प्रार्थना र " ल हामी सहभागि हौं " भन्ने एक सानो जवान व्यक्तिको शब्दबाट साहस र आशा पाएर ९३ उडान यात्रीसहित आक्रमणकारीहरु भएको ठाउँमा आफ्ना छिमेकीहरु (भएका ठाउँमा) लाई बचाउ अभियानमा सामेल हुन सके । यी नर र नारीहरुसँग के छ ? तिनीहरु सबै सेवा गर्नेहरु हुन् । यो त्यही विषय हो जसबारे हामी आज करा गर्ने छौं । अर्थात् सेवकपनको आत्मा बारेमा वा स्वभाव र प्रकृति बारे ।

**प्रवृत्ति**

**खण्ड : (फिलिपी २ : ३ - ११)**

" स्वार्थ वा अहङ्कारमा केही नगर, तर नम्रतामा एउटाले अर्कालाई आफू भन्दा श्रेष्ठ ठान । तिमीहरु हरेकले आफ्नै हित मात्र नखोज तर अरुका हितलाई पनि हेर । तिमीहरुमा यस्तो मन होस् , जो ख्रिष्ट येशुमा पनि थियो । परमेश्वरको स्वरुपमा भएर पनि उहाँले परमेश्वरको बराबरी हुने कुरालाई एउटा पक्रिराख्ने वस्तुजस्तो ठान्नु भएन । तर आफैलाई रित्याईकन कमाराको रुपमा धारण गरेर तथा मनुष्य भएर जन्मनुभयो । स्वरुपमा मानिसजस्तै भएर आफुलाई होच्याउनु भयो र मृत्युसम्मै, अर्थात कसको मृत्युसम्मै आज्ञाकारी रहनुभयो । त्यसैकारण परमेश्वरले उहाँलाई अति उच्च पार्नुभयो र उहाँलाई त्यो नाउँ प्रदान गर्नुभयो जो हरेक नाउँ भन्दा उच्च छ । कि स्वर्गमा पृथ्वीमाथि र पृथ्वीमुनी भएको हरेक प्राणीले येशुको नाउँमा घुँडा टेक्नुपर्छ र हरेक जिब्रोले परमेश्वर पिताका महिमाको निम्ति ख्रिष्टलाई प्रभु भनी स्वीकार गर्नुपर्छ ।

प्रश्न : प्रवृत्तिको वा स्वभावको तपाई कसरी परिभाषित गर्नुहुन्थ्यो होला ? (एक सोच्ने तरिका वा अनुभव वा केही वस्तु वा कोहीप्रतिको अनुभव वा सम्वेग)
प्रश्न : सेवक को हो ? (त्यो जसले अरुलाई सहयोग गर्छ) भर्खरै पढिएको बचनको खण्ड अनुसार हामी आफै कस्तो हुनुपर्छ ? (एक नम्र सेवक) ।
प्रश्न : अरु मानिसहरुप्रति हाम्रो व्यवहार कस्तो हुनुपर्ने हो ? (हरुको चाहना वा रुचिलाई ध्यान दिनु वा आफ्नो भन्दा अरुको विचार गर्नु पहिला) ।
प्रश्न : परमेश्वरप्रति हाम्रो व्यवहार कस्तो हुनुपर्ने हो ? (आज्ञाकारीता) ।
प्रश्न : आज्ञाकारिताको मतलव के हो ? (शब्दकोष अनुसार यसको मतलव चाही कसैले भने अनुसार गर्नु हो) । जव बाइबलले आज्ञाकारिताको बारेमा कुरा गर्दछ तव यसको अर्थ यही हुन्छ कि " येशु जस्तै हुनु हो भनी बुझ्नु हो । " के यसमा अझ गहन अर्थ छैन र ? यो चाही, यो गर र त्यो गरको नियम पालन गर्नुभन्दा अझै बढी हो । यसबारे केही क्षणको लागि सोच्नुहोस् ।

जव तपाई मोटर अभ्यास गर्नुहुन्छ, सायद तपाई अल्मलिनुहुन्छ, तर तपाई आफै चलाउन सक्ने बन्नुहुन्छ तव जति जति तपाई चलाउनुहुन्छ त्यति त्यति तपाईले राम्रो गर्न हाँक्न सक्नुहुन्छ । वास्तवमा जव सिकाउनेले तपाईलाई एक पटक सिकाउँछ तव तपाईले त्यो फेरी विर्सनु हुन्न । आज्ञाकारिताका अभ्यासको कुरा पनि ठिक त्यस्तै हो । जस तपाई परमेश्वरका सल्लाह वा सुझाव बमोजिम काम गर्न थाल्नु हुन्छ, तव तपाईले यी ठिक छने भनी यता लगाउनुहुनेछ । वास्तवमा तपाई ती अति असल छन् भनि थाहा पाउनु हुनेछ । जुन कुरा बारे कहिले सोच्नु पनि हुन्न कहिले यो चाँही त्यही मोटर साईकल कसरी चलाउने भनि सिक्नु जस्तै हो । परमेश्वरको आज्ञारिता बन्नुले तपाईलाई बढी झन्-झन् येशु जस्तै बन्दै जान र परिवर्तन हुँदैजान मद्दत पुग्दछ ।

यी अरु दुई कथाहरु बारेमा सुन्नुहोस् र मानिसहरुको आफै र अरु प्रतिका व्यवहार बारे पत्ता लगाउन कोशिष गर्नुहोस् ।

एटलेन्टामा भएको ओलम्पिक खेलकुँदमा, यो १९९६ को कुरा हो, १०० मिटर पुरुषहरुको दौडमा प्रतिस्पर्धामा एउटा घटना घट्यो । ओलम्पिक खेल जो १९९२ मा स्पेनको बार्सिलोनामा भएको थियो जहाँ ग्रेट ब्रिटेन र बेलायतको तर्फबाट लिनफोर्ड क्रिस्टीले भाग लिएकी थिइन् । जसबाट सुनको टक्मा जित्ने आशा राखिएको थियो । ओलम्पिकको प्रतिस्पर्धामा के नियम राखिएको छ भने यदी कुनै खेलाडी वा धावकले शुरुवात गर्ने बन्दुक पड्किन अगाडी नै दौड सुरु गऱ्यो भने यसलाई गलत शुरुवात मानिन्छ र सबैखेलाडीहरु फेरी पुनः सुरु गर्नुपर्ने हुन्छ । यदि कुनै धावकले दुई पल्टनै गल्ती गऱ्यो भने वा गलत तरिकाले शुरु गऱ्यो भने उक्त व्यक्ति प्रतिस्पर्दाधाको लागि अयोग्य मानिन्छ र त्यसले तिनले दौडमा भाग लिन पाउदैनन् । श्रीमान / माहाशय Christie ले दुबै पटक गलत शुरु गरे त्यसैले उनी सुरुको तक्माको प्रतिस्पर्दाको खेलको निम्ती अयोग्य ठहरिए । त्यसैले उनी एकदमै रिसाए र म दौडन पाउनु पर्छै भन्ने जोड दिदै दौडको ट्राक (Track) छोड्न इन्कार गरे । यसरी उनले आफ्नो खेलाडीत्वको सुगुणको अभावद्वारा अरु खेलडीहरुलाई दुखित तुल्याए ।

प्रश्न : श्रीमान क्रिष्टिको आफै प्रतिको व्यवहार कस्तो थियो ?

(उनी धेरै महत्वपूर्ण थिए)

प्रश्न : क्रिष्टिको अरु प्रतिष्पर्धीहरु प्रतिको व्यवहार कस्तो थियो ?
(उनीहरु तिनी आफै भन्दा कम महत्वका थिए , होईन त)

## अबोप्रान्त इसाई चरित्र

मर्कूसको सु- समाचारमा मर्कूसले येशू र उहाँका दुई चेलाहरुको कहानी बताउछन् : (मर्कूस १०:३५-४५):

(जब्दियाका दुई छोराहरु याकुल र युहन्ना उहाँ काँहा आएर भने "गुरु ज्यू, हामी तपाई संग जे मग्छौ तपाईले हाम्रा निम्ति गरिदिनुहोस् भन्ने हाम्रो इच्छा छ।" उहाँले तिनीहरुलाई सोध्नुभयो, "तिमीहरुका निम्ती म के गरिदिउँ भन्ने तिमीहरुको इच्छा छ ?" तिनीहरुले उहाँलाई भने "तपाईको महिमा मा हामी मध्ये १ जना तपाईको दाहिने पट्टि र अर्को तपाईको देब्रे पट्टि बस्न पाउने मन्जुरी हामीलाई दिनुहोस् । " तर यशुले तिनीहरुलाई भन्नुभयो । "तिमीहरु के माग्दछौ सो तिमीहरु जान्दैनौ । के जुन कचौरा म पिउछु त्यो तिमीहरु पिउन सक्छौ ? अथवा जुन बतिष्समा तिनीहरुले जुन बतिष्समा मैले लिएको छु। त्यो बतिष्समा तिमीहरु लिन सक्छौ ? " तिनीहरुले उहाँलाई भने "हामी सक्छौ" यशुले तिनीहरुलाई भन्नुभयो जुन कचौरा म पिउँछु त्यो तिमीहरु पिउनेछौ र जुन बप्तिष्मा मैले लिएको छु त्यो बतिष्समा तिमीहरु लिने छौं तर मेरो दाहिने पट्टि र मेरो देब्रे पट्टि बस्न चाहिँ मैले दिने होईन यो त जस जसको निम्ति तयार भईराखेको छ तिनीहरुकै निम्ती हो । " यो सुनेर १० जना चेलाहरु याकुव र यूहन्नासंग रिसाए । तब यशूले तिनीहरुलाई आफू कहाँ बोलाएर भन्नु भयो, "तिमीहरु जान्दछौ की अन्यजातीहरु माथि सासन गर्नेहरुले तिनीहरु माथि अधिकार चलाउँछन् तर तिमीहरुमा चाँही त्यसो हुदैन । तर तिमीहरुमा जसले ठूलो हुने इच्छा गर्दछ  त्यो तिमीहरुको सेवक हुनु पर्दछ। अनि तिमीहरुमा जसले पहिलो हुने इच्छा गर्दछ त्यो तिमीहरु सबैको दास हुनु पर्दछ। किनकी मानिसको पुत्र सेवा पाउन होईन तर सेवागर्न र धेरैको छुट्कारोको निम्ति मर्नको निम्ति आफ्नो प्राण दिन आएको हो।"

**प्रश्न :** ती दुई चेलाहरुको आफै प्रतिको व्यवहार कस्तो थियो ? (तिनीहरुको आवश्यकता र चाहाना पहिलो आउनु पर्ने होईन ।

**प्रश्न :** तिनीहरुको अरु चेलाहरु प्रतिको व्यवहार कस्तो थियो ? (ती १० चेलाहरुका चाहाना मा र आबश्यकता चाँहि यि दुई चेलाका भन्दा कम महत्वको छ। भन्ने होईन त?)

**प्रश्न :** यहाँ यशुले अरुहरु प्रतिको ठिक व्यवहार के हो भनि भन्नुहुन्छ? (पहिला सेवक हुनु)

**प्रश्न :** कल्पना गर्नुहोस् की तपाई आफ्नो अभिभावक शिक्षक र शिक्षक र साथीहरु कहाँ गएर भन्नु भयो कि, " म जे भन्छु त्यो तपाईहरु मेरो निम्ति गर्नुहोस् । " उहाँहरुको प्रतिक्रिया कस्तो हुन्थ्यो होला ?

- येशु आज यो चाहानुहुन्छ कि तपाईले यो बुझ्नोस् कि पहिला आफ्नो आवश्यकता र रुचिका कुरा होइन तर अरुहरुका सेवक बनी अरुहरुका रुची र चाहानालाई ध्यान दिनु नै एक अर्का प्रति गरिने सर्बोत्तम व्यवहार हो ।

प्रश्न : सेवक हुने कुरा तपाईले आज कसरी अभ्यास गर्न सक्नुहुन्छ ?

## पाठ - २ : शुभचिन्तक (कृपा)

गृहकार्य दोहोऱ्याउनुहोस् : प्रश्नहरु र कण्ठष्थपदहरु आदी ।

**आजको पाठ पद : (लुका १० : ३३) :**

"तर एउटा सामरी उसको यात्रामा जाँदै गर्दा त्यो मान्छे भएको ठाउँमा आईपुग्यो र त्यसलाई देखेर उसको मन दयाले भरियो । "

**चरित्रको गुणः शुभचिन्ता वा सहानुभूति**

**छलफल :** तपाईले अरु कसैको निम्ति गरेको असल काम बारे हामीलाई बताउनुहोस् । तपाईले कस्तो महसुस गर्नुभयो ? हामीलाई बताउनुहोस् । कुनै असल काम जुन अरुले तपाईलाई गरे । त्यति बेला तपाईले कस्तो महसुस गर्नुभयो ?

शब्दकोष बताउँदछ कि शुभचिन्ता र सहानुभुति चाँही कृपाको काम हो । अर्थात् कृपालु हुनु चाँही प्रेमलाई काममा ल्याउनु हो ।

**परिचय :**

फ्लोरेन्स नाईटिङ्गेल १८२० ई. सं. मा बेलायतमा जन्मेकी थिइन् । तिनले चाहेकी भए तिनको निम्ति सबै अवसरहरु खुला थिए । तर तिनी आफ्नै जीवन सित अवाफ भईन् र केही उपयोगि कुरा (काम) गर्न चाहन्थिन् । जव तिनी जवानी भइन् तव तिनले आफ्नो जीवनमा सन्तुष्टि पाईन् जव तिनी आफ्नो घर नजिकैका दु:खी र गरिबहरुका सेवा गरिन् । ३३ वर्षको उमेरमा तिनी नजिकैको (घर) अस्पतालमा नर्स बनिन् । जव बेलायत र फ्रान्स रुस विरुद्धको लडाईमा सामेल भए, तव बेलायत सरकारले फ्लोरेन्सलाई क्राइमिया (जो हाल टर्की हो) मा नर्सहरुको समूहलाई अगुवाई गर्न भन्यो । त्यहाँ फ्लोरेन्सको कैयौं दिनहरु र रातहरु धेरै घाईते सिपाहीहरुको र बिरामीहरुको वास्ता गर्दै बिताइन् । फ्लोरेन्सले घाईते सिपाहीहरुको लागि सफा लुगा खाना र औषधीहरु र सामानहरु किन्नको लागि आफ्नै पैसा चलाईन् । तिनको सबै समय अरुहरुको वास्तामा विताइन् । यसै विच कुनै साथीले फ्लोरेन्सको जीवनबारे टिप्पणी गरे कि सम्पूर्ण बलले भ्याए जति गरेर पनि फ्लोरेन्सको निम्ति पुग्दो थिएन, किनकी तिनी भन्थिन् कि परमेश्वरले यति मात्र होइन, तिनी अझै भन्थिन् कि परमेश्वर एउटै मात्र मालिक हुनुहुन्छ , जसलाई तिनले हिसाव दिनु पर्छ । तिनी ठान्थिन् कि तिनले गर्ने गरेका काम चाँही परमेश्वरका काम हुन् । यी सोचाई भित्र नै तिनको निम्ति तिनले चाहेको इनाम र आनन्द थियो । जुन तिनले आश गरेकी थिईन् । तिनको एउटै सोचाई यही थियो कि " तपाईको इच्छा पुरा होस् " यो अंश चाँही देव र निता ज्याक्सनले निकाल्नु भएको " बेथानी हाउस् " नामक पत्रिकाको पृष्ठ नं. ११७ - १२६ जो १९९७ मा वीरहरुको गाथाबाट साभार गरिएको हो ।

प्रश्न : दयालु वा कृपालु हुनुको पछाडी के महत्व लुकेको छ ?

उत्तर : यो परमेश्वरको निम्ति महत्वपूर्ण छ । किनकी यसले उहाँको आदर गर्छ र यसले कसैलाई खुशी पार्छ किनकी परमेश्वर तपाईप्रति कृपालु हुनुहुन्छ ।

- पहिलो कारण चाँही यो हो किनकी यो परमेश्वरको लागि महत्वपूर्ण छ । दयालु हुनुले व्यक्तिलाई परमेश्वरको वीर ताराहरु सितको उच्च स्थानमा राख्दछ । हामीलाई यस्तै वीरहरुको चरित्र गुणहरुको लिस्ट बाइबलले (गलाती ५ : २२ - २३) मा बताईएको छ कि : (तर पवित्र आत्माको फल चाँही " प्रेम, आनन्द, शान्ति, धैर्य, दया भलाई, विश्वस्तता, नम्रता, संयम हुन् । यस्ता कुराहरुका विरुद्धमा कुनै व्यवस्था छैन । ")

# ईसाई चरित्र

(मत्ती २२ : ३७ - २९) : (उहाँले तिनलाई भन्नुभयो, " तैले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले र आफ्नो सारा प्राणले र आफ्नो सारा समृद्धले प्रेम गर्न । महानन र प्रथम आज्ञा यहि हो । दोस्रो पनि तयस्तै छ तैले आफ्नो छिमेकीलाई आफैलाई जस्तै प्रेम गर्नु ।"

- कसैलाई प्रेम गर्नु चाही परमेश्वरलाई प्रेम गर्नु गरेको महत्पूर्ण चीज जस्तै बारेमा हो । प्ररित पापल यस प्रकार बताँउछन् कि "प्रेम दयालु हुन्छ" (१ कोरिन्थी १३:४) त्यसैले दयालु हुने भन्नु चाही कसैले कसैलाई प्रेम गर्नु हो ।
- अब हामी बाइबलकृ एक प्रख्यात कथा (कहानी) हेरौं जो दया कै सम्बन्धमा छ ।
- बाइबल अध्ययनरत एवं व्यवहारीक सेवकाई

शुभचिन्ता :- असल सामरी

बचत खण्डः लुका १०-३५:"येशुले जवाफ दिनुभयो एक जना मानिस यरुशलेमबाट यरीहोतिर जाँदै थियो । त्यो डाँकूहरुको फेला पर्‍यो । तिनीहरुले त्यसलाई नाङ्गै पारेर पिटे र अधमरी पारी छोडेर गए । संयोगले एउटा पूजाहरी त्यही बाटो भएर जाँदै थियो र त्यो अधमरो मान्छेलाई देखेर अर्कोपट्टि तर्केर गयो । त्यस्तै गरि एउटा लेवी पनि त्यस ठाँउमा आएर त्यसलाई देखेपछि अर्को पट्टि तर्केर गयो । तर एउटा सामरी उसको यात्रामा जाँदै गर्दा त्यो मान्छे भएको ठाँउका आइपुग्यो र त्यसलाई देखेर त्यसलाई देखेर दयाले भरियो । र त्यसकहाँ गएर तेल र दाखमद्य लगाएर त्यसका घाउहरुमा पट्टी बाँधीदियो र आफ्नै गधामाथि चढाएर त्यसलाई एउटा पौवामा ल्याई त्यसको हेरचाह गर्‍यो । भोलि उसले दुई चाँदीका सिक्का पौवाको मालिकलाई दिएर भन्यो, यिनको हेरचाह गा र अरु बढी खर्च लागे म फर्केर आउँदा तिमीलाई तिरिदिनेछु । "

यहुदीहरुले सामरीहरुलाई तिरस्कार गर्थे । सामरीहरुको विश्वास यहुदीहरुको भन्दा फरक थियो र यहुदीहरु सामरीहरुसँग सम्बन्ध राख्न चाहँदैनथे । तर यो सामरीको निम्ति ती फरक पनालाई इन्कार गर्न आवश्यक थियो । त्यो घायल यहुदीको वास्ता र दया गर्नको निम्ति ।
प्रश्न : के तपाई त्यस्ता मानिसहरुलाई जान्नुहुन्छ जसलाई स्कूलको अर्को छेऊबाट कोही तर्केर जानाले चोट लागेको छ ?

- सायद
- फरक रङ्ग र जातको कारणले होला
- असुन्दर / कुरुप भएकोले पो हो की ?
- सायद अरु जति नजान्ने भएकोले हो की ?
- सायद त्यसले ठिक प्रकारको पहिरन र लवाई नभएर हो की ?
- सायद कोही शहर नौलो भएर हो की ?
- सायद कोही को शरीरमा अपाङ्ग भएकोले हो की ?

प्रश्न : आज तपाईले स्कूलमा कसरी यस प्रकारको दयाको अभ्यास गर्न सक्नुहुन्छ ?

- पहिलो दयालु हुनुपर्ने कारण चाही यो परमेश्वरको निम्ति महत्वपूर्ण छ ।
- दोस्रो दयालु हुनुपर्ने कारण चाही हितोपदेशमा छ ।

(हितोपदेश १२ : २५) : " चिन्तित हृदयले मानिसलाई कमजोर तुल्याउँछ , तर दयालु बचनले त्यसलाई हर्षित तुल्याउँछ । " कहिले काँही मानिसहरुलाई प्रसंशा / हौसला चाहिन्छ । कसैलाई निरुत्साहको सट्टामा वा इन्कारको सट्टामा (जसले मानिसलाई खसाल्छ) उत्साह हौसला चाहिन्छ जस मान्छेलाई उचाल्दछ । तेस्रो कारण पनि हितोपदेशमै पाइन्छ । (हितोपदेश १४ : ३१) " ...................... तर दरिद्रलाई दया देखाउनेले परमेश्वरको आदर गरेको हुन्छ । " के तपाईले खाँचोमा भएको कसैलाई चिन्नुहुन्छ ?
सायद :

- सायद स्कूलमा कुनै एक नयाँ व्यक्ति जसको कुनै साथी छैन ।
- कोही व्यक्ति जसको परिवार गरीब छ ।
- कोही व्यक्ति जसलाई समुहमा समावेश गरिउको छैन ।
- कोही व्यक्ति जसलाई समिती वा समुह बनाउँदा प्राय अन्तिममा मात्र लिइन्छ ।

- कोही मानिस जसुको सिक्ने खुवी कम छ।
- यो कुराले परमेश्वरको आदर गर्छ जव तपाई गरीब वा आवश्यकतामा हुनेहरुलाई सहयोग र दया गर्नु हुन्छ।
- त्यो विषयमा सोच्नुहोस् जुन तपाईको खास आवश्यकता वा खाँचो हो र जहाँ तपाईलाई अरुको मद्दतको जरुरत छ।

प्रश्न : तिनीहरुप्रति तपाई के गर्नुन्छ त जसले तपाईलाई गलत व्यवहार गर्छ ? के तिनीहरुप्रति तपाई दयावन्त बन्नु पर्छ ? बाइबल भन्छ " जसरी परमेश्वरले खिष्टमा तिमीहरुलाई क्षमा गर्नुभयो त्यसरी नै एउटाले अर्कालाई क्षमा गरेर तिमीहरु एउटा अर्का प्रति कोमल मनका र दयालु होओ " (एफिसी ४ : ३२)

चौथो कारण चाँहीं किनकी परमेश्वर तपाईप्रति दयावन्त हुनु भएको छ। भजन संग्रह भन्दछ : " उहाँले हामीसँग हाम्रा पाप अनुसारको व्यवहार गर्नुहुन्न, अनि हाम्रा अधर्मअनुसार हामीलाई दण्ड दिनुहुन्न । किनकी पृथ्वीबाट स्वर्ग जति टाढा अग्लो छ, उहाँका भय मान्नेहरुमाथि उहाँको करुणा त्यत्तिकै महान् छ। पश्चिमबाट पूर्व जति टाढा छ, उहाँले हाम्रा अपराधहरु हामीबाट त्यत्तिकै टाढा हटाईदिनु भएको छ। (जनसंग्रह १०३ : १० - १२) । यदी परमेश्वरले हामी जे कुरामा लायकका थियौं । त्यस्तै गर्नुभएको भए हामी मध्ये कोही पनि प्रसस्त र अनन्त जीवनको आशा पाउने थिएनौं । कारण उहाँले हाम्रो प्राय क्षेमाको निम्ति हाम्रो सट्टामा क्रुसमा भर्नलाई पठाउनु हुने नै थिएन । दया देखाउनु चाही १) परमेश्वरप्रति महत्वपूर्ण छ । २) मानिसलाई उत्साह दिन्छ । ३) परमेश्वरलाई आदर गर्छ ४) परमेश्वरले हामी प्रति देखाउनु भएको प्रेमको परिवर्तन हो।
प्रश्न : दया भन्ने कुरा आज तपाई कसैप्रति कसरी अभ्यास गर्न सक्नुहुन्छ ?

## पाठ ३ : (भाग - १) ख्रिष्ट जस्तै हुनु

**गृहकार्य पुनरावृत्ति**

**गत हप्ताको प्रश्नहरु र कण्ठष्थ पद**

**आजको पाठ पद**

" उहाँको इच्छाको लक्ष्यअनुसार ख्रिष्ट येशुद्धारा प्रेममा उहाँको हामीलाई आफ्ना सुन्तान हुनलाई नियुक्त गर्नुभएको थियो " (एफिसी १ : ५)

**चरित्रको गुण : ख्रिष्ट जस्तै  हुनु**

**छलफल प्रश्न** : तपाईको परिवारलाई केले चिनाउँछ ? (तपाईलाई आफ्नो परिवारको सदस्यको रुपमा चिनाउने मुख्य कुरा चाँही तपाईको नाम थर हो ।)

**परिचय :** यो निर्णयको विउ चाँही मेरो हृदयमा एक वर्ष पहिले महाशय विल्लीग्राहमद्धारा रोपी सकेको थियो । उनले मेरो परिवारलाई हिउँदको साताको अन्तमा भेट्नु भयो । मइमा/ मैले उहाँलाई समुद्र नजिकैको सन्त पुन नामक एउटा सानो मण्डलीमा प्रचार  गर्नु भएको देखेको थिए । हामीहरु सबैले समुद्र नदेखिने आगनमा दिवा खाजा खाएका थियौं । एक साँझ मेरो बुबाले विल्लीग्राहमलाई साताको अन्तमा भेला भएर बसेका ठूलो परिवारको माझ प्रश्नोत्तर गर्नुभयो । उहाँ आगोको छेउमा बसेर कुरा गर्नुभयो । उहाँले जे भन्नु भयो, त्यो कुराले मेरो हृदयमा परिवर्तन ल्यायो । मैले सठिक शब्द सम्झेको छैन । उहाँको उदाहरण अझ शक्तिशाली थियो । प्रभु उहाँको भद्र आचरणद्धारा स्पष्टसँग झल्किनुभएको थियो । अर्को दिन हामी हिड्दै कुरा गऱ्यौं र मैले जाने कि म एक महान् व्यक्तिको उपस्थितिमा छु । उनी मेरो निम्ति एक चुम्बक थिए, मैले केही नयाँ / फरक कुरा सिकेको महसुस गरे । उहाँले शिक्षामा भाषण होइन तर वास्ता र न्यानो पना दिनु भयो । बिल्लीग्राहमले तपाईलाई दोषी महसुस गराउनुको साटो तपाई प्रेम गरिएको महसुस गराउनु भयो । गत साताको अन्तरालमा महाशय ग्राहमले मेरो हृदयको भूमिमा तोरीको विउ रोप्नु भयो । त्यो एक भित्रमा उम्रेर बढ्यो । उहाँले मलाई उक्त बाटो (पथ) तिर डोऱ्याउनु भयो र म हिड्न सुरु गरे । मेरो जीवनमा यो बदला अर्को सुरुवात थियो । म निरन्तर चर्च धाउने बालसंगितमा सिकाउने र नियमित मण्डलीमा वेदीको सेवकाई गर्ने जस्ता एकदमै धर्मी जीवन अभ्यास गरी सकेको व्यक्ति थिए । तर त्यो सप्तान्तमा मेरो विश्वासले नयाँ अर्थ पायो । त्यो मेरो हिडाईको नयाँ मोड थियो । जहाँ मैले मेरो हृदय येशुमा समर्पण गर्ने थिए । यो अंश जर्ज डब्लू बुशले " भोलीको लागि राख्नु पर्ने मुल्य " भन्ने पुस्तकबाट लिइएको हो । जुन १० औं अध्यायको १३६ पेजमा छ । जर्ज डश्लू बुशले कही जाँदै गर्दा बाटोमा येशुलाई ग्रहण गरे आफ्नो जीवनमा त्यो निर्णयले उनको जीवनको यात्रा थालनी भयो र यस्तै निर्णय गर्ने हरेक व्यक्तिको जीवनको लागि पनि यो एक जीवन यात्राको थालनी बन्दछ । त्यो यात्रा चाँही "ख्रिष्ट जस्तै" हुनु हो ।

**पृष्ठभूमि :**
पावल र सिलास एशियाका विभिन्न देश र शहरहरुमा परमेश्वरको बचन प्रचार यात्रामा यात्रा गर्दै थिए । एक दिन उनीहरुले शहरको एउटा भिडमा बचन प्रचार गर्दै थिए शहरको एक भागमा तब उनीहरुलाई गिरफ्तार गरियो किनकी तिनीहरुले जे भने वा प्रचार गरे त्यो उनीहरुलाई (शहर निवासीहरुलाई) मन परेन ।

**येशु जस्तै हुनु**

**बचन खण्ड (प्रेरित १६ : २२ - ३४) :**

तिनीहरुमाथि जाई लागे । शहरका हाकिमहरुले तिनीहरुका वस्त्र च्यातेर फालिदिए र तिनीहरुलाई छडी लगाउने आज्ञा दिए । उनीहरुले तिनीहरुलाई निक्कै छडी लगाए पछि तिनीहरुलाई झ्यालखानामा हालिदिए र झ्यालखानाका हाकिमहरुलाई यी कैदीहरुलाई कडा निगरानीमा राख्ने हुकुम दिए । यस्तो हुकुम पाएर उनले तिनीहरुलाई झ्यालखानाको भित्री भागमा लगि तिनीहरुका खुट्टामा ठिगुरो ठोकेर राखिदिए । तर आधा रात तिर

# ईसाई चरित्र

पावल र सिलास प्रार्थना गर्दै परमेश्वरका भजन गाईरहेका थिए र अरु कैदीहरुले यो सुनीरहेका थिए । तव एक्कासी ठूलो भूईचालो गयो र झ्यालखानाका जगहरु हल्लिए र तुरुन्तै जम्मै ढोकाहरु उघ्रिए र सबै बन्धनहरु खुले । झ्यालखानाका हाकिम निद्राबाट ब्यूझे र झ्यालखानाका ढोकाहरु उघ्रेको देखेर कैदीहरु सबै भागे भन्ठानेर उनले आत्महत्या गर्ने विचारले आफ्नो तरवार थुते । तर पावलले चर्को स्वरले यसो भन्दै कराए, तपाईले आफ्नो नोक्सानी केही नगर्नुहोस् । किनकी हामी सबै यही छौं । तव बत्ती मागेर उनी हाम्फाल्दै भित्र आए, र डरले काम्दै पावल र सिलासका अगाडी घोप्टो परे । तिनीहरुलाई बाहिर ल्याएर उनले भने, " उद्धार पाउन मैले के गर्नुपर्छ ? " अनि तिनीहरुले भने, " प्रभु येशु खिष्टमा विश्वास गर्नुहोस् र तपाईले उद्धार पाउनुहुनेछ - तपाई र तपाईका परिवारले । तिनीहरुले उनलाई र उनको घरमा भएका जति सबैलाई प्रभुको वचन सुनाए । तव रातको त्यही घडी उनले तिनीहरुलाई बस्तिस्मा लिए । त्यसपछि तिनीहरुलाई घरमा ल्याएर तिनीहरुका सामन्ने भोजन राखिदिए र परमेश्वरमा विश्वास गरे भन्ने कुरामा उनका सारा परिवारसँग उनी आनन्दित भए । "
प्रश्न : इसाई हुनलाई यी मानिस र उनका परिवारले के गरे ? (तिनीहरुले आफ्नो भरोसा र विश्वास येशु खिष्टमा राखे ।) बाइबल भन्दछ, " किनकी यदि तिमीले येशुलाई प्रभु हो भनी आफ्नो मुखले स्वीकार गऱ्यौं र परमेश्वरले उहाँलाई मरेकाहरुबाट जिवीत पार्नु भयो भनी आफ्नो हृदयमा विश्वास गऱ्यौं भने तिम्रो उद्धार हुनेछ, " (रोमी १० : ९)

प्रश्न : येशु जस्तै हुनु भन्नुको अर्थ के हो त ? (यसको अर्थ हो खिष्ट जस्तै हुनु ।) हामीले उहाँको नमूनालाई । जीवनलाई नक्कल गर्न कोशिस गर्न सक्छौं तर उहाँको जीवनको नक्कल गर्न मात्र प्रयाप्त छैन । हामी आफ्नै प्रयासले धेरै पर पुग्न सक्दैनौं । यो कुरा सत्य हो कि कोही व्यक्ति खिष्ट जस्तै हुनुको निम्ति ऊ एक इसाई बन्नु पर्दछ ।)

प्रश्न : खिष्टीयनको परिभाषा के हो ? (इसाईको परिभाषा यो हो की खिष्टसँग एक हुनु ।) यदी यो अनौठो लाग्छ भने यसलाई अर्को तरिकाबाट भन्दा यो चाँही एक अचम्मको सम्बन्ध हो जो तपाई कहिलै अनुभव गर्नु भएको छैन ।

बाइबलले भन्दछ की खिष्टियन हुनु भनेको चाँही खिष्टको नाम बोक्नु हो । (१ पत्रुस ४ : १६) जस्तो तपाईको नामले तपाईको परिवारको परिभाषित गर्छ त्यसरी नै खिष्टीयन हुनुले तपाई परमेश्वरको परिवारसँग सम्बन्ध रहेको कुरा जाहेर गर्दछ । वास्तवमा जव तपाई इशाई बन्नुहुन्छ, तव तपाईले उहाँको नाउँ बोक्ने मौका पाउनुहुन्छ । बाइबल भन्दछ, " उहाँको इच्छाको लक्ष्य अनुसार खिष्ट येशुद्धारा प्रेममा उहाँले हामीलाई आफ्ना सन्तान हुनलाई अघिबाटै नियुक्त गर्नुभएको थियो । (एफिसी १ : ५) अर्को तर्फ जो एक खिष्टीयन छैन उ परमेश्वरको परिवारमा धर्मपुत्र बनाईएको छैन । यसले परमेश्वरको नामको महत्व बोक्दैन ।
प्रश्न : के ले कसैलाई खिष्टीयन बनाउँदछ ? (धेरै मानिसहरुले सोच्छन् कि तिनीहरु खिष्टीयन हुन् र तिनीहरुसँग फरक फरक कारण छन् । हामी कुरा गरौं कि के खिष्टीयन बनाउँछ र बनाउँदैन भनि :
हो या होइन भन्नुहोस् : यदी कसैले भन्छ कि " म एक असल व्यक्ति हुँ , मैले चोर्दैन झुट पनि बोल्दैन अनि कसैको चित्त दुखाउँदैन ," के यसले कसैले इसाई बनाउँदछ । बाइबल भनदछ, " ............... असल कसैले गर्दैन, असल गर्ने एक जना पनि छैन । (भजनसंग्रह १४ : ३) । " बाइबलले यो भन्दछ, " मानिसको हृदय सबै कुरा भन्दा छलि हुन्छ (यर्मिया १७ : ९) । "

यदी कसैले भन्दछ कि म परमेश्वरको धर्म पुत्र/ पुत्री हुनलाई मेरो अशलपना नै प्रयाप्त छ भने त्यो एक मूर्खता हो । हो / होइन भन्ने प्रश्न : यदी कसैले दाबी गरेर भन्छ कि, " मैले धेरै असल कामहरु गरेको छु । मैले मेरा साथीहरुलाई गृहकार्य गर्न सघाउँछु र मैले स्कुलका कुनै पनि नियम उल्लङ्घन गर्दैन ..... " भन्दैमा के यसले कसैलाई खिष्टीयन बनाउँछ ?

धर्मशास्त्र भन्दछ, " किनभने अनुग्रहबाट विश्वासद्धारा यो तिमीहरु आफैबाट होइन, यो त परमेश्वरको वरदान हो । कर्महरुद्धारा होइन नत्रत मानिसले घमण्ड गर्नेछ (एफिसी २ : ८, ९) । " इसाई हुन भनेको चाँही प्रशस्त अशल कामहरु गरेर कमाउने कुरा जस्तो होइन ।
हो / या होइन :

# ईसाई चरित्र

प्रश्न : यदी कसैले भन्छ कि “ म प्रत्येक हप्ता मण्डली र बालसंगति जान्छु र मैले मेरो कमाईको दशौं अंश दिन्छु ? ” के यसले कसैलाई खिष्टीयन बनाउँछ ?

बाइबल भन्दछ, “ ............. जसरी खिष्ट मण्डलीको शिर हुनुहुन्छ, जुन मण्डली उहाँको शरीर हो, र उहाँ स्वयं त्यसको मुक्तिदाता हुनुहुन्छ (एफिसी ५ : २३) । ” मण्डली चाँही येशु खिष्ट नै एक मात्र मुक्तिदाता हुनुहुन्छ भनि भरोसा गर्ने मानिसहरुको समूह मिलेर बनेको छ । मात्र मण्डलीमा र बाल संगतीमा जानु र आउनुले कैले तपाईलाई र कसैलाई इसाई बनाउँदैन ।
हो / होइन :

प्रश्न : के त यदी कसैले भन्छ कि, “ म त एक विश्वासी परिवारमा जन्मिएको हुँ, ” के यसले उसलाई एक बनाउाछ र ?

बाइबल यहाँ के भन्दछ सुनौं : “ अरु कसैमा मुक्ति छैन, किनकी हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरुमा अर्को कुनै नाम दिएको छैन (प्रेरित ४ : १२) ”

- इसाईत्व चाँही येशु खिष्टसँगको व्यक्तिगत सम्बन्ध हो । इसाईहरुले धेरै असल काम गर्छन् र गर्नुपर्दछ । तर एक असल व्यक्ति भएको नाताले केवल मण्डली जाँदैमा बाइबल पढ्दैमा मात्र तपाईलाई र अरु कसैलाई कहिले इसाई बनाउँदैन जस्तो कोही ग्यारेज तिर हिडेर जाँदैमा उ एक कार बन्दैन ।

प्रश्न : के तपाईले कहिल्यै येशुलाई तपाईको जीवनमा मुक्तिदाता र प्रभुको रुपमा आउनलाई भन्नु भएको छ ?

यदि भन्नु भएको छ भने परमेश्वरलाई तपाईको निम्ति अनन्त जीवन एक उपहारको रुपमा दिएकोमा धन्यवाद छ । यदी तपाईले येशुलाई आफ्नो जीवनमा कहिल्यै निम्त्याउनु भएको छैन भने येशु भन्नुहुन्छ, “ हेर, म ढोकामा उभिएरु ढकढक्याउछु । कसैले मेरो स्वर सुनेर ढोका खोलिदियो भने, म त्यस कहाँ भित्र पस्नेछु, ........... (प्रकाश ३ : २०) । ” यदी तपाईले कहिल्यै येशुको निम्ति ढोका खोल्नु भएको छैन भने उहाँ तपाईको जीवनको ढोकामा उभिएर ढकढक्याउँदै हुनुहुन्छ अहिले नै । यदी तपाईले उहाँको स्वर सुन्नुहुन्छ भने अहिले नै आफ्नो ढोका उघारेर र उहाँलाई स्वागत गर्नुहोस् अहिले / आज नै । बोलाउनुहोस् ।

- यदी यो कसरी गर्ने भन्नेमा तपाई निश्चित हुनुहुन्न भने किन तपाई आज नै यसबारे आफ्नो अभिभावकसँग कुरा नगर्ने ?

प्रश्न : किन इसाई बन्न महत्वपूर्ण छ ? कसरी येशुमा विश्वास गर्नुले तपाईको जीवनलाई बचाउँछ ? भन्ने बारेमा नै भाग - २ मा हामी तपाईहरुसँग कुरा गर्नेछौं । अर्थात् खिष्ट जस्तै बन्नु भन्ने बारेमा ।

## पाठ - ४ ख्रिष्ट जस्तै (भाग - २)

**गृहकार्य पुनरावृत्ति**

**प्रश्नावली र कण्ठष्थ गर्ने पद**

" ........................ हेर, संसारको पाप उठाइ लैजाने परमेश्वरको थुमा (युहन्ना १ : २९)

**चरित्रको स्तरः ख्रिष्ट जस्तै हुनु**

**भाग - १ को पुनरावृत्ति**

- ख्रिष्ट जस्तै हुनु भनेको चाँही येशु ख्रिष्ट जस्तै हुनु हो ।
- साँचो रितीले ख्रिष्ट जस्तै हुनुको लागि एक व्यक्तिले इसाई हुनुपर्दछ ।
- इसाईको परिभाषा चाँही ख्रिष्टसँग एक हुनु हो ।
- असल बनेर, असल गरेर, चर्च वा बालसंगति तथा बाइबल पढ्दैमा तपाई अथवा कोही व्यक्ति इसाई बन्दैन । तर येशु ख्रिष्ट परमेश्वरको एक्लो पुत्रलाई आफ्नो व्यक्तिगत जीवनको मुक्तिदाता र प्रभु भनी स्वीकार गरेर मात्र तपाई अथवा अरु कोही इसाई बन्दछ वा बन्न सक्नु हुन्छ ।

**परिचय :**

सन् २००१ को सेप्टेम्बर ११ मा संयुक्त राज्य अमेरिका माथिको हमला पछि प्याट टिलम्यान ९एबतर्तर्ष्ँबल० सशस्त्र सेनामा भर्ना भए । टिल म्यानले महसुस गरे कि आफ्नो आरामदायी जीवनको लागि उनले केही मुल्य चुकाउन पर्छ । यो कुनै नौलो कुरा होइन । धेरै नर नारीहरु आफ्नो देशको सेवा गर्न सशस्त्र सेनामा भर्ना हुन्छन् । तर जव तीस लाख ६० हजार डलरको मुल्य पर्ने राष्ट्रिय फुटबल खेलाडीको पेशागत जीवनको छनौटको चरम विन्दुमा आइपुग्दा सेनाहरुको संख्यामा न्यूनिकरण हुन आउँछ । बाइबलले भन्छ कि, " आफ्ना मित्रहरुका लागि आफ्नो प्राण अर्पण गरिदिनु भन्दा ठूलो प्रेम अरु कसैको हुदैन । " (युहन्ना १५ : १३) । प्याट टिलम्यानले आफ्नो जीवन दिए । प्याट टिलम्यानले मारिए जव सेना अफगानिस्तानमा अलकारामा सेना विरुद्ध विशेष सर्चमा पठाईएको थियो उनी ७५ औं कर्णेल रेन्जर तहका थिए । र उनकै निर्देशनमा सेना पठाइएको थियो । अस्तोनाका सभासद् जोन म्याकिएन भन्दछन्, " प्याट टिलम्यानको उदाहरण सबैको निम्ति एक प्रेरणा बनेको छ कि कसरी उनी देशको सेवामा नम्रता पूर्वक लागेर प्रसिद्धि कमाए । अर्को एक जना मान्छे छ जसले आफ्नो साथीको निम्ति प्राण अर्पण गरे । जसले आफ्नो निम्ति केही गर्न सक्दैनथे । त्यस व्यक्तिको नाम चाँही येशु हो ।

**ख्रिष्ट जस्तै भाग - २**

**खण्ड : छानिएका पदहरु :**

बाइबल भन्दछ, " .............. प्रभु येशु ख्रिष्टमा विश्वास गर्नुहोस् र तपाईले उद्धार पाउनुहुनेछ । .......... " (प्रेरित १० : ३१) । के बाट उद्धार गरिने वा बचाउनु त ? किन ख्रिष्टीयन हुनु महत्वपूर्ण छ भनी भन्छन् त ? आज हामी यस बारेमा कुरा गर्ने छौं । बाइबल भन्दछ, " आदीमा परमेश्वरले आकाश र पृथ्वी सृष्टी गर्नुभयो । " (उत्पत्ति १ : १) , " आफुले बनाउनु भएको हरेक कुरा परमेश्वरले हेर्नुभयो र त्यो सह्रै राम्रो थियो । (उत्पत्ति १ : ३१) । तर आदम र हत्वा जो उहाँको सृष्टीको मुकुट थिए ले अदन बगैचामा परमेश्वरको आज्ञाकारी गरे जव आदम र हत्वाले परमेश्वरको आज्ञा उल्लङ्घन गरे तव संसारमा पापले प्रवेश गऱ्यो । बाइबलले भन्दछ, " एउटा मानिसद्धारा (आदमद्धारा) संसारमा पाप आयो र पापबाट मृत्यु " ।
यसरी सबै मानिसले पाप गरेका हुनाले सबै मानिसमा मृत्यु फैलियो । (रोमी ५ : १२)

तर हाम्रो परमेश्वर पवित्र परमेश्वर हुनुहुन्छ, उहाँको बचनले भन्दछ, " .............. तिमीहरु मेरो निम्ति पवित्र होओ । किनभने म परमप्रभु, पवित्र छु .......... " । (लेवी २० : २६)

# ईसाई चरित्र

प्रश्न : पवित्र होओ भन्नुको के हो त ? यसको अर्थ अलग गरिएको वा छुट्टयाईएको हो ।

प्रश्न : त्यसो भए परमेश्वर केबाट अलग हुनुहुन्छ त ?

उत्तर : परमेश्वर पापबाट अलग हुनुहुन्छ । पाप जो आदम बगैचामा आदम हावाको पापद्धारा संसारमा आयो । बाट परमेश्वर अलग हुनुहुन्छ । पापले हामीलाई अपवित्र बनाउँछ । पापले हामीलाई परमेश्वरसित अमिल्दो / नमिल्दो बनाईदिन्छ ।

प्रश्न : पाप के हो ?

उत्तर : (परमेश्वरप्रति अनाज्ञाकारी बन्नु नै पाप हो । पाप भन्ने शब्द धनु विद्याबाट आएको हो । जसको शाब्दिक अर्थ हुन्छ, " सिद्धताको चिन्ह गुमाउनु , विराउनु तथा साँढेको आँखा हान्नु पर्ने हो लाई विराउनु । पाप चाँही परमेश्वरप्रतिको अनाज्ञाकारी हो जुन चाँही कुनै पनि पवृत्ति वा व्यवहार, सोचाई कुनै काम जसले हामीलाई सिद्धता सम्म पुगन दिदैन वा परमेश्वरले हाम्रो जीवनको निम्ति राखिदिनु भएको सिद्धताको स्तर सम्म नपुग्नु नै पाप हो । बाइबल भन्दछ कि, " यस कारण जस्तो तिमीहरुका स्वर्गमा हुनुहुने पिता सिद्ध हुनुहुन्छ , तिमीहरु पनि त्यस्तै सिद्ध हुनुपर्दछ । (मत्ती ५ : ४८) । यो पदको मतलव हामी सिद्ध हुनुपर्छ भन्ने होइन । किनकी उहाँ जान्नुहुन्छ कि हामी आफै कदापी सिद्ध हुन निरन्तर ख्रिष्ट जस्तै हुँदै जानु हो । यसको निम्ति हामीले तिव्र इच्छा राख्नु हो ।

प्रश्न : तर पाप कति सम्म खराव छ त ?

उत्तर : पापको परिणाम चाँही हाम्रो भौतिक शरीरको मृत्यु सम्बन्धको दृष्टीकोणबाट मर्नु भन्ने हो । त्यसैले तपाईका आत्माको निम्ति तपाईको पापले के कमायो त भन्दा केवल यसले तपाईलाई आफ्नो परमेश्वर देखि आत्मिक तवरहले अलग बनायो ।

प्रश्न : तव मेरो विषयमा के त :

उत्तर : म व्यक्ति खराव छैन परमेश्वरसँग तुलना नगर्दा । तर परमेश्वर कहिल्यै आफ्नो निश्चित आकारमा रहिरहनुहुन्छ । बाइबलले भन्दछ की , " किनकी सबैले पाप गरेका छन् र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन् (रोमी ३ : २३) । हामी प्रत्येक परमेश्वरले राखिदिनुभएको जीवनको स्तरबाट खसेका छौं । बाइबल भन्दछ कि, " यदी हामीमा पाप छैन भनी हामी भन्छौं भनेता पनि हामीले आफैलाई धोका दिन्छौं र हामीमा सत्य हुँदैन । (युहन्ना १ : ८) । तपाई ठिक हुनुहुन्छ भनी आफैलाई नठान्नुहोस् । एक व्यक्तिको हैसियतले तपाईको प्राण, आत्मा र शरीर छन् । बाइबल भन्दछ कि, " ............... प्राकृतिक शरीर छ भने आत्मिक शरीर पनि अवश्य हुन्छ, " (१ कोरन्थी १५ : ४४) मृत्युमा तपाईको शरीरले काम गर्न छोड्छ तर तपाईको आत्मा चाँही साधैं भरिरहन्छ । तपाईको आत्मा जान सक्ने दुई वटा वैकल्पिक ठाउँहरु छन् । हाम्रो मृत्यु पछि हाम्रो आत्मा स्वर्गमा परमेश्वरसँग सँधै भरि रहीरहनेछ । " किनकी परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नु भयो कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो । ताकी उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस् । तर त्यसले अनन्त जीवन पाओस् । " (युहन्ना ३ : १६)

- एक मृत आत्मा चाँही परमेश्वरबाट अनन्त सम्म अलग हुनेछ । " परमेश्वरलाई नचिन्नेहरुलाई र हाम्रा प्रभु येशुको सु समाचार नमान्नेहरुलाई उहाँले दण्ड दिनुहुन्छ । तिनीहरुले अनन्त विनाशको दण्ड तथा प्रभुको उपस्थिति र उहाँका शक्तिको महिमाबाट अलग हुने दण्ड भोग्नेछन् । " (२ थेसलोनिकी १ : ८ - ९) नियम चाँही यिनै हुन् । यी नियम सबैको निम्ति एउटै छ । अनि यी नियम अपरिवर्तनशिल छन् ।

प्रश्न : बलिदान भनेको के हो ? (ऊ बाइबलमा बलिदानको मतलव हुन्छ केही वस्तु पवित्र बनाउनु, परमेश्वरका ग्रहण योग्य हुने)

पुरानो करारमा बलिदान चाँही क्षमा याचनाको लागि एक शर्त थियो । त्यो समयमा एक व्यक्ति जसले पापको क्षमा चाहन्थ्यो । उसले बलिदानको निम्ति मन्दिरमा एउटा पशु ल्याउनु पर्थ्यौ । प्राय इस्रायलीहरु कृषक थिए । तिनीहरु आफ्नो जिवीकोपार्जनको लागि अनाज उतपादन गर्थे र बेच्थे बलिदानको निम्ति जनावर ल्याउन तिनीहरुले मुल्य चुकाउनु पर्थ्यौ । त्यही मुल्य नै तिनीहरुको पापको निम्ति दण्ड थियो । वास्तवमा बलिदानको पशु चाही एक थुमा वा बोका वा साँढे थियो जुन तिनीहरुले गर्ने ठूलो पापको निम्ति थियो तर सबै पशुहरु निस्कोट हुनुपर्थ्यौ । पाप क्षमाको निम्ति पुजारीले ती पाप बलिका जनावरहरु लिएर मार्थे अनि त्यसको रगत मन्दिरको बेदीमाथि छर्कन्थे किनकी परमेश्वरले पाप मोचनको निम्ति यसरी नै माग बलिदानको माग गर्नु हुनथ्यो । बाइबलले भन्दछ की " वास्तवमा व्यवस्था अनुसार रगतले प्राय : सबथोक शुद्ध पार्दछ र रगत नबगाहकन पापको क्षमा हुनै सक्दैन । " (हिब्रु ९ : २२) । बाइबल भन्दछ कि येशु नै त्यो थुमा हुनुहुन्छ जसलाई युहन्नाले भन्दछन् कि " .............. हेर संसारको पाप उठाइ लैजाने परमेश्वरका थुमा । " (युहन्ना १ : २९) । येशु नै त्यो थुमा हुनुहुन्छ जो निष्खोट र निष्कलङ्क हुनुहुन्छ (१ पत्रुस १ : १९) । येशु ख्रिष्टमा र उहाँको मृत्यु र पुनरस्थापना माथि विश्वास राखेर मात्र तपाई मैले पाप क्षमा तथा अनन्त जीवनको प्रतिज्ञा पाउन सक्छौं ।

प्रश्न : यदी तपाई मरेर स्वर्गमा जानुभयो जहाँ परमेश्वर स्वर्गको ढोकामा उभिएर तपाईलाई यसरी सोध्नु भयो, " किन म तिमीलाई भित्र पस्न दिऊ ? " भने, तपाईको जवाफ के हुन्थ्यो ?

उत्तर : बाइबल भन्दछ कि यदी तपाईले येशु प्रभु हो भनि आफ्नो मुखले स्वीकार गर्नुभयो र परमेश्वरले उहाँलाई मृतकबाट बौरी उठाउनु भयो भनि हृदयले विश्वास गर्नु भयो भने तपाईको उद्धार हुनेछ । (रोमी १० : ९)

## पाठ ५ : बुद्धि विवेक

**गृहकार्य समीक्षा**

**प्रश्नावली र कण्ठष्थपद**

**आजको पाठ पद**

" किनभने परमप्रभुले बुद्धि दिनुहुन्छ र उहाँको मुखबाट ज्ञान र समझ शक्तिका कुराहरु निस्कन्छन् , " ( हितोपदेश २ : ६) ।

**चरित्र स्तरः निश्चयतता, अन्तरज्ञान बुझाई**

**छलफल प्रश्न**

तपाईसँग भएको सबभन्दा मूल्यवान र महत्वपूर्ण सम्पत्ति के हो ?

**परिचय :** के तपाईले कहिल्यै एस. त्रुट म्याथेको बारेमा सुन्नु भएको छ ? अनि काउज र ईट मोर चिकिन विलबोर्ड बारे पनि सुन्नु भएको छ कि ? चिक फिल ए चाही देशको सबभन्दा प्रख्यात होटलहरु मध्ये एक हो । के तपाई यसको सफलताको कारण जान्न चाहनुहुन्छ ?

महाशय त्रुटले आफ्नो पहिलो पसल सन् १९६७ मा खोले । उनले शनिबार विश्राम गरेर परमेश्वरलाई आदर गर्न चाहे त्यसै उनले यो निर्णय गरे कि प्रत्येक हप्ताको पहिलो दिन पसल बन्द गर्ने निर्णय गरे । सुरु सुरुमा बन्द गर्न सजिलो थियो किनकी आइतबार अरु पसलहरु पनि बन्द रहन्थे । तर पछि जव अरु पसलहरु खुल्ने गरे तव उनले हरेक आइतवार बन्द गर्न गरेको निर्णय चाही एक परीक्षा सावित भयो । तथ्याङ्कको हिसावले भन्दा भोजनालयको निम्ति आइतबार चाँही तेस्रो सवभन्दा वेस्त दिन हो । तर चिक फिल ए चाही बन्द नै रह्यो । यसैको कारणले अरु पसलहरु सात दिन र चिक फिल्स ए पसल चाँही ६ दिन खुल्ने भयो । नियमित हिसावले जव जव चिक फिल्स ए बोर्डले आफ्नो आइतबार बन्द चक्र अध्ययन गर्दा यही निचोडमा आइपुगे की यसले परमेश्वरको आदर गर्दछ । सम्पूर्ण पसलेहरु यही संयुक्त उद्देश्य प्रति विश्वासिलो रहन सकमत भए । परमेश्वरलाई महिमा दिंदै सम्पूर्ण चिक - फिल - ए सँग सम्पर्कमा आएकाहरु प्रति यो पसल एक विश्वास योग्य भण्डारेको रुपमा प्रभाव राख्न सफल भुमिका निर्वाह गऱ्यो । महासय त्रुटको यो कुरा बुझेका छन् कि जिवन वा व्यापारमा एक साँचो सफलताको कडि वा साँचो चाही हामीले जे गर्छौ त्यसमा परमेश्वरको आदर गर्नु हो । शब्दकोषले परिभाषित गर्दछ कि छुट्यानु एक अन्तर दृष्टि वा बुझाई हो भनेर । त्यसैले यदि तपाई छुट्याउन वा बुझ्न सक्नु हुन्छ भने तपाई यसको सबै स्वभाव वा चरित्र पनि सजिलै बुझ्न सक्नु हुन्छ ।

बाइबलको हितोपदेश नामक पुस्तकमा यस्ता थुप्रै विवेक वा ज्ञान पाउन सकिन्छ । हितोपदेशहरु चाहि छोटा भनाईहरु हुन् जो तपाईको जिवनको निर्देशनको लागि यन्त्र हुन् जो तपाईको दैनिक जिवनमा उपयोगि छन्
प्रश्न : बुद्धि र विवेक मह,वपूर्ण छन् भनि किन तपाई सोच्नु हुन्छ ? (ऊ किनकि यसलाई के सफा सत्य ठिक हो भने चिन्न मद्दत गर्दछ ।)

**बुद्धि / विवेक**

वचन खण्ड : (हितोपदेश २:१-१५ र ३:१३-१५) ।

"हे मेरो छोरो, यदि तैले मेरा वचनहरु ग्रहण गरिस र मेरा आज्ञाहरु तेरो मन भित्र राखिस भने बुद्धिका कुराहरु सुन्ने गरिस र तेरो हृदयलाई समझशक्तितिर लगाइस भने, अन्तर दृष्टिको लागि पुकार गरिस भने, र समझशक्ति पाउनलाई चर्को स्वरले पुकारिस भने यदि तैले चाँदिझै त्यसलाई खोजिस र गाडधनझै त्यो खनिस भने तैले परमप्रभूको भय बुझ्ने छस् र परमेश्वरको ज्ञान प्राप्त गर्नेछस् । किन भने परमप्रभुले बुद्धि दिनु हुन्छ उहाँको मुखबाट ज्ञान र समझशक्तिका कुराहरु निस्कन्छन् । उहाँले इमान्दारको लागि आफ्नो भन्दारमा विजय साँचेर

राख्नु भएको छ । जस्को चाल निर्दोष छ तिनिहरुका लागि उहाँ ढाल हुनुहुन्छ । किन भने उहाँले न्यायको मार्ग रक्षा गर्नुहुन्छ र आफ्नो विश्वास योग्य भक्तजनहरुको बाटो सुरक्षित राख्नु हुन्छ । तब ठिक र न्याय सगंत र उचित को हो - साथै हरेक असल मार्ग के हो तैले बुझ्नेछस् । किनकि बुद्धिले तेरो हृदयमा प्रवेश गर्नेछ र ज्ञानचाहि तेरो प्राणको लागि आनन्ददायक हुनेछ । विवेकले त माथि हेरचाह गर्नेछ समझशक्तिले तेरो रक्षा गर्नेछ । बुद्धिले तलाई दुष्ट चालबाट र छलि कुरा गर्ने मानिसहरु बाट जोगाउने छ । त्यस्ताहरु इमान्दारीका चाल त्यागेर अन्धकारमा हिडडुल गर्छन् तिनिहरु खराब काम गर्नमा प्रशन्न हुन्छन् र दुष्टको बदमाशीमा रमाउछन् जसका बाटाहरु टेढा र जसका आफ्नै चालहरु कुटिल छन् ।

(हितो.३:१३-१५) “धन्य हो मानिस जसले बुद्धि प्राप्त गर्छ समझशक्ति हासिल गर्छ किन भने बुद्धि चाँदि भन्दा धेरै लाभदायक हुन्छ र त्यसले सुनको भन्दा बढि फाइदा दिन्छ । त्यो मानिक भन्दा पनि बहुमुल्य हुन्छ र तैले इच्छा गरेको कुनै पनि थोक त्यस सँग तुलना गर्न सकिदैन ।

प्रश्न : बुद्धिले तपाईलाई कसरि सहायता गर्छ ? (यहाँ केहि बिचारहरु छन्)

१) तपाईले परमप्रभुको भय बुझ्नु हुनेछ (परमेश्वरलाई आदर गर्नु) अनि धर्मशास्त्रमा ज्ञान पाउनु हुनेछ । यदि तपाईले परमप्रभुलाई आदर गर्नु हुन्छ भने उहाँले तपाईले जे भन्नु हुन्छ सो तपाईले सुन्नु हुन्छ ।

२) परमेश्वरको आदरनै ज्ञानको सुरु हो ठिक के हो ? (सत्य) र गलत के हो ? (झुट) ।

प्रश्न : ठिक कुरा बाट गलत कुरा जान्नुले स्कूलमा कसरी तपाईलाई सहायता गर्छ ?

उत्तर : तपाईले के ठिक वा उचित बानि हो र, के गलत चरित्र हो भनी थाह पाउनुहुनेछ । तपाईले जान्नु हुनेछ कि किन सत्य भन्नु मह,वपूर्ण छ भनेर, र किन तपाईले आफ्नो शिक्षक र साथिहरुलाई आदर गर्नु पर्छ भनेर तपाईले जान्नु हुनेछ ।

३) तपाईले के ठिक छ भनि जान्नु हुनेछ (वा प्रत्येक सत्य मार्ग) जब तपाईले निर्णय गर्नु हुन्छ, तब तपाई कुन बाटो हिड्नु हुन्छ भनि थाह लाग्छ ।

तपाईको बाइबल अध्यनमा कथाको समय तपाईको समुहकाकोहि बुबाहरु र बालबालिकाहरु तिनिहरुका गवाही बाट्न चाहेका हुन्छन् । अरुहरुले यो महशुस गर्न सक्छन् कि तिनीहरु तयार छैनन् ।ठिकै छ । यो पाठ गर्नु भन्दा अघि, म तपाईलाई यो पाठ के हुनेछ भनेर एक हप्ता अगाडिनै यसबारे घोषणा गर्न सुझाव दिन्छु । समुहलाई पनि म यो सुझाव दिन्छु कि तपाई आफै वा कुनै दुईजना बुवाहरुलाई स्वयम सेवक बनउनुहोस् ।

तपाईले हप्तामा एउटा वा दुईवटा मात्र पाठ सिकाउनुहोस् यो भन्दा बढिको लागि समय पर्याप्त नहुनसक्छ । तर उनिहरुलाई गवाहि बाढ्नको लागि भने आवश्यक समय दिनुहोला ।
यस बिशेष पाठको लागि सहयोगी निर्देशन व्यवहारिक सेवाकाई अगुवा ल निर्देशनको बाइबल अध्ययन भागमा दिईएको छ ।

**प्रश्नः-** यदि तपाई लामो पैदल यात्रामा हुनुहुन्छ र तपाई दोबाटो आईपुग्नु भयो भने, तपाईले के गर्नुहुन्छ ? वा कुन बाटो लिनुपर्ने हो भनि तपाई कसरी निर्णय गर्नुहुन्छ ? (यदी तपाईसँग नक्शा वा कम्पास छ भने यसले तपाईलाई कुन बाटो लिनुपर्ने हो भनि देखाउँछ किनकी यसले तपाईलाई अहिले तपाई कुन ठाउँमा हुनुहुन्छ भन्ने कुराको ज्ञान दिन्छ । परमेश्वरको बचन चाँही कम्पास र नक्शाजस्तै छ । बचनले तपाईलाई जव सहि वा गलत कुराको निर्णय गर्नुपर्ने क्षेत्र आउँछ, तव यसले कुन बाटो सही छ र कुन गलत छ भनि बाटो देखाउँछ ।) यसबारे केही बेर सोचौंः यदि परमेश्वरले हाम्रो बे-वास्ता गर्नु भएको भए, हामीले जे जानेको चाहानुहुन्छ सो लेख्न लाई

झण्झट उठाउनु हुने थिएन वा मानिसलाई सो लेख्न लाउनु हुने थिएन । हामीसँग बाइबल हुनुले उहाँले हाम्रो प्रेम र वास्ता गर्नुहुन्छ भन्ने तथ्य स्पष्ट हुन्छ ।

**प्रश्नः-** के सही र सत्य हो भन्ने जान्नुले कसरी तपाईलाई क्रियाकलापमा सहभागी बन्न मद्दत गर्छ ? (यसले तपाईलाई कुन क्रियाकलापमा सहभागी बन्ने हो भन्ने थाहा गराउँछ वा भन्ने कुराको ज्ञान दिन्छ, अनि ती क्रियाकलापमा कसरी आफुलाई समावेश गराउने भन्ने थाहा लाग्छ, अनि आफ्नो गुरु तथा समुहका साथीहरुसँग कसरी हिड्ने वा काम गर्ने भन्ने थाहा लाग्छ ।)
४. "बुझाईले तिम्रो रक्षा गर्नेछ । र समझ शक्तिले तिमीलाई बचाउनेछ ।" तिमीले स्पष्टसँग बुझ्ने छौ कि ठीक ( सत्य) र उचित के सँग भनेर ।

**प्रश्नः-** निर्णय गर्ने बेलामा किन ठीक के हो भनि बुझ्नु महत्वपूर्ण छ ? (तपाई आफुलाई एक तल्लो वा गुणस्तरहीन निर्णय गर्नबाट जोगाउनुहुनेछ ।) जव तपाईले इच्छा शक्तिद्धारा ठीक बेठीक तथा असल वा खराब जेसुकै छान्ने कुरा देख्नुहुनेछ ।

**(२४ औं पृष्ठको अन्त्य र २५ औं पृष्ठको शुरु *In the Original text.*)**
उदाहरणको लागीः यदी तपाईले इशाई संगीत सुन्नुहुन्छ भने इशाई मूल्य र मान्यता तपाईको मनमा पस्छ ती तपाईको मनमा संकलित हुन्छ र ती तपाई सम्झनु हुन्छ ।

**प्रश्नः-** यदी तपाई एक खराव शब्द भएको संगीत सुन्नुहुन्छ भने त्यस प्रति तपाईको मनले दिमागले कस्तो प्रतिक्रिया देखाउँछ ? (यसले स्मरणको निम्ति भण्डारन गर्दछ । तपाईले कुन संगीत सुन्ने हो भन्ने छान्न स्वतन्त्र हुनुहुन्छ, तर यसले तपाईको मनमा ल्याउने प्रभावमा भने तपाई छान्न स्वतन्त्र हुनुहुन्न । बुद्धीले तपाईलाई ठीक निर्णय गर्न मद्दत गर्छ त्यसैले तपाई ठीक निर्णय गर्न जान्नुहुनेछ ।

!"बुद्धीले तपाईलाई दुष्टको मार्गबाट रक्षा गर्नेछ ।" तपाई जान्नुहुनेछ कि तपाईले कस्तो संगत गर्नुपर्ने हो भन्ने र त्यसभित्र के कस्ता क्रियाकलाप समावेश हुनु पर्ने हो भनेर । बाइबल भन्दछ की "धर्मात्माको जिब्रो निखुर चाँदी हो, तर दुष्टको हृदय भने बेकामको हुन्छ" (हितोपदेश १०:२०) ।

**प्रश्नः-** अशल साथी रोज्नु किन तपाईको निम्ति महत्वपूर्ण छ ? (अशल इशाई मूल्य मान्यता बाँड्ने इशाई साथी तपाईको निम्ति अशल छ । ताकी आफ्नो निम्ति अशल कुरा छान्नलाई एक अर्काबाट उत्साद मिलोस ।)

**प्रश्नः-** बाइबल भन्दछ कि बुद्धी पाउनलाई तीन तरीकाहरु छन् । ती के हुन् भनि के तपाई जान्नुहुन्छ ?

- परमेश्वरको वचन ग्रहण गर्नु । बाइबलले जे ठिक छ भन्छ सो जान्नु र विश्वास गर्नुः (२ तिमोथी ३:१६) ।
- उहाँका आज्ञाहरु भण्डारन गर्नु वा बाइबल पदहरु कण्ठ गर्नु र मनमा राख्नु । यसप्रकारले याद गर्नु की तपाईलाई खाँचो परेको बेलामा तपाईले त्यसलाई सजिलै सम्झन सक्नुभएको होस्ः (भजन संग्रह ११९:९-११) ।
- बुझाईको लागी स्मरण गर्नुः तपाईले अशल निर्णय गर्नको लागी परमेश्वरसँग बुद्धी माग्नुहोस् (शितोपदेश ३:५-६)
- २५ औ पृष्ठ तथा ५ औ पाठको समाप्त क्ष्ल तजभ इचष्नष्लबर्ा तभहत।

**२६ औं पृष्ठको शुरु**

**पाठ - ६ "E" चाँही उत्साहको निम्ति हो ।**

**गृहकार्य पुनश्च**

**प्रश्न तथा पद समरण**

**आजको पाठ्य पदः**

“भ्रातृ प्रेमसँग एक-अर्कालाई प्रेम गर । आफुलाई भन्दा अरुलाई आदर गर” (रोमी १२:१०)

<u>**चरित्र गुण**</u>

**उत्साह**

**छलफल प्रश्नवली:**
तपाईले पुरस्कार पाएको समय कहिले थियो ? यसले तपाईलाई कस्तो महशुस गरायो ? के तपाईलाई कसैले कहिल्यै जिस्काएको छ ? यसले तपाईलाइ कस्तो महशुस गरायो ?

**परिचयः ११:३० दिउँसो**
तलका कुरा चाही एक परिचित ई-मेल सन्देश हो जो निक्के प्रख्यात भएकोले धेरै समयदेखी भनिदै आईरहेको छ । ओएभ साईट ट्युटर फिक्सनले यसको विश्वास योग्यतालाई प्रमाणित गरेको छ ।

एक दिनको मध्यान्हमा शाया र उनका बाबु/बुबा एक खेल मैदान भएर जाँदै थिए जहाँ शायाले चिनेको केही केटाहरु बेशबल खेलिरहेका थिए । शायाले आफ्नो बुबालाई सोधिन्, “तपाईलाई के लाग्छ के तिनीहरुले मलाई खेलन देलान् ?” शायाका पिताले जाने कि उनका छोरा धावक थिएनन् र प्राय केटाहरुले उनका छोरालाई आफ्ना टिममा आफ्ना टिममा चाहँदैनथे (खेलाउन) । शायाका पितालाई थाहा थियो कि यदी उनका छोरालाई पनि खेल्नका निम्ति छानिएका भए यसले उनलाई सजिलो हुन्थ्यो र उनीहरुको सम्बन्ध र स्वामित्व उनीहरुसँग भएको महशुस हुने थियो । शायाका पिता ती खेलिरहेका केटाहरुको नजिक गएर मेरो छोरो शाया पनि खेल्न सक्थिन कि भनेर सोधे । तर त्यो केटो अरु टीमका साथीहरुको के सल्लाह छ भनि अनकनायो । खेलको दौडानमा सोध्ने कोही नपाएर त्यसले आफ्नै विचारले भन्यो हामीले ६ औं रन गुमाईसकेका छौं र खेल चाँही नौ मा चलिरहेको छ । म अनुमान गर्छु कि तपाईको छोरालाई हाम्रो टिममा खेल्न सक्छ होला, सायद नौ क्रमको व्याटिङ्गमा राख्न हामी कोशिस गर्नेछौं । जसै शाया मुस्कुराउँदै थिए तव उनका पिता आनन्दीत भए । शायालाई ग्लोब्स लगाउन लगाईयो र छोटो दुरीमा मैदानको केन्द्रमा बस्न लगाईयो । आठौं खेलको अन्तमा शायाका टीमले थोरै रन मात्र हात पारे तर अझै ३ रनले पछाडी थिए । नौ रनको अन्ततिर, शायाको टीमले दुई विकेटको क्षतिमा जीतको आधार पाउन लागे । शाया अझै माथि राखियो । के शायालाई यस घडीमा व्याटिङ्ग गर्न दिई खेल जित्ने मौका गुमाउन चाहान्थ्यो ? तर अचम्मको कुरा शायालाई व्याट दिईयो । हो यस्तै भयो तर यो असम्भव भयो किनकी शायालाई व्याट कसरी समात्ने हो भन्ने नै थाहा थिएन । त्यसैले ऊ एक्लैले छानोस् भनियो । तथापी जसै शाया अघि बढे प्लेट तर्फ अनि नजिकै गएर पिचरले विस्तारै बल हान्ने जोड गरे । ताके कम्तीमा पनि उनी सम्पर्कमा आउन सकून् । पहिलो प्रहारमा वा हनाहमा शाया पिङ्ग खेलेझै हुत्तिए र विराए । शायाका टिम सदस्य आएर खेलमैदानमा आएर शायासँगै उभिए अर्को पालो सम्म पर्खे । तव पिचरले फेरी पनि बल लिएर शाया तर्फ अगाडी बढे । विस्तारै केही कदम सम्म अनि बल फ्याके । जसै बल फ्याक्नेले फ्याकेर आफ्नो निहित स्थानमा आए तव शाया र उसको टीमको साथीले बल जोडले फ्याके व्याटतर्फ तव तल जमिन छोडेर विस्तारै व्याट लिने तर्फ गयो । बल समात्नेले सजिलै समातेर पहिलो बलर तिर फाल्न सक्थ्यो । शाया सजिलै आउट हुन सक्थ्यो, त्यत्ति मात्र होइन तर त्यसले खेलै अन्त्याउन सक्थ्यो । तर त्यसो नभएर बलरले वा (छोप्नेले) एक उच्च चापमा यति माथि फालिदियो कि त्यो दाहिने तिर खेतमा फालियो त्यो पहिलो द्यबकभ :बल को पहुँच भन्दा धेरै टाढा गयो ।

२६ पृष्ठ ँप्लष्तभम २७ औं पृष्ठको शुरु

सबैजना चिच्च्याउन थाले “शाया छिटो दौड छिटो दौड भन्दै” भन्दै । शाया आफ्नो जीवनमा कहिल्यै यसरी दौडेको थिएन । उ चाही अचम्मीत हुँदै हतारिदै दौडियो, आँखा ठुला पार्दै । उ पहिलो बेसमा दौडिएको बेला दाहिने पट्टिको खेलाडी (फिल्टर) सँग बल थियो । उसले तुरुन्तै बल दोश्रो बेसम्यानलाई बल पास गरेर दोडिरहेको शायालाई ट्यागआउट गर्न सक्थ्यो । तर दाहिने फिल्टरले पिचरको चाहना के थियो भन्ने जानेर बल तेश्रो खेलाडीको टाउको माथि आकाशमा फाल्यो । प्रत्येक दर्शकहरु चिच्च्याउन कि “दोश्रो खलाडी (बेसम्यान) तिर दौड, दोश्रो तर्फ दौड ।” जसै शाया दोश्रो तर्फ दौड्दै थियो । उसको अघिका खेलाडीहरु चाँही खुशी र उत्तेजना साथ घर तर्फको बेसमा रिङ्गै भेला भए । जसै शाया दोस्रो बेस खेलाडीकहाँ आइपुगे, तव विपक्ष टोलीको एक जना तेश्रो खेलाडी सम्म दौडे, तव तुरुन्तै दुवै टोलीका केटाहरु शायाका पछाडीबाट चिच्च्याउँदै भने, “शाया घर तर्फ दौड ।” तव शाया घरतर्फ दौडे, सबै घरतर्फ जाँदै गर्दा सबै १८ वटै खेलाडीहरुले शायालाई काँध काँधमा बोकेर उचाल्दै उसलाई उसलाई विजेताको हिरो बनाए । जसै उसले अन्तिम हनाइद्धारा आफ्नो टीमलाई विजयी तुल्याए । प्रश्नः- उत्साह भन्ने शब्दको अर्थ के हो ? (उत्साहको अर्थ कसैलाई आशा दिनु वा साहश र भरोसा बढाइदिनु हो ।)

प्रश्नः- तपाईले अरुलाई कसरी उत्साह दिन सक्नुहुन्छ ? आउनुहोस् हामी त्यस्ता तीन तरिकाहरु हेरौं जसबाट हामी उत्साही तुल्याउन वा बन्न सक्छौं ।

१. शब्दले उत्साह दिन सक्छौंः- “चिन्तित हृदयले मानिसलाई कमजोर तुल्याउँछ तर दयालु वचनले त्यसलाई हर्षित तुल्याउँछ ।” (हितोपदेश १२ः२५) । कहिले-काँही सबै व्यक्तिहरुलाई खुशी तुल्याउनको निम्ति दयालु बचनको आवश्यकता पर्छ ।

प्रश्नः- तपाईले चिनेको कुन व्यक्ति छ जसलाई तपाई दयालु शब्द (बचन) चलाउन सक्नुहुन्छ ? (शायद कोही व्यक्ति जो एक्लो छ, कोही जो घरमा विरामी छ, अथवा हिडिरहेको कोही मानिस) ।

२. प्रार्थनाले उत्साह दिन्छः- “तर आधा राततिर पावल र सिलास प्रार्थना गर्दै परमेश्वरका भजन गाइरहेका थिए, अरु कैदीहरुले सो सुनिरहेको थिए” (प्रेरित १६ः२५) । (कहिले काँही प्रायः सबैलाई केटी/केटा सबैलाई नै उत्साहको निम्ति दयालु शब्द चाहिन्छ) । यस भागलाई भ्हअगिमभ गर्न सकिन्छ ध्जष्तभ भमष्तष्लन यप१ तजभ दचगअपभतभम यलभा

पावल र शिलास मिशिनरी थिए जो मानिसहरुलाई येशुको बारेमा बताएकोले जेलमा राखिएका थिए । मध्य राततिर जो प्राय सुत्ने समय हो, उनीहरुले प्रार्थना गर्दै र भजन गाईरहेका थिए । तिनीहरुको प्रार्थनाले सुन्ने हरेक कैदीहरुलाई उत्साह दियाृ ।

प्रश्नः- त्यो व्यक्ति को हो ? जसको निम्ति तपाई आज प्रार्थना गर्न सक्नुहुन्छ ? (तपाईको परिवार, प्रचारकहरु पावल र सिलास जस्तै तपाईको पाष्टर, शिक्षक/शिक्षिका अथवा अध्यक्ष्य आदी ) ।

३. कामको उत्साहः- “किनकी परमेश्वरको वचन जिवित र क्रियाशिल हुन्छ” (हिब्रु ४ः१२) ।

प्रश्नः- आज तपाईले कसैको उत्साहको निम्ति के गर्न सक्नुहुन्छ ? (एक एउटा दयालु शब्द गर्नुहोस्, प्रार्थना गर्नुहोस् वा फोन गर्नुहोस् वा केही उपहार पठाउनुहोस् ।)

- हामी हेरौ कि परमेश्वरको जिवित र क्रियाशिल वचनले तपाईको जीवनद्धारा कसरी काम गर्न सक्छ अरुको उत्साहको निम्ति भनेर ।

**<u>खण्डः रोमी १२ः९-२१</u>**

**पदक्रमशः** “प्रेम निष्कपट होस् । जुन कुरा खराव छ, त्यसलाई घृणा गर । जुन कुरा खराव छ, त्यसलाई घृणा गर । जुन कुरा असल छ, त्यसमा लागीरहो । भातृ-प्रेमसँग एक- अर्कालाई प्रेम गर । आफूलाईृ भन्दा बढी अरुलाई आदर गर । जोशमा पछि नहट । पवित्र आतमामा प्रज्वलित हाओ प्रभुको सेवा गर्दै रहो । आफ्नो आशामा आनन्द गर संकष्टमा धैर्य-धारण गर, प्रार्थनामा निरन्तर लागी लागीरहो । सन्तहरुको खाँचो सहायता देओ अतिथिसत्कार कायम राख । तिमीहरुको खेदो गर्नेहरुलाई आशिर्वाद देओ, नसराप आनन्द गर्नेहरुसँग आनन्द गर । रुनेहरुसँग रोओ, तर नम्रहरुसँग ९ संगत गर । कहिल्यै अहङ्कारी नहोओ । कसैलाई खरावको सट्टा खराव नगर । जुन कुरा सबै मानिसहरुका दृष्टी आदरणीय छ, तिनमा ध्यान देओ । हुनसक्छ भने सकेसम्म सबसँग शान्तिमा बस । प्रिय हो आफैलाई कहिल्यै बदला नलेओ, तर परमेश्वरको क्रोधमा छोडीदेओ । किनभने लखिदिएको छ, “बदला लिने काम मेरो हो म नै बदला लिनेछु” परमप्रभु भन्नुहुन्छ, “तिम्) शत्रु भोकाएको छ भने त्यसलाई खुवाओ, त्यो तिर्खाएको छ भने त्यसलाई पानी देओ । त्यसो गर्नाले तिमीले त्यसको टाउकोमा आगाको भुङ्ग्रो थुपार्ने छौ ।” खरावीबाट पराजित नहोओ, तर खरावीलाई भलाइले जित ।”

**Discussion:-** रोमी १२ः९-२१ को खण्डबाट लिएर छलफल गर्नुहोस् कि यी पद मध्यबाट कति वटा कुरा पालन गरेमा आफु कसरी उत्साहित हुन सकिन्छ ? र त्यसो गरेमा अरुको लागी कसरी उत्साह बन्दछ ? भनेर ।

**<u>जे खराव छ त्यसलाई घृणा गरः</u>**

(धर्मशास्त्रले दृष्टताबाट भाग भन्दछः “सबै किसिमका खरावीबाट अलग बस” (१ थिसलोनिकी ५:२२) । यदी तिमी खरावीबाट भाग्छौ भने तिमी जे सत्य र ठीक छ त्यतै तर्फ बढ्नुहुन्छ । बढ्छौ जुन सबैको निम्ति अशल छ) ।

**<u>जुन कुरा असल छ त्यसमा लागीरहो</u>**

प्रश्नः- जे कुरा असल छ त्यसमा लाग्नु कसरी उत्साह छ ? बाइबलले यी कुरा वा निम्न कुरा बारे सोच्ने आग्रह गर्दछः “जे कुरो सत्य छ जे कुरो आदरणीय छ, जे कुरो न्याय-संगत छ जे कुरो शुद्ध छ, जे कुरो प्रेम योग्य छ, जे कुरो प्रशंसनिय छ” (फिलिप्पी ४:८) । यदि तपाईले यो स्तरको सोचाई गर्नुहुन्छ भने, त्यहाँ गल्ती वा अशुद्धताको निम्ति कुनै ठाउँ छैन यही उत्साह हो ।)

**<u>एकअर्काप्रति समर्पित हुनु</u>**

प्रश्नः- एक अर्काप्रति समर्पित हुनुले कसरी उत्साह ल्याउँछ ? (बाइबल भन्दछ “आफ्नो छिमेकीलाई आफैलाई झैं प्रेम गर्नु” (मत्ती २२:३९) । यदी तपाईले एकअर्काको निम्ति जे उत्तम छ सो गर्न खोज्नुहुन्छ भने तपाई एक उत्तम साथी बन्नुहुनेछ । यो नै उत्साह हो ।)

**<u>आफूलाई भन्दा अरुलाई आदर गर</u>**

प्रश्नः- आफूलाई भन्दा अरुलाई आदर गर्नु कसरी उत्साहप्रद छ ?(बाइबल भन्दछ “तिमीहरु हरेकले आफ्नै हित मात्र नखोज, तर अरुका हितलाई पनि हेर” (फिलिप्पी २:४) । यदी हामीले आफैमा घमण्ड गर्दैनौं भने, हामी अरुहरुमाथि आफ्नो ध्यान खिच्न छिटो हुनेछौं र यसो गरेर अरुहरुमा उत्साह ल्याउँछौं ।)

**<u>प्रार्थनामा विश्वाशिलो हुनु</u>**

प्रश्नः- प्रार्थना गर्नु कसरी अरुको लागि उत्साहजनक छ ? (बाइबल भन्दछ “पवित्र आत्मामा प्रार्थना गर । यस उद्देश्यले लगनशिल र सतर्क भएर सबै सन्तहरुका निम्ति प्रार्थना गरिरहो ।” प्रार्थनाले परमेश्वरलाई आफ्नो काम

मानिसहरुविच गर्न मद्दत गर्दछ । हामी त्यत्ति निश्चित छैनौं कि यसले कसरी काम गर्छ भनेर, तर परमेश्वर भन्नुहुन्छ कि हामीले यो गर्नुपर्छ । यसले परमेश्वरलाई, अरुलाई र मलाई मद्दत गर्छ ।

**<u>खाँचोमा भएको परमेश्वरका जनहरुलाई दिनु</u>**

प्रश्नः- आफूसँग भएका थोक अरुसँग बाँड्नुमा कसरी उत्साह छ ?
तलका निम्न बुँदाहरु मध्य केहीमा छलफल गर्नुहोस् :

- विद्यालयमा नयाँ व्यक्ति जसको कुनै साथी छैन, विरानो छ उक्त व्यक्तिसँग साथ बन्नुहोस् र आफ्नो मित्रता बाँड्नुहोस् ।
- कोही व्यक्ति जसको परिवार गरिब छ, त्यससँग आफ्नो प्रशस्तीबाट बाँड्नुहोस् ।
- कोही व्यक्ति जो कसैको समुहमा राखिएको छैन भने त्यु व्यक्तिलाई आफ्नो समुहमा राख्नुहोस् ।
- कोही जन जसलाई समुह बनाउँदा प्राय अन्तिममा मात्र लिईन्छ, लाई आफ्नो समर्थन देखाएर आफ्नो समुहमा राख्नुहोस् ।
- कोही मानिस जो सिक्नमा कमजोर छ भने, त्यो व्यक्तिलाई समय दिनुहोस् ।
- जे कुरा सबैको नजरमा उचित छ सो गर्न सजग सहनुहोस् ।

प्रश्नः- कसरी तपाई सबै व्यक्तिको नजरमा ठिक कुरा गर्न सजग रहन सक्नुहुन्छ ? (बाइबल भन्दछ, “भलाई गर्नमा थकित नहोओ (२ थेसलोनिकी ३:१३) ।”

## ७ औं पाठ "F" is for far of the Lord
### "भ" चाँही परमप्रभुको भयको निम्ति हो ।"

**गृहकार्य दोहोऱ्याउनु**

**प्रश्न र मण्ठष्थ पदहरु**

**आजको पाठको पदः-** "यसैकारण अब हे इस्राइली हो, परम प्रभु तिमीहरुका परमेश्वरले तिमीहरुबाट चाहनु भएका कुरा यी नै हुन्: तिमीहरुले आफ्ना परमप्रभु परमेश्वरको डर मान, उहाँका सबै मार्गमा हिंड, उहाँलाई प्रेम गर, आफ्नो सारा हृदय र प्राणले परमप्रभु तिमीहरुका हितको लागि मैले आज तिमीहरुलाई आदेश गरेका परमप्रभुका आज्ञा र विधिहरु मान (व्यवस्था १०:१२, १३) ।

**चरित्र गुण**

**परमप्रभुको भय (डर, भय वा श्रद्धा)**

**छलफल प्रश्न**

**बच्चाहरुः-** यदी तिमीहरु अभिभावक भएको भए, कस्ता सत्यता र पाठहरु आफ्ना बच्चा बच्चीलाई सिकाउँथ्यौ होला ?

**बुबाहरुः-** तपाईहरु आफ्ना छोरा/छोरीहरुलाई कस्ता पाठ र सत्यताहरु सिकाउनुहुन्छ ?

**परिचयः-** इस्वी संवत १५७१ को ३१ तारिखको दिन मार्टिन लुथरले वेटनवर्गको क्यासल चर्चको ढोकामा एउटा नोट टाँगे (जर्मनीमा) । सबैले पढ्न सक्ने गरी सार्वजनिक गरिएको नोटले के बताउँथ्यो भने, कि कसरी उनको समयमा क्याथोलिक चर्चका अगुवाहरुले परमेश्वरको बचनलाई टेरेका छैनन् वा विश्वासयोग्य भएका छैनन् भनेर । उनले ती अगुवाहरुको भ्रष्टता र विकृतीहरुको सम्बोधन गर्दै कसरी तिनीहरुले आफ्ना क्याथोलिक बादमा सर्वसाधारणहरुलाई खीष्ट आफैमा विश्वासद्धारा मात्र मुक्ति मिल्छ भन्ने कुराबाट बञ्चित गराइएको छ । मार्टिन लुथरले चाही साँचो रीतिले परमैश्वरको भय/डर राखे । सन् १५०५ मा लुथर धर्मशालामा गए परमेश्वर उनका लागि त्यहाँ पनि पुग्नै नसकिने स्तरमा पवित्र रहनु भयो र उहाँको सिद्धताको माग उनले कहिल्यै पुरा गर्न नसकने देखे । एक दिन लुथर बाइबल पढिरहेका थिए त्यति खेर उनले पाए कि परमेश्वरको धार्मिकता चाँही सुरु देखी अन्तसम्म नै परमेश्वरबाटै र विश्वासबाटै मात्र आउँछ जस्तो लेखिएको छ, "धर्मी चाँही विश्वासद्धारा जिउँछ (Rom 1:17) लुथर खीष्टको कुसमा पापको ज्यालाको रुपमा गर्नु भएको कामलाई स्वीकार गरे । उनले (लुथरले) वेटनवर्गको एउटा विश्वविद्यालयमा प्रचार गर्न र सिकाउन थाले र मानिसहरु उनका कुरा सुन्नलाई क्याथोलिक चर्चका अगुवाहरुका सामु आफ्ना शब्द फिर्ता लिन वा सच्चाउनलाई लुथरलाई बाध्य पारियो वा लगाईयो । उनले नमान्दा उनलाई एक अपराधी ठहराईयो । साथीहरुबाट सुरक्षा पाएर लुथरले संसारको लागि एक ठुलो योगदान दिए: कि उनले पुरा बाइबल जर्मनी भाषामा उल्था गरे ।

**क्रमशः**

**परमप्रभुको डर/भय मान्नू**

**व्यवस्था १०:१२-१३**

**१२.** यसैकारण अब हे इस्राएली हो, परमप्रभु तिमीहरुका परमेश्वरले तिमीहरुबाट चाहानुभएका कुरा यी नै हुन्: तिमीहरुले आफ्ना परमप्रभु परमेश्वरको डर मान, उहाँका सबै मार्गमा हिड्न उहाँलाई प्रेम गर, आफ्नो सारा हृदय र प्राणले परमप्रभु तिमीहरुका परमेश्वरको सेवा गर ।

**१३.** र तिमीहरुका हितको लागि मैले आज तिमीहरुलाई आदेश गरेका परमप्रभुका आज्ञा र विधिहरु मान ।
सर्वप्रथम परमेश्वरको भय के हो भनि बुझ्नको लागि एउटा तस्वीर खिचौं । तलको कुरालाई हामी कल्पना गरौं : इस्रालीहरुले मिश्रदेश छोडेको तेश्रो महिनामा-इस्रालीहरु सिनैको मरुभुमिमा आइपुगे र सिनै पर्वतको अगाडी छाउनी बनाए (प्रस्थान १९:१-२) । परमेश्वरको मोशालाई सिनै पहाडको टाकुरामा भेट्न बोलाउनु भयो र उनी परमेश्वरलाई भेट्नको निम्ति पर्वतमा गए । परमेश्वरले बोल्दै भन्नुभयो, "हेर, म तँसित कुरा गर्दा मानिसहरुले सुनुन् र तँलाई सँधै विश्वास पनि गरुन् भनेर म तँकहाँ बाक्लो बादलमा आउनेछु (प्रस्थान १९ : ९) ।

## Original Copy को २९ औं पृष्ठ खतम र ३० औ पृष्ठको सुरु

प्रश्नः- यदी तपाईं स्कुलमा हुनुहुन्छ र जहाजभित्रको फोनमा एउटाद आवाजले भन्दछ की तपाईलाई पनि शिक्षक प्रिन्सिपलसित सँगै मिटिङ्गमा आउनु भनेर भने त्यस मिटिङ्गमा तपाईले कस्तो अनुभव गनुहुन्छ होला ?

उत्तरः- (सम्भवतः तपाई आफुलाई आदर गरेको सम्झन हुन्छ होला) । हामी अझै अगाडी बढौं र सिनै पर्वतमा छाउनी लगाएको तेस्रो दिनपछि मोशाले सबैको आँखाकै सामु परमेश्वरसँग भेट्नको लागि तयारी गरे ।

(प्रस्थान १९: १६ -१९): "तेश्रो दिन जव विहान भयो तव पर्वतमा गड्याङगुडुङ भयो र विजुली चम्क्यो र बाक्लो बादल पर्वतमा उठ्यो र तुरहीको अति चर्को आवाज सुनियो । छाउनीमा भएका सबै जनहरु थरथर कामे । तव मोशाले मानिसहरुलाई छाउनीबाट परमेश्वरसँग भेट गर्न ल्याए । तिनीहरु चाँही पर्वतको फेदीमा खडा भए । परमप्रभु आगोमा ओर्लेर त्यहा आउनुभएको कारणले सीनै पर्वत विलकुलै धुवैधुवाले भरियो । पर्वतबाट धुँवा, भट्टीबाट झैं निस्क्यो र सारा पर्वत जोरसित काँप्न लाग्यो र तुरहीको आवाज अझ चर्को गरी बज्न लाग्यो । तव मोशा बोल्न लागे र परमेश्वरले मेघ गर्जनमा तिनलाई जवाफ दिनुभयो ।" मेघ गर्जन, विजुलीको. चमक, बाक्लो बादल र धुँवा, कहाली लाग्दो कम्पन र चर्को तुरहीको आवाज ! ती इस्रालीहरु जसले यो किसिमले परमेश्वरको उपस्थितिको प्रत्यक्षदर्शी र गवाह थिए, आफ्ना माझमा, परमेश्वरको डर मान्नुको कारण थियो ।

प्रश्नः- के तपाई र मेरो निम्ति आज परमेश्वरको डर मान्नुको कुनै कारण छ ? हामी परमेश्वरको भयको बारेमा अझ केही कुरा गरौं । तव आज हामी कसरी त्यो पाउन वा बुझ्न सक्छौं सो बारेमा कुरा गरौंला ।

### परमप्रभुको भय

चाल्स कोल्सन नामक व्यक्तिले के भन्दछन् सुन्नुहोस्: "हामीले परमेश्वरको भय जान्नु पर्दछ । ज्यादै भावपूर्ण विवश पार्ने र पवित्र परमेश्वर प्रतिको श्रद्धा । परमप्रभुको भय नै ज्ञानको सुरु होः यसले सबै सृष्टीमाथि परमेश्वरको सार्वभौमक शासनको सठिक हेराई वा दृष्टीकोणको तय गर्दछ, परमेश्वरको शक्ति र उपस्थितीको आभास गर्नु......" ( कोल्सन, द बोडी पेज नं.३७६) ।

मोर्टिन लुथरले परमेश्वरको भय भनेको चाँही यस्तो अर्थ लाग्छ कि हामीले परमेश्वरलाई यसरी यस्तो भय र बैभावमा पक्रनु/समात्नु हो कि हाम्रो आफ्नै जीवनमा र सारा सृष्टीमा भएको कुरा साँचो रीतिले प्रकट गर्नु हो ।

प्रश्नः- परमेश्वरको शक्ति र सिद्धतालाई थाहा गर्नु भन्ने कुरालाई तपाई कसरी बस्नुहुन्छ ? (परमेश्वर भन्नुहुन्छ कि तपाई यो आफ्नो जीवनमा सिक्न र विकाश गर्न सक्नु हुन्छ ।)

# ईसाई चरित्र

धर्मशास्त्र भन्दछ, "पुरुष र स्त्री, बालक र तिमीहरुका शहर भित्र भएका परदेशीहरु सबैलाई भेला गर र तिनीहरुले सुनेर परमप्रभु तिमीहरुका परमेश्वरको भय मान्न र यस व्यवस्थाका सबै वचन होसियारीसाथ पालन गर्न सिकुन् । (व्यवस्था ३१: १२) ।"

तपाईले परमेश्वरको भय र श्रद्धा राख्न सिक्न सक्नु हुन्छ ।

प्रश्नः- तपाईले कसैलाई आदर गर्ने एउटा कुरा के हो ?

उत्तरः- (कसैको/उसको/तिनको कुरा सुन्नु ।)

प्रश्नः- परमेश्वरलाई सुन्न सकिने तरिकाहरु के-के हुन् ?

उत्तरः- (प्रार्थना, पारिवारिक बाइबल पाठ, बालसंगीतका पाठ सुन्नु, मण्डलीमा धर्मशास्त्र पाठ गर्दा सुन्नु, बाइबल अध्ययन, इसाई पत्र पत्रिका र पाठ्यपुस्तकहरु पढ्नु, इसाई संगीत सुन्नु आफ्ना अभिभावक र शिक्षकका कुरा सुन्नु आदी ।)

प्रश्नः- तपाईले परमेश्वरको भय र श्रद्धा गर्न किन इच्छा गर्नुपर्छ ?

उत्तरः- (यहाँ ३/तीन मुख्य कारणहरु छन् कि हामीले किन परमेश्वरको आदर गर्नुपर्छ भनेर ।)

## १. एक असल जीवनको लागी :-

"यसैकारण अव हे इस्राएली हो, परमप्रभु तिमीहरुका परमेश्वरले तिमीहरुबाट चाहनु भएका कुरा यी नै हुन् : तिमीहरुले आफ्ना परमप्रभु परमेश्वरको डर मान, उहाँका सबै मार्गमा हिड, उहाँलाई प्रेम गर, आफ्ना सबै हृदय र प्राणले परमप्रभु तिमीहरुका परमेश्वरको सेवा गर र तिमीहरुका हितको लागि मैले आज तिमीहरुलाई आदेश गरेका परमप्रभुका आज्ञा र विधिहरु मान (व्यवस्था १०: १२, १३) ।"

प्रायजसो उत्पादित सामानहरु निर्देशनहरुका साथ आउँछ, जस्तो कि "निर्देशन बमोजिम मात्र प्रयोग गर्नुहोस् ।" परमेश्वरले हामीहरुलाई सर्वोत्तम कार्य गर्नको लागि बनाउनुभयो जव हामी वहाँको निर्देशन बमोजिम गर्‍यौं भने मात्र ।"

## २. तपाईले अशल निर्णयहरु गर्नुहुनेछ :

"परमप्रभुको भय बुद्धीको शुरु हो (भजनसंग्रह १११:१०) ।" तपाईले के सही र के गलत हो भनि बुझ्नुहुनेछ । तपाईले अशल निर्णयहरु गर्नलाई ज्ञान हुनेछ र गलत निर्णय गर्न देखि रक्षा गर्नेछ ।
प्रश्नः- तपाईको जीवनको कुन क्षेत्रमा बुद्धीले अशल निर्णयहरु गर्न मद्दत गर्छ ?
उत्तरः- (अशल साथीहरु छान्न, कस्तो क्रियाकलापमा क्रमशः सहभागि हुने र तपाईको स्वास्थ्य अशल राख्न आदी) ।

## ३. वरपर काम कुरो अझ अशल हुनेछः

"यी मानिसहरु मुख देखाउन मेरो नजिक आउँछन् र ओठले मेरो आदर गर्छन् तर तिनीहरुको हृदय भने म देखि टाढा छ (यशैया २९:१३) । परमेश्वरले हामीले जे भन्छौं त्यो मात्र होइन तर हामीले कसरी काम गर्छौं भन्ने गरेको चाहनु हुन्छ ।

प्रश्नः- यदी सबैले परमेश्वरको डर/भय मानेको भए देश कसरी लाभान्वित हुन्थ्यो होला ?
उत्तरः- एक अर्कालाई आदर गर्ने थिए, समाज ईश्वरीय नियममा चल्ने थियो
प्रश्नः- तपाईले परमेश्वरकोआदर गर्न के गर्न सक्नु हुन्छ ?

## पाठ - ८ "G" चाँही उद्धारता साथ दिनुको लागि हो"

**गृहकार्य दोहोऱ्याउनु**

**प्रश्न र कण्ठष्थ पद**

**आजको पाठ पद**
"............ दान दिनेले उद्धार चित्तले (रोमी १२:८) ।"

**चरित्रको/गुण**

**दिनु**

**छलफल प्रश्न**

१. कस्ता प्रकारका कुरामा असल हुनुहुन्छ तपाई दिनेमा ?
२. तपाई जे कुरामा अशल हुनुहुन्छ तीनलाई अरुको मद्दतको निम्ति कसरी चलाउन सक्नुहुन्छ ?

**परिचय :-**

एन्ड्रियू कार्नेजी १८३५ मा स्कटल्याण्डमा जन्मेका थिए । आफ्नो परिवारको गरिवीले कार्नेजीलाई एउटा पाठ सिकायो । जव उनी सन् १८४त्त८ मा अमेरिकामा आए एन्ड्रियू कार्नेजीले आफ्नो परिवारमा समृद्धी (उन्नती) ल्याउने विचार गरे । कार्नेजी पितवर्गको फोहोर ठाऊ एवं खचाखच भएको ठाऊ देखी न्यूयोर्कको विशाल भवन सम्म अघि बढी । १८६८ को दशकमा कार्नेजीले चार लाख यूएस डलर वा आजको झण्डै ५० लाख रुपैया बराबरको उनी धनि भए । तीन दशकदेखी उनी स्टील कम्पनीको उद्योगपति रहे । सन् १९०० मा कार्नेजी कम्पनीले ब्रिटिसका कुनै पनि स्टील उद्योगहरुले भन्दा ज्यादा स्टीलहरु उत्पादन गर्न थाल्यो । सन् १९०१ मा जव उनले जे.पि. मोर्गनलाई आफ्नो स्टील कम्पनी बेचे तव उनले निजी रुपमा ४.५ अरब रुपैया कमाए । आज उनी आफ्नो उद्धारताबाट दिइएको दानहरु जस्तै संगति हल शैक्षिक दानहरु र करिब तीन हजार सार्वजनिक पुस्तकालयहरुको निम्ति प्रसिद्ध छन् । सन् १९१९ अर्थात् उनको मृत्युको समयमा उनले ३(तीन) अरब भन्दा बढी दिए ।

प्रश्नः- दिन सकिने तीन तरीकाहरु छन् । तपाईलाई ती के हुन् जस्तो लाग्छ ?
१. हामीले आफ्नो समय दिन सक्छौं ?
२. हामी आफ्नो समय दिन सक्छौं ?
३. हामी पैसा दिन सक्छौं ?

- हामीले आज किन दिनु पर्छ त ? र हामीले के दिनु पर्छ ? र हामीले कसरी दिनु पर्छ ? र कहिले दिनु पर्छ ? भन्ने बारे कुरा गर्नेछौं ।
- सर्वप्रथम त हामी धर्मशास्त्रको उदाहरणतिर हेरौं ।

**विधवाको भेटीको दृष्टान्त**

**बचन : ( मर्कूस १२:४१-४४)**

**खण्ड**

"अनि उहाँ मन्दिरको भेटी चढाउने ठाउँको सामुन्ने बस्नुभयो र भीडले भेटी पात्रमा भेटी चढाएको हेर्नुभयो । धेरै धनी मानिसहरुले ठूला-ठूला रकम चढाए । अनि एउटी गरिव विधवाले आएर तामाका दुई सिक्का अर्थात् एक पैसा चढाई/आफ्ना चेलाहरुलाई आफू कहाँ बोलाएर उहाँले तिनीहरु लाई भन्नुभयो, साच्चै म

तिमीहरुलाई भन्दछु, भटी पात्रमा चढाउनेहरु मध्य यस गरिव विधवाले सबै भन्दा बढी चढाई । किनभने सबैले आफ्नो आफ्नो प्रशस्तताबाट चढाए, तर यस स्त्रीले चाँही आफ्नो दरिद्रताबाट आफ्नो सारा जिविका नै अर्पण गरी ।"

कुनै हल्ला खल्ला नगरी कनै चुपचाप आएर यस गरीव विधवा आएर आफ्नो सारा जिविका चलाउनु पर्ने सम्पूर्ण धन चढाइन् । आफूले जे गर्छन् । त्यसतर्फ सबै मानिसको ध्यान आफुतिर खिच्न खिच्न चाहने व्यवस्थाका शिक्षकहरु, सदुकी र फरिसीहरुको चाल भन्दा यस विधवाको चाल एकदम भिन्न थियो । इस्राएलका ती धार्मिक अगुवाहरुले चाँही कसरी आफ्नो लुगा (लवेदा) लामो पारेर आफैलाई सबैले देखोस भन्नाको खातिर, भोजहरुमा मुख्य स्थानमा बस्थे, मन्दिर वा चर्चहरुमा प्रमुख स्थानमा बस्थे एवं प्रकारले आफैलाई प्रमुख स्थानमा बसेर आफैलाई प्रकट गर्ने देखाउने स्वभाव ती धार्मिक अगुवाहरुमा थिए ।

प्रश्नः- येशुको भनाईको अर्थ के हो, जसले गरीव विधवाले दिएको सानो भेटी नै परमेश्वरको निम्ति सबभन्दा ठूलो भेटी हो ?

उत्तरः- (तिनको भेटीलाई सबभन्दा ठूलो ठहराईनुको अर्थ चाँही दिनु प्रति उनको प्रवृत्ति नै हो) । यो त्यही खालको उद्धार प्रवृत्ति हो जसबारे आज हामीले व्याख्या गर्न गईरहेका छौं ।

प्रश्नः- के कसैले यस्तो परमेश्वलाई उद्धारता साथ दिइरहेको छ त ?

- "पृथ्वी र त्यसमा भएका जो जति छन् सबै परमप्रभुका हुन्,......." (भजनसंग्रह २४:१) । हामीसँग भएका सबै थोक परमेश्वरबाट नै आउँछ ।
- "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्नो एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस् तर त्यसले अनन्त जीवन पाओस" (यूहन्ना ३:१६) परमेश्वरले हामीलाई उपहार स्वरुप अनन्त जीवन दिनुहुन्छ ।
- "आँखाले नदेखेका रकानले नसुनेका र मानिसले मनमा नसोचेका, यीनै कुरा परमेश्वरले उहाँलाई प्रेम गर्नेहरुका निम्ति तयार पार्नु भएको छ" (१ कोरिन्थी २:९) । परमेश्वरले हामीले कहिल्यै सोचेको वा कल्पना गरेको भन्दा ज्यादै बढी दिनु हुनेछ ।

प्रश्नः- केले मानिसलाई दिने तुल्याउँछ ?

उत्तरः- (परमेश्वरले दिने इच्छा उनीहरुमा राखि दिनु भएकोले मानिसहरु दिन्छन् । जव तपाईले दिनुहुन्छ यसले परमेश्वरलाई खुशी तुल्याउँछ, किनकी यसले अरुलाई सहायता हुन्छ) । हामीले किन दिनुपर्छ भन्नेबारे अझै केही कुरा गरौं र साथै हामीले के दिने, कसरी दिने, र कहिले दिने भन्ने बारेमा समेत कुरा गरौं ।

प्रश्नः- तपाईले किन दिनुपर्छ ?

उत्तरः- बाइबल भन्दछ, "......... तिमीहरुले सित्तैमा पायौ, सित्तैमा देओ" (मत्ती १०:८) । दिनुस किनकी तपाईले पनि अरुहरुलाई धेरै कुरा पाउनु भयो । बाइबल भन्दछ ".... कि लिनु भन्दा दिनु अझ धन्य हो" (प्रेरित २०:३५) । अरुबाट पाउनु वा अरुले तपाईप्रति भलाई गर्नु राम्रो कुरा हो, जसले तपाईलाई मद्दत गर्छ तर प्रभु भन्नुहुन्छ जव तपाईले दिनुहुन्छ, यसले अरुलाई मद्दत गर्छ यो उत्तम हो ।

प्रश्नः- हामीले के दिनुपर्छ ?

उत्तरः- बाइबल भन्दछः "तर कुरा यही हो, कि थोरै छर्नेले थोरै नै कटनी गर्छ । अनि हरेक मानिसले आफ्नो मनमा संकल्प गरे बमोजिम दिओस्, इच्छा नभई होइन, नता करकापमा परेर । किनभने खुशिसाथ दिनेलाई परमेश्वरले प्रेम गर्नुहुन्छ" (२ कोरिन्थी ९:६-७) । तपाईले चाहे बमोजिम आफसँग भएका कुरा दिनुहोस् ।

बाइबल भन्दछः "हे मेरो छोरो तेरो हृदय मलाई दे, र तेरा आँखाले मेरो बाटो पालन गरुन्," (हितोपदेश २३: २६) । (तपाईको ध्यान, हृदय, मन परमेश्वरलाई दिनुहोस् ताकि तपाईले सिक्न र पूर्ण तथा अर्थपूर्ण जीवन जीउन सक्नुभएको होस्) ।

प्रश्नः- हामीले कसरी दिने त ?

उत्तरः- बाइबल भन्दछः "........... तर धर्मीले फारो नगरीकनै दिन्छ" (हितोपदेश २१:२६) । तपाईको सक्षमता अनुसार दिनुहोस् । याद गनुहोस् कि त्यस गरीव विधवासँग धेरै थिएन, तर तिनी जति दिन सक्ने थिइन् त्यति दिइन् ।

प्रश्नः- कहिले हामीले दिने त ?

उत्तरः- फेरी बाइबल भन्दछः "सन्तहरुको खाँचोमा सहायता देओ ............" (रोमी १२:१३) । जव मौका आउँछ तव दिनुहोस् ।

बाइबलले भन्दछ "प्रार्थना र निवेदन साथ सब समय पवित्र आत्मामा प्रार्थना गर । यस उद्देश्यले लगनशिल र सतर्क भएर सबै सन्तहरुका निम्ति प्रार्थना गरिरहो" (एफिसी ६:१८) । जव तपाईलाई खाँचो महशुस हुन्छ तव प्रार्थना गर्नुहोस् ।

बाइबल भन्दछ "........ भलाई गर्नमा थकित नहोओ" (२ थेसलोनिकी ३:१३) । लगातार दिइरहन सकौं भनि परमेश्वरलाई प्रार्थना गर्नुहोस् ।

प्रश्नः- तपाइलाई दिनेहरु को हुन् ?

उत्तरः- (बुबा-आमा जसले तपाईलाई परमेश्वरको प्रेम देखाउनुहुन्छ, शिक्षक शिक्षिकाहरु जसले तपाईहरुलाई सिक्न/अध्ययन गर्न सहायता गर्नुहुन्छ, वा कोचहरु जसले तपाईलाई खेल खेल्न सिकाउनुहुन्छ वा ती मानिसहरु जुसले हाम्रो देश सुरक्षा गर्नुहुन्छ) । सोच्नुहोस् की जव कसैले तपाईलाई सहायता गर्न समय निकाल्दछ तव तपाईलाई कति राम्रो लाग्छ ।

- एन्ड्र कार्नेजीले ठूलो रकम दिएर धेरैलाई सहायता गरे । येशुले भन्नुहुन्छ कि दिने कुरामा रकम मुख्य होइन तर किन दिदैछौं भन्ने कुरा मुख्य हो । जव तपाईले महशुस गर्नुहुन्छ कि तपाईसँग जे छ त्यो त वास्तवमा तपाईले परमेश्वरबाट ऋण लिएको जस्तै हो, तव तपाईले जान्नुहुनेछ कि उहाँले चाहे जस्तो सर्वोत्तम तरिकाले उहाँको सम्पत्ति जो तपाईलाई सुम्पिएको छ, सो कसरी चलाउने हो भनि प्रार्थनामा उहाँसँग बुद्धि माग्नु अशल  हो भनेर ।

प्रश्नः- कसरी तपाईले अरुलाई आफ्नो समय, क्षमता र पैसाले मद्दत गर्नु सक्नुहुन्छ ?

## पाठ - नौ : “प” ले पवित्रलाई जनाउँदछ

### गृहकार्य दोहोऱ्याउनु

### प्रश्न र कण्ठ पद

**आजको पाठ्यपदः-** “तिमीहरु मेरो निम्ति पवित्र होओ, किनभने म, परमप्रभु, पवित्र छ र तिमीहरु मेरै हुनलाई मैले तिमीहरुलाई अरु जातिहरुबाट अलग गरेर छुट्टयाएको हुँ” (लेवी २०:२६) ।

### चरित्र गुण

**पवित्रता**

**छलफल प्रश्न गर्दा तपाई कुन कुराले परिवारका अरु सदस्यहरु भन्दा भिन्न तुल्याउँछ/हुनुहुन्छ ?**

**परिचयः-** बढ्दो जिम इलियोत एक अशल धावक, अशल विद्यार्थी र कडा परिश्रमी थिए । उनीसँग परमेश्वरको सेवा गर्ने बल्दो इच्छा थियो जुन इच्छाले उनलाई विदेश मिशन (प्रचार) को लागी निकाल्यो विशेष गरी दक्षिण अमेरिकामा इलियोतले भने “किन कसैलाई दुई पटक सुन्ने जव कि अरुले एक पटक पनि सु-समाचार सुनेका छैनन् ।” खास गरी इलियोतले दक्षिण अमेरिकी-भारतीहरु जसलाई अउकास भनिन्थे को बारेमा सुने । सन् १९५६ को जनवरी महिनामा इलियोत र उनका ४ (चार) सहयोगीहरु एजुकेडरको बन्दरगाहमा उत्रे । अउकासहरुसँगको पहिलो व्यक्तिगत भेटघाटको केही दिन मै इलियोत र उनका चार सहयोगीहरु अउकास जातिका लडाकुहरुद्धारा मारिए । पवित्र हुनुको अर्थ चाही अलग हुनु र तयार हुनु हो इशाइहरुको लागी यसको वा पवित्र हुनुको विशेष अर्थ चाँही परमेश्वरको उद्देश्यको निम्ति अलग हुनु भन्ने हुन्छ । त्यसैले पवित्र हुनुको मतलव परमेश्वरले तपाईको जीवनको लागी राख्नु भएको उद्देश्यको निम्ति अलग हुनु हो । इलियोत चाही परमेश्वरले उनको जीवनको लागि राख्नु भएको उद्देश्य प्रति समर्पित मानिस थिए । उनले परमेश्वरको उद्देश्यको निम्ति खोजी गरे, पर्खे र यसलाई पालन गरे । जिम इलियोतले परमेश्वरको निम्ति सँधै उपलब्ध गराए ।

### पवित्रता

**छानिएको वचन खण्ड र पद**
“१ मोशाले आफ्ना ससुरा मिद्यानका पुजाहारी थित्रोका भेडा बाखा चराईरहेका थिए र तिनले भेडा बाखा चराउँदै उजाड स्थानको पारितिर परमेश्वरको पर्वत, अर्थात होरेब सम्मै लगे । २ त्यहा एउटा जलिरहेको पोथ्राको ज्वालामा परमप्रभुका दूत तिनी कहा प्रकट भए र तिनले पोथ्रालाई हेरे । त्यो पोथ्रा जलिरहेको थियो-तापनि भस्म हुँदैनथ्यो । मोशाले भने, “अब छेवैको गएर यो गजवको दृष्यलाई हेर्नेछ । त्यो पोथ्रा किन भस्म हुँदोरहेनछ ?” ४ जव हेर्नलाई तिनी त्यतातिर लागेका परमप्रभुले देख्नुभयो, तव परमेश्वरले पोथ्राको विचबाट “मोशा, ए मोशा भनेर तिनलाई बोलाउनु भयो । अनि तिनले भने म त्यहि छु ।” ५ जव परमेश्वरले भन्नुभयो, यता नजिक नआइज । तेरो खुट्टाबाट जुत्ता फुकाल, किनकी तँ उभिएको यो ठाऊँ पवित्र भुमि हो” (प्रस्थान ३:५-५) ।

प्रश्नः- किन परमेश्वरले मोशालाई आफ्नो जुत्ता फुकाल्न भन्नु भयो ?

उत्तरः- परमेश्वरले मोशालाई भन्नु भयो, “तिमी र मेरो विचमा भएको कुनै पनि वाधक वस्तुलाई हटाउ किनभने मसँग एउटा काम छ जुन तिमीले मेरो निम्ति गर्नुपर्छ ।” परमेश्वरले मोशालाई आफ्नो वा (उहाँको) उद्देश्यको निम्ति अलग हुन भन्नुभयो । त्यो बेलादेखी नै इस्राएलहका पवित्र परमप्रभुले आफ्ना जनहरुलाई पवित्र हुन भन्नुभएको छ । प्रेरित पत्रुस लेख्छन् “तर तिमीहरुलाई बोलाउनुहुने जस्तो पवित्र हुनुहुन्छ, तिमीहरु आफै पनि जीवनका सबै रहनसहनमा पवित्र हाओ, किनभने यो लेखिएको छ, “तिमीहरु पवित्र होओ, किनभने म पवित्र छु ।” (१ पत्रुस १:१५,१६) ।

प्रश्नः- पवित्र हुनु भन्नुको मतलव के हो ?

उत्तरः- (पवित्र होओ भन्नुको मतलव चाँही अलग हुनु र तयार हुनु हो) ख्रीष्टीयनहरुको (इशाईहरुको) लागि विशेष अर्थ चाँही परमेश्वरको उद्देश्यको लागि अलग हुनु हो । त्यसैले पवित्र हुनुको/होओ भन्नुको अर्थ चाँही, तपाईको जीवनको लागि रहेको परमेश्वरको उद्देश्यको लागि अलग हुनु हो ।

प्रश्नः- तपाई परमेश्वरको लागि पवित्र जीवन कसरी जीउन सक्नुहुन्छ ? बाइबल भन्दछ "हे परमेश्वर तपाईका मार्ग पवित्र छन् ........" (भजनसंग्रह ७७:१३) ।

प्रश्नः- परमेश्वरका मार्गहरु के हुन् भनि हामीले कसरी जान्ने ?

उत्तरः- (परमेश्वरको वचन बाइबल धर्मशास्त्र अध्ययन गरेर अनि सिकेर) । आउनुहोस् हामी हेरौं केही बाइबल पदहरु जसले हामीलाई कसरी पवित्र हुने भन्नेबारे बुझ्नलाई मद्दत गर्छः

"यस संसारको ढाँचामा नचल, तर आफ्नो मनमा नयाँ भद्रपूर्ण रुपले परिवर्तित होओ ........" ( रोमी१२:२) । पवित्र हुनको लागि पहिलो कदम चाँही परमेश्वरको वचन हाम्रो मनमा राख्नु हो ।

"अन्तमा भाई हो, जे कुरो सत्य छ, जे कुरो आदरणीय छ जे कुरो न्याय संगत छ जे कुरो शुद्ध छ, जे कुरो प्रेम योग्य छ, जे कुरो कृपामय छ, यदी केही श्रेष्ठता, प्रशंसाको योग्य केही छ भने यी नै कुराका विचार गर" (फिलिप्पी ४:८) । यदी तपाईको मन यी कुराले भरिएका छन् भने अरु गलत र अशुद्ध कुराहरुका लागि कम ठाऊ हुन्छ ।

"... परमेश्वरको देखासिकी गर्नेहरु हाओ" । (एफिसी ५:१) । पवित्र आत्मालाई तपाईमा उहाँले चाहनु भएका गुणहरु उत्पन्न गर्न दिनुहोस् ।

प्रश्नः- परमेश्वरले तपाईमा कस्ता गुणहरु भएको चाहानुहुन्छ ?

उत्तरः- परमेश्वरले हामीमा चाहानुभएका गुणहरु हुनः "प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाई, विश्वस्तता, नम्रता, संयम हुनु (गलाती ५:२२-२३) । ख्रीष्टीयन भएको हैसियतले हाम्रो लागि खुशीको खबर चाँही परमेश्वरको शक्तिद्धारा यी गुणहरु हाम्रो जीवनमा उपलब्ध छन् । हामीले गर्नुपर्ने काम भनेको चाँही फललाई टिप्नु र खानु मात्र हो ।

प्रश्नः- तपाई किन पवित्र जीवन जीउन चाहानुहुन्छ ?

उत्तरः- (परमेश्वरले येशु खिष्टद्धारा जे गर्नु भयो तपाईको निम्ति त्यही कारणले तपाई पवित्र जीवन जीउन चाहानुहुन्छ) । बाइबल भन्दछ "तिमीहरुको शरीर पवित्र आतमाको मन्दिर हो, जुन पवित्र आत्मा तिमीहरुले परमेश्वरबाट पाएका छौ र उहाँ तिमीहरु भित्र वास गर्नुहुन्छ भन्ने के तिमीहरुलाई थाहा छैन ? तिमीहरु स्वयम आफ्नै होइनौं । तिमीहरु मोल तिरेर

## **Book-2**

किनिएका हौ ........ (१ कोरिन्थी ६: १९, २०) ।

येशु क्रुसमा टाँगिएको दिनमा उहाँको शरीर तोडिएको उहाँको रगत बगेको थियो, उहाँले तपाईलाई तपाईको पापको लागि असाधारण मुल्य तिरेर छुट्टाउनु भयो उहाँको जीवनद्धारा तपाईले येशुलाई आफ्नो जीवनको मुक्तिदाता ग्रहण गर्नुभएको दिनमा पवित्र आत्मा तपाईमा आउनु भयो र तपाईमा बास बस्नु भयो र तपाईको शरीर उहाँको मन्दिर बन्यो । त्यसैले तपाईले परमेश्वरलाई आफ्नो सोच विचारले र आफ्नो प्रवृत्तिले उहाँको आदर गर्नुपर्छ ।

## ईसाई चरित्र

बाइबलले यो पनि भन्दछ कि, “तिमीहरु मेरो निम्ति पवित्र होओ, किनभने म, परमप्रभु, पवित्र छु र तिमीहरु मेरै हुनलाई मैले तिमीहरुलाई अरु जातिहरुबाट अलग गरेर छुट्टाएको हु” (लेवी २०:२६)” । तपाईको जीवनको लागि परमेश्वरसँग सुन्दर योजना छ। बाइबल भन्दछ, “यसकारण कोही खिष्टमा छ भने त्यो नयाँ सृष्टी हो । पुरानो वितिगएको छ, हेर, नयाँ आएको छ। यो सबै परमेश्वरबाट भएको हो, जसले हामीलाई खीष्टद्वारा आफूसँग मिलापमा ल्याउनुभयो र हामीलाई मिलापको सेवा दिनुभयो, अर्थात् स्वयं खीष्टमा हुनुभएर परमेश्वरले संसारलाई आफूसँग मिलापमा ल्याउँदै हुनुहुन्थ्यो । तिनीहरुका अपराधका लेखा नलिएर मिलाप गराउने कामको संदेश उहाँले हामीलाई सुम्पिदिनुभएको छ । यसकारण हामी खीष्टका राजदुतहरु हौं, र परमेश्वरले हामीद्धारा अनुरोध गरिरहनु भएको छ । खीष्टकै पक्षमा हामी तिमीहरुलाई विन्ति गर्दछौं कि तिमीहरु परमेश्वरसँगको मिलापमा आओः (२ कोरिन्थी ५:१७-२०)” । - परमेश्वरले तपाईलाई अरुहरुलाई येशुको सु-समाचार बाँड्ने जिम्मेवारी र मौका दिनु भएको छ र अहिले ..... कथाको सबै अंश । कसैद्धारा वा कोहीद्धारा इलियोतको निधानलाई समय जीवनको बर्बादी भनेको छ । तर संसार भरीका सयौं जवान मानिसहरु चाँही जिम इलियोतका जिवनद्धारा प्रेरणा पाए । अरुहरुले चाँही प्रचारकै नियुक्ति पाएर आफ्ना ठाउँहरुमा गए । तथापी अरुको माझ इलियोतकी एलिजावेथका इलियोत आफ्नो श्रीमान्को हत्यारा आउकासहरुसँग बसिन् । यो स्त्रीले नारीले अउकाश जातिका भाषा सिकेर तिनीहरुको भाषाका बाइबल उल्था गरिन् । पछिबाट धेरै अउकाशीहरुले येशुलाई आफ्नो मुक्तिदाता र प्रभु पनि ग्रहण गरे ।

प्रश्नः- आज तपाई कसरी येशुको निम्ति राजदुत बन्न सक्नुहुन्छ ?

**पाठ - १० "इ" चाँही इमान्दारिताको लागि हो**

**भाग - (१)**

**गृहकार्यको पुनरावृत्ति**

**प्रश्नहरु कण्ठ पद**

**आजको पाठ पद**

"ख्रीष्टको त्रचन तिमीहरुमा प्रशस्तसँग बास बसोस्....." (कलस्की ३:१६)

**परित्र गुण**

**इमान्दिारिता**

**छलफल**

१. स्कुल पछिको समय छ, तपाई ७-११ वर्षको हुनुहुन्छ । पसलमा तपाई र पसले मात्र हुनुहुन्छ त्यहीबेला पसलले बाटोमा ढोका बाहिर २० डलर बराबरको विल खसालेर थाहै नपाई गयो भने त्यति बेला तपाई के गर्नुहुन्छ ?

२. परिस्थिति बदलौं : मानौं बाहिर एउटा यस्तो (फिल्म वा सिनेमा) छ जो तपाई असाध्यै हेर्न चाहानुहुन्छ तर तपाईको अभिभावकले तपाईलाई त्यो नहेर्न भनेका छन् तर शुक्रबार साँझ साथीको घरमा जानु भयो बस्न, जहाँ तपाईको साथीले भन्यो कि "हेर ! यो फिल्म कस्तो राम्रो अचम्मको छ, मेरा बुबा-आमाले आज एक रातको निम्ति मात्र हेर्नलाई भाडामा ल्याउन अनुमति दिनुभएको छ आऊ हामी यसलाई हेरौं" भनि त्यही फिल्म ल्यायो जुन तपाईलाई तपाईका माता पिताले नहेर्न भनेका थिए भन, त्यति बेला तपाई के गर्नुहुन्छ ?

**परिचय**

फ्रान्सको राजधानी पेरिसमा १९२४ को दशकमा भएको १०० मिटर दौडको एक आलम्पिक खेलमा बेलायतले सुनको टक्मा जित्ने आशा बोकेको थियो तर खेलाडीले दौड्न इन्कार गरे । १०० मिटर दौडको पहिलो समुहका हरुको दौड चाँही आइतबार मिलाईएको/राखिएको थियो र एरेकले भने "म कुनै आइतबार दौडन चाहन्न । आइतबार परमेश्वरको आराधनाका निम्ति हो, खेलको निम्ति होइन । कम से कम मेरो निम्ति ।" ब्रिटिसका असधकारीहरुले मिति सार्न चाहे तर सफल भएनन् । कसैले उनलाई मूर्ख भने त कसैले चाँही धोकेवाज । तर एरेक चाँही आइतबार परमेश्वरलाई आदर गर्ने दिनको रुपमा विश्राम गर्न र सबै कामहरु र खेलकुँदहरु नगर्ने आफ्नो प्रतिज्ञामै लागिरहे । जसै आइतबारको पहिला धावकहरुको दौडको समय हुँदै थियो, त्यही बेला एरेक चाँही स्कटल्याण्डको एउटा मण्डलीमा येशुप्रतिको आफ्नो समर्पणता बारे बोल्दै थिए । एरेक कुनै किसिमको विशेष घटना वा काम विना नै ४०० मिटरको दौडको निम्ति योग्य बने र सेमी फाईनलमा पुगे । अन्तिम दौड भन्दा केही पहिला एक जना खेलका गुरुले तिनलाई एउटा नोट हातमा थमाए जहाँ "मलाई आदर गर्नेलाई म आदर गर्नेछु......": (१ शमुएल २ :३०) भनेर लेखिएको थियो । एरेकले ४०० मिटरको दौड जिते - उनको विशेष कामको (घटनाबास) को कारणले होइन - विश्व रेकर्ड टाइप मा : निन्दाको परिस्थिति चाँही प्रशंसामा टुङ्गियो मात्र उनले जे विश्वास गऱ्यो त्यसैको कारणले (१९९७, पेज नं. ८१-८८) डेभ र निता ज्याक्सन, बेथानी हाउस भन्ने वीरहरुको कथा नामक पुस्तक पत्रिकाबाट साभार गरिएको ।

१९८१ मा एरेक लिड्डलको कथा शैशिक टक्मा जित्ने फिल्म आगोको रथ वा अग्नीरथ नामक फिल्ममा भनिएको थियो । इमान्दारिताले ठिक निर्णय गर्न अह्वाउँछ र ती निर्णयलाई पछ्याउन माग गर्दछ । एरेक लिड्डल चाँही इमान्दारिताको मानिस थिए ।
प्रश्नः- इमान्दारिता भनेको के हो ?
उत्तरः- इमान्दारिताको साधारण परिभाषा चाँही जे ठिक छ त्यो गर्नको निम्ति गरिएको समर्पणता हो ।

## ईसाई चरित्र

प्रश्नः- इमान्दारिताले तपाईलाई के गर्न भन्दछ ?
उत्तरः- इमान्दारिताले तपाईलाई जहिले पनि ठिक कुरा छानेर, ठिक निर्णय गरी त्यसको पालना गर्न भन्दछ ।
ल ! अब हामी अथ्युब नामक बाइबलको हिरो (बीर) मान्छेको बारेमा कुरा गरौं जो इमान्दार मानिस थिए ।

**अथ्युब**

**खण्ड : (अथ्युब १ अध्यायको पद १-२:३ अथवा अथ्युब १:१-२:३ सम्म)**

अथ्युब १:१ "ऊज देशमा अथ्यब नाऊकन भएका एकजना मानिस बस्दथे । तिनी निर्दोष र सोझो जीवन बिताउँथे । तिनी परमेश्वरसँग डराउँथे र दृष्टताबाट अलग बस्थे । २ तिनका साता छोरा र तीन छोरी थिए । ३ तिनका सात भेडा, तीन हजार ऊँट, पाँच सय हल गोरु र पाँच सय गधा बाहेक धेरै कमारा-कमारीहरु पनि थिए । पूर्वका सबै मानिसहरु मध्ये अथ्युब सबैभन्दा महान् थिए । ४ तिनका छोराहरुले पालैसित आफ्नो घरमा भोज राख्थे र आफ्ना बहीनीहरुलाई खानपिनका लागि आफ्ना तीन बहीनीहरुलाई निम्त्याउँथे । ५ भोज दिने क्रम सिद्धिएपछि अथ्युवले आफ्ना छोराछोरीहरुलाई बोलाएर शुद्ध बनाउने गर्थे । तिनी विहान सबेरै उठी तिनीहरु प्रत्यकको निम्ति यो विचारले एउटा-एउटा होमबलि चढाउँथे, "शायद मेरा छोरा-छोरीहरुले पाप गरे होलान् । अथ्युवले सधैं यसै गर्थे । ६ एकदिन स्वर्गीय दुतहरु + परमप्रभुको सामुन्ने उपस्थित हुँदा शैतान पनि तिनीहरुसँग आयो । ७ परमप्रभुले शैतानलाई सोध्नुभयो, तँ कहाँबाट आइस् ?" त्यसले भन्यो "पृथ्वीमा चारैतिर घुमफिर गर्दै आएको हुँ" । ८ तव परमप्रभुले शैतानलाई सोध्नुभयो, "के तैले मेरो दास अथ्युवलाई याद गरिस् ? परमेश्वरको डर राख्ने र दृष्ट कामबाट अलग रहनु त्यो जस्तो निर्दोष र सोझो मानिस पृथ्वीमा अरु कोही छैन ।" ९ शैतानले परमप्रभुलाई यसो भनेर जवाफ दियो, "अथ्युवले त्यसै परमेश्वरको र राखेका हुन् त ? १० के तिनलाई तिनका सबै काममा तपाईले आशिष दिनु भएको छ, अनि तिनका गाइवस्तुहरु देशभरी अनगिन्ती छन् । ११ तर आफ्नो हात पसारेर तिनका सबै धन सम्पत्तिलाई तपाईले चारैतिरबाट हालेर रक्षा गर्नुभएको छ, अनि तिनका सबै काममा तपाईले आशिष दिनुभएको छ, अनि तिनमा गाईवस्तुहरु देशभरी अनगिन्ती बढेका छन् । ११ तर आफ्नो हात पसारेर तिनका सबै चीजमाथि प्रहार गर्नुहोस् र तिनले तपाईलाई तपाईकै मुखको सामुन्ने सराप्नेछन् ।" १२ तव परमप्रभुले शैतानलाई भन्नुभयो, लौ त, त्यसकहाँ जे जति छन् सबै तेरै हातमा भयो । केवल अथ्युवको शरीरलाई चाँही नछों ।" तव शैतान परमप्रभुको उपस्थितिबाट निस्केर गयो । १३ एक दिन अथ्युवका छोराछोरीहरु आफ्ना जेठा दाज्यूको घरमा खानपिन गर्दैथिए । १४ एउटा समाचार बाहक कुँदेर अथयुवकहाँ आएर भन्यो, १५ गोरुहरु बेला शवीहरुले गोठालाहरुलाई आक्रमण गरेर मारे र ती सबै लगे । अनि तपाईलाई समाचार दिन म मात्र उम्के ।" १६ त्यो बोल्दा बोल्दै  अर्को समाचार बाहक आइपुग्यो । त्यसले भन्यो, "परमेश्वरको अग्नि स्वर्गबाट झरेर भेडाहरु र गोठालाहरुलाई भस्म पार्‍यो । अनि तपाईहरुलाई समाचार दिन म मात्र उम्के ।" १७ त्यो बोल्दा अर्को एक जना आएर कल्दीहरुले छापा मार्ने तीन दल बनाएर तपाईका ऊँटहरु आक्रमण गरि लगे । तिनीहरुले नोकरहरुलाई मारे र तपाईलाई समाचार दिन म मात्र उम्के । १८ त्यो मानिस बोल्दाबोल्दै एक जना आइपुग्यो र भन्यो, "तपाईका छोराछोरीहरु आफ्ना जेठा दाजुका घरमा खानपान गर्दै थिए । १९ त्यसैवेला मरुभुमिबाट अचानक आधिबेहरी आएर घरको चारै कुनामा हान्यो र त्यो घर ती जवान मानिसहरुमाथि ढलेर तिनीहरु सबैलाई थिचेर मार्‍यो । अनि समाचार दिन म मात्र उम्के । २० यो सुनेर अथ्युव उठे र तिनले आफ्नो कपाल खौरे, २१ र भुईमा घोप्टो परेर दण्डवत् गरी भने, "म आफ्नी आमाको गर्भबाट नाङ्गै आएँ, अनि म नाङ्गै फर्केर जानेछु । परमप्रभुले दिनुभयो अनि परमप्रभुको  नाऊँ धन्यको होस् ।" २२ यी सबै कुरामा अथ्युवले परमेश्वरलाई गलत कामको दोष लगाएर पाप गरेनन् । २:१ अर्को एक दिन स्वर्गदूतहरु परमप्रभुको सामुन्ने उपस्थित हुँदा शैतान पनि आफुलाई उहाँको अगाडी उपस्थित गराउन तिनीहरुसँगै गयो । २ अनि परमप्रभुले शैतानलाई सोध्नुभयो, "तँ कहाँबाट आइस् ?" त्यसले भन्यो, "पृथ्वीमा चारैतिरबाट घुमफिर गर्दै आएको हुँ ।" ३ तव परमप्रभुले शैतानलाई भन्नुभयो, "के तैले मेरो दास अथ्युवलाई याद गरिस ? परमेश्वरको डर राख्ने र दृष्टकामबाट अलग रहने त्योजस्तो निर्दोष र सोझो मानिस पृथ्वीमा अरु कोही छैन । विनाकारण त्यसलाई निष्ठा अझसम्म ढलपल भएको छैन ।"

प्रश्नः- बाइबलले अथ्युवलाई कसरी वर्णन गर्छ ?

उत्तरः- बाइबलले अथ्युवलाई एक धनी र सबै ठिक काम गर्ने व्यक्तिको रुपमा बताउँदछ । आफ्ना सबै छोराछोरीहरु र सम्पूर्ण सम्पत्तिहरु गुमाएपछि पनि र २ अध्यायमा आफ्नो डरलाग्दो विरामीपना बेहोरेर पनि अथ्युवले अझै आफ्नो इमान्दारिता कायमै राखे ।

## ईसाई चरित्र

प्रश्नः- अथ्युवले कसरी आफ्नो इमान्दारितालाई कायम राखे ?

उत्तरः- कुनै खरावीविना नै जे ठिक थियो त्यही गरेर, किनभने उनले आफ्नो जीवनमा परमेश्वरको अधिकारलाई स्वीकार गरेर खरावी एवं दृष्टतालाई इन्कार गरे । अथ्युवले आफुबाट परमेश्वले के माग्नु भयो सो बुझे जुन चाँही उहाँमा भरोसा गर्नु र जे ठिक छ त्यही सँधै गर्नु हो । परमेश्वरले आफ्ना जनहरुबाट एक इमान्दारिताको स्तर खोज्नु हुन्छ ।

प्रश्नः- हाम्रो इमान्दारिताको स्तर को हो ?

उत्तरः- येशु खीष्ट नै हाम्रो इमान्दारिताको सर्बोत्तम मापदण्ड हुनुहुन्छ ।

प्रश्नः- येशुको बारेमा हामीलाई कसरी बताउनु भएको छ ?

उत्तरः- परमेश्वरले येशुको बारेमा उहाँको वचन बाइबलद्धारा बताउनु भएको छ ।

प्रश्नः- बाइबल सत्य छ भनि हामीले कसरी थाहा पाउने ?

उत्तरः- तीनवटा पदहरु जसले हामीलाई यसबारे सहायता पुऱ्याउँदछ ।
१. "अनि बचन देहधारी हुनुभयो र अनुग्रह र सत्यताले पूर्ण भई हाम्रा बीचमा बास गर्नुभयो । हामीले उहाँको महिमा देख्यौं, जुन महिमा पिताबाट आउनुभएको एक मात्र पुत्रको जस्तो थियो ।" (यूहन्ना १:१४) । बाइबल भन्दछ कि येशु सत्यले पूर्ण हुनुहुन्छ ।"
२. "जुन सन्देश हामीले उहाँबाट सुन्यौं र तिनीहरुलाई सुनाउँछौं, त्यो यही हो, कि परमेश्वर ज्योति हुनुहुन्छ र उहाँमा कत्ति पनि अँध्यारो छैन (१ यूहन्ना १:५) । जव बाइबलले ज्योतिको कुरा गर्दछ, तव यसले सत्यता तर्फ संकेत गर्दछ ।

प्रश्नः- यदी येशुमा ज्योति र सत्य मात्र छ भने, के उहाँ अँध्यारो वा झुटको निम्ति कुनै ठाउँ छ की ?

उत्तरः- होइन, प्रत्येक सोचाई, प्रवृत्ती, काम, बचन, जुन येशुले गर्नु भएको हरेक काम सत्यताको निम्ति प्रमाणलाई हुन् । यदी यसो नभएको भए, येशु परमेश्वर भनिनु हुने थिएन ।

३. "बाटो सत्य र जीवन म नै हुँ......" (युहन्ना १४:६) येशु आफैले भन्नुभयो कि उहाँ नै सत्य हुनुहुन्छ भनेर । येशु परमेश्वर हुनु भएकोले, बाइबल परमेश्वरको बचन हो तव तपाई बाइबलले भन्दछ त्यो सत्य छ भनि भरोसा गर्न सक्नुहुन्छ ।

प्रश्नः- बाइबल सत्य छ भन्ने के कुनै प्रमाण अरु छ ?

उत्तरः- धर्मशास्त्रमा चार पदहरु छन् जसले यस विषय मद्दत गर्दछ ।
"सम्पूर्ण पवित्र-शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो र यो सिकाउनलाई अर्ति दिनलाई सच्चाउनलाई धार्मिकतामा तालिम दिनलाई लाभदायक हुन्छ......." (२ तिमोथी ३:१६) ।

१. बाइबल चाँही १५०० वर्ष अवधिभित्र लेखिएको थियो । भएतापनि बाइबलको एउटै केन्द्रिय संदेश एउटै छः यो चाँही मानिसहरुलाई उनीहरुका पापबाट बचाउने परमेश्वरको इच्छा हो । बाइबलले जे भन्दछ सो एक अर्कासँग अकाट्य रुपमा मिल्दछन् यी मौका हेरेर मिलाउन खोज्नु असमर्थ/असम्भव छ । तिनीहरु मध्य कति जना एउटै समयमा बाँचेका भए पनि थोरै मात्र सम्भावना रहने थियो कुरो मिलाएर लेख्नुलाई यी लेखकहरुले लेखिरहेका बेलामा कुनै त्यस्तो तरिकै थिएन कि तिनीहरुले लेखेको लेख आजको प्रसिद्ध पुस्तक बाइबल बन्छन् भनेर । बाइबलमा कहि पनि यस्तो प्रमाण छैन कि ती लेखकहरुले झुट बोलेर आजको घटनासँग मिलाउनलाई त्यसो गरेका हुन् । त्यसको मतलव सम्पूर्ण बाइबल चाँही सत्य छ केही अंश मात्र होइन ।

२. बाइबलले यसो पनि भन्दछ, “परमेश्वर ज्योति हुनुहुन्छ, र उहाँमा कति पनि अँध्यारो छैन” (यूहन्ना १: ५) । याद गर्नुहोस् कि त्यो ज्योतिको अर्थ चाँही सत्यता हो । परमेश्वर ज्योति हुनुहुन्छ त्यसैले झुट बोल्न उहाँलाई असम्भव छ । (हिब्रु ६:१८)

३. “परमेश्वरको हरेक बचन दोष रहित छ” (हितोपदेश ३०:५)

४. “तपाईको सम्पूर्ण बचनहरु सत्य छन् र तपाईका धार्मिक नियमहरु अनन्तका छन्” (भजनसंग्रह ११९:१६०) । परमेश्वरका नियम (सत्य व्यवस्था)  सत्य थियो लेखन अवधि नै । यो आज सत्य छ र भोली पनि यो सत्य नै रहने छ । हामीले बाइबल सत्य छ भनि भानिलिन अर्को कारण छ त्यो हो यसका भविष्यवाणी अक्षरस परिपुर्ति जुन हामीले पछि यशैयाका पाठमा कुरा गर्नेछौं । धर्मशास्त्र भनदछ कि उनका सबै संकष्टहरुमा पनि अथ्युवले आफ्नो इमान्दारितालाई कायम राखे (अथ्युव २:३) र अथ्युवले आफ्नो हसह्य संकष्टमा परमेश्वरको आराधना गर्नुको सट्टा उहाँको विरुद्धमा गनगन गर्न र आफ्नो इमान्दारिता गुमाउने पनि रोज्न वा छान्न सक्थे ।

प्रश्नः- हामीले ठिक कुरो के हो र ठिक कुरा कसरी गर्न सकिन्छ भनि कसरी जान्ने

उत्तरः- परमेश्वरले सत्यतालाई उहाँको (बाइबल वचन) र व्यक्ति येशु ख्रिष्टमा सत्य के हो भनि तपाईले थाहा पाउनुहुनेछ ।

प्रश्नः- आफ्नो इमान्दारितालाई आज तपाईले कसरी अभ्यास गर्नुहुन्छ ?

उत्तरः- जव तपाईलाई अप्ठ्यारो स्थिति आउँछ र निर्णय गर्न गाह्रो र चुनौतिपूर्ण स्थिति आइपर्छ तव ठिक निर्णय लिनलाई तपाईले परमेश्वरलाई प्रार्थना गर्नुहोस् ।
प्रश्नः- बुबाहरु-तपाईहरुले आफ्ना छोराछोरीहरुलाई इमान्दारिताबारे सिकाउनलाई के गर्न सक्नुहुन्छ ?

**यहाँबाट (पाठ - ११) सुरु**
**"इ" चाँही इमान्दारिताको निम्ति हो (भाग-२)**

**गृहकार्य दोहोऱ्याउनु**

**पृष्ठ र कण्ठ पद**

**आजको पाठ्‌य पद**

"सबै कुरामा अशल कुराको नमूना भई तिमीले आफूलाई देखाऊ ........"(तीतस २:७) ।

**चरित्र गुण**

**इमान्दारिता**

**छलफल प्रश्न**

मानिलिऔं कि यदी तपाई परमेश्वर भएको भए मानिसहरु जिउनको लागि वा हिड्नको लागि तपाईको कस्तो निर्देशिका हुन्थ्यो वा दिनु हुन्थ्यो होला ?

**पुनरावृत्ति**

प्रश्नः- के तपाईलाई याद छ कि इमान्दारिता भनेको के हो ?

उत्तरः- जे ठिक छ त्यो गर्नको लागि गरिने समपर्णता नै इमान्दारिता हो । हामीलाई यो थाहा छ कि जै ठिक र सत्य छ त्यो बाइबलको सत्य बचन एवं येशु खिष्टलाई चिनेर वा जो परमेश्वरको बचन हो जानेर पनि थाहा पाउन सकिन्छ ।

**परिचय**

इस्वी सन् १९०६ मा उनी जर्मनीमा जन्मेका थिए । १४ वर्षको उमेरमा तिनी सेवक बन्न चाहे र पछि उनी ईश्वरशास्त्री अध्ययनको लागि बर्लीनमा र युनियन सेमिनारी न्यूयोर्कमा गए । त्यो समयमा जर्मनीमा हिटलरको शक्ति बढ्‌दो थियो । धेरै जर्मनीहरु र कोही - कोही इशाईहरुले पनि नाजीवादलाई विनाप्रश्न ग्रहण गरे । तर डाइट्रिक बोनहाफरले यो खतरालाई देखे र "मण्डलीलाई स्वीकार गरी" सहायता गरे । यसले यो घोषणा गऱ्यो कि येशुमात्र प्रभु हुनुहुन्छ र हिटरलाई त्यो स्थान दिनु चाँही मुर्तिपूजा गर्नु हो । उनले ६ हजार अरु पाष्टरहरुसँगै तिनी पनि मारिए यो त्यति नै बेलाको कुरा हो जव जर्मनले एक हप्ता पछि मात्र दोश्रो युद्धको अन्त गर्नलाई आत्मसमर्पण गऱ्यो । उनको लेखहरु आज पनि व्यापकरुपमा पढिन्छ । यो कुरा वीरहरुको कथा देश नेता ज्याक्सन बेथानी हाउस १९९७ (पेज २१ - २४) बाट साभार गरिएको हो । डाईट्रिक बोनहोफर परमेश्वरको निम्ति खडा भए, यद्यपी यसको निम्ति उनको सारा जीवनको मुल्य चुकाउन परे पनि । इमान्दारिताले जहिले पनि ठीक निर्णय गर्ने र ठीक प्रकारले यसको पालना गर्नलाई माग गर्दछ । सर्वप्रथम इमान्दारिताको पथ ठिक प्रकारले पहिचान गरिनु पर्दछ त्यसपछि यसलाई अभ्यास गर्न र ठिक प्रकारले स्थापित गरिनु पर्दछ ।

**इमान्दारिता : दश आज्ञाहरु**

**प्रस्थान २० : ३ - १७**

प्रश्नः- तपाईले आफ्नो जीवनमा इमान्दारिता कसरी बनाउन सक्नुहुन्छ ?

उत्तरः- दश आज्ञाअहरु यसको सुरुवात गर्ने ठिक ठाऊँ हो । दश आज्ञाको कुरा के हो भन्ने कुरा अव हामी चर्चा गर्दै दोहोऱ्याऔं ।

१. "म बाहेक हअरु कुनै देवता देवीहरु नमान्नू" (प्रस्थान २० पद ३) । परमेश्वर तपाईको जीवनमा एक बन्न चाहानुहुन्छ ।

२. "आफ्ना निम्ति खोपेर कुनै किसिमको मुर्ति नबनाउनू, माथि आकाश अथवा तल पृथ्वी वशा तल पानीमा भएको कुनै कुराको आकारको प्रतिमुर्ति नबनबउनू । तिनीहरुका सामु ननिहुरिनु, तिनीहरुको पूजा नगर्नू, किनकी म परमप्रभु तिमीहरुका परमेश्वर डाह गर्ने परमेश्वर हुँ । मेरो अवहेलना गर्ने पिता-पुर्खाका अधर्मको दण्ड उनीहरुका सन्तानहरुलाई उनीहरुको तेस्रो र चौथो पुस्ता सम्म दिनेछु (प्रस्थान २० :४, ५) । परमेश्वरको आराधना केवल उहाँले हामीलाई निर्देश गरे बमोजिम मात्र गर्नुहोस् ।

३. "परमप्रभु आफ्ना परमेश्वरको नाउँ व्यर्थैमा नलिनु" (पद ७) । तपाईको काम गराई र बोलाईमा परमेश्वरको आदर गर्नुहोस् ।

४. "शवाथ दिन पवित्र मान्नुपर्छ भनि याद राख्नु । ६ दिनसम्म परिश्रम गरेर आफ्ना सबै काम गर्नू तर सातौ चाँही दिन परमप्रभु तिमीहरुका परमेश्वरको निम्ति शवाथ दिन हो । त्यसमा तिमीहरुले केही काम नगर्नू..... किनकी ६ दिनमा परमप्रभुले आकाश, पृथ्वी, समुद्र र तिनमा भएका सबै थोक बनाउनुभयो, तर सातौं दिनमा चाँही विश्राम गर्नुभयो" (प्रस्थान २० : ८-११) । - एक दिन परमेश्वरबाट उपहार स्वपरुप विश्राम दिनको लागि लिनुहोस् अनि यसलाई उत्तरदायी ढंगबाट उपयोग गर्नुहोस् ।

५. आमा बाबुलाई आदर गर (पद १२) । - आफ्ना आमा बुबाको आदर गर्नुहोस् ।

६. "हत्या नगर्नू । अरको जीवनको आदर गर्नू ।

७. "व्वभिचार गर्नू" । आफ्नो सोचाई , शब्द र कामको हेका राख्नु ।

८. "चोरी नगर्नू" । अरुको सम्पत्तिको आदर गर्नू ।

९. आफ्नो छिमेकीको विरुद्धमा झुटो गवाही नदिनू, (झुटो नबोल्नु) । परमेश्वरले तपाईलाई सत्यलाई प्रेम गरेको र सत्यपूर्ण जीवन जीएको देख्न चाहनुहुन्छ ।

१०. "आफ्नो छिमेकीका घरको लालच नगर्नू", (आफूसँग भएका कुराहरुमा सन्तुष्ट रहनुस ।

प्रश्नः- दश आज्ञालाई कसरी सारांश गर्नुहुन्छ ?

उत्तरः- परमेश्वरलाई प्रेम गर र अरुहरुलाई प्रेम गर । मर्कूसको सु-समाचारले हामीलाई राम्रो सारांश दिन्छ : "शास्त्रीहरुमध्ये एकजना आए र तिनीहरुलाई आपसमा विवाद गरिरहेका सुने । येशुले मानिसहरुलाई ठिक जवाफ दिनुभएको देखेर तिनले उहाँलाई सोधे, "सबै आज्ञाहरुमा मुख्य चाँही कुन हो ?" येशुले जवाफ दिनु भयो, "सबैभन्दा मुख्य चाँही यो हो हे इस्राएल सुन, परमप्रभु हाम्रा परमेश्वर एउटै परमप्रभु हुनुहुन्छ । तैले परमप्रभु आफ्ना परमेश्वरलाई तेरो सारा हृदयले, तेरो सारा प्राणले तेरो सारा समझले र तेरो सारा शक्तिले प्रम गर " । दोश्रो चाही हो, तैले आफ्नो छिमेकीलाई आफूलाई जस्तै प्रेम गर, यो भन्दा ठूलो आज्ञा अर्को छैन ।" (मर्कूस १२:२८-३१) ।

प्रश्नः- आफ्नो घरमा आज दश आज्ञा पालना गरेर कसरी तपाईलाई मद्दत गर्छ ?

उत्तरः- तपाईले कक्षाका साथीहरु र अरु साथीहरु शिक्षक-शिक्षिका र खेल सिकाउने गुरुहरु विच परमेश्वरलाई कसरी/जसरी आदर गर्नुहुन्छ त्यसैमा यसले निर्भर गर्दछ ।

प्रश्नः- तपाईलाई दश आज्ञाका कुरा अभ्यास गर्नाले कसरी मद्दत मिल्छ/पुग्छ ?

उत्तरः- खेलमा तपाईले कसरी अभ्यास गर्नुहुन्छ, परमेश्वर खेलकुद भन्दा बढी महत्वपूर्ण हुनुहुन्छ । आफ्नो मन शुद्ध राख्नु । दश आज्ञा चाँहि इस्राइलीहरुलाई कसरी परमेश्वर र छिमेकीलाई प्रेम गर्ने हो भनी सिकाउन दिईएको थियो । यसले अझै पनि तपाईलाई पनि रक्षा र अगुवाई गर्दछ । यदी तपाईले यसलाई सिक्नु भयो भनेर यसद्धारा जीउन सिक्नुभयो भने तिनले (दश आज्ञाले) तपाईको जीवनमा इमान्दारिता बनाउन मद्दत गर्छ (तपाईलाई) ।

## पाठ-१२ "इ" चाँही इमान्दातरिताको लागि हो (भाग ३)

**गृहकार्य दोहोऱ्याउनु**

**प्रश्न र कण्ठ पदहरु**

**आजको पाठ्यपद**

"केवल तिमीहरुका जीवनको चाल ख्रिष्टका सु-समाचारको योग्य होस्" (फिलिपी १:२७) ।

**चरित्रको गुण**

**इमान्दारिता**

**छलफल प्रश्न**

प्रश्नः- तपाईलाई मन पर्ने हिरो (वीर) को हो ? यो व्यक्ति तपाईको लागि कि वीर वा हिरो छ ?

**परिचयः**

जेसिका लिन्च, जो सेनाको खाद्य वितरण-कारिन्दा थिए, एक पटक उनी लगायत ५०७ औं व्यवस्थापन कम्पनीका अन्य सदस्यहरु एमबुश मा समातिए जव उनीहरुले इराकको नासिरियामा गलत मोड लिए (गाडीमा) । यु.एस. कमाण्डोको छापामाहरुका अचानक रात्री आक्रमण (हवाई) द्वारा उनको रिहाई इराकमा लामो समय सम्म रहीराख्ने लडाईको कारक बन्यो । तर तिनको रिहाईलाई इराकी वकिलहरुले जो हुनुनपर्ने तर भयो, जसलाई इराकीहरुले मोहम्मदको रुपमा मात्र नहेरेको हुन सक्छ । मोहम्मदले भने कि उनले झ्यालबाट हेरे हस्पिटल तिर जहाँ उनकी श्रीमतीले नर्सको रुपमा काम गर्थिन् र उनले एउटा दृष्य देखे जसले तिनको हृदय फाट्योः खास गरी कालो लुगा लगाएका इराकी सुरक्षा अधिकारीहरुद्धारा लिन्च कहाँ पिटिएको दृष्यले । उनले वा मोहम्मदले भने कि ठीक त्यही बेला उनले कब्जामा परेका लिन्च कहाँ किने भनि अमेरिकी सेनाहरुलाई भन्नुपर्छ । "चिन्ता गर्नु पर्दैन, चिन्ता मान्नुपर्दैन" उनले फेरी दोहोऱ्याए अव्यक्त रुपमा अस्पतालको कोठा तिरबाट लिन्यलाई हेरेपछि मद्दत गर्ने प्रतिज्ञा गरे । तव मोहम्मद "एम्बुश अलि" नामक डरलाग्दो छलि बाटो भएर गए हात उचाल्दै उनी अमेरिकी नौसैनिक कहाँ पुगे । तव नौसैनिकले रुखो भावमा सोधे "तिमी के चाहान्छौं ?" तव मोहम्मदले "अस्पतालको मैला सैनिक बारे महत्वपूर्ण संदेश दिए ।" त्यसको भोलि पल्ट मोहम्मदले थुप्रै खतरनाक हस्पिटलको यात्रा गरे जहाँ थुप्रै इराकी सेनाहरुको पालेहरु थिए अमेरिकी अधिकारीहरुको अनुरोधमा उनले थुप्रै सैनिकहरुको हातले बनाएको घरहरुको नक्सा र ठाऊ बारे अधिक जानकारी पनि जम्मा गरे । उनकी श्रीमती, आइम्यानले अरु थुप्रै अप्ठ्यारा विवरणहरु भरिन्, हेलिकोप्टर घरको छानामा अवतरण गर्न सक्ने कारण सहित पनि समावेश गरिन् (विवरणमा) । प्रश्न गरियो कि किन मोहम्मदले मद्दत गर्न किन निर्णय गरे ? उनले सामान्य रुपमा जवाफ दिएकी उनले यसरी मानव माथि परेको अन्याय वा दुर व्यवहार हेर्न सक्दैनन् कुनै पनि अनुशासनिक कदम विना । सबै खतराका ज्ञानको बाबजुदमा पनि मोहम्मदले सबै कुरा समाचार माध्यमलाई खबर गरे । "उनले भने मलाई आफ्नो खातिर कत्ति पनि डर लाग्दैन" "मलाई आफ्नी श्रीमती र छोरोको डर लाग्छ किनकी म तिनीहरुलाई अति प्रेम गर्छु ।"

इमानदारिता चाँही जे ठिक छ त्यो गर्न गरिएको समर्पणता हो । मोहम्मदले आफ्नो काम परिवार र जीवनको खतरा मोलेर पनि जे ठिक छ त्यही गरे । आज हामीले कसरी इमान्दारिता सिक्न सक्छौं भनि कुरा गर्नेछौं ।

**प्रतिज्ञाद्धारा इमान्दारिता बनाउनु :**

इमान्दारिता सिकिनु र अभ्यास गरिनु मात्र होइन तर यो दैनिक रुपमा कायम गरिनु पर्दछ । एक प्रतिज्ञा - कर्ता नामक संस्थाले आफ्ना सदस्यहरुलाई बोलाई इमान्दारिताद्धारा जीउन भनियो । प्रतिज्ञा - कर्ताहरुले आफ्नो

# ईसाई चरित्र

प्रतिज्ञा दैनिक रुपले अभ्यास र कायम राख्न ७ वटा प्रतिज्ञा सहित आफ्नो समर्पणता जनाए (आफ्नो इमान्दारी कायम राख्नलाई) ( नोटः वास्तविक प्रतिज्ञा कर्ताहरुका समर्पणता चाँहीं कालो-ठूलो अक्षेरमा दिईएको छ । बालबालिकाहरुको निम्ति हरेक एक प्रतिज्ञाको साथमा) ।
ती हुन् :-

१. प्रार्थना र आराधनाद्धारा येशुको आदर गर्नु अनि पवित्र आत्माको शक्तिमा उहाँको बचनको पालना गर्नु ।

- प्रार्थना र आराधनाद्धारा येशुको आदर गर्नु र उहाँको बचनको पालन गर्नु ।

२. थौरै केही मानिसहरुसितको सम्बन्धलाई पछ्याउनु, त्यो बुझेर कि मलाई मेरा दाजुभाईहरुको मद्दत चाहिन्छ मेरा प्रतिज्ञाहरु कायम राख्न ।

- सामान मुल्य मान्यताका साथीहरुसँग मित्रताको विकाश गर जसले तपाईलाई ठिक कुरा छनौट गर्न उत्साह र मद्दत गर्छन् ।

३. ठीक आत्मिक, नैतिक, नितीगत र यौन शुद्धता अभ्यास गर्नुहोस् ।

- परमेश्वरलाई खुशी पार्ने जीवन जीउन अभ्यास गर्नुहोस् ।

४. प्रेमद्धारा अशल विवाह, घर र परिवारको निर्माण गर्नुहोस् र बाइबलिय मुल्यमान्यता कायम राख्नुहोस् ।

- परमेश्वरले तपाईलाई बाइबलद्धारा सिकाउनु भएका कुराले तपाईको परिवारलाई परमेश्वरको मूल्य मान्यता जीउन मद्दत गर्दछ ।

५. म मेरो मण्डलीको मिशन (प्रचार) लाई सहायता गर्छु, र मेरो आर्थिक सहायता, समय र प्रार्थनाद्धारा म मेरो पाष्टरलाई सहायता गर्छु ।

- तपाईको मण्डलीको पाष्टरको निम्ति प्रार्थना गरेर आदर गर्नुहोस् । मण्डलीमा सक्रिय रहनुहोस् र परमेश्वरले तपाईलाई दिनु भएको क्षमतालाई मण्डलीको सशक्तिकरणको निम्ति चलाउनु होस् ।

६. बाइबलको शक्ति र एकता प्रकट गर्न साम्प्रदायिक र जातिय बाधा भन्दा माथि उठ्नुहोस् ।

- तिनीहरुको हुन र तिनीहरु कहाँ आराधना गर्छन् भन्ने कुराको मललव नगरी मानिसहरुलाई माया गर्नुहोस् ।

७. महान् आज्ञाप्रति आज्ञाकारी बन्दै म मेरो संसारलाई प्रभात पार्नेछु । परमेश्वरलाई र आफ्नो छिमेकीलाई प्रम गर्नु । (मर्कूस १२:३०-३१) । र महान् आज्ञा (जाऊ र सबै जातिलाई चेला बनाऊ (मत्ती २८:१९-२०) ।

- परमेश्वरलाई प्रेम देखाउनु र आफ्नो छिमेकीलाई पनि प्रेम गर्नु (देखाउनु) तपाई यस्तो प्रकारको जीवन जीउनुहोस् कि अरुहरुलाई येशुमा आएर विश्वास गरु गरु लागोस् ।

**<u>छलफल</u>**

माथिका प्रतिज्ञाहरु मध्य दुईवटालाई लिनुहोस् र आज कसरी बाबु नानीहरुले र बुबाहरुले आज कसरी अभ्यास गर्न सकिन्छ भनि छलफल गर्नुहोस् ।

**<u>आफ्नो इमान्दारितालाई कायम राख्नु</u>**

प्रश्नः- त्यस्तो परिस्थिति के हो ? जहाँ तपाईको इमान्दारितालाई चुनौती हुन्छ ?

उत्तरः- (शायद, त्यस्तो T.V हेर्ने कुरा होला जो तपाईलाई हेर्न मनाही गरिएको छ, जाँचमा चोर्ने मौका मिल्नु होला, वा सायद  तपाईको बद्लिएको भाँडाबाट तपाईको बुबाको खजरा बदल्नु ।)

प्रश्नः- जव तपाईको इमान्दारितालाई चुनौती हुन्छ तव तपाईले के गर्नुपर्छ ?

उत्तरः- (आफैलाई जोगाउनुहोस् र परमेश्वरलाई मद्दतको निम्ति गुहार्नुहोस् ।)

बाइबल भन्दछ कि हामी आत्मिक युद्धमा छौं । तपाईको इमान्दारितालाई अवस्य चुनौती हुनेछ । दुष्ट शैतानले परीक्षा गर्नेलाई भरमग्दुर प्रयत्न गर्नेछ । उसको परीक्षा गर्ने तरिकाहरु ज्यादैनै आकर्षक हुन्छन् त्यसो नभए उसले ती प्रयोग गर्ने थिएन । परमेश्वरले चाहनु भएको बाटोबाट हामीलाई फर्काउन उसले कुनै पनि कुरा गर्न हामीलाई प्रयास गर्नेछ । तर पावलले कोरिन्थी मण्डलीको विश्वासीहरुलाई के लेख्छन् सो सुन्नुहोस्: "मानिसलाई आइपर्ने परीक्षा बाहेक तिमीहरु अरु परीक्षामा परेका छैनौं । परमेश्वर विश्वासयोग्य हुनुहुन्छ । उहाँले तिमीहरुलाई तिमीहरुका शक्तिदेखी बाहिरका परीक्षामा पर्न दिनुहुने छैन, तर परीक्षाको साथसाथै उम्कने बाटो पनि बनाइदिन हुनेछ- यसरी तिमीहरु त्यसलाई खप्न सक्नेछौं ।" (१ कोरिन्थी १०:१३) परीक्षामा कसरी उभिने भन्ने बारे यहाँ केही उपाएहरु छन् :-

- सत्यताको ढालले तपाईलाई छोप्न परमेश्वरलाई भन्नुहोस्, जे ठिक, सत्य र शुद्धता सोको जानकारीको साथमा ।
- सबै किसिमका प्रार्थना र विन्तीका साथ प्रार्थना गर्नुहोस् ।
- चनाखो रहनुहोस् । बाइबल भन्दछ कि जे ठीक छ त्यस मार्गमा रहनु र जे खराव छ त्यसलाई इन्कार गर्नु । जव तपाईको यमान्दारितालाई कुनै परिस्थितिद्धारा चुनौती हुन्छ तव तपाई यी शब्दहरु याद गर्नुहोस् "केवल तिमीहरुका जीवनको चाल ख्रिष्टका सु-समाचारको योग्य होस्" (फिलिप्पी १:२७) चाहे जस्तो जुनै परिस्थिति भए पनि

## पाठ - १३ "आ" चाँही आनन्दको निम्ति हो

**गृहकार्य दोहोऱ्याउनु**

**प्रश्नहरु र कण्ठ पदहरु**

**आजको पाठ्य पद**

"...... म त तिनीहरुले जीवन पाउन र त्यो प्रशस्त मात्रामा पाउन् भन्ने हेतुले आँए" (युहन्ना १०:१०)।

**चरित्र गुण**

**आनन्द**

**छलफल प्रश्न**

के तपाईलाई यस्तो समय याद छ, जुन बेला तपाईले साँच्चैको कुरा होस् भन्ने चाहनु हुन्थ्यो तर भएन वा त्यो भएन ?

**परिचय**

जोन बनियान चाँही १६२८ मा जन्मेका थिए। बेलायतमा सरकारी कार्यलयीय मण्डलीले प्राय जसो मण्डलीहरुलाई नियन्त्रण गर्दथ्यो। वास्तवमा बेलायत सरकारले एउटा यस्तो नियम ल्याएको वा बनाएको थियो कि, केवल सरकारी चर्चहरु वा सरकारले मान्यता दिएक चर्चहरुका सेवकहरुले मात्र प्रचार गर्न सक्छन्। तर जोजले स-साना स्वतन्त्र मण्डलीहरुमा प्रचार गरे। उनी कुनै सरकारी मण्डलीहरुमा प्रचार गरे। उनी कुनै मण्डलीमध्यका थिएनन्। उनलाई थाहा थियो कि, यदी उनले प्रचार गर्ने क्रमलाई जारी राखे उनी गिरफ्तारमा पर्न सक्नेथिए। तर उनलाई यो पनि थाहा थियो कि, यदी उनले डरले प्रचार गर्न रोके भने, ती सान गैरसरकारी मण्डलीका विश्वासीहरुले आफ्ना विश्वास त्याग्ने थिए। खास गरी नयाँहरुले तर जव दिन आयो, जुन दिन उनलाई प्रचार रोक्न भनियो तर उनले रोक्नलाई इन्कार गरे। तर जव उनले भने कि मैले परमेश्वरको आज्ञा पालना गर्नु पर्छ" भनेर तव उनलाई जेलमा राखियो। जोनका शब्दले उनको चरित्र /प्रवृत्ती झल्काउँछ : "असल मानिसहरुले उत्साह दिन्छन्। परमेश्वरको निम्ति यहाँ भेला हुनलाई हामीलाई कुनै लाज छैन मेरो लागि चाँही परमेश्वरको बचन प्रचार गर्नु एक अशल काम हो। एक दिन म यसैको निम्ति छोडिनेछु। त्यसैले यदी मैले अहिले अलिकति दुःख सहनुपर्छ भने मैले यसको किन ख्याल गर्ने ?"

जोनले १२ वर्ष जेलमा विताए, तर त्यहाँ उनले आफ्नो प्रसिद्ध पुस्तक "यात्रीको सफलता" लेखे। पेज नं २१-२४, बेथानी हाउस, १९९७, डेभ र निता ज्याक्सनद्धारा वीरहरुको कथाबाट साभार गरिएको।

जो बनियन जेलमा भएतापनि उनी आनन्दीत थिए। कसरी ? शब्दकोषले परिभाषित गर्दछ की आनन्द चाँही खुसी मनाउनु हो तर आनन्द चाँही अनुभव भन्दा पर जान्छ। भावना, यो पनि एक प्रवृत्ती हो। वास्तविक आनन्द चाँही परमेश्वरले सबै कुरा नियन्त्रण गर्नुहुन्छ भन्ने जानेर आनन्दमा/विश्राममा रहन्छ। सबै परिस्थितिमा हाम्रो सर्वोत्तम चाहना के हो भन्ने कुरा उहाँको मनमा छ वा परमेश्वरको कुनै परिस्थितिमा आनन्दीत रहन तपाईले छान्न सक्नुहुन्छ, यसको लागि थोरै मात्र अभ्यासुको जरुरी छ।

**आनन्द**

**(बचन खण्ड : यूहन्ना १० : १-१०)**

१ "साँच्चै म तिमीहरुलाई भन्दछु जो भेडा गोठको ढोकाबाट भित्रबाट पस्दैन, तर अर्को पट्टिबाट चढेर
पस्छ, त्यो चाँहि चोर र डाकु हो, २ तर ढोकाबाट भित्र पस्नेचाँहि भेडाको गोठालो हो । ३ ढोकेले उसको लागि
ढोका खोलिदिन्छ र भेडाहरुले उसको स्वर सुन्छन् र उसले आफ्ना भेडाहरुलाई नाऊँ काढी काढी बोलाउँछ, अनि
तिनीहरुलाई बाहिर लैजान्छ । ४ जव उसले आफ्ना सबै भेडाहरुलाई बाहिर निकालिसक्छ, ऊ तिनीहरुका अघि
अघि हिड्छ, र भेडाहरुले उसलाई पछ्याउँछन्, किनभने तिनीहरुले उसको स्वर चिन्छन् । ५ तर अपरिचित
व्यक्तिलाई तिनीहरु पछ्याउँदैन, तर त्यस देखि भाग्नेछन् । किनभने अपरिचित व्यक्तिको स्वर तिनीहरुले चिन्दैनन्"
६ येशुले तिनीहरुलाई यो दृष्टान्त भन्नुभयो, तर उहाँले तिनीहरुलाई भन्नुभएको कुरा तिनीहरुले बुझेनन् । ७
यसकारण येशुले तिनीहरुलाई भन्नुभयो, साँच्चै, म तिमीहरुलाई भन्दछु, भेडाहरुको ढोका मै हुँ । ८ मभन्दा अघि
आउने सबै चोर र डाँकुहरु हुन्, तर भेडाहरुले तिनीहरुका कुरा सुनेनन् । ९ ढोका म नै हुँ, यदी कोही मानिस
मबाट भित्र पस्यो भने त्यो बचाईनेछ र भित्र बाहिर आउने जाने गर्नेछ र खर्कमा चर्न पाउनेछ ।"

परमेश्वरको आज्ञाकारी  जीवन जीउनमा ठूलो आनन्द छ । आज्ञाकारिता केवल नियम मात्र पछ्याउन भन्दा धेरै बढी हो । यो चाँहि परमेश्वरलाई चिन्दै जानु हो । त्यसैले तपाईको जीवनमा आनन्द बढाउने केही उपायबारे कुरा गरौं आउनुहास् । परिस्थिति असहज हुँदा पनि आनन्दित रहन तपाईले रोज्न सक्नु हुन्छ । विश्वासको सुरुकाहरु जसले ढोका खोल्दछन्, तिनीहरुको निम्ति दिनहरु एकदमै खराव दिनहरु आउनेछन् त्यति राम्रो हुनेछैन ।

१ "संसारमा तिमीहरुलाई सङ्कट हुनेछ, ......" (युहन्ना १६ : ३३)/ त्यसैले जव ती दिनहरु देखा पर्छन् तव अति अचम्वित नहुनुहोस् । बाइबल भन्दछ, " २ मेरा भाई हो, तिमीहरु माथि विभिन्न किसिमका आपत्‌विपत् आइपर्दा तिनलाई पुरा आनन्दको कुरा सम्झ । ३ किनकी तिमीहरु जान्छौ, तिमीहरुका विश्वासको जाँचले धैर्य उत्पन्न गराउँछ । ४ धैर्यलाई त्यसको पुरा काम गर्न देओ, ताकि तिमीहरुमा कुनै कुराको अभाव भएर तिमीहरु परिपक्व र पूर्ण होओ" (याकुव १:२-४) । येशु जस्तै हुँदै जाने चाँहि एउटा प्रक्रिया हो । परमेश्वरले तपाई जस्तो व्यक्ति बन्दै जानु पर्ने हो सो बन्नको लागि केही सङ्कष्टहरु तपाईको जीवनमा आउन दिनुहुन्छ ताकि तपाईको विश्वास र धैर्यताको जाँच होस् ।

प्रश्नः- जव तपाई शरीरमा कसरत गर्नुहुन्छ। तव के हुन्छ ?

उत्तरः- (जव तपाईले कसरत गर्नुहुन्छ शरीरमा, तव तपाईको बल र धैर्यता बढ्छ) तपाईले आफ्नो विश्वास र अभ्यास गर्न सक्नुहुन्छ । उदाहरणको लागि जव तपाईलाई कसैले गिल्ला वा ठट्टा गर्छ भने तपाईले आफैलाई सम्हालेर बदला लिनदेखी रोकेर आफ्नो विश्वासको शक्ति बढाउनु हुन्छ । बाइबल भन्दछ कि त्यति बेला हामी खुशी र आनन्दले रमाउन सक्छौं ।

प्रश्नः- विद्यालयमा तपाईले खेल्दा समुह बनाउनु भएन वा खेलमा भाग लिन पाउनु भएन भने के हुन्छ ?

उत्तरः- (परमेश्वरले सँधै तपाईको सर्वोत्तम चाहना पुरा होस् भन्ने मनमा राख्नुहुन्छ ।) उहाँ तपाईले स्कुलमा फुटबल टीम बनाएको, अथवा त्यसमा अगुवाई गरेको वा कति कडा परिश्रम गरेको खेलमा वा तपाईको प्रवृत्ति त्यस प्रति कस्तो रह्यो भन्ने कुरामा त्यति रुची राख्नुहुन्न ।) - बाइबल भन्दछ, "तिमीहरु जे गर्छौ दिलो ज्यानले गर्ने गर, मानिसको होइन, तर प्रभुको सेवा गरे जस्तै" (कलस्की ४:२३) । के तपाईले यो आफ्नो सारा हृदयले गर्नुभएको भए, तपाई परमेश्वरको नजरमा सफल हुनुहुन्छ । यदी तपाईले परमेश्वरलाई खुशी पार्नका निम्ति गर्नुभएको हो भने तपाईमा त्यो आनन्द भएको र तपाईबाट बगेको तपाईले पाउनुहुनेछ ।

प्रश्नः- सबै समयमा तपाई कसरी सबै समयमा आनन्दित रहन सक्नु हुन्छ ?

उत्तरः- (यसले अभ्यासको लागि केही समय लाग्नेछ, तर तपाईले आफैलाई निरन्तर धन्यवादी बनेर, निरन्तर प्रार्थना गरेर तालिम दिन सक्नुहुन्छ ।) बाइबल भन्दछः "सँधै आनन्दित रहो । निरन्तर प्रार्थना गरिरहो । सबै परिस्थितिमा धन्यवाद देओ, किनकी ख्रिष्ट येशुमा तिमीहरुका लागि परमेश्वरको इच्छा यही हो ।" (१ थेसलोनिकी ५:१६-१८) । सानैकुरा किन नहोस् सबै परिस्थितिमा परमेश्वरलाई के को लागि धन्यवाद दिन सकिन्छ भनि ध्यान दिनुहोस् ।

यहाँ केही उपायहरु छन् :-

- "आनन्दसाथ परमप्रभुको आराधना गर, हर्षका गीत गाउँदै उहाँको सामुन्ने आओ: (भजनसंग्रह १००:२) । तपाईको मण्डलीको आराधना सेवामा जानुहोस् र परमेश्वरलाई आनन्द साथ आराधना गर्नुहोस् । आनन्दको भजन गाउनुहोस् । बालसंगतिमा सिकेका प्रसंशा गर र उहाँका सबै उपकारहरु नबिर्सी" ( भजनसंग्रह १०३ : २) । - अघि बाँड्नुहोस् र आफ्नो आशिष गन्नुहोस् र ती प्रत्येकको निम्ति परमेश्वरलाई धन्यवाद दिनलाई तीनको सम्झना गर्नुहोस् ।
- "तर हाम्रो नागरिकता स्वर्गमा छ । त्यहाँबाट आउनुहुने मुक्तिदाता, अर्थात प्रभु येशु ख्रिष्टको प्रतिक्षा हामी गर्दछौं । उहाँ, जुन शक्तिद्धारा सबै कुरालाई उहाँको अधिनमा ल्याउन सक्नुहुन्छ, हाम्रा हीन शरीरलाई आफ्नै महिमाको शरीरजस्तै हुनलाई परिवर्तन गरिदिनुहुनेछ" (फिलिप्पी ३:२०,२१) । एक इशाई भएको हैसियतले तपाईले यो महसुस गर्न थाल्नुहुनेछ कि यस पृथ्वीमा तपाई एक अस्थाई रुपमा मात्र हुनुहुन्छ केवल परमेश्वरको सेवा गर्नको लागि । तपाईको स्थाई बासस्थान चाँही स्वर्गमा छ जहाँ सर्वशक्तिमान पिता र पुनरुत्थान हुनुभएको प्रभु येशु ख्रिष्टको जिवित र साक्षात उपस्थिति छ । प्रभुलाई प्रशंसा होस् कि तपाईको निम्ति भण्डारमा यस्तो अचम्मको चिज सञ्चय गरिएको छ कि जुन अपत्यारिलो छ जुन, "आँखाले नदेखेका र कानले नसुनेका र मानिसले प्रेम मनमा नसोचेका यीनै कुरा परमेश्वरले उहाँलाई प्रेम गर्नेहरुका निम्ति तयार पार्नुभएको छ" (१ कोरिन्थी २:९) ।

पश्नः- तपाईको आफ्नो जीवनलाई आनन्दित प्रवृत्ती कायम राख्नलाई के गर्नु पर्छ ?

उत्तरः- तपाईको इशाई समुदाय प्रति समर्पित बन्नुहोस्, "प्रार्थना, बाइबल अध्ययन, साथीहरुबाट अशल सल्लाह पाउनुहोस्, आफ्ना हजुरबा हजुरआमा, आफ्नो अभिभावक, पाष्टर र कोचहरुबाट सल्लाह पाउनुहोस् ।

## पाठ - १४ "प" चाँही प्रेमको निम्ति हो
## (भाग-१)

**गृहकार्य दोहोऱ्याउनु**

**प्रश्न र कण्ठस्थ पदहरु**

**आजको पाठ्यपद**

"तव त्यो उठेर आफ्ना बाबु कहाँ गयो । तर त्यो धेरै टाढा छँदा त्यसका बाबुले त्यसलाई देखे र तिनी दयाले भरिए र दौडेर गई त्यसलाई अँगालो हालेर त्यसलाई चुम्बन गरे ।" (लूका १५:२०) ।

**चरित्र गुण**

**प्रेम**

**छलफल प्रश्न**

तपाईले मानिसहरुलाई माया गर्नुहुन्छ भनि कसरी देखाउन सक्नुहुन्छ ?

**परिचय**

ई. सन् १९४४ को डिसम्बर महिमाको २८ तारिखको दिन १० महिना पछि कोरी टेन बुम नाजीवादीको क्याम्पबाट छुटाए । आफ्नो पुरै परिवार सहित दुर व्यवहार गरिएका, सताइएका यहुदीहरुलाई बुम परिवारले दोश्रो विश्वयुद्धताका सहायता गरे । यसरी सहायता र प्रेम गरेको बदलीमा आफ्नो परिवार सहित ५९ वर्षको उमेरमा बूम आफ्नो परिवार सहित गिरफ्तार गरियो । कोरी चाँही जाँच बुझ गरिनको लागि निरीक्षण क्याम्पमा राखियो, जहाँ उनको बुबा र बहीनीको निधान भयो । कोरीले परमेश्वरसँग एउटा प्रतिज्ञा गरिन कि, यदी उनलाई अझै जिउने मौका दिईएमा तिनले धेरै भन्दा धेरैलाई येशुको प्रेम र क्षमादान बारे बताउने छु भनेर । तव परमेश्वरले उनलाई सुनिश्चित गराउनु भयो कि तिनले कल्पना गरेको भन्दा ज्यादा मानिसकहाँ तिनी सु-समाचार लिएर पुग्ने छिन् भनेर । तिनी ३० वर्ष पछिको लामो कारावास पछि जसै जेलबाट छुटिन् तव उनी जेलमा हुँदा खेरीको अनुभवको साथमा सु-समाचार लिएर येशुको प्रेम र क्षमादान बारेमा सुनाउँदै करिब ६० भन्दा बढी देशहरुमा पुगिन् । तिनले लेखेका करिव नौं पुस्तकहरु मध्य "लुक्ने ठाउँ" भन्ने पुस्तक सवभन्दा प्रख्यात छ जुन उनको गिरफ्तारी र जेल जीवन कालमा कसरी परमेश्वर उनी प्रति विश्वासिलो रहनु भयो भन्ने बारेमा लेखिएको छ ।

कोरी टेन बूमले प्रेमलाई काममा/व्यवहारमा ढाले भन्ने विषयमा आज हामी कुरा गर्नेछौं । हामीले बाइबलबाट एउटा खण्ड हेर्नेछौं जहाँ व्यवहारिक प्रेम बारे कुरा गरिएको छ र हामीले बाइबलबाट उडन्ता पुत्रको कथा हेर्नेछौं जहाँ जीवन्त प्रेमबारे वर्णन गरिएको छ ।

**प्रेम भाग - १**

**बचन खण्ड (१ कोरिन्थी १३ : ४-७)**

४ "प्रेम सहनशिल हुन्छ र दयालु हुन्छ । प्रेमले डाहा गर्दैन न शेखी गर्छु । ५ प्रेम हठी हुँदैन, न ढीट हुन्छ । प्रेमले आफ्नै कुरामा जिद्दी गर्दैन, झर्को मान्दैन, खरावीको हिसाव राख्दैन । ६ प्रेम खरावीका प्रसन्न हुँदैन, तर ठीक कुरामा रमाउँछ । ७ प्रेमले सबै कुरा सहन्छ, सबै कुराको पत्यार गर्छ, सबै कुरामा आशा राख्छ, सबै कुरामा स्थिर रहन्छ ।"

यी ३ वटा पदहरुमा १५ वटा फरक कामहरु छन् जसलाई पावलले प्रेमको रुपमा वर्णन गर्छन् । हराएको पुत्र (छोरा) को बाइबलीय कथामा प्रेमका यी बुँदाहरु मध्य कति वटा लागु भएको हामी देख्छौं ।

**<u>हराएको छोराको दृष्टान्त (लूका १५ : ११-३१)</u>**

११ उहाँले भन्नुभयो "कुनै मानिसका दुई छोरा थिए । १२ कान्छो चाँहीले बाबुलाई भन्यो, पिताज्यू, मेरो भागमा पर्ने धन-सम्पत्तिको हिस्सा मलाई दिनुहोस् । तव तिनले आफ्नो सम्पत्ति तिनीहरुलाई बाँडिदिए । १३ धेरै दिन नबित्दा नबित्दै सबै धन-सम्पत्ति बटुलेर कान्छो छोरो टाढा देशमा गयो, र त्यहाँ भोग विलासमा आफ्नो सम्पत्ति उडायो ।
१४ त्यसले सबै रुपिया पैसा खर्च गरिसकेको थियो । त्यसै वेला त्यस देशमा ठूलो अनिकाल पऱ्यो, र त्यसलाई अभाव हुन थाल्यो । १५ त्यो गयो र त्यस देशको एकजना नागरिकताकहाँ काम माग्यो । उसले त्यसलाई आफ्नो खेतमा सुगुरहरु चराउन पठायो । १६ सुगुरहरुले खाने चारोले त्यसले आफ्नो पेट भर्न चाहन्थ्यो, अनि कसैले त्यसलाई केही दिँदैन थियो । १७ "जव त्यसको चेत खुल्यो, त्यसले भन्यो, मेरा बाबुका धेरै ज्यालादारी चाकरहरु भरपेट खाएर उवार्ने गर्छन्, तर मचाँहि भोकले मरिरहेछ । १८ म उठेर आफ्ना बाबुकहाँ जानेछु, र उहाँलाई भन्ने छु, "बाबु मैले स्वर्गको विरुद्धमा र तपाईको दृष्टिमा पाप गरेको छु । १९ अव उप्रान्त म तपाईको छोरा भनिने योग्यको छैन । मलाई तपाईको ज्यालादारी चाकरहरुमध्य एउटासरह तुल्याउनुहोस् ।" २० तव त्यो उठेर आफ्ना बाबुकहाँ गयो । तर त्यो धेरै टाढा छँदा त्यसका बाबुले त्यसलाई देखे र तिनी दयाले भरिए र दौडेर गई त्यसलाई अंगालो हालेर त्यसलाई चुम्बन गरे । २१ "छोराले तिनलाई भन्यो बाबु मैले स्वर्गको विरुद्धमा र तपाईको दृष्टिमा पाप गरेको छु । म फेरी तपाईको छोरो भनिने योग्यको छैन ।" २२ तर बाबुले आफ्ना चाकरहरुलाई भने झट्टै सबैभन्दा असल बस्त्र ल्याएर त्यसलाई पहिराई देओ । त्यसको हातमा औठी र खुट्टामा जुत्ता लगाईदेओ । २३ र पुस्टाईराखेको पशु मार र हामी खाएर आनन्द मनाऔं । २४ किनकी यो मेरो छोरो मरेको थियो, फेरी जिवित भएको छ, हराएको थियो र पाइएको छ । तव तिनीहरु आनन्द मनाउन लागे । २५ "त्यसबेला तिनको जेठो छोरो खेतमा थियो र त्यो घरको नजिक आइपुग्दा त्यसले नाचगानको आवाज सुन्यो । २६ त्यसले चाकरहरु मध्ये एउटालाई आफूकहाँ बोलाएर यो के भईरहेछ ? भनेर सोध्यो । २७ त्यसले त्यसलाई भन्यो, तपाईका भाई आईपुगे र तपाईका पिताले पालिराखेको मोटो पशु मार्नुभयो । किनकी उहाँले तिनलाई सकुशल र स्वस्थ फर्किआएका भेट्टाउनुभयो । २८ "तर त्यो रिसायो र भित्र जान मानेन र त्यसको बाबुले बाहिर गएर त्यसलाई मनाउन लागे ।
२९ तर त्यसले बाबुलाई भन्यो, हेर्नुहोस्, यतिका वर्ष मैले तपाईको सेवा गरिरहेछु, अनि तपाईको आज्ञा कहिल्यै उल्लङ्घन गरिन तापनि मैले आफ्ना साथीहरुसँग आनन्द मनाउन तपाईले मलाई एउटा पाठो पनि कहिल्यै दिनुभएन । ३० तर तपाईको सम्पत्ति वेश्याहरुसँग उडाउने यो तपाईको छोरो आउँदाचाँहि तपाईले पालिराखेको मोटो पशु त्यसको निम्ति मार्नुभयो । ३१ "तव तिनले त्यसलाई भने, छोरा तँ त मसँग सँधैभरी छँदैछस्, भनि मेरो सबै सम्पत्ति तेरै हो ।" (लुका १५ :११-३१)

**<u>हराएको छोरोको दृष्टान्तमा :</u>**

प्रश्नः- धैर्य हुने प्रेमको कस्तो उदाहरण छ ?

उत्तरः- धर्मशास्त्र भन्दछ कि (पद २०) मा पिताले आफ्नो छोरो टाढै छँदा देखे कथा यस्तो कि उनको छोरो गएको दिन देखि नै छोरो कहिले फर्कन्छ भनेर सँधै झ्यालबाट चियाउँदै रहेजस्तै लाग्छ हामीलाई ।)

प्रश्नः- प्रेम दयालु हुन्छ भन्ने कुराको कस्तो नमूना छ यहाँ ?

उत्तरः- (पिताको हृदय छोरोको निम्ति दयाले भरियो र ऊ टाढा छँदा दौडेर गई अङ्गालो हालेर म्वाई खाए भनेर (पद २०) मा) ।

प्रश्नः- प्रेम हठी वा घमण्डी हुँदैन भन्ने कुराको कस्तो उदाहरण छ यहाँ ?

उत्तरः- (पिताले यसो भन्नन् कि , "यस हठीले गरेका गलत कार्यको निम्ति उसलाई म कहिल्यै क्षमा गर्नेछैन वा स्वीकार्ने छैन बरु जव उनको छोराले गल्ती स्वीकार गरी फर्केर आयो तव आनन्दित भएर ठूलो सम्मान पूर्वक आनन्दको भोजले साथ स्वागत गरे आफ्नो (हराएर फर्केको छोरालाई) पद (२२-२४) ।

प्रश्नः- यहाँ कठोरताको उदाहरण के छ ?

उत्तरः- (जेठो दाईले आफ्नो पिताद्धारा उसको विश्वास योग्यताको र आज्ञाकारिताको निम्ति सम्मान पहिचान खोज्यो ।)

प्रश्नः- यहाँ सजिलै झर्किहाल्ने नरिसाउने प्रेमको कस्तो उदाहरण पाउँछौ ?

उत्तरः- (पिताचाँही रिसाएका छैनन् आफ्नो कान्छो छोरासँग बरु गल्ती स्वीकार गरेर फर्कि आएकोमा आनन्दित छन् (पद २०-२२) ।)

प्रश्नः- गलत वा गल्ती कामहरुको हिसाव राख्दैन भन्ने प्रेमको उदाहरण के छ ?

उत्तरः- (पिताले आफ्नो कान्छो छोराको गलत कामहरुको हिसाव राखेका छैनन् जुन सिधै उनको विरुद्धमा गरिएको थियो (पद २४) ।)

प्रश्नः- प्रेम अर्धममा खुशी हुँदैन भन्ने कुराको के उदाहरण छ ?

उत्तरः- (पिता आफ्नो कान्छो छोराको गलत कार्यमा कहिल्यै खुशी थिएनन् (पद २४ र ३२) ।)

प्रश्नः- सत्यमा खुशी हुने प्रेमको उदाहरण के छ ?

उत्तरः- (उसको पिताले आफ्नो कान्छो छोरोले आफ्ना गल्ती थाहा पाएर तीबाट फर्कन चाहेकोमा खुशी मान्यो वा आनन्द मान्यो (पद २१ र २४) ।)

प्रश्नः- प्रेमले जहिले पनि सुरक्षा दिन्छ भन्ने कुराको उदाहरण के छ ?

उत्तरः- (उसको बाबुले वा पिताले आफ्नो जेठो छोरोले जे भएको थियो सो कुरा बुझेको र आनन्दको भोजमा सामेल हुन भनि आग्रह गऱ्यो । (पद २८ र ३२) ।)

प्रश्नः- प्रेमले सहन्छ र आशा पनि गर्छ भन्ने कुराको नमुना के छ ?

उत्तरः- (पिताले आफ्नो छोरो एक न एक दिन त फर्केर अवश्य आउँछ भन्ने कुराको आशा गरेर धैर्यपूर्वक पर्खि रह्यो । (पद २० र २२) । )

उडन्ता पुत्रको कथा चाही प्रेमको कथा हो । यो तपाईको निम्ति राखिएको परमेश्वरको प्रेम हो । धर्म शास्त्रले भने जस्तै हामी उडन्ता पुत्र झै "हामी सबै भेडा झै बरालिएका छौं । हामी हरेक आफ्नै बाटोतिर लागेका छौं" (यशैया ५३:६) । हामी मध्य सबैले पाप गरेका छौं ।

प्रश्नः- के तपाईलाई याद छ कि पापले कति खरावी गर्न सक्छ ?

उत्तरः- (यसले हामीहरुलाई परमेश्वरदेखी टाढा राख्छ ।) यस कथाको बाबुले आफ्नो कान्छो छोरा कुरा बुझेर फर्की नआउन्जेल धैर्य भएर पर्खि रहेको थियो । धर्मशास्त्रले यो पनि भन्दछ कि "..... कि तर कोही पनि नष्ट नहोस्, तर सबैजनाले पश्चात्ताप गरुन् भन्ने इच्छा गरेर प्रभु तिमीहरुप्रति धैर्यवान् हुनुहुन्छ" (२ पत्रुस ३ :९) । किनकी बाइबल भन्दछ, "…. यसरी नै पश्चात्ताप गर्ने एक जना पापीको लागि परमेश्वरका स्वर्गदूतहरुका सामुन्ने आनन्द हुन्छ" (लुका १५ : १०) ।

प्रश्नः- पश्चात्ताप के हो भन्ने के तपाईलाई थाहा छ ?

उत्तरः- (पाप र गलत विचार सोच र प्रवृत्तीबाट परमेश्वरतर्फ फर्कनु नै पश्चात्ताप हो) । यसको लागि वा पश्चात्तापको कुरा बुझ्नलाई आफैलाई कल्पना गर्नुहोसे कि तपाई आफ्नो शहरको कुनै गल्तीहुँदो आफ्नो कारमा हिडिरहनु भएको बेला तपाईलाई यो महशुस भयो कि म गलत बाटोमा छु तव तपाई आफ्नो कारलाई विपरित दिशा तर्फ फेरी पुन मोड्नुहुन्छ ठिक बाटोमा फर्कनलाई पश्चात्ताप भनेको यही हो । गलत बोटोबाट ठिक दिशा तर्फ मोडिनु । उडन्ता पुत्रको पिताले जस्तै जव उसको छोराले पश्चात्ताप गरेर फर्कन्छ, परमेश्वर भन्नुहुन्छ "…. हामी खाएर आनन्द मनाऔं । किनकी यो मेरो छोरो मरेको थियो, फेरी जिवित भएको छ, हराएको थियो र पाईएको छ"… (लुका १५ : २३, २४) ।

यो चाँही परमेश्वरले प्रत्येक पटक व्यक्तिबाट चाहनु हुन्छ ।

प्रश्नः- परमेश्वरले आफ्नो प्रेम हाम्रो निम्ति कसरी देखाउनु भएको छ ?

उत्तरः- बाइबल भन्दछ, "परमेश्वरको प्रेम हाम्रा माझमा यसरी प्रकट भयो, कि उहाँले आफ्ना एकमात्र पुत्र संसारमा पठाउनुभयो, ताकि पुत्रद्धारा हामी जीउन सकौं । प्रेम यसैमा छ, कि हामीले परमेश्वरलाई प्रेम गरेका होइनौं, तर उहाँले हामीलाई प्रेम गर्नुभयो, र हाम्रा पापको प्रायश्चित हुनका निम्ति आफ्ना पुत्र पठाउनु भयो । प्रिय हो, यदी परमेश्वरले हामीलाई यसरी प्रेम गर्नु भएको हो भने, हामीले पनि एउटाले अर्कोलाई प्रेम गर्नुपर्छ" (१ यूहन्ना ४ : ९ - ११)

"प्रेम" को भाग २ मा हामीले प्रेमको अर्को कामको बारेमा हेर्नेछौं : येशु गेतसमनी बगैचामा ।

## पाठ ३ : शुईको सहित अथवा शुईको रहित ? परमेश्वर हुनुहुन्छ भन्ने प्रमाण

**गृहकार्य पुनर्विचार**

**प्रश्नहरु र याद गर्नुपर्ने पद**

**आजको पाठ पद**

**"१९ परमेश्वरको विषयमा जान्न सकिने तिनीहरुमा प्रष्टै छ । किनकी परमेश्वरले तिनीहरुलाई त्यो कुरा देखाईदिनुभएको छ । २० उहाँको अदृष्य गुण, अर्थात्, उहाँको अनन्त शक्ति र ईश्वरीय स्वभाव संसारको सृष्टीदेखी नै बनाइएका थोकहरुमा छर्लङ्गै देखिएको छ । यसैले यिनीहरुलाई कुनै किसीमको बहाना छैन । "**

**(रोमी १:१९-२०)**

पाठ्य उद्देश्य

**अर्थपूर्ण प्रमाण प्रस्तुत गर्नु कि परमेश्वर हुनुहुन्छ ।**

छलफल गर्ने प्रश्न

**यस विहान ब्रेक फास्टको लागि के खानुभएको ? के तपाईले जे खानुभयो त्यो प्रमाण गर्न सक्नुहुन्छ ? कसरी ?**

परिचय

**प्रश्न : के परमेश्वर हुनुहुन्छ ? (हो) के तपाईले प्रमाण गर्न सक्नुहुन्छ ? (हो - होइन - हुनसक्छ - मलाई थाहा छैन । )**

कोही मानिसहरुले भन्छन् कि परमेश्वर हुनुहुन्न । तर परमेश्वर हुनुहुन्न भन्नु तपाईसँग परमेश्वर हुनुहुन्न भन्ने जान्नका लागि सबै ज्ञानहरु हुनसक्ने अर्थ दिँदछ । र यदी सबै ज्ञान छ भने तपाई परमेश्वर हुन सक्नुहुन्छ ।

त्यसैकारण, यदी तपाईसँग परमेश्वर हुनुहुन्न भन्न सक्ने सबै ज्ञान छ, (जसले फेरी यो अर्थ दिँदछ कि तपाई परमेश्वर हुन सक्नुहुन्छ ) र म देख्न सक्छु कि तपाई हुनुहुन्छ, "परमेश्वर हुनुहुन्न" भन्ने वर्णन चाँहीं हाँसो उठ्दो हुन्छ । त्यसैकारण, परमेश्वर हुनुहुन्छ भन्ने सम्भावना सत्य हो ।

हाम्रो अघिल्लो पाठमा हामीले यो सिक्यौं कि परमेश्वर अन्तर्गत कुनै पनि कुराको केही सत्यता केही मात्रामा जान्नु सम्भव छ । जब कि परमेश्वर हुनुहुन्छ भन्ने सम्भावना साँचो हो र यो अर्थपूर्ण छ कि परमेश्वर बारे केही सत्यता जान्न सकिन्छ, तव यो अर्थपूर्ण छ कि परमेश्वर हुनुहुन्छ भन्ने त्यहाँ प्रमाण छ ।

हमीले परमेश्वर हुनुहुन्छ भन्ने प्रमाणमा हेर्न सुरु गर्नभन्दा अगाडी तपाईले यो महत्वपूर्ण लगननभत याद गर्न जरुरी छ : परमेश्वरलाई वेज्ञानिक रुपले प्रमाणित गर्न असम्भव छ ।

**प्रश्न : किन परमेश्वरलाई वैज्ञानिक रुपले प्रमाणित गर्न सकिँदैन ?** ( ती अवसथाहरुको कारणले गर्दा जुन अवस्थाहरु केही कुरा वैज्ञानिक रुपले प्रमाणित गर्नको लागि हुनुपर्दछ । वैज्ञानिक प्रमाण ध्यान दिने लायकको दोहोऱ्याउन सकिने र नाप्न सकिने हुनुपर्दछ । ) उहाँ एउटा उदाहरण छ :

**प्रश्न : के प्रेम न्याय र सत्यता हुन्छ ?** (अवश्य) तर प्रेम न्याय र सत्यता वैज्ञानिक मात्राहरुमा नाप्न सकिँदैन, नत परमेश्वर । हामीले प्रमाण जुटाउनको लागि अरु उपायहरु खोज्नुपर्छ ।

**प्रश्न : हामीले छलफल गरेका प्रश्नहरु सोच्नुहोस् । के तपाईले ब्रेक फास्ट खानुभएको कुरा वैज्ञानिक रुपमा प्रमाणित गर्न सक्नुहुन्छ ?** (सक्नुहुन्न)

**प्रश्न : जवकी तपाईले ब्रेक फास्टमा के खानुभयो भनेर वेज्ञानिक रुपमा प्रमाणित गर्न सक्नुभएन तव तपाईले के प्रमाण जुटाउनुहुन्थ्यो ?** (संकेतहरु : तपाईको कपडा भएको डोनटको चिनी, भाँडा माझ्ने ठाउँमा कचौरामा भएको खानाको टुक्राहरु, तपाईले के खानुभयो भनेर मम्मी बुबाले बताउनु यी सबै अर्थपूर्ण प्रमाण भनेर लिन सकिन्छ ।)

**प्रश्न : त्यसैले जव परमेश्वरको अस्तित्वको कुरा आउँछ, जव की परमेश्वरलाई वैज्ञानिक रुपले प्रमाणित गर्न सकिदैन, हामीले के कुराको लागि हेर्नुपर्छ ?** (संकेतहरु)

**प्रश्न : परमेश्वर हुनुहुन्छ भन्ने सबैभन्दा उत्तम प्रमाण के हुन सक्छ ?** (गवाही हुनु लाभदायक हुन्छ) यो वर्णनलाई सुन्नुहोस् :

**"१६ तेस्रो दिन जव बिहान भयो तव पर्वतमा गड्याङगुडुङ भयो र विजुली चम्क्यो र बाक्लो पर्वतमा उठ्यो र तुरहिको अति चर्को आवाज सुनियो । छाउनीमा भएका सबै जनहरु थरथर कामे । १७ तव मोशाले मानिसहरुलाई छाउनीबाट परमेशवरसँग भेट गर्न ल्याए । तिनीहरुचाँही पर्वतको फेदीमा खडा भए । १८ परमप्रभु आगोमा ओर्लेर त्यहाँ आउनुभएको कारणले सीनै पर्वत विलकुलै धुवैधुँवाले भरियो । पर्वतबाट धुवा भट्टीबाट झैं निस्क्यो । र सारा पर्वत जोरसित काँप्न लाग्यो, १९ र तुरहीको आवाज अझ चर्को गरी बज्न लाग्यो । तव मोशा बोल्न लागे र परमेश्वरले मेघ गर्जनमा तिनलाई जवाफ दिनुभयो ।" (प्रस्थान १९ : १६ - १९)**

**" १ अनि यी सब कुरा परमेश्वरले भन्नुभयो : २ " म परमप्रभु तिमीहरुका परमेश्वर हुँ । जसले तिमीहरुलाई मिश्रदेश, अर्थात् दासत्वको देशबाट निकालेर ल्याएँ । "  ३ " म बाहेक अरु कुनै देवता देवीहरु नमान्नू । " ( प्रस्थान २०:१-३)**

बादल गर्जदैछ र विजुली चम्कँदैछ । बाक्लो बादलहरु र धुँवा, पर्वतको तीव्र कम्पन र चर्को तुरहीको आवाज विस्फोट हुन्छ । परमेश्वर बोल्नुभयो । हजारौं इस्राएलीहरु जो त्यो दिन उनीहरुसँग विचमा परमेश्वरको उपस्थिति र शक्तिका गवाही बने, ती इस्रायलीहरुसँग परमेश्वर हुनुहुन्थ्यो भन्ने कुरामा विश्वास गर्न एउटा कारण थियो । इस्रायलका मानिसहरुले तिनीहरुका आफ्नै आँखाले परमेश्वरको प्रमाण देखे ।

**प्रश्न : आजको दिन बारे के त ? के परमेश्वरलाई कुनै पर्वतको टुप्पोमा देखेका छौ ? यदी कसैले तपाईलाई परमेश्वर हुनुहुन्छ भनेर प्रमाणित गर्नुहोस् । भन्यो भने तपाईले के भन्नुहुनथ्यो ?**

## ईसाई विश्वासको रक्षाको परिचय
**(छानिएका पदहरु)**

**"१९ परमेश्वरको विषयमा जान्न सकिने कुरा तिनीहरुमा प्रस्टै छ, किनकी परमेश्वरले तिनीहरुलाई त्यो कुरा देखाईदिनुभएको छ । २० उहाँको अदृष्य गुण, अर्थात उहाँको अनन्त शक्ति र ईश्वरीय स्वभाव संसारको**

**सृष्टीदेखी नै बनाइएका थोकहरुमा छर्लङ्गै देखिएको छ । यसैले यिनीहरुलाई कुनै किसीमको बहाना छैन । " ( रोमी १ : १९ - २० )**

**प्रश्न : परमेश्वरले आफैलाई प्रष्ट रुपमा चिनाउनुभएको छ भन्ने बारे बाइबलले के भन्छ ?** (उहाँको सृष्टीद्धारा) बाइबल भन्छ कि तपाईले आफ्नो वरिपरि मात्र हेर्नुहोस् - र परमेश्वर हुनुहुन्छ भनेर विश्वास नगर्नु त्यहाँ कुनै बहाना छैन ।

त्यसैले आओ हामी हाम्रो वरिपरि नजर नलाऔ र हेरौ कि परमेश्वर हुनुहुन्छ भनेर के कति संकेतहरु भेट्टाउन सक्छौं ।

ब्रह्माण्डको क्रम:

**१ "आकशले परमेश्वरका महिमाको वर्णन गर्छ र तारा - मण्डलले उहाँका हातको सीपको घोषणा गर्छ । २ दिनहुँ तिनीहरुले वार्तालाप गर्छन्, र रातैपिच्छे तिनीहरुले ज्ञानको प्रदर्शन गर्छन् । ३ कुनै बौली छैन, न भाषा छ, जहाँ तिनीहरुको सोर सुनिदैन । ४ तिनीहरुको सोरले सारा पृथ्वी गुञ्जायमान छ, तिनीहरुका शब्द पृथ्वीको सीमान्तसम्मै पुगेका छन् । उहाँले आकाशमा सुर्यको निर्मित एउटा बासस्थान बनाउनुभएको छ ।"**

**(भजनसङ्ग्रह १९:१–४)**

**प्रश्न : परमेश्वर हुनुहुन्छ भनेर सारा जगतमा तपाईले के प्रमाण भेट्टाउनुहुन्छ ?** (ब्रह्माण्डको क्रम)

- ब्रह्माण्ड धेरै क्रियाकलापहरुले भरिएको छ जसले विभिन्न घटनाहरुको क्रमहरु बनाउँदछ । ग्रहहरु ताराहरुको वरिपरि घुम्दछन्, जुनहरु ग्रहहरुको वरिपरि घुम्दछन् । पुच्छ्रे ताराहरु अन्तरिक्षद्धारा एउटा आकारमा रेखा बनाउँदछन् , ताराहरु जन्मिन्छन् र मर्दछन् ।
- यी हरेक घटनाहरु पछाडि एउटा कारण छ - एउटा सुरुवात ।
- त्यसैकारण, ब्रह्माण्ड पछाडी पनि एउटा कारण छ - एउटा सुरुवात ।
- आखिरीमा हामी त्यही ठाउँमा आउँछौं जुन त्यो पहिले सुरुवात थियो । जसलाई हामी परमेश्वर भनी पुकार गर्दछौं ।

**पृथ्वीको नक्शा**

**२५ " पर्वतहरु आ-आफ्नो स्थानमा स्थापित हुनुभन्दा पहिले नै पहाडहरुभन्दा अघि नै मेरो जन्म भएको थियो । २६ उहाँले पृथ्वी वा यसका जमीन वा संसारमा धुलाको कण बनाउनुभन्दा अघि नै म सृजिएको थिएँ । २७ उहाँले आकाशलाई त्यसको ठाउँमा बसाल्नु हुँदा र महासागरलाई क्षितिजले घेर्नुहुँदा, म त्यहाँ थिएँ । २८ उहाँले बादललाई आकाशमा स्थापित गर्नुहुँदा र महासागरका मुलहरुलाई तिनीहरुका स्थानमा दृढसँग बसाल्नुहुँदा, २९ उहाँले समुद्रको सिमाना तोकिदिनुहुँदा - उहाँको आज्ञाभन्दा बाहिर नाघी पानी नजानलाई - उहाँले पृथ्वीका जगहरु बसाल्नुहुँदा, (हितोपदेश ८:२५-२९)**

**प्रश्न : पृथ्वी बारे के कति प्रमाणले परमेश्वर हुनुहुन्छ भनेर हामीलाई बताउँदछ ?** (पृथ्वीको नक्साले यो कुरा अंकित गर्दछ कि त्यहाँ उद्देश्यपूर्ण नक्शा छ ।)

- पानीको अद्धितीय गुणहरुले जीवनलाई सम्भव बनाउँदछ ।

- पृथ्वीको आाकारले हामीसँग भएको बायुमण्डल एकदमै असम्भव हुने थियो । यसैगरी पृथ्वी असाध्यै ठूलो भएको भए, जीवन धान्नको लागि वायुमण्डल उपयुक्त हुने थिएन ।
- पृथ्वीको सुर्यबाटको दुरीको कारणले नै - हामीहरुलाई न त धेरै गर्मी हुन्छ न धेरै जाडो हुन्छ - जीवन सम्भव बनाउनको लागि ।

<u>मानिसहरु</u>

**“शान्त हाओ र म परमेश्वर हुँ भनी जान । जाति - जातिहरुमा म उचालिनेछु, पृथ्वीमा म उचालिनेछु । ”**
**(भजन सङ्ग्रह ४६:१०)**

**प्रश्न : हामीले कस्तो प्रकारको मानिसहरुलाई ईसाईत्वको सत्यता बारे बताउनुपर्छ ?** (दयालु बनेर, शिक्षा सिकाउँदै र भद्र तरिकाले निर्देशन दिँदै )

**प्रंश्न : हामीले भखैरै पढेको पदले मानिसहरुले ईसाईत्वको सत्यता हाम्रो शिक्षाद्धारा जान्न सक्छन् भनेर कसरी भन्न सक्छ ?** (परमेश्वर एकमात्र हुनुहुन्छ जसले उनीहरुलाई सत्यताको ज्ञानतर्फ डोहोऱ्याउनुहुनेछ । )

यहाँ मानिसहरु छन् जससँग इसाइत्व बारे धेरै प्रश्नहरु हुन्छन् जसको सजिलो उत्तरहरु हुदैनन् । यो याद राख्न महत्वपूर्ण छ ,। कि तपाइसँग विशेष प्रश्नहरो उत्तर नहुनाको कारणले यो अर्थ दिँदैन कि त्यहाँ उत्तर छैन । बाइबल भन्छ, “ प्रकट नभएका कुराहरु परमप्रभु हाम्रा परमेश्वरका हुन् । तर हामीले यस व्यवस्थाका सम्पूर्ण वचन पालन गर्नलाई प्रकट भएका कुराहरु हाम्रा र हाम्रा सन्तानका लागि सदाको निम्ती हुन् । ” (व्यवस्था २९ : २९)

**प्रश्न : हामीसँग हरेक प्रश्नको उत्तर किन हुँदैन ?** (हामीसँग हरेक प्रश्नको पुरा उत्तर हुँदैन किनकी परमेश्वरले हामीलाई हरेक कुरा प्रंकट गर्नुभएको छैन । )

हाम्रो विश्वासमुनी दृढ जग बसाल्नको लागि हामीसँग प्रसस्त प्रमाणहरु छन् । येशु ख्रिष्टमा विश्वास प्रमाणमा आधारित हुन्छ र प्रमाण विश्वासयोग्य र एकदम ठीक हुन्छ । प्रमाण सत्य हुन्छ । येशु भन्नुहुन्छ , “ बाटो, सत्य र जीवन म नै हुँ ........ ” (युहन्ना १४ : ६)

ईसाई विश्वास सत्य हुनुको कारणले मानिसहरुले यसलाई हेर्न सक्छन् र उनीहरुले चाहेअनुसार जतिसक्दो गाह्रो प्रश्न गर्न सक्छन् र ईसाइत्वको सत्यतालाई अलिकति पनि हानी हुनेछैन ।

त्यसैले हामी यहाँ जान्छौं । अरु केही पाठहरुमा हामी तर्कपूर्ण र अर्थपूर्ण प्रमाण प्रस्तुत गर्ने छौं कि :

- परमेश्वर हुनुहुन्छ
- येशु ख्रिष्ट परमेश्वरका पुत्र हुनुहुन्छ
- बाईबल सत्य छ

## पाठ ४ : के येशु खिष्ट परमेश्वर हुनुहुन्छ ? (भाग १)

गृहकार्यको पुन : जाँच

**प्रश्नहरु र स्मरण गर्ने पदहरु**

आजको पाठ्य पद

**"... प्रधान पुजाहारीले उहाँलाई भने, "जिवित परमेश्वरको शपथ खाएर भन्दछु, हामीलाई बता, के तँ परमेश्वरको पुत्र खिष्ट होस् ?"**

**येशुले तिनलाई भन्नुभयो, तपाईले नै भनिहाल्नुभयो । तापनि म तपाईहरुलाई भन्दछु , अब उप्रान्त तपाईहरुले मानिसको पुत्रलाई सर्वशक्तिमानको दाहिने हातपट्टि बसेको र आकाशको बादलमा आईरहेको देख्नुहुनेछ । " (मत्ती २६ : ६३ - ६४ )**

पाठको उद्देश्य

**येशु खिष्ट परमेश्वर हुनुहुन्छ भन्नेबारे अर्थपूर्ण प्रमाण प्रस्तुत गर्नु ।**

पुन:जाँच

यदी कसैले तपाईलाई किन तपाईले परमेश्वरमाथि विश्वास गर्नुहुन्छ भनेर सोधे भने तपाईले तिनीहरुलाई के कारणहरु अथवा प्रमाण दिनुहुन्थ्यो ?

- प्रकृतिको बनोट अथवा सृष्टि
- ब्रह्माण्डको क्रम
- सबै मानिसहरुविच परमेश्वरमा विश्वव्यापी विश्वास
- नैतिक कानुनहरुको विश्वव्यापी अस्तित्व
- जीवन आफै

प्रश्न : संकेतहरुभन्दा पनि त्यहाँ अरु धेरै छन् ? के त्यहाँ कुनै परिणामक प्रमाण छ कि परमेश्वर हुनुहुन्छ ? (छ ।)

परिचय :

४० वर्षयता असाध्यै जाडो भएको थियो, हुरी चल्दै थियो, हिउँ परिरहेको थियो । आगो बाल्ने ठाउँमा आगो बालेपछि म मेरो ठूलो कुर्सीमा सजिलो बसे, " यो अद्भुत जीवन हो " भन्ने गीत सुने र लामो जाडो निद्रामा गए - त्यो क्रिसमस सन्ध्याकाल थियो ।

म एक प्रकारको ' थङ् ' आवाजबाट विउँझिए । म पक्कै पनि सुतेको थिए किनकी मैले जर्ज बेली बचाउको लागि ऋबिचभलअभ सम्झेन । त्यसपछि मैले रहेको त्यो अर्को ' थङ्- थङ् ! ' आवाज सुने । म उठें र हाम्रो बैठक कोठामा रहेको त्यो ठूलो तस्वीर झ्यालतर्फ गए जहाँबाट त्यो आवाज आएको जस्तो सुनिन्थ्यो ।

मैले हिंउद अनौठो ठाउँमाथि झ्यालबाहिर हेरे । त्यो हावाले सबै बादलहरुलाई हटाईदिएको थियो र एउटा ठूलो चम्किलो सिंगैं जुन एउटा अखण्ड सेतो हिउँको कम्बल माथि चम्कियो । पुरानो अन्नको भण्डार पनि सुन्दर देखिन्थ्यो, त्यो जुनको उज्यालोमा बरफको तीखो झुण्डिएको ढिस्कोले सिंगारिएको थियो । अनि त्यहाँ जूनको उज्यालोमा मैले दुईवटा साना चराहरु हिउँमा उफ्रदै गरेको देखे । अचानक ती चराहरु झ्यालभित्र सिधा उडे र " थङ् " - हाम्रो अगाडी ओसरामाथि खसे ।

" विचरा ती चराहरु । आज राती तिनीहरुले आफै आक्षय खोज्ने कुनै उपाय छैन ", मैले सोचे । " यदि ती चराहरु सबै राती बाहिरै बसे भने तिनीहरु जाडोले मर्नेछन् । उनीहरुलाई सहायताको आवश्यकता छ, तर मैले के गर्न सक्छु ? "

त्यसपछि मैले हाम्रो पुरानो अन्नको भण्डार सम्झे । एकादेशमा एउटा काम गर्ने ठाउँ हुन्थ्यो , अहिले यो घाँसहरु काट्ने सामानहरु राख्ने ठाउँ मात्र बन्थ्यो । यसमा एउटा हिटर थियो । मैले त्यहाँ केही बिऊहरु र पानी राख्न सक्थे र ती चराहरु राम्रो हुन्थे । त्यसैले म खुट्टा घिसारेर हिउँहरुबाट भएर अन्नको भण्डारमा गए, बत्ती र हिटर बाले अनि त्यसपछि ढोकाहरु खोले । अनि म फेरी खुट्टा घिसारेर घरको बाहिर गए ।

त्यहाँ तिनीहरु न्यानो रहन फर्फराईरहेका थिए । मैले तिनीहरुलाई घरको एकापट्टितिर उडाउन कोशिश गरे जहाँ मैले तिनीहरुलाई उडाउँथे तर तिनीहरु केही ठाउँसम्म मात्र उड्थे र हिउँमा हुन्थे । फेरि हिउँमा नै हुन्थे । फेरि मैले कोशिश गरे र अन्त्यमा तिनीहरुलाई घरको एकापट्टि पार गरेको भेट्टाए । तर ती चराहरु त्यो अन्नको भण्डारतिर नै उड्न सकेनन् । मैले अझ तिनीहरुमा हिउँको बलहरु पनि फाले ।

अब यतिखेर चाँही मलाई साँच्चै जाडो भयो र यो चाँही एउटा अद्भुत जीवनको मेरो विचार थिएन । म यति निरुत्साहित थिए कि म मेरा हात खुट्टामा तल बसे र तिनीहरुसँग विन्ति गरे । " तिमीहरुलाई बुझाउन सहायता गर्नको लागि म के गर्न सक्छु ? " त्यसपछि ममा एउटा विचार आयो । " यदी म चरा बन्न सकेको भए जस्तो तिमीहरु छौं त्यसपछि म तिमीहरुसँग बोल्न सक्छु र तिमीहरुलाई त्यो भण्डारतिरको बाटो देखाउन ताकि तिमीहरु बाच्न सक्छौ । "

## <u>के येशु ख्रिष्ट परमेश्वर हुनुहुन्छ ?</u>

**प्रश्न : यदि परमेश्वर हामीसँग बोल्न चाहनुहुन्थ्यो र उहाँ कस्तो हुनुहुन्छ भनेर हामी जान्न दिनुहुन्थ्यो भने उहाँको लागि यसो गर्न सबैभन्दा उत्तम उपाय के हुन सक्थ्यो ?** ( मानिस बन्ने र हामीविच रहने । )

**प्रश्न : के परमेश्वरले यस्तो गर्नुभएको छ ?** ( छ ) बाइबल भन्छ , **" प्राचीन कालमा हाम्रा पितता पुर्खाहरुसँग अगमवक्ताहरुद्धारा धेरै र विभिन्न किसिमले परमेश्वर बोल्नुभयो । तर यी आखिरी दिनहरुमा उहाँ आफ्ना पुत्रद्धारा हामीसँग बोल्नुभएको छ । ... " (हिब्रु १ : १ - २)**

<u>येशु ख्रिष्ट</u>

**" अनि बचन देहधारी हुनुभयो र अनुग्रह र सत्यताले पूर्ण भई हाम्रा बीचमा बास गर्नुभयो । हामीले उहाँको महिमा देख्यौं , जुन महिमा पिताबाट आउनु भएको एकमात्र पुत्रको जस्तो थियो । " (युहन्ना १ : १४ )**

हामीले परमेश्वर कहाँ हुनुहुन्छ भनेर कसरी जान्न सक्यौ भन्ने प्रश्नको उत्तम र स्पष्ट उत्तर येशु हुनुहुन्छ । अरु चिन्हहरु ( जसको बारेमा हामीले हाम्रो अघिल्लो पाठमा कुराकानी गरेका थियौं ) संकेत अथवा शुईको मात्र हुन् । तिनीहरुलाई निश्चित गर्ने कुराहरु येशु ख्रिष्टको जन्म, मृत्यु, मृत्यु र पुनरुत्थान हुन् ।

**प्रश्न : ईसाईत्वलाई अरु सबै धर्महरुबाट के कुराले फरक बनाउँदछ ?** (इसाईत्व कुनै धर्म होइन । धर्महरु त ईश्वरलाई खुसी पार्न र उसको बाटो स्वर्गतिर कमाउन मानिसबाट गरिने प्रयास हो । इसाईत्व येशु ख्रिष्टसँगको एउटा सम्बन्ध हो । ) ईसाईहरुको रुपमा, तपाई र मलाई येशुको शिक्षाहरुलाई पछ्याउन बोलाईएका हौं ।

**प्रश्न : येशुलाई हरु सबै धार्मिक लिडर्सहरुबाट के कुराले फरक बनाउँदछ ?** ( अरु कुनै पनि धार्मिक लिडरहरुले आफू परमेश्वर भएको दावी गरेन, येशुले मात्र उहाँ परमेश्वर हुनुएको दावी गर्नुभयो । )

येशुले आफूलाई यसरी प्रस्तुत गर्नुभयो :

- परमेश्वरसँग हुने सम्बन्धको एकमात्र सफलताको बाटोको रुपमा
- पापहरुको लागि क्षमादानको एकमात्र स्रोतको रुपमा

- मुक्तिको एकमात्र बाटो

यसैकारणले ती यहुदी लिडरहरु उहाँसँग डराउँथे र उहाँलाई घृणा गर्थे । त्यसैले तिनीहरुले उहाँलाई मारे । कारणयुक्त अपराध्क जसका लागि येशुलाई मुद्धामा राखिएको थियो । त्यो अपराध, जसका लागि येशुलाई मुद्धामा राखिएको थियो । त्यो अपराध चाहिँ ईश्वरभनिन्दा थियो - आफू परमेश्वर भएको दावी गर्नु । येशुले गर्नुभएको कारणले उहाँलाई सजाय दिइएको थियो ।

**प्रश्न : येशुले आफ्नो बारेमा तीनवटा दावीहरु गर्नुभयो । के तपाईलाई थाहा छ ?** ( येशुले आफू परमेश्वरका पुत्र हुनुभएको दावी गर्नुभयो येशुले परमेश्वर समान भएको दावी गर्नुभयो, येशुले आफूलाई परमेश्वर भएको दावी गर्नुभयो ।) यी दावीहरुको प्रत्येकलाई हेरौं ।

<u>येशुले आफू परमेश्वरकाम पुत्र हुनुभएको दावी गर्नुभयो ।</u>

येशुलाई गिरफ्तार गरिएको र कैयाफास , उच्च पूजाहारीकहाँ लगिएको थियो । जहाँ यहुदी धार्मिक कानुनका शिक्षकहरु र ठूलाबडाहरु भेला भएका थिए । मुख्य पुजाहारीहरु र सम्पूर्ण Sanhedrin (यहुदी उच्च अदालत ) हरुले येशुको विरुद्ध झुटा प्रमाणहरु खोजिरहेका थिए । ताकि तिनीहरुले उहाँलाई मार्न सकून् ।

**“ प्रधान पूजाहारीले उहाँलाई भने, “ जिवीत परमेश्वरको शपथ खाएर भन्दछु, हामीलाई बता, के तँ परमेश्वरको पुत्र खिष्ट होस्** ? ”

**येशुले तिनलाई भन्नुभयो, “ तपाईले नै भनिहाल्नुभयो , तापनि म तपाईहरुलाई भन्दछु, अव उप्रान्त तपाईहरुले मानिसको पुत्रलाई सर्वशक्तिमानको दाहिने हातपट्टि बसेको र आकाशको बादलमा आईरहेको देख्नुहुनेछ । ” (मत्ति २६ : ६३ - ६४)**

<u>येशुले परमेश्वरसँग समान हुनुभएको दावी गर्नुभयो</u>

**“ पिता र म एक हौं । ” यहुदीहरुले उहाँलाई हानौं भनी फेरी ढुंगा उठाए । येशुले तिनीहरुलाई भन्नुभयो, “ मैले तिमीहरुलाई येशु पिताबाट धैरै असल काम देखाए, तीमध्ये कुन कामको निम्ति तिमीहरु मलाई ढुगांले हान्न चाहन्छौं ? ” यहुदीहरुले उहाँलाई जवाफ दिए, “ असल कामको लागि हामी तिमीलाई ढुगांले हान्दैनौं, तर ईश्वर - निन्दा गरेको कारणले, किनकी तिमी मानिस भएर पनि आफैलाई परमेश्वर तुल्याउँछौं । ” ( यहुन्ना १० : ३० - ३३ )**

यहुदी कानुन अनुसार जो कोहिले पनि आफू परमेश्वर भएको दावी गर्थे, तिनीहरुलाई ईश्वर - निन्दाको दोषी ठहऱ्याइन्थ्यो, मृत्युद्वारा सजाय दिईने अपराध ।

**<u>यशुले आफू परमेश्वर हुनुभएको दावी गर्नुभयो</u>**

मोशाले परमेश्वरसँग गरेको बातचित याद गर्नुहुन्छ जब परमेश्वर उजाड स्थानमा जलेको प्रोथाको रुपमा मोशाकहाँ देखा पर्नुभयो ?

**“ मोशाले परमेश्वरलाई भने, “ हेर्नुहोस् , जब म इस्राएलीकहाँ गएर तिनीहरुलाई भन्नेछु, “ तिमीहरुका पिता - पुर्खाका परमेश्वरले मलाई तिमीहरुकहाँ पठाउनुभएको हो, तब तिनीहरुले ‘ उहाँको नाम के हो त ? ’ भनेर सोधे भने, मैले तिनीहरुलाई के भन्ने ? ” तब परमेश्वरले मोशालाई भन्नुभयो, “ म हुँ जो म हुँ । ” फेरि उहाँले भन्नुभयो, “ इस्राएलीहरुलाई तैंले यसो भन्नू, “ म हुँ भन्नेले तिमीहरुकहाँ मलाई पठाउनुभएको हो । ” येशुको**

**विषयले यहुदी धार्मिक गुरुहरुलाई यो वर्णनसँग " येशुले तिनीहरुलाई भन्नुभयो, " साँच्चै म तिमीहरुलाई भन्दछु , अब्राहम हुनुभन्दा अघिबाटै म छैदैछु। " बताउँछ कि उहाँ परमेश्वर हुनुहुन्छ। जब येशुले आफैलाई " म हुँ। " भन्नुभयो तब येशुले के भन्न खोज्नुभएको भनेर तिनीहरुले राम्रोसँग जानेका थिए।**

**प्रश्न : येशुले उहाँको बारेमा तपाई स्पष्ट भएको चाहनुहुने एकमात्र कुरा के हो ?** ( कि उहाँ परमेश्वर हुनुहुन्छ ।)

**प्रश्न : कसरी हामी यो जान्न सक्छौ कि येशुले उहाँ परमेश्वर हुनुभएको दावी गर्नुभएको कुरा सत्य हो ?** त्यहाँ दुइवटा मात्र इउतष्यलक छन् :
१) उहाँका दावीहरु झुटा छन्
२) उहाँका दावीहरु साँचो छन्

**<u>यदि येशुका दावीहरु झुटा हुन्</u>**

यदि येशुका दावीहरु झुटा छन् र उहाँ परमेश्वर हुनुहुन्न भने तपाई र मलाई दुईवटा छनौटहरु निर्णय गर्नलाई छाडिएका छन्। कि

१) येशुलाई उहाँका दावीहरु झुटा थिए भनेर थाहा थियो

२) येशुलाई उहाँका दावीहरु झुटा थिए भनेर थाहा थिएन।

अनुमान गरौं, येशु परमेश्वर हुनुहुन्छ भन्ने दावी झुटा थिए भनेर उहाँलाई थाहा थियो। यदी यस्तै हो भने :

**प्रश्न : कसरी यसले येशुलाई झुटा बनाउन सक्छ ?** (येशुलाई थाहा थियो कि उहाँ परमेश्वर हुनुहुन्न थियो। )

**प्रश्न : कसरी यसले येशुलाई कप्टी बनाउन सक्छ ?** (उहाँले अरुलाई त इमान्दार हुन भन्नुभयो जबकी उहाँ आफैले झुट बोल्नुभयो। )

**प्रश्न : कसरी यसले येशुलाई भूत बनाउन सक्छ ?** (उहाँले अरुहरुलाई उनीहरुको अनन्त लक्ष्यको लागि उहाँमाथि भरोसा गर्न भन्नुभयो। यदी उहाँले आफू परमेश्वर भएको दावीलाई फिर्ता लिन सक्नुहुन्न र यो उहाँलाई थाहा थियो भने उहाँ विश्वासै गर्न नसकिने दुष्ट हुनुहुन्थ्यो। )

**प्रश्न : कसरी यसले येशुलाई मुर्ख बनाउन सक्छ ?** ( यो उहाँ परमेश्वर हुनुभएको उहाँकै दावी थियो जसले उहाँलाई उहाँको क्रुसीकरणतिर डोऱ्यायो। ) तर अनुमान गरौं, येशुलाई उहाँका दावीहरु गलत थिए भनेर थाहा थिएन। यदी यसो हो भने, येशु पागल हुनुहुन्थ्यो। उहाँले साँच्चै विश्वास गर्नुभयो कि उहाँ परमेश्वर हुनुहुन्थ्यो जब कि उहाँ हुनुहुन्न थियो। तपाई परमेश्वर हुनुहुन्छ भनेर साँचो विश्वास गर्नु एक कुरा हो। तर येशुले दृढताका साथ ती गुणहरु देखाउनुभयो जुन कुराले परमेश्वरलाई प्रस्तुत गरेको देखिन्थ्यो। उहाँका चालचलनहरुले येशु पागल भएको देखाउने यहाँ कुनै कुरा छैन।

<u>यदी येशुका दावीहरु साँचो हुन्</u>

यदी येशु परमेश्वर भएको दावी साँचो हो भने उहाँ त्यही हुनुहुन्छ जो उहाँले हुनुहुन्छ भनेर भन्नुभयो। उहाँ परमेश्वर हुनुहुन्छ। यदि यसो हो भने तपाइले छनौट गनुपर्ने हुन्छ की :

१. उहाँलाई उद्धार कर्ता र प्रभुको रुपमा स्वीकार गर्नुहोस्।

२. उहाँलाई अस्वीकार गर्नुहोस् र इच्छाअनुसार परिणाम भोग्न स्वीकार गर्नुहोस्।

अब तपाईले के छान्नुहुन्छ भन्ने कुरामा आउँछ । कुनै पनि छनौट नगर्नु चाहीँ तपाईलाई दिएको छैन । कुनै पनि छनौट नगर्नु आफै तिनीहरु तिर जानु हो उहाँलाई अस्वीकार गर्छन र स्वइच्छा परिणाम भोग्न स्वीकार गर्नु हो ।

**प्रश्न :- त्यसो भए, येशु खीष्ट को हो भनेर भन्नुहुन्छ? के तपाईले यो विश्वास गर्नुहुन्छ कि येशू झुटा हुनुन्थ्यो ? के तपाईले विश्वास गर्नुहुन्छ कि उहाँ पागल हुनुन्थ्यो? कि के उहाँ हुनुहुन्छ जो उहाँले भन्नुभयो - परमेश्वर ?**

येशू त्यही जो उहाँले हुँ भन्नुहुन्छ: परमेश्वरका पुत्र परमेश्वरसंग समान परमेश्वर यस कुराको प्रमाणले यो कुरालाई Back गउ गर्दछ भनेर म विश्वास गर्छु । तर येशूका दावीहरु सत्य हुन् भनेर प्रमाण दिने केही गवाही छ ?

हो: उहाँको पुनरुस्थान

## पाठ ५ के यशू खीष्ठ परमेश्वर हुनुहुन्छ? (भाग २)
## पुनरुत्थान

गृहकार्य केरिहेर्ने

**प्रश्नहरु र याद गर्ने पद**

आजको पाठ्य पद

**"उहाँ कसरी यस्शलेमा जानुपर्छ र धर्म गुरु र मुख्य पूजारीहरु र शास्त्रीहरुबाट धेरै कष्ट भोग्नुपर्छ, मारिनु पर्छ र तेस्रो दिनमा जीवित भई उठ्नु पर्छ भनी त्यस बेलादेखि आफ्ना चेलाहरुलाई बताउन थाल्नुभयो (मती १६:२१)**

पाठको उद्देश्य

**अर्थपूर्ण प्रमाणहर दिनुहोस् कि येशू खीष्ठको शारिरीक पुनस्थान भयो**

परिचय

**प्रश्न: किन पुनस्त्थान यति महत्वपूर्ण छ ?** (किनकी इसइत्व येशू खीष्ठको पुनस्त्थानमा खडा हुन्छ हथवा हुँदैन । )

विभिन्न घटनाहरुमा यशूले भन्नुभयो कि उहाँलाई मारिन्छ तर यो दावी गर्नुभयो कि तीन दिनपछि उहाँ फेरी जीवनमा उठाइनुहुनेछ । यदि येशूले उहाँ मृतकहरुबाट उठाइनुहुनेछ भन्नु भयो  र वास्तवमा त्यस्तो भएन भने उहाँको अरु सबै शिक्षाहरु र उहाँले उहाँ जो हुनुभएको दावी गर्नुभएको थियो, ती सबै प्रश्न चिन्हमा हुन्थ्यो । मृतकहरुबाट उहाँ पुनरुत्थान येशुले उहाँ जो हुँ भनेर भन्नुहुन्छ त्यही हुनुहुन्छ : परमेश्वरका पुत्र भन्ने सत्यताको विश्वास दिलाउनु हो ।

**प्रश्न : त्यसो हो भने, कसरी हामी जान्न सक्छौं कि येशु खिष्टको पुनरुत्थान भएको थियो ?** (बाइबलमा पाईने प्रत्यक्षदर्शीहरुका विवरणहरु । ) यो गवाहीलाई हेर्न सुरु गरौं ।

**पुनरुत्थान**
**(१ कोरन्थी १५:१२-२०)**

**"मृतकहरुबाट ख्रिष्ट पुनरुत्थान हुनुभयो भनी प्रचार गरिन्छ भने कसरी तिमीहरुमध्ये कसै - कसैले मृतकको पुनरुत्थान हुँदैन भनी भन्न सक्छौ ? तर यदि मृतकहरुको पुनरुत्थान हुँदैन भनेता ख्रिष्ट पनि मृतकबाट पुनर्जिवित पारिनुभएको होइन । यदी ख्रिष्ट मृतकबाट पुनर्जिवित पारिनुभएको होइन भनेता हाम्रो प्रचार व्यथृ हुन्छ । त्यसभन्दा बढी हामी परमेश्वरको बारे झुटा साक्षीहरु ठहरिन्छौं। किनकी उहाँले ख्रिष्टलाई मृतकबाट पुनर्जिवित पार्नुभयो भनी हामीले परमेश्वरको बारे गवाही दिएका छौं । तर साँच्चै मृतकहरुको पुनरुत्थान हुँदैन भने उहाँले ख्रिष्टलाई पुनर्जिवित पार्नृभएन । किनकी यदी मृतकहरुको पुनरुत्थान नहुने भए ता ख्रिष्ट पनि मृतकहरुबाट जिवीत पारिनुभएन । ख्रिष्ट पुनर्जिवित पारिनुभएन भने तिमीहरुको विश्वास व्यर्थ छ , र तिमीहरु अझसम्म आफ्ना पापमा नै छौं । तव त ख्रिष्टमा सुति गएकाहरु पनि नष्ट भएका छन् । यदी यस जीवनको लागि मात्र ख्रिष्टमा हामीले आशा राखेका हौं भने हामी सबै मानिसहरुभन्दा बढी दयनीय हुन्छौं । "**

**प्रश्न : यदि येशु मृत्युबाट जीवनमा नउठाईएको भए , पावलले हाम्रो विश्वासको बारेमा के भन्छन् त** ? ( हाम्रो विश्वास व्यर्थ हुन्छ - चर्चका ढोकाहरु बन्द गर्नुहोस्, बत्ती निभाउनुहोस् र घर जानुहोस् - पद १४ )

**प्रश्न : यदि येशुको पुनरुत्थान नभएको भए, पावलले हाम्रो विश्वासको बारेमा के भन्छन् त ?** ( हामी अझै पनि हाम्रो पापमै हुन्छौं र उद्धारकर्ता विना - पद १७ )

" वास्तवमा ख्रिष्ट मृतकहरुबाट जिवीत हुनुभएको छ । सुतिजानेहरुमध्येमा  उहाँचाँही प्रथम सफल हुनुहुन्छ । "

हामीले के गर्न जाँदैछौं भने हामीले पुनरुत्थानको लागि पृष्ठभुमि तयार गर्नेछौं ताकि बाइबलले यो जसरी भयो भनेर भन्छ त्यस्तै तरिकाले पुनरुत्थान भयो भनेर अर्थपूर्ण प्रमाण दिन सकेका हौं । त्यसपछि यस पाठको बाँकी भागमा प्रस्तुत गरिएका सबै प्रमाणहरु लिनेछौं र हाम्रो अर्को पाठमा एकसाथ बाध्नेछौं ।

## चिहान
## (युहन्ना १९:३८-४२)

**" त्यसपछि अरिमाथियाको योसेफ, जो यहुदीहरुको डरले गर्दा गुप्तमा मात्र येशुका चेला थिए । तिनले पिलातसलाई येशुको मृत शरिर लैजान पाऊँ भनी विन्ती गरे । पिलातसले अनुमति दिए । तव तिनले आएर उहाँको मृत शरीर लगे । अनि अघि उहाँकहाँ राति आउने निकेदेमस पनि प्राय : तेत्तिस किलो मूर्र र एलवा मिश्रित दृव्य लिएर त्यहाँ आए । यसरी तिनीहरुले युशुको शरीर यहुदी हरुले दफन - कार्यको रीति अनुसार सुगन्धित द्रव्यसँग सुति कपडामा बाँधे । उहाँ क्रुसमा टाँगिनु भएको ठाउँमा एउटा बगैचा थियो । त्यस बगैचामा कहिल्यै कोही नराखिएको एउटा नयाँ चिहान थियो । किनकी यहुदीहरुका तयारीको दिन थियो , अनि त्यो चिहान पनि नजिकै थियो र तिनीहरुले येशुलाई त्यही चिहानमा राखे । "**

यहुदी रीतिअनुसार दफन कार्यको लागि येशुको शरीरलाई तयार गर्न लामो सनपाटले बनेको लुगालाई बेह्रे र लगभग ७५ देखि १०० किलो जति मिश्रित द्रव्यहरु त्यसको तहहरुभित्र छर्के । एउटा छुट्टै कपडा टाउकोको लागि प्रयोग गरियो । युसुफ र निकोदेमसले येशुको लासलाई तयार पारेर चिहानमा राखिसकेपछि, एउटा ढुंगा चाँही चिहानको ढोकामा राखियो । त्यो प्रयोग गरिएको ढुंगा लगभग २ टन तौलको थियो र जम्मा ४ कि ५ फिट अग्लो चिहानको प्रवेश ढोकाको अगाडी राखिएको थियो । त्यसपछि त्यो चिहानलाई ढुंगाको एक छेउदेखि अर्को छेउमा एउटा डोरी तन्काएर हरेक डोरीको अन्त्यमा माटो प्रयोगले जोडेर मोहोर लगाईएको थियो ।

## चिहानमा भएका पहरेदारहरु
## (मत्ती २७:६२-६६)

**" भोलिपल्ट, अर्थात् तयारीको दिनको भोलिपल्ट मुख्य पुजाहारीहरु फरिसीहरु पिलातसकहाँ भेला भएर भने, " हजुर, हामीलाई याद छ, कि त्यस ठगाहाले जिउँदो छँदा तीन दिनपछि म फेरी उठ्नेछु, भनेको थियो । यसकारण तेस्रो दिनसम्म त्यो चिहान सुरक्षित राख्नलाई हुकुम गर्नुहोस्, नत्रता त्यसका चेलाहरुले आएर त्यो चोरेर लैजालान् र त्यो त मरेकोबाट जिवित भई उठ्यो भनेर मानिसहरुलाई भन्नेछन् र त्यो पछिल्लो धोखा पहिलोभन्दा अझ नराम्रो हुनेछ । "**

**" पिलातसले तिनीहरुलाई भने, " तिमीहरुको आफ्नै पहरा छँदैछ । जाओ तिमीहरुले सकेसम्म सुरक्षित राख । " तब तिनीहरुले गएर ढुंगामा मोहोर लाए, र पहरादारहरु खटाएर चिहान सुरक्षित राखे । "**

सम्भाव्यमा ४ - ५ जना मानिसहरुका रोमी पहरादारहरु चिहान सुरक्षित राख्न खटाइएका थिए । रोमी फौज कडा अनुशासनमा थियो र तिनीहरुको कर्तव्यमा ध्यानको कमीबाट पाउने सजाय देखि डराउँथे । त्यहाँ एउटा रोमी सिपाहीलाई मृत्यु दिन सक्ने विभिन्न अपराधहरु थिए , आफ्नो कामको बेलामा सुतिरहेको, अर्को चाहाओी अनुमतिविना आफ्नो पद छोडेको ।

## पुनरुत्थान
## (मत्ती २८:१-७ र युहन्ना २०:१-७)

**" शबाथपछि साताको पहिलो दिन रिमरिम उज्यालो हुँदा मरिमय मग्दलिनि र अर्की मरियम चिहान हेर्न आए ।**

**ठूलो भुकम्प गयो किनकी परमप्रभुका एउटा दुत स्वर्गबाट तल ओर्ले र आएर ढुंगो हटाएर त्यसमाथि बसे । तिनको रुप विजुलीजस्तो र पोशाक हिउँजस्तो सेतो थियो र तिनको डरले ती पहरादारहरु थरथर काँपे मरेतुल्य भए ।**

**तर स्वर्गदूतले ती स्त्रीहरुलाई भने, " तिमीहरु नडराओ ,किनभने मलाई थाहा छ तिमीहरु क्रुसमा टाँसीनु भएको येशुलाई खोज्दैछौ । उहाँ यहाँ हुनुहुन्न, किनकी उहाँले भन्नुभए बमोजिम उहाँ जिवित भई उठ्नुभएको छ आओ उहाँलाई राखिएको ठाउँ हेर । तब चाँडो गएर उहाँका चेलाहरुलाई खबर देओ, कि उहाँ मृतकहरुबाट जिवित भई उठ्नुभएको छ र उहाँ तिमीहरुभन्दा अगाडी गालीलमा जाँदै हुनुहुन्छ । तिमीहरुले उहाँलाई त्यहाँ देख्नेछौ । हेर, मैले तिमीहरुलाई भनिदिएको छु । "**

---

**" हप्ताको पहिलो दिन बिहान अँध्यारो छँदै मरिमय माग्दलिनी चिहानमा आईन् र तिनले ढुंगा चिहानबाट हटाईएको देखिन् । तिनी सिमोन पत्रुस र येशुले माया गर्नुहुने अर्को चेलाकहाँ दगुरेर गइन् र तिनीहरुलाई भनिन्, " तिनीहरुले प्रभुलाई चिहानबाट बाहिर लगेछन् र उहाँलाई कहाँ राखेका छन् , सो हामी जान्दैनौं ।**

**सिमोन पत्रुस त्यसको पछि पछि आए र चिहान भित्र पसे अनि तिनले पनि मलमलका बेह्रने कपडाहरु मात्र त्यहाँ पडिरहेको देखे । उहाँको शिरमा बाँधिएको रुमालचाँही मलमलका कपडाहरुसँग थिएन, तर अलग्गै एक ठाउँमा पट्याएर राखिएको थियो । "**

**प्रश्न : त्यो पहिलो इस्टरको बिहानमा यदी तपाईले चिहानभित्र हेरेको भए तपाईले के देख्नुहुन्थ्यो ?** (केही पनि नाई । केही मलमलका कपडाहरु जहाँ थिए त्यसै पडिरहेको बाहेक, एउटा अथवा दुईवटा स्वर्गदूत हुनसक्छ । )

**प्रश्न : किन ?** (किनकी उहाँ बौरी उठ्नुभएको छ - उहाँले भन्नुभए जस्तै )

---

धेरै मानिसहरुका लागि, येशुको पुनरुत्थानको बाइबलको विवरण कि उहाँ फेरि जीवनमा साच्चीकै उठ्नुभएको हो भन्ने प्रमाण प्रशस्त छ र येशु उहाँ जो हुनुहुन्छ भन्नुहुन्छ । तर धेरै मानिसहरु कि त बाइबलले भन्ने कुरा विश्वास गर्दैनन् अथवा बाइलले भन्ने कुरा विश्वास गर्न चाँहदैनन् ।

हाम्रो अर्को पाठमा हामीले पुनरुत्थान साँच्चीकै भएको थियो भन्ने शंकाहरुको उत्तर दिने बारे आज कुराकानी गरेका सबै प्रयोग गर्नेछौं ।

**पाठ ६: के येशु खिष्ट परमेश्वर हुनुहुन्छ ? ( भाग ३ )**
पुनरुत्थान भएको थिएन भन्ने सिद्धान्तहरुको उत्तरहरु

गृहकार्य फेरी हेर्नु

**प्रश्नहरु र याद गर्ने पद**

आजको पाठ्य पद

**“ ती एघारै जना चेलाहरु गालीलको त्यस डाँडामा गए , जहाँ येशुले तिनीहरुलाई जाने आदेश दिनुभएको थियो । तिनीहरुले उहाँलाई देखेर दण्डवत गरे, तर कत्तिले चाँहीं शंका गरे । तब येशु तिनीहरुकहाँ आएर भन्नुभयो, “ स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिएको छ । यसकारण जाओ र सबै देशका जातिहरुलाई चेला बनाओ , पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरुलाई बप्तिस्मा देओ, मैले तिमीहरुलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरुलाई सिकाओ । हेर म युगको अन्त्यसम्म सधैं तिमीहरुका साथमा छु । ”**

पाठको उद्देश्य

**पुनरुत्थान भएको थिएन भन्ने सिद्धान्तहरुको खण्डन गर्नु**

फेरि हेर्नु

धेरै मानिसहरुका लागि येशुको पुनरुत्थानको बाइबलको विवरण कि उहाँ फेरि जीवनमा साँच्चीकै उठ्नुभएको हो भन्ने प्रमाण प्रशस्त छ र येशु उहाँ जो हुनहुन्छ भन्नुहुन्छ त्यही हुनुहुन्छ । तर धेरै मानिसहरु कि त बाइबलले भनेका कुरा विश्वास गर्दैनन् अथवा बाइबलले भन्ने कुरा विश्वाश गर्न चाँहदैनन् ।

परिचय

**प्रश्न : तपाई के लाग्छ, किन केही मानिसहरुका लागि येशु खिष्ट पुनरुत्थानमा बौरी उठ्नुभएको हो भन्ने यथार्थ स्वीकार गर्न गाह्रो छ ?** ( के.ही मानिसहरु येशु खिष्ट मृतकहरुबाट बौरी उठ्नुभयो भन्ने यथार्थ स्वीकार गर्न सक्दैनन् अथवा गर्ने छैनन् । ) उनीहरु भन्छन्, “ बाइबलले भन्ने कुराभन्दा अरु कुनै व्याख्या हुनुपर्छ । म तवसम्म विश्वास गर्ने छैन जवसम्म मसँग प्रमाण हुँदैन ।

धेरै सिद्धान्तहरु त्यो पहिलो ईस्टर बिहान किन चिहान रित्तो थियो भन्ने बारे केही अरु स्पस्टिकरण कोशिस गर्न र दिनका लागि बनाईएको छ । यी व्यक्तिहरुले के भन्दा रहेछन् सुनौं र त्यसपछि तिनीहरु किन गलत रहेछन् भनेर तिनीहरुलाई बताओ ।

**पुनरुत्थान**
**(१कोरन्थी १५:३-७)**

**“किनभने मैले जे पाएँ त्यसैलाई सबैभन्दा मुख्य विषयको रुपमा तिमीहरुलाई सुम्पिदिए, अर्थात् पवित्र धर्मशास्त्रअनुसार खिष्ट हाम्रा पापका निम्ति मर्नुभयो । उहाँ गाडिनु भयो र पवित्र धर्मशास्त्रअनसार तेस्रो दिनमा**

**उहाँ पुनर्जिवित पारिनुभयो । उहाँ केफासकहाँ ,अनि बाह्रै जनाकहाँ देखा पर्नुभयो, जसमध्ये धेरैजसो अहिलेसम्म छँदैछन् तर कोही - कोही सुतिसकेका छन् । त्यसपछि याकुव र सबै प्रेरितहरुबहाँ उहाँ देखा पर्नुभयो । ”**

<u>गलत चिहान सिद्धान्त</u>

यस सिद्धान्तले मरिमय गलत चिहानमा गईन् भन्ने भनिठान्छ । त्यो पहिलो इस्टर बिहानको बाइबलिय विवरण फेरि हेरौं :

**“हप्ताको पहिलो दिन बिहान अँध्यारो छँदै मरिमय मग्दलिनी चिहानमा आइन्, र तिनले ढुंगा चिहानबाट हटाईएको देखिन् । तिनी सिमोन पत्रुस र येशुले माया गर्नुहुने अर्को चेलाकहाँ दगुरेर गइन् र उहाँलाई कहाँ राखेका छन् , सो हामी जान्दैनौं । तव पत्रुस र अर्को चेला  बाहिर निस्केर चिहानतिर गए । ” ( युहन्ना २० : १ - ३ )**

**प्रश्न : मरिमय गलत चिहानमा गइन् भन्ने सिद्धान्तसँग के खराबी छ ?**

- यदि यस्तो हो भने युहन्ना र पत्रुस जो त्यही चिहानतिर दौडे, गलत चिहानमा गएको हुनुपर्दछ ।
- अनि, रोमी पहरेदारहरु पनि गलत चिहानमा हुनुपर्दछ किनकी तिनीहरु पनि त्यहाँ थिए ।
- र यदी गलत चिहानहरु रहेछन् भने यहुदी धार्मिक गुरुहरुले सही चिहान भेट्टाउनमा त समय खर्च गरेनन् होला ।

<u>अचेत सिद्धान्त</u>

यस सिद्धान्तले येशु साँचो रुपमा मर्नुभएन तर उहाँ थकाईका कारण साथ साथै रगतको कमीले गर्दा बेहोस मात्र हुनुभयो भनी भन्छ । उहाँले चाँही पछि मात्र चिहानमा चेतना प्राप्त गर्नुभयो र केही समय पछि जानुभयो क्रुसिकरणको दृश्यलाई हामी फेरी हेरौं :

**“ जब तिनीहरु येशुकहाँ आए तिनीहरुले देखे, कि उहाँको मृत्यु अघि नै भइसकेको रहेछ र उहाँका खुट्टा भाँचेनन् । तर सिपाहीहरुमध्ये एक जनाले उहाँको कोखामा भालाले घोच्यो र तुरुन्तै रगत र पानी निस्क्यो । तिमीहरु पनि विश्वास गर्न सक भनी यो देख्नेले गवाही दिएको हो र उसको गवाही साँचो बोल्दछु भनी ऊ जान्दछ । ” (युहन्ना १९:३३-३५)**

प्रश्न : येशु साँचो रुपमा क्रुसमा मर्नुभएन भन्ने सिद्धान्तसँग के खराबी छ ?

- क्रुसिकरण दृष्यमा सबैजना निश्चित थिए कि येशु मर्नुभएको थियो । अझ सिपाहीहरुमध्ये एक येशुको नजिक गयो र उहाँ साँच्चै मर्नुभयो कि भएन भनी हेर्नको लागि उहाँको कोखामा भालाले घोच्यो । यसबाहेक येशु नमर्नुभएको भए ती अधिकृतहरुले येशुलाई क्रुसबाट झराल्ने थिएनन् ।
- पिटिनु क्रुसमा टाँसिनु र सय किलोको कपडा र द्रव्यमा बेह्रिनुभएपछि के येशुसँग आफूलाई फुकाउन सक्ने सामर्थ्य थियो होला र ? उहाँको शरीरलाई ४ - ५ को ढोकाभित्र र २ टनको ठूलो ढुंगाले ढाकिएको चिहानभित्र राखिएको थियो ।

<u>चेलाहरुले उहाँको लाश चोरे भन्ने सिद्धान्त</u>

यस सिद्धान्तले जसरी तसरी चेलाहरु चिहानतिर गए र लाश चोरे भनेर भन्छ । क्रुसिकरणलाई सिधै पछ्याउने धर्मशास्त्रको खण्डलाई हेरौं ।

**त्यही दिन, अर्थात् हप्ताको पहिलो दिनको साँझ जव यहुदीहरुको डरले चेलाहरु ढोकाहरु बन्द गरेर भित्र बसेका थिए येशु आएर तिनीहरुका माझमा उभिनुभयो र तिनीहरुलाई भन्नुभयो, " तिमीहरुलाई शान्ति । "**
(युहन्ना २०:१९)

**प्रश्न : चेलाहरुले येशुको लाशलाई चोरे भन्ने सिद्धान्तसँग के खराबी छ ?**

- येशुको मृत्युको तीन दिनपछि चेलाहरु अझै पनि कोठामा बन्द थिए, यहुदी अधिकृतहरुको हातमा तिनीहरुलाई के हुने हो भनी एकसाथ भेला भएर डराईरहेका थिए ।
- रोमी पहरादारको बारेमा चाँही के त ? तिनीहरु त्यही थिए । के यी डराईरहेका चेलाहरु ती तालिम प्राप्त लडाकु सिपाहीहरुसँग लडेर लाश चोर्न सक्थे ?

**<u>रोमी अथवा यहुदी अधिकृतहरुले लाशलाई हटाईदिए भन्ने सिद्धान्त</u>**

**प्रश्न : यो सिद्धान्तसँग के खरावी छ ?**

उनीहरुसँग लाश थिएन । यदी अधिकृतहरुसँग लाश थियो भने तिनीहरुले त्यो लाशलाई उत्तिखेरै निकाल्थे । यसले इसाईत्व सुरु हुने मौका पाउन भन्दा अगाडि नै समाप्त गरिदिन्थ्यो । तर तिनीहरुले कहिल्यै लाश निकालेनन् ।

धर्मशास्त्रमा यो खण्ड लिनुहोस् :

**" जब ती स्त्रीहरु बाटैमा थिए, कोही - कोही पहरादारहरु शहरमा गएर मुख्य पुजाहारीहरुलाई त्यहाँ भएका घटनाहरुका बारेमा खबर दिए । जब मुख्य पुजाहारीहरु धर्म - गुरुहरुसँग भेला भए । तिनीहरुले सल्लाह गरे र सिपाहीहरुलाई यसो भनेर धेरै पैसा दिए। " तिमीहरुले भन्नु की हामी सुतिरहेको बेला त्यसका चेलाहरु आएर त्यसलाई चोरे लगेछन् । " कतै हाकिमको कानमा यो कुरा पुगिहाल्यो भने हामी उहाँलाई मनाएर तिमीहरुलाई जोगाईदिनेछौं । " तब तिनीहरुले यउा पैसा लिए र सिकाए - बमोजिम गरे र यहुदीहरुमा आजको दिनसम्म यही कुरा फैलिएको छ । " ( मत्ती २८ : ११ - १५ )**

**<u>येशु खिष्टको पुनरुत्थानको अझ अरु प्रमाण</u>**

**प्रश्न : ती चिहानका कपडाहरु कहाँ थिए ?** (ती कपडाहरु नचलाईएको अवस्थामा चिहानभित्र नै थियो ।)

**प्रश्न : कानुनको अदालतमा प्रमाणको सबैभन्दा विश्वसनीय स्रोत के हो ?** ( प्रत्यक्षदर्शीको विवरण )

- चालिस दिनहरुको समयमा येशु धेरै विभिन्न प्रत्यक्षदर्शीहरुको सामू दश फरक घटनाहरुमा देखा पर्नुभयो । त्यसपछि कसैले येशु त्यसभन्दा बढी देखा पर्नुभयो भनेर भनेनन् ।
- पावल लेख्छन् कि येशु एउटै समयमा ५०० मानिसहरुभन्दा बढीकहाँ देखा पर्नुभयो र उसले यो कुरा लेख्दै गरेको बेलामा धेरै मानिसहरु अझ पनि बाँचिरहेका थिए । यदी येशुको उपस्थितिहरु साँचा थिएनन् भने ती मानिसहरुले उत्तिखेरै पावलको लेखहरु सजिलैसँग खण्डन गर्ने थिए ।

प्रश्न : पुनरुत्थान अघि र पुनरुत्थान पछि चेलाहरुको व्यवहारको बारेमा के त ?

- पुनरुत्थान अघि ,येशुका सबै चेलाहरु भागेका थिए जव उहाँ गेतसमनीको बगैचामा पक्राउमा पर्नुभएको थयो ।
- पत्रुसले येशुलाई तीन चोटी चिन्न इन्कार गरे ।

- क्रुसिकरण पछि चेलाहरु लुक्न गए र त्यसपछि तिनीहरुका जीवन आरम्भ गर्न र कोशिश गर्न खिन्न भएर घर गए ।

**प्रश्न : यदी पुनरुत्थानले होइन भने केले येशुका चेलाहरुलाई ढोका भित्र डरले बन्द बसेका मानिसहरुबाट येशु बौरी उठ्नुभएको हो भन्ने समाचार साहसका साथ घोषणा गर्ने मानिसहरुमा परिवर्तन आयो ?** ( येशुको पुनरुत्थानको सत्यताभन्दा अरु कुनै स्पष्टिकरण छैन । )

**प्रश्न : यदी कुनै कुरा सत्य थिएन भन्ने यथार्थ तपाईलाई थाहा थियो भने के तपाई त्यसको लागि मर्न लागिपर्नुपर्छ र यो सत्य हो भनेर लगातार भन्नुहुन्छ ?** ( होइन भन्नुहुन्न र चेलाहरुले पनि तर १२ जनामध्ये ११ जनालाई येशु परमेश्वर हुनुहुन्थ्यो भन्ने तिनीहरुका विश्वासको लागि मारियो । के तिनीहरु कुनै कुराको लागि मरेका थिए जुन सत्य होइन भनेर तिनीहरुलाई थाहा थियो ?

**<u>सारांश</u>**

- त्यहाँ चिहानका कपडाहरु थिए
- पहरादारहरु गएका थिए
- येशुलाई देखिएको थियो
- चेलाहरु परिवर्तन भएका थिए ।

तपाईले यो गवाही सुन्नुभएको छ । के तपाई विश्वास गर्नुहुन्छ कि येशु मृतकहरुबाट बौरी उठ्नुभएको थियो ? अथवा के तपाई थोमा जस्तै हुनुहुन्छ जसलाई येशुले भन्नुभयो, " **तिम्रो औला यहाँ राख र मेरा हातहरु हेर । तिम्रो हात बढाएर मेरो कोखामा हाल । शंका नगर तर विश्वासी हाऊ । " थोमाले उहाँलाई भने, " मेरा प्रभु र मेरा परमेश्वर । " (युहन्ना २० :२७-२८)**

यदी तपाई विश्वास गर्नुहुन्छ भने हाम्रा बौरी उठ्नुभएका उद्धारकर्ताले तपाई र मलाई संसारमा लग्न भन्नुहुने सुसमाचार यो हो :

**" यसकारण जाओ र सबै देशका जातिहरुलाई चेला बनाओ पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरुलाई बस्तिष्मा देओ, मैले तिमीहरुलाई आज्ञा गरेका सबे कुरा पालन गर्न तिनीहरुलाई सिकाओ । हेर म युगको अन्त्यसम्म सधै तिमीहरुका साथमा छु । " (मत्ती २८:१९-२०)**

तपाई हुनुभएको बाइबल अध्ययन बारे सबै कुरा यही हो ।

## <u>पाठ ७ : पाठ १- ६ सम्मको पुनर्विचार</u>

<u>आजको पाठ पद</u>

**“तर ख्रिष्टलाई प्रभु मानेर तिम्रो हृदयमा उहाँको श्रद्धा गर । तिमीहरुमा भएका आशाको विषय कसैले सोधपुछ गरे त्यसको जवाफ दिन सधैं तत्पर बस र त्यो काम नम्रता र श्रद्धासाथ गर । ” ( १ पत्रुस ३ : १५ )**

<u>पाठको उद्देश्य</u>

**इसाईत्वको सत्यता कसरी प्रस्तुत गर्ने भन्ने बारे पुनर्विचार गर्नु**

<u>पाठ १ को पुनर्विचार</u>

**<u>इसाई विश्वासको रक्षाको परिचय</u>**

**प्रश्न : इसाइ विश्वासको रक्षा के हो ?** ( इसाई विश्वासको रक्षा चाँही साधारणतया इसाईत्व बारे यथार्थहरु प्रस्तुत गर्नु हो ताकि इसाइत्व बारे र इसाईत्वको सत्यता जान्न सकिएका होऊन् । )

**प्रश्न : जव हामी केही कुरा सत्य हो भनी भन्छौं भने यसले के अर्थ दिन्छ ?** ( जे सत्य हो त्यो नै यथार्थ हो । ) र यथार्थहरु विश्वसनिय र ठिक हुन्छन् । सत्यताको विरोध गर्ने कुनै पनि कुरा झुटो हो र यदि परमेश्वरको बारेमा इसाई दृष्टिकोण सत्य हो भने सबै परमेश्वरको दृष्टिकोणलाई विरोध गर्ने झुटा हुन् । त्यसो हो भने हामी यी कुराहरुमा निश्चित हुन सक्छौं कि :

- परमेश्वरको अस्तित्व छ उहाँ हुनुहुन्छ
- येशु परमेश्वरका अनन्तका पुत्र प्रतिज्ञा गरिएका मसिह जसको बारेमा बाइबलले भन्छ
- बाइबल सत्य हो ।
- येशु नै परमेश्वरसँगको व्यक्तिगत सम्बन्धको एकमात्र बाटो हुनुहुन्छ

**<u>पाठ २ को पुनर्विचार</u>**

मानिसहरुलाई इसाईत्वको सत्यता बताउनु

**प्रश्न : कसरी हामी परमेश्वरबारे र व्यक्तिगत रुपमा परमेश्वरलाई जान्न सक्छौं ?** ( येशु ख्रिष्टद्धारा )

**प्रश्न : येशु परमेश्वर हो भन्ने विश्वास र येशुमा परमेश्वरको रुपमा विश्वास विच के भिन्नता छ ?** ( येशु परमेश्वर हो भन्ने विश्वास चाँही येशु ख्रिष्ट संसारका उद्धारकर्ता हुनुहुन्छ भन्ने कुरा स्वीकार गर्नु हो । येशु ख्रिष्टमा विश्वास चाँही तपाईको पापहरुको लागि तपाईलाई क्षमा गर्नलाई येशुमाथि भर पर्नु र उहाँमा भरोसा गर्नु र उहाँलाई तपाईको जीवनमा निमन्त्रण दिनु हो ताकि परमेश्वरले तपाईलाई उहाँको परिवारमा लिन सक्नुभएको होस् । )

<u>पढ्नुहोस् :२ तिमोथी २:२४-२६</u>

**“ प्रभुको सेवक झगडालु हुनुहुँदैन, तर हरेकको लागि दयालु ,योग्य शिक्षक, सहनशिल र नम्रताकासाथ आफ्ना विरोधीहरुलाई सुधार्ने हुनुपर्दछ र सायद परमेश्वरले तिनीहरुलाई पश्चात्ताप गर्ने सत्यतालाई बुझ्ने मन दिनुहुनेछ र तिनीहरु चेतना पाएर दियाबलासको पासोबाट सम्फनेछन् , जसले तिनीहरुलाई त्यसको इच्छाअनुसार चल्नलाई कैदी बनाएको छ । ”**

**प्रश्न : हामीले मानिसहरुलाई इसाईत्वको सत्यताबारे कुन शैलीमा बताउनुपर्छ ?** ( बहस नगरेर बरु भद्र शिक्षा र सुचना दिएर । )

**प्रश्न : कसरी हामीले भर्खरै पढेको पदले मानिसहरु हाम्रो शिक्षाहरुद्धारा इसाईत्वको सत्यता जान्न आउनेछन् भन्छ ?** ( परमेश्वर नै एक हुनुहुन्छ जसले उनीहरुलाई सत्यताको ज्ञानतिर डोर्‍याउनुहुन्छ । )

<u>पाठ ३ को पुनर्विचार</u>

**कसरी हामी जान्छौं कि  परमेश्वर हुनुहुन्छ ?**

परमेश्वरलाई समावेश गरेर कुनै पनि कुराको केही सत्यता भए पनि जान्न सम्भव हुन्छ । परमेश्वरबारे केही सत्यता जान्न सकिन्छ र परमेश्वर हुनुहुन्छ भन्ने सम्भावना सत्यता हो त्यसो हो भने यो पनि अर्थपूर्ण छ कि परमेश्वरको प्रमाण पनि छ ।

**प्रश्न : के परमेश्वरलाई वैज्ञानिक रुपमा प्रमाणित गर्न सम्भव छ ?** ( छैन । वैज्ञानिक प्रमाणहरु हेर्न सकिने र नाप्न सकिने हुनुपर्दछ । ) यहाँ एउटा उदाहरण छ :

**प्रश्न :  के तपाईले कहिल्यै प्रेमको तौल न्यायको खुट्टा अथवा सत्यको तौल देख्नुभएको छ ?** ( छैन । )

**प्रश्न : के प्रेम न्याय र सत्यता छ ?** ( अवश्य पनि । ) तर प्रेम न्याय र सत्यताहरु वैज्ञानिक मात्राहरुमा नाप्न सकिदैन नता परमेश्वरलाई । हामीले प्रमाण दिन अरु उपायहरु खोज्नुपर्छ ।

**प्रश्न : त्यसो भए जब कुरा परमेश्वरको अस्तित्वमा आउँछ, जब कि परमेश्वरलाई वैज्ञानिक रुपमा प्रमाणित गर्न सकिदैन हामीले केको लागि हेर्नुपर्दछ ?** ( संकेतहरु )

**प्रश्न : यदि तपाईलाई तपाईले परमेश्वरमाथि किन विश्वास गर्नुभएको हो भनेर सोधिन्छ भने तपाईले के के संकेतहरु दिनुहुन्थ्यो ?**

- ब्रह्माण्डको क्रम
- पृथ्वीको आकार
- मानिसहरुविच परमेश्वरमाथिको विश्वव्यापि विश्वास
- नैतिक कानुनको विश्वव्यापि अस्तित्व
- जीवन आफै

प्रकृति, इतिहास र जीवनबाटको संकेतहरु सबैले परमेश्वर हुनुहुन्छ भन्ने अर्थपूर्ण प्रमाणतिर देखाउँदछ । जव व्यक्तिगत संकेतहरु आफैले परमेश्वरको अस्तित्वलाई प्रमाणित गर्न नसक्ला - जव तपाईले सबै संकेतहरु एकै ठाउँमा राख्न सुरु गर्नुहुन्छ, त्यो प्रमाण परमेश्वरको अस्तित्वको पक्षमा Overwhelm हुन्छ ।

प्रश्न : परमेश्वर हुनुहुन्छ भन्ने सबभन्दा उत्तर प्रमाण अथवा संकेत के हुन सक्छ ? ( येशु ख्रिष्टको व्यक्तित्व । )

**<u>पाठ ४ को पुनर्विचार</u>**
के येशु ख्रिष्ट परमेश्वर हुनुहुन्छ ?

**प्रश्न : यदि परमेश्वर मानिससँग कुराकानी गर्न चाहनुहुन्थ्यो भने उहाँको लागि यो गर्न सबैभन्दा उत्तम उपाय के हुनसक्छ ?** ( एउटा मान्छे बन्ने र हामीविच बाच्ने । )

**प्रश्न : के परमेश्वरले यस्तो गर्नुभयो ?** ( हो - परमेश्वरले यो काम गर्नुभएको छ । ) बाइबल भन्छ, " प्राचीन कालमा हाम्रा पिता - पुर्खाहरुसँग अगमवक्ताहरुद्धारा धेरै र विभिन्न किसिमले परमेश्वर बोल्नुभयो । तर यी

## ईसाई चरित्र

आखिरी दिनहरुमा उहाँ आफ्ना पुत्रद्धारा हामसँग बोल्नुभएको छ । पुत्रलाई नै उहाँले सबै कुराका उत्तराधिकारी नियुक्त गनुभयो, उहाँद्धारा नै समस्त सृष्टि रच्नु पनि भयो । " ( हिब्रु १ : १ - २ )

**प्रश्न : के ले इसाईत्वलाई अरु सबै धर्महरुबाट फरक बनाउँदछ ?** ( इसाइत्व धर्म होइन । धर्महरु त परमेश्वरलाई खुसी पार्न र स्वर्गको बाटो कमाउनको लागि मानिसबाट गरिने प्रयासहरु हुन् । इसाईत्व चाँही येशु खिष्टसँगको सम्बन्ध हो । )

**प्रश्न : येशुले आफू बारे तीन दावीहरु गर्नुभयो । तपाईले याद गर्नुहुन्छ ती के हुन्** ? ( येशुले आफू परमेश्वरका पुत्र हुनुभएको दावी गर्नुभयो, येशुले उहाँ परमेश्वरसँग समान हुनुभएको दावी गर्नुभयो येशुले आफू परमेश्वर हुनुभएको दावी गर्नुभयो । )

येशुका दावीहरुले  के विश्वास गर्ने भनेर दुईवटा रोजाईहरु हामीसँग छोड्दछ । कि :

- उहाँका दावीहरु गलत हुन्
- उहाँका दावीहरु सत्य हुन्

यदी येशुका दावीहरु गलत हुन् भने :

- येशुलाई उहाँका दावीहरु गलत हुन् भनेर थाहा थियो र उहाँ झुट बोल्दै हुनुहुन्थ्यो ।
- येशुले उहाँ परमेश्वर हुनुहुन्थ्यो भनेर सोच्नु मात्र भएको थियो जसले यो अर्थ दिन्छ कि उहाँ पागल हुनुहुन्थ्यो ।

यदी येशुका दावीहरु सत्य हुन् भने :

- येशुले उहाँ जो हुँ भन्नु हुन्छ त्यही हुनुहुन्छ । उहाँ परमेश्वर हुनुहुन्छ ।

**प्रश्न : यदी यो कुरा हो भने तपाईसँग दुई रोजाईहरु के छन् त ?**
१. उहाँलाई मुक्तिदाता र प्रभुको रुपमा ग्रहण गर्ने
२. उहाँलाई इन्कार गर्ने र स्वइच्छा परिणामहरु स्वीकार गर्ने
पाठ ५ को पुनर्विचार

**के येशु खीष्ट साँच्चिकै मुर्दाहरुबाट बिउातिनुभयो ?**

**प्रश्न : किन पुनरुत्थान यति महत्वपूर्ण छ ?** (किनकी इसाईत्व येशु खिष्टको पुनरुत्थानसँग खडअ हुन्छ अथवा हुँदैन ?)

विभिन्न घटनाहरुमा येशुले उहाँ मारिनुहुनेछ ?भन्नुभयो र तीन दिनपछि उहाँ फेरी जिवनमा उठ्नु  हुनेछ । भनेर दावी गर्नु भयो । यदि यशुले भन्नुभयोकी उहाँलाई मृतकहरुबाट बिउँताइनेछ र वास्तवमा नविताउनुभएको भए उहाँका अरु सबै शिक्षाहरु र उहाँ जो हुनुभएको दावी गर्नुभयो, सबै सबै प्रंश्नमा आउथे मृतकहरुबाट उहाँको पुनस्त्थान, यशु जो हु भन्नु हुन्छ त्यही हुनुहुन्छ । परमेश्वको पुत्र भन्ने सत्यताको निश्चयता हो ।

**प्रश्न : त्यसो हो भने कसरी हामीले यशु खिष्ट बिततनुभयो भन्ने कुरा जान्दछौ ?** (परमेश्रको बचन-बाइलमा भेटिएका प्रत्यक्षदर्शीका विवरणहरु ।) प्रमाण पुनर्विचार गरौं ।

### चिहान

**पढ्नुहोस् :युहन्ना १९:३८-४२**

यहुदी रीतिअनुसार दफन कार्यको लागि येशुको शरीरलाई तयार गर्न लामो सनपाटले बनेको लुगालाई बेह्रेर लगभग ७५ देखि १०० किलो जति मिश्रित द्रव्यहरु त्यसको तहहरुभित्र छर्के । एउटै छुट्टै कपडा टाउकोको लागि

प्रयोग गरियो । युसुफ र निकोदेमसले येशुबो लासलाई तयार पारेर चिहानमा राखिसकेपछि, एउटा ढुंगा चाहीँ चिहानको ढोकामा राखियो । त्यो प्रयोग गरिएको ढुंगा लगभग २ टन तौलको थियो र जम्मा ४ कि ५ फिट अग्लो चिहानको प्रवेश ढोकाको अगाडी राखिएको थियो । त्यसपछि त्यो चिहानलाई ढुङ्गाको एक छेउदेखि अर्को छेउमा एउटा डोरी तन्काएर हरेक डोरीको अन्त्यमा माटो प्रयोगले जोडेर मोहोर लगाईएको थियो ।

## चिहानमा भएका पहरादारहरु

**पढ्नुहोस् : मत्ती २७:६२-६६**

सम्भाव्यमा ४ - ५ जना मानिसहरुका रोमी पहरादारहरु सुरक्षित राख्न खटाईएका थिए । रोमी फौज कडा अनुशासनको थियो र तिनीहरुको कर्तव्यमा ध्यानको कमीबाट पाउने सजायदेखि डराउँथे । त्यहाँ एउटा रोमी सिपाहीलाई मृत्यु दिन सकिने विभिन्न अपराधहरु थिए । आफ्नो कामको बेलामा सुतिरहेको अर्को चाँही अनुमतिविना आफ्नो पद छोडेको ।

## पुनरुत्थान

**पढ्नुहोस् :मत्ती २८:१-७ र युहन्ना २०:२-७**

**प्रश्न : त्यो पहिलो इस्टरको चिहानमा यदि तपाईले चिहानभित्र हेर्नुभएको भए तपाईंले के देख्नुहुन्थ्यो ?** (केही पनि नाई । केही मलमलका कपडाहरु जहाँ थिए त्यसै पडिरहेका बाहेक , एउटा अथवा दुई वटा स्वर्णदुत हुनसक्छ । )

**प्रश्न : तपाईले त्यतिखेर नदेख्नुहुने एउटा कुरा के हो ?** ( येशुको शरीर )

**प्रश्न : किन ?** ( किनकी उहाँ बौरी उठ्नुभएको छ - उहाँले भन्नुभए जस्तै )

**पाठ ६ को पुनर्विचार**

**पुनर्विचारको लागि प्रमाण**

**प्रश्न : येशुको क्रुसीकरणलाई घेर्ने घटनाहरुको बेला ती चेलाहरुका व्यवहारहरु कस्ता थिए ?**

- क्रुसीकरणको अघि येशुका सबै चेलाहरु भागेका थिए जब उहाँ गेतसमनीको बगैचामा पक्राउमा पर्नुभएको थियो ।
- पत्रुसले येशुलाई तीन चोटी चिन्न ईन्कमार गरे ।
- क्रुसीकरणपछि चेलाहरु लुकन गए र त्यसपछि तिनीहरुका जीवन आरम्भ गर्न र कोशिश गर्न खिन्न भएर घर गए ।

**प्रश्न : येशुको क्रुसीकरणपछि चेलाहरुमा के परिवर्तन भयो** ? ( चेलाहरु ढोका भित्र डरले बन्द बसेका मानिसहरुबाट येशु बौरी उठ्नुभएको हो भन्ने समाचार साहसका साथ घोषणा गर्ने मानिसहरुमा परिवर्तन भए । ) येशुको पुनरुत्थानको सत्यताभन्दा अरु कुनै स्पष्टीकरण छैन ।

**प्रश्न : येशुको पुनरुत्थानको लागि अन्तिम प्रमाण के हो ?**

- ती चिहानका कपडाहरु नचलाईकन चिहानमा त्यसै छोडिएका थिए ।
- येशु ४० दिनहरुको अवधिमा लगभग १० वटा समुहविच देखा पर्नुभयो ५०० मानिसहरु
- चेलाहरु परिवर्तन भएका छन् ।

पुनस्थानको प्रमाण बाइबलवाट लिइएका प्रत्यक्षदर्शीहरुका विवरणहरुमा आधारित छ । तर कोही मानिसहरुले तपाईलाई बाइबल पूर्ण रुपमा सत्य हो भनेर विश्वास गर्दैनन् भनेर बताउन सक्छन् । त्यससैले हामी बाइबलको सत्यताामाथि शंका गर्ने व्यक्तिहरुलाई स्पष्टीकरण दिन सक्षक हुन चाहन्छौ, किन बाइबल सत्य छ - र केही भागहरु मात्र होइन - तर यसको सबै ।

मिलाउनु पर्दा - के बाइबल भन्ने कुरा सत्य हो ?

पाठ # ८ : को बाइबल भन्ने कुरा सत्य हो ? (भाग १)

गृहकार्य र पुनर्विचार

**प्रश्नहरु र याद गर्ने पद**

आजको पाठ्य पद

**“सम्पूर्ण पवित्र-शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो र यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालिम दिनलाई लाभदायक हुन्छ। (२ तिमोधी ३ : १६०)**

पाठको उद्देश्य

**बाइबल चाहिँ परमेश्वरको वचन हो र बाइबलले भन्ने कुरा सााचो हो भन्ने बारे अर्थपूर्ण प्रमाण दिनु ।**
**फेरि हेर्ने/पूनर्विचार**

**प्रश्न : सत्यता के हो** ? सत्यता दोषको उल्टो अर्थ हो । सत्यताको चाहिँ कुनै कुरा साचो रुपमा भएको तरिका हो।

परिचय

बाइबल : किताबहरु मध्ये यो चाहिँ सम्पूर्ण समय उत्तम बिक्री हुने किताव हो । बाइबल जाने हरेक जाति र देशका मानिसहरुले बाइबललाई स्वीकार गर्छन । चाहे राजा अथवा सेवक, धनी अथवा गरिव, शिक्षित वा अशिक्षित, हरेक पृष्ठभूमिका मानिसहरुले बाइबल पढेर उनहिरुका परिवर्तित जीवन बिताएका छन् ।

**प्रशनहरु : तपाईलाई यस्तो किन लाग्छ** ? बाइबलले चकित पार्ने केही दाबीहरु गर्छ ।

**“सम्पूर्ण पवित्र-शास्त्र परमेश्वरको प्रेरणाबाट हो र यो सिकाउनलाई अर्ति दिनलाई, सचयाउनलाई, धार्मिकतामा तालिम दिनलाई लाभदायक हुन्छ............” (२ तिमोधी ३ : १६) ।**

बाइबल चाहि परमेश्वरको वचन हो-जुन परमेश्वर आफैले लेखिएको चाहनुहुन्छ ।

**"परमेश्वरको हरेक वचन दोष रहित छ ।" (हितोपदशे ३० :५)** परमेश्वर भन्नुहुन्छ कि उहाँको वचन सबै सत्यताको प्रमाण हो ।

**"तपाईका सम्पूर्ण वचनहरु सत्य छन्, र तपाईको सबै धामिर्क नियमहरु अनन्तका छन् ।" (भजनसंग्रह ११९ : १६०)** बाइबलका भन्छ कि परमेश्वरको वचन लेखिएको बेला मात्र सत्य थिएन तर यो आज पनि सत्य छ र सदाको लागि सत्य हुनेछ ।

बाइबलमा तपाईले भेटाउन सक्नुहुने यी कुराहरुको दाबी गदर्छ :

- तपाईको वर्तमान आत्मियी अवस्था बारे सत्यता (रोमी ३ : २३)
- परमेश्वरले तपाईको निम्ति के गर्नुभयो भन्ने बारे सत्यता (यूहन्ना ३ : १६)
- तापई बाच्नको लागि तपाईले के गनुपर्छ भन्ने बारे सत्यता (रोमी १० : ९)
- तपाई कसरी जिउनुपर्छ र परमेश्वरको आराधना गर्नुपर्छ भन्ने बारे सत्यता (रोमी १२ : १-२)

ठुलो दाबीहरु - शो । तर यदि बायबलका दाबीहरु सत्य हुन् भने हामी थाहा पाउँछौं कि परमेश्वर हुनुहुन्छ की येशू परमेश्वका आफ्नै अनन्तका पुत्र हुनुहुन्छ, र तपाईसंग जीवनको लागि अथृ र उद्देश्य बारे सत्यताा छ ।

प्रश्न : त्यसो भए के बाइबलले वनाउने दाबीहरु सत्य हुन् भनेर निश्चित गर्ने अर्थपूर्ण प्रमाण छ । त्यहाँ प्रमाणका विभिन्न टुक्राहरु छन् : बाइबल बनाएको तरिका, पुरातात्विक खोजहरु, बाइबलमा रहेका वैज्ञानिक सूचनाको यथार्थ व्यक्तिगत गवाही, पुरा भएका अगनवाणीहरु ।

<u>बाइबलले भन्ने कुरा सत्य हुन् भन्ने प्रमाण</u>

<u>बाइबलले निर्माण</u>

**"सम्पूर्ण शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो........"( २ तिमोथी ३:१६ )**

बाइवल वारे तीनवटा अचम्मका बुदाँहरु सम्झनुहोस

१. ४० लेखकहरु भन्दा पनि बढीले बाइबलको लागि सघाएका छन् । बाइबल लेख्ने पुरुषहरुले तिनीहरु परमेश्वरबाट प्रेरित भएका हुन् भन्ने दाबी गरे । कि त तिनीहरुका दाबीहरु साँचो हुन् अथवा झूटा हुन् । यदि तिनीहरुका दाबीहरु झूटा हुन् भने यी पुरुषहरुले झूटो बोल्दै थिए । अथवा तिनीहरु पागल थिए । अझै पनि समस्त बाइबलमा हामीले कहिल्यै पनि नलेखिएको अन्यन्त सिद्ध नैतिक स्मृतिशास्त्र भेटाउँछौ । के यो ती मानिसहरुबाट आउन सक्थ्यो जो पागल थिए ।

२. बाइबल १५०० वर्षहरुको अवधिमा लेखिएको थियो । अझै पनि बायबलले भन्ने कुरा एक साथ सिद्धतामा आउँछन् । मौकाद्वारा व्याख्याको अयोग्य । थोरै पनि यदि यी पुरुषहरु मध्ये कोही एकै समयमा एक-अर्का जस्तै जिउँथे । वास्तवमा यी पुरुषहरुले लख्दै गरेको वेलामा तिनीहरुको काम एक गरिन्छ भनेर कुनै विचार नै थिएन जुन आज बाइबल हो । बाइबलको कुनै पनि ठाउँमा यो प्रमाण छैन कि यसका लेखकहरुले झूठ बोल्दै थिए । अथवा वर्तमान घटनाहरुसंग परस्पर सम्वन्ध राख्नको लागि सूचना बनाउदै थिए ।

३. बाइबल १५०० वर्षहरुको अवधिमा ४० फरक पुरुषहरुद्वार लेखिएको भएता पनि बाइबल संग एउटा केन्द्रिय संन्देश छ । मानिसहरुलाई तिनीहरुका पापहरुवाट वचाउनको लागि परमेश्वरको इच्छा र योजना ।

**प्रश्नहरु : यी सबै कुरा कसरी भयो** ? त्यहाँ एक मात्र अर्थपुर्ण जवाफ छ - परमेश्वरले यी लेखकहरुलाई फरक समस्याहरुमा यी लेखकहरुद्वारा तपाई र म संग के कुराकानी गर्न चाहनुहुन्थ्यो भन्ने कुरा प्रकट गर्नुभयो ।

बाइबल भन्छ“ **किनकी मानिसहरुको इच्छावाट अगमवाणी आएनन् तर पवित्र आत्मावाट प्रेरणा पाएर मानिसहरुले परमेश्वरको तर्फवाट वोलेका हुन् ।” (२ पत्रुस १ : २१)**

स्पष्ट रुपमा बाइबलको आरम्भ परमेश्वरवाट आउँछ तर मानिसवाट होइन । परमेश्वरले हरेक लेखकको व्यक्तित्व प्रयोग गर्नुभयो । तर यसरी डोऱ्याउनु भयो कि उनीहरुले लेखेका कुराहरु उहाँले लेखिएको चाहनुभएको हो ।

<u>पुरातत्व (उहिलेका संस्कृतिहरुवाट रहेका प्रमाणपत्रहरुको अध्ययन)</u>

“परमेश्वरको हरेक वचन दोष रहित छ..........” (हितोपदेश ३० : ५)

बाइबल ऐतिहासिक यथार्थले भरिएको छ । कुनै पनि पुरातात्विक अविष्कारले बाइबल गलत हो भनेर कहिल्यै पनि प्रमाणित गरेको छैन । अर्को शब्दहरुमा भन्नुपर्दा जहिले पनि बाइबलले केही छ भनेर भनेको छ । त्यो त्यही छ र नयाँ पुरातात्विक खोजहरु बाइबलमा बनाइएका ऐतिहासिक वर्णनहरु निश्चित गर्नको लागि नित्य लाग्छन् । वास्तवमा बाइबलले पुरातत्व सम्वन्धी व्यक्तिहरुलाई अचम्मका अविष्कारहरु तर्फ डोऱ्याउनको लागि नित्य लाग्छ र डोऱ्याएको छ । प्राचिनहरुमा उस्तै स्थितिमा स्थापित र पुनः स्थापित गरिएका थिए । के छोडियो भने तहहरुको सम्पूर्ण अनुक्रम । यसरी नै पुरातत्व सम्बन्धी व्यक्तिहरुले पत्ता लगाएका खोजहरुमा मितिहरु नियुक्त गर्दछन् । सबैभन्दा माथिल्लो तहहरुमा भर्खरको मितिहरुसंगको खोजहरु हुन्छन् र तल्लो तहहरुमा पुरानो मितिहरु संगको खोजहरु हुन्छन् ।

उदाहरणको लागि अहिले धेरै वर्ष चर्च भवनहरु अथवा स्कूल भवनहरु निर्माण गर्न सहायता गर्ने व्यक्तिहरुको नाममा बनाइन्छ । धेरैजसो निर्माणकर्तालाई सम्मान गर्ने साथ साथै भवन अर्पण गर्ने दिनलाई मिति दिने चलन छ । यसैगरि प्राचिन शब्दहरुमा पनि यस्तै नै हुन्थ्यो । धेरै समयमा भवनको जगमा भएको ढुङ्गामा निर्माणकर्तालाई नामहरु खोप्दथे । प्रमाणहरु सँगै जोडेर र नजिकैका स्थानहरुबाट पाएका दाजेर नै पुरातत्व सम्बन्धित व्यक्तिहरुले कसले कहाँ र के गर्दै थियो भन्ने एउटा राम्रो आशय हामीलाई दिन सक्छन ।

तिनहिरुले घर, व्यापारिक लेनखेन, पुस्तकहरु जस्तै र हरु सूचना इत्यादिको प्रमाण पाउँछन् जसद्वारा तिनीहरुले त्यो शहर र संस्कृति कतिको विकसित थियो भन्ने कुरा नाप्न सक्छन् । प्रस्तुतः पुरातात्विक स्थान चाहिँ शहरको इतिहासको एउटा ठूलो लेख इत्यादि टाँस्ने वा राख्ने साधा पुस्तक हो ।

**प्रश्न : त्यसो भए, पुरातत्वले बाइबलले भन्ने कुरा साँचो हो भनेर कसरी अर्थपूर्ण प्रमाण दिन सक्छ ?**
पुरातात्विक खोजहरुले यी कुराहरुमा मदत गर्छ :

बाइबलमा भएको विवरणहरु निश्चित गर्न ।

बाइबलको कथाहरुमा लेखिएका व्यक्ति अथवा ठाउँहरुमा पृष्ठभूमिको सुचनाहरु जुटाउँछ । उदाहरणको लागि, सोलो मनले निर्माण गरेका नाश भएका अष्टवलहरु र शहरहरु पत्ता लागेका छन् । यी खोजहरुले बाइबलले भन्दै गरेको राजा सोलोमनका ज्यादै ठूलो असाधारण ऐश्वर्यहरुको विवरणहरुको यथार्थ निश्चित गर्न ज्यादै मदत गर्छ । अथवा, अब्रहामणको कथा र कनान देशतर्फको यात्रा लिनुहोस ।

पुरातत्वले ऊर, अब्रहामको बस्ने शहर आदिले बारेमा धेरै कुरा प्रकाशमा ल्याएको छ । ऊर चाहिँ धेरै विकसित शहर थियो । अब्राहामणलाई एउटा अन्जान देशको लागि त्यस्तो विकसित शहर छोड्न ठूलो विश्वास चाहिएको हुनुपर्छ ।

जव पुरातत्वद्धरा पत्ता लगाइएका प्रमाणले बाइबल सत्य हो भनेर प्रमाणित गर्न सक्दैन । तब यसले हाम्रो ज्ञान गहिराइमा लग्दछ र बाइबलले व्याख्या गर्ने कथाहरु र घटनाहरुमा विश्वसनियता ल्याउँछ नत्र भने कसैले शंङ्का गर्न सक्छन्

<u>वैज्ञानिक यथार्थ</u>

**"आकाशले परमेश्वरका महिमाको वर्णन गर्छ । र तारा-मण्डलले उहाँका आतको सिपको घोषणा गर्छ ।‍ दिनहुँ तिनिहरुले वार्तालाप गर्छन् र रातैपिच्छे तिनिहरुले ज्ञानको प्रदर्शन गर्दछन । कुनै वोली छैन, न भाषा छ, जहाँ तिनिहरुको स्वर सुनिदैन । तिनिहरुको स्वरले सारा पृथिवि गुञ्जयमान छ, तिनिहरुका शव्द पृथ्वीको सिमान्त सम्मै पुगेका छन् । "(भनवसंग्रह १९:१-४)**

आधुनिक विज्ञानका धेरै सिद्धान्हरु चाहिँ विज्ञाले तिनिहरुलाई प्रमाणित गर्न भन्दा अगाडिनै बाइबलमा सयौं अथवा हजारौं वर्ष अघि प्रकृतिका वास्तविकता लेखिएका थिए । असाधारण कुरा के छ भने जव यी वास्तविक कुराहरु लेखिएका थिए धेरैजसो यी कुराहरु त्यस समयमा साधरण रुपमा स्वीकार गरिएका कुराहरुको विरुद्ध जान्थ्यो ।

- पृथ्वी गोलो छ (यशैया ४०:२२)
- वातावणमा फेर बद्लाब (उपदेशक १:६)
- जीवन पद्धतिमा रगतको महत्व (लेवी १७:११)
- पृथ्वीसँग गुरुत्वाकर्षण क्षेत्र छ ( अटयुव २६:७)

जव यी वैज्ञानिक सत्यताहरु पारिभाषिक भाषमा नलेखिएका भए जुन हामीसंग छ, यी सबै वर्णनहरु आज वैज्ञानिक यथार्थता संग पूर्ण सहमतिमा छन् ।

<u>व्यक्तिगत अनुभव</u>

**"पर्वतहरुतिर म आफ्ना आँखा उचाल्छु । मेरो गुहार काहाँ बाट आउछ ? स्वर्ग र पृथ्वी सृजना गर्नुहुने परमप्रभुबाट मेरो गुहार आउँछ ।" (भजनसंग्रह १२१:१-२)** व्यत्तिगत गवाही प्रमाणको कुनै पनि अर्को क्रम जतिसुकै अर्थपूर्ण र सप्रमाण हुन्छ । बढाई-चढाई नगरिकन भन्नुपर्दा, लाखौं मानिसहरुले आफ्ना व्यत्तिगत अनुभवबाट यी कुराहरु पाएका छन् ।

- बाइबलका प्रतिज्ञारु सत्य छन् ।
- यसको परामर्श अथवा सल्लाह ठीक छ ।
- यसका आज्ञाहरु र मर्यादाहरु विवेक पूर्ण अथवा वुद्धिमानी छन् ।
- मुक्तिको सु-समाचार आज दर्खास्त गरिन्छ । र भोलि पनि गरिने छ ।

यस पछि : हामीले पुरा भएका अगमवाणीहरुलाई प्रमाणको रुपमा हेर्नेछौ ।
कि बाइबल परमेश्वरको वचन हो ।

पाठ # ९ : के म तपाईलाई चिन्दिन ?

के बाइबलले भन्ने कुरा सत्य हो ? (भाग २)

गृहकार्य पुर्विचार

**प्रश्नहरु र याद गर्ने पदहरु**

आजको पाठ्य पद

**"तर जुन अगमवक्ताले शान्तिको अगमवाणी कहन्छन्, यदि त्यो पुरा भयो भने मात्र यथार्थमा ती नै अगमवक्तालाई परप्रभुले पठाउनुभएको रहेछ भनी चिनिनेछ ।" (यर्मिया २८:९)**

पाठ्य उद्देश्य

पुरा भएका अगमवाणीहरुद्वारा अर्थपूर्ण दिन की बाइबल परमेश्वरको वचन हो र बाइबलले जे भन्छ त्यो सत्य हो ।

छलफल गर्ने प्रश्नहरु :-

**यदि मानिसहरु भविष्यमा तपाईको बारेमा जानेको चाहनुहुन्थ्यो भने तपाईले के गर्नुहुन्थ्यो ?** तपाईले [तपाईले तिनीहरुले जानुन्, भनेर चाहनुभएको कुरा लेख्नुहोस् र त्यसपछि त्यसलाई सुरक्षित राख्नुहोस ।]

परिचय

मसिह- इस्राएका प्रतिज्ञा गरिएका उद्धारकर्ता-अभिषिक्त जन-येशू ख्रीष्ट इम्मानुएल । परमेश्वरका पुत्र । के उहाँ आउनुभएको हो ? र यदि उहाँ आउनुभएको होभ ने हामीले कसरी थाहा पाउथ्यौँ ? हामीले उहाँलाई कसरी चिन्न सक्थ्यौँ ? पक्कै पनि त्यहाँ संकेतहरु हुनुपर्छ ।

यस पाठमा हामीले मसिहको बारेमा संकेत पाउनेछौं जुन कुराहरुको हामी विषेशगरि, हामीले पुरानो नियममा मसिहको बारेमा अगमवाणी गरिएका विभिन्न अगमवाणीहरुमा हेर्नेछौ जुन सबै कुरा एक व्यक्तिमा सत्य आउँछ : येशू ख्रीष्ट ।

के म तपाईलाई चिन्दिन ?

**"कसैले बोलाईरहेको एउटा आवाज सुनिन्छ :"मरुभूमिमा परमप्रभुको निम्ति बाटो तयार गर । उजाड-स्थानमा हाम्रा परमेश्वरको निम्ति मूलबाटो समतल बनाऊ । हरेक उपत्यका अग्लो बनाइनेछ, हरेक पर्वत र डाडाँ होच्याइनेछ । बाङ्गो-टेडो जग्गा सिधा बनाइनेछ, र खाल्टाखुल्टी समतल बनायनेछ । अनि परमप्रभुको महिमा प्रकट गरिनेछ, र सारा मानव-जातिले यो एकैसाथ देख्नेछन्, किनकी परमप्रभुको मुखले नै भनेको छ ।" (यशैया ४०:३-५)**

**प्रश्न : अगमवाणी के हो** ? [अगमवाणी परमेश्वरबाटो सन्देश हो-धेरै पटक-भविष्यमा सत्य आउने बारे भविष्यवाणी]

**प्रश्न : जसरी परमेश्वरले उहाँको सन्देशहरु पुऱ्याउनुहुन्थ्यो- यू.पि.यास, फेडेरल एक्सप्रेस यू.यास.पोस्टल। सर्भिस** ? [परमेश्वरले अगमवक्ता भनिने मानिसहरु (एलिया, यशैया, यर्मिथालाई सम्फनुहुन्छ?] उहाँका सन्देशवाहक

बन्नको लागि छान्नुभयो, र उहाँले तिनीहरुलाई उहाँको सन्देशहरु सुनेका चाहनुभएका मानिसहरुलाई पुऱ्याउन पठाउनुभयो । ]

**प्रश्न : कसरी हामीले एउटा खास अगमवाणी परमेश्वरबाट को हो भनेर जान्न सक्छौ** ? बाइबल भन्छ, "तर जुन अगमवक्ताले शान्तिको अगमवाणी कहन्छन्, यदि त्यो पुरा भयो भने मात्र यथार्थमा ति नै अगमवक्तालाई परमप्रभुले पठाउनुभएको रहेछ भनि चिनिनेछ ।" (यर्मिया २८:९)

हरेक अगमवाणी अथवा भविष्यवाणी जुन बाइबलमा बनाएको छ, ती पुरा भएका छन् र सत्य आएका छन्-पुरा हुने समयमा आएको छ । हामीले हुनेछ भनेर बताइएका केही घटनाहरु अझै पनि भएका छैनन् तर ती हुनेछन् । मसिहको बारेमा केही खास अगमवाणीमा हेर्नेछौ : उहाँको आगमनको प्रतिज्ञा, कसरी उहाँ चिनिनुहुनेछ, उहाँको जन्म, उहाँको मृत्यु र उहाँको पुनरुत्थान । हरेक अगमवाणी दिइए पछि, हामीले त्यसपछि मात्र कसरी येशुले यी हरेक अगमवाणीहरु पुरा गर्नुभयो भनेर हेर्नेछौ ।

"आउदै गर्नुहुने मसिह बारे अगमवाणी : (मलाकी ३:१)"

"हेर, म आफ्ना समाचारवाहकलाई पठाउनेछु, र तिनले मेरो अगिअगि बाटो तयार गर्नेछन् । तब एक्कासि थी प्रभु, जसलाई तिमीहरु खाज्दछौ, आफ्नो मन्दिरमा आउनेछन्, जसलाई तिमीहरु औधी चाह गर्दछौ, " सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ ।"

नोट : यो मन्दिर अझै पनि अडा भइरहेको बेलामा मसिह आउनुहुनेछ भनेर भन्दछ । यो पदले भन्ने मन्दिर त सन् ७० मा नाश गरियो भनेर ध्यान दिनु आकर्षित छ र यो मन्दिर त सन् ७० मा नाश गरियो भनेर ध्यान दिनु आकर्षित छ र यो मन्दिर अझै सम्म पनि पुनर्निमाण गरिएको छैन । त्यसै मसिह सन् ७० भन्दा अगाडि नै आउनुपर्छ !!

यस अगमवाणीको परिपूर्णता : (लुका २:२१:३२)

**"आठौ दिनमा बालकको खतना हुदाँ उहाँको नाउँ येशू राखियो, जुन नाउँ उहाँ गर्भमा आउन अघि स्वर्गदूतले दिएका थिए ।**

**मोशाको व्यवस्थाअनुसार तिनीहरुको शुद्ध हुने समय पुरा भएपछि तिनीहरुले उहाँलाई परमप्रभुको सामुन्ने समापन गर्न यरुशलेनमा ल्याए, जस्तो परमप्रभुको व्यवस्थामा लेखिएको छ, "पहिलो जन्मने हरेक जेठोचाहिँ परमभप्रभुको निम्ति पवित्र कहलायनेछ ।" "एक जोर ढुकुर वा परेवाको दुईओटा वचरा" भनि परमप्रभुको व्यवस्थामा भनेजस्तै तिनहिरु बलिदान चढाउन आए ।**

**यरुशलेममा शिमियोन नाउँ भएका एउटा मानिस थिए । उनी इस्राएलका सान्त्वनाको आशा गर्ने धर्मी र भक्तजन थिए, र पवित्र आत्मा उनी माथि हुनुहुन्थ्यो । "परमप्रभुका खीष्टलाई नदेखे सम्म तिमी मर्नेछैनौ ।" भन्ने प्रकाश उनले पवित्र आत्मावाट पाएका थिए । उनी पवित्र आत्माको प्रेरणामा मन्दिर भित्र आए । जब आमा बाबुले बालक यशुलाई उहाँको निम्ति व्यवस्था अनुसारको विधि गर्नलाई मन्दिर भित्र ल्याए तब उनले उहाँलाई आफ्नो काखमा लिए, र परमेश्वरलाई धन्यवाद दिएर भने,**

## ईसाई चरित्र

**"अब हे परमप्रभु, आफ्नो वचन अनुसार तपाईले आफ्नो दासलाई शान्तिसँग विदा दिनुहोस किनकी मेरा आँखाले तपाईको उद्धार देखेका छन्, जो तपाईले सवै मानिसहरुका सामुन्ने तयार पार्नु भएको छ, अन्य जातिहरुलाई प्रकाशको निम्ति जो तिर तपाईको जाति इस्राएललाई महिमाको निम्ति ज्योति ।"**

कसरी मसिह चिनिनुहुनेछ भन्ने कुराको अगमवाणी : (यशैया ६१:१)

**"परमप्रभु परमेश्वरका आत्मा म माथि छ, किनभने गरिवहरुलाई सु-समाचार सुनाउनका निम्ति क्रम प्रभुले मलाई अभिषेक गर्नुभएको छ । मन भाँचिएकाहरुको हृदयलाई बाध्न, कैदमा परेकाहरु स्वतन्तत्रा दिन र बन्धनमा परेकाहरुलाई छुट्काराको घोषणा गर्न उहाँले मलाई पठाउनु भएको छ ।"**

यस अगमवाणीको परिपूर्णता : (मर्कूस १:१०-११ र लूका ७:२२)

**मर्कूस १:१०-११ "पानीवाट उकिल आउने बित्तिकै उहाँले स्वर्ग उघ्रिएको र पवित्र आत्मालाई ढुकुरको रुपमा आफु माथि उर्लदै गर्नुभएको देख्नु भयो । अनि स्वर्गावाट यस्तो एउटा आवाज भयो, "तिमी मेरा प्रिय पुत्र हौं, तिमीसँग म अति प्रसन्न छु ।"**

**लूका ७:२२ - तब उहाँले तिमीहरुलाई भन्नुभयो, "जाओ, र जे तिमीहरुले देख्यौ र सुन्यौ, गएर यूहन्नलाई भनि देओ, अर्थात अन्धाहरुले दृष्टि पाउँछन् र लङ्गडाहरु हिड्छन्, कुष्ठ रोगीहरु निको हुन्छन्, बहिराहरु सुन्छन्, मृतकहरु जिवित भई उठ्छन्, गरिवहरुलाई सु-समाचार सुनाइन्छ ।"**

**प्रश्न : धर्मशास्त्रले "कैदीहरु" र "वन्दीहरु" भनेर के भन्न खोजेको हो ?** [बाइबलले पापलाई कैदको रुपमा मान्दछ र पापको कैदमा भएका मानिसहरुलाई कैदीहरुको रुपमा मान्दछ ।]

**प्रश्न : धर्मशास्त्रले मान्ने सु-समाचार के हो त ?** [कि येशू उद्धारकर्ता हुनुहुन्छ, मानिसहरुलाई तिनीहरुका पापहरुवाट बचाउन हुने मसिह ।]

**प्रश्न : धर्मशास्ले मान्ने यी गरिवहरु को हुन् ?** [गरिवहरु भन्नाले ती विना] ती व्यक्तिहरु जससँग येशू उद्धारकर्ता हुनुहुन्छ भन्ने सु-समाचार सुन्न र ग्रहण गर्न इच्छा छ ।

मसिहको जन्म बारे अगमवाणी : (यशैया ७:१४ र मीका ५:२)

**"यसैकारण परमप्रभु आफैले तिमीहरुलाई एउटा चिन्ह दिनुहुनेछ । हेर, कन्या गर्भवती हुनेछ, र त्यसले एउटा छोरा जन्माउनेछ र उनको नाउँ इम्मानुएल राखिनेछ ।"**

**"तर ए बेथलेहेम एप्राता, तँ यहूदका कुलहरु मध्ये सानो भए तापनि तँबाट मेरो निम्ति एकजना निस्कनुहुनेछ, जो इस्राएलका शासक हुनुहुनेछ, जसको सुरु पुरानो समय देखि, अर्थात प्राचिनकाल देखि नै छ ।"**

नोट : यो पदले मसिह आउनुभएको संसारको सबै सम्भव ठाउँहरुलाई हटाउँन्छ । तर बेथलेहेमको सानो शहर चाहिँ हटाउँदैन ।

यी अगमवाणीहरुको परिपूर्णता : (लूका २:१-७)

**"ती दिनमा कैसर अगस्टसले तिनको सारा साम्राज्यमा जनगणना लिनु भन्ने हुकुम जारी गरे । कुरेनियस सिरियाका हाकिम हुादा यो पहिलो पल्टको जनगणना थियो । सबै जना नाउँ दर्ता गराउन आफ्नो-आफ्नो शहर गए ।**

**योसेफ पनि गालीलको नासरतबाट यहुदियाको बेथलेहेम भन्ने दाउदको शहरमा गए, किनभने तिमी दाऊदका कुटुम्ब र वंशका थिए । नाउँ दर्ता गराउन तिनी आफुसँग मगनी भएकी मरियमलाई साथमा लिउर गए । मरियम गर्भवती थिइन् । तिनीहरु त्यहाँ भएकै बेला आयो । तिनले आफ्नो जेठो छोरो जन्माइन् र उहाँलाई लेगाले बेहेर इँडमा राखिन्, किनकी तिनीहरुमाका निम्ति पौवामा ठाउँ थिएन ।"**

मसिहको जाँचको आगमवाणी : (यशैया ५३:७)

**"ऊ थिचोमिचोमा पऱ्यो, र उसलाई कष्ट पऱ्यो, तापनि उसले आफ्नो मुख खोलेन । मारिनलाई लगेको थुमाजस्तै ऊ डोऱ्याएर लिगयो । आफ्नो ऊनको कत्रनेको सामु भेडा मौन भए झै उसले पनि आफ्नो मुख खोलेन ।"**

नोट : बाइबलले येशूलाई मान्ने नामहरु मध्ये एउटा नाम परमेश्वरका थुमा हो । यो एउटा थुमा थिया जुन पापहरुको क्षमादानको लागि धेरैजसो मन्दिरमा बलिदान चढाइन्थ्यो ।

यस अगमवाणीको परिपूर्णता : (मत्ती २७:१२-१४)

**"अनि मुख्य पुजारीहरु धर्म-गुरुहरुले उहाँमाथि दोष लगाएर, तर उहाँले केही जवाफ दिनुभएन । तब पिलातसले उहाँलाई भने, "तिम्रो विरुद्धमा तिनीहरुले अनेक कुराहरुको गवाही दिँदैछन्, के तिमी सुन्दैनौ ?" तर उहाँले तिनलाई एउटै अभियोगको पनि जवाफ दिनुभएन । हाकिम पनि यस कुरामा साह्रै छक्क परे ।"**

मसिहको मृत्युको तरिकाको अगमवाणी : (यशैया ५३:५)

**"तर ऊ त हाम्रा अपराधहरुका निम्ती छेडियो । हाम्रा अपराधका निम्ति ऊ पेलियो । हामीमा शान्ति ल्याउने दण्ड उसमाथि पऱ्यो र उसको कोर्राको चोटले हामी निको भयौं । "**

नोट : क्रूसीकरण अविष्कार हुन सक्छ भन्ने यशैयाले लेखेका यस अगमवाणी अझ अरु ८०० वर्षहरु हुन सक्छ ।

प्रश्न : किन येशूलाई क्रूसमा मारियो भन्ने कुरामा यशैयाले के कारण दिए ? [हाम्रा पापहरु र हाम्रा गल्तीहरुको कारणले]

यस हगमवाणीको परिपूर्णता : (मत्ती २७:२६)

**"तब तिनले तिनीहरुका निम्ति बारब्बालाई छोडिदिए, तर येशूलाई कोर्रा लगाएर क्रूसमा टाँगिनलाई सुम्पिदिए । "**
**मसिहाको पुनरुत्थानको अगमवाणी : (यशैया ५३:११)**

**"उसका प्राणको वेदनापछि उसले जीवनको ज्योति देख्नेछ र सन्तुष्ट हुनेछ । आफ्नो ज्ञानद्धारा मेरो धर्मी दासले धेरैलाई धर्मी बनाउनेछ र उसले तिनीहरुका अधर्म बोक्नेछ । "**

**यस अगामवाणीको परिपूर्णता : (मत्ती २८:१-७)**

**"शबाथपछि, साताको पहिलो दिन रिमझिम उज्यालो हुदा मरियम मग्दलिनी र अर्की मरियम चिहान हेर्न आए । ठूलो भकम्प गयो, किनकि परमप्रभुका एउटा दूत स्वर्गबाट तल ओर्ले, र आएर ढुङ्गो हटाएर त्यसमाथि बसे । तिनको रुप बिजुलीजस्तो र पोशाक हिउँजस्तो सेतो थियो । तिनको डरले ती पहरादारहरु थरथर काँपे र मरेतुल्य भए ।**

**तर स्वर्गदूतले ती स्त्रीहरुलाई भने, "तिमीहरु नडराओ, किनभने मलाई थाहा छ, तिमीहरु क्रूसमा टाँगिनुभएको येशूलाई खोज्दैछौ । उहाँ यहाँ हुनुहुन्न किनकि उहाँले भन्नुभए बमोजिम उहाँ जीवित भई उठ्नुभएको छ । आओ, उहाँलाई राखिएको ठाँउ हेर । तब चाडो गएर यहाँका चेलाहरुलाई खबर देओ, कि उहाँ मृतकबाट जीवित भई उठ्नुभएको छ, र उहाँ तिमीहरुभन्दा अगाडी गालीलमा जाँदैहुनुहुन्छ । तिमीहरुले उहाँलाई त्यहाँ देख्नेछौ । हेर, मैले तिमीहरुलाई भनिदिएको छु ।"**

येशूको बारेमा बाइबलमा पाइने केहि अरु विवरणहरु यहाँ छन् ताकि तपाईले यो जान्न सक्नुभएको होस कि उहाँ मसिह हुनुहुन्छ, परमेश्वरका पुत्र:

<u>येशूको पारिवारिक रुख</u>

- नोआसंग तीनजना छोराहरु थिए-संसारमा सबै मानिसहरु यी तीन पुरुषहरुबाट नै आएका हुन् । परमेश्वरले यो व्यवस्थित गर्नुभयो कि मसिह नोहाका छोरा शेमबाट आउनेछ ( सबै मानिसहरुमा ३ मध्य २ जनाको सम्भावनालाई हटाएर)

- अझ बढि परमेश्वरले पंक्ति बनाउनु भयो कि मसिह अब्राहाम नाम भएको एकजना मानिसबाट आउनुहुनेछ । अब्राहाम संग इसहाक नाम गरेको एउटा छोरा थियो ।

- इसहाकसंग दुई छोराहरु थिए याकुब र एसाब । परमेश्वरले सम्भावनाहरुको १/२ मात्र छोड्नुभयो ।
- याकुबसंग (जसको नाम पछि इस्राएलमा परिणत गरियो ) १२ जना छोराहरु थिए (र एकजना छोरी) परमेश्वरले मसिह यहुदाको पंक्तिबाट आउने निर्णय गर्नुभयो त्यसैले १२ मध्ये ११ जनाको सम्भावना लाई हटाइयो । यहुदाको जातिबाट राजा दाउद आउनुहुन्छ । परमेश्वरले दाउदलाई उहाँले सदा-सर्वदाको लागी दाउदको सिंहासन स्थापित गर्नुहुने बताउनुभयो कि मोशा उहाका वंशहरुमध्य एक हुनेछ ।

- दाउदको वंश २८ पुस्ताहरुपछि हामी यहाँ आउछौ :"......योसेफका पिता याकुब,योसेफ-मरियमका पति जसद्धरा येशु जन्मनुभएको थियो, जसलाई ख्रिष्ट भनिन्छ" (मत्ती १:१६)

<u>कोहिमध्य अद्भुत तर येशु मसिह बनेर</u>

- पुरानो नियममा ६० प्रमुख अगमवाणीहरु छन् जसले मसिहलाई चिन्दछ र येशु ख्रिष्ट मा सबै कुरा सत्य आएको छ ।
- एउटा मानिसमा यी अगमवाणीहरु मध्ये ८ वटा मात्र सत्य आउने सम्भावनाहरु =१×१०(१०) कसरी एउटा व्यक्तिले हुन आउने यी अद्भुद कुराहरु वर्णन गर्छ भन्ने कुरा यहाँ छ :

- टेक्सस भन्ने राज्यमा २ फीट गहिरो बनाएर प्रशस्त चाँदीका सिक्काहरु राख्नुहोस् । अब ती सिक्काहरु मध्य एउटा लिनुहोस् ,चिन्ह लगाउनुहोस्, ती सिक्काहरुमा फेरि फालेर मिसाउनुहोस् ।त्यसपछि एउटा व्यक्ति लिनुहोस् ,उसका आँखाहरु ढाक्नुहोस् । र उसलाई त्यो चिन्ह लगाइएको सिक्कालाई उठाउन भन्नुहोस्
- संभावनाको कानुनबाट कोही पनि तर येशु मसिह बनेर राज्य गर्नुभयो ।

किन येशुले पूरा गर्नुभएका अगमवाणीहरु त्यत्तिकै बनाउन सकिदैन ?

कोहि मानिसहरुले भन्छन् कि येशुले पुरा गर्नु भएबकाम अगमवाणीहरु उहाँको जीवनकालमा घटेका छ घटनाहरुसंग मेल खानको लागी बनाइएका थिए । यो एउटा  रोचक विचार हो तर यी तीन बुदाँहरु विचार गर्नुहोस् :

१. यी अगमवाणीहरुका लेखकहरुसंग उनीहरुका भविष्यवाणीहरुको परिणाम माथि कुनै नियन्त्रण थिएन । मसिह बारे लेखिएका सबै अगमवाणीहरु उहाँ देखा पर्नभन्दा  लगभग ४०० वर्षहरु अगाडि नै लेखिएका थिए ।

२. मौलिक हिब्रुबाट  बायबलको ग्रीक अनुबाद चाँहि येशु देखा पर्नुभन्दा १०० वर्ष अगाडि नै बनाइएको थियो । यी अगमवाणीहरु त्यत्तिकै बनाइएका हुन् । र येशुको जीवनसंग मेल खुवाइएको हो भन्ने कुनै कुरा छैन ।

३. येशुले पुरा गर्नुभएका आधा जतिका अगमवाणीहरु माथि नियन्त्रण गर्न सक्नुभएन उहाँका पिता - पुर्खाहरु को थिए, उहाँ कहाँ जन्मनुभयो, उहाँ क्रुसमा इत्यादि यी कुनै पनि कुरा माथि येशुको नियन्त्रण थिएन ।

सारांश:

- मसिहका वंश, उहाँको जन्मस्थान,उहाँ देखा पर्नुहुने समय, उहाँको जन्मको तरकि, मृत्यु बारे उहाँको व्यवहार यी सम्पूर्ण विवरणहरु अगमवाणी गरिएका थिए र एक व्यक्ति येशु ख्रीष्ट सत्य आयो ।

- येशु नै मसिह हुनुन्छ परमेश्वरका पुत्र जो धेरै अगाडि प्रतिज्ञा गरिएका थियो र येशु परमेश्वरका पुत्र हुनुभएको कारण, तपाइले यो जान्न सक्नुहुन्छ कि बाइबल-परमेश्वरको वचनले जे भन्छ त्यो सत्य हो ।

## पाठ १० : हस्तान्तरण गर्नुहोस्

के बाइबलले भन्ने कुरा सत्य हो ?(भाग ३)

गृहकार्य पूनर्विचार

**प्रश्नहरु र याद गनुपर्ने पद**

आजको पाठ्य पद

**"किनकि हामीले तिमिहरुलाई हाम्रा प्रभु येशु खीष्टको महाशक्ति र आगमनको समाचार दिदाँ धूर्ततासंग रचिएका दन्त्यकथाहरुको हामीले अनुसरण गरेनौ,तर उहाँको वैभव प्रत्यक्ष देख्ने हामी साक्षी हौं ।" (पत्रुस १:१६)**

पाठ्य उद्देश्य

**जुनवेला  बाइबल लेखिएको थियो त्यसैगरी आज पनि यो बाइबल उस्तै छ भन्ने अर्थपूर्ण प्रमाण दिनु**

पूनर्विचार

बाइबलले भन्ने कुरा सत्य हो भनेर निश्चित गर्ने प्रमाणका केहि टुक्राहरु यहाँ छन्,:

- बाइबलले बनाइएको तरीका
- पुरातात्विक खोजहरु
- बाइबलमा रहेका वैज्ञानिक सुचनाको यथार्थ
- व्यक्तिगत गवाहि र पुरा भएका अगमवाणी

परिचय

बालबालिकाहरुलाई(साथै बुवाहरु)एउटा घेरामा बसाल्नुहोस् । समूहको लिडरले उसको दाहिने पट्टि भएको व्यत्तिलाई एउटा सन्देश कानेखुशी गर्छ । हरेक व्यक्तिले पनि आफूले भर्खरै सुनेको कुरा आफ्नो दाहिने पट्टि भएको व्यत्तिलाई कानेखुशी गर्न सकिन्छ । जब त्यो सन्देश फेरी तपाई तिर फर्कनछ, तपाइले भर्खरै सुन्नुभएको कुरा दोहोऱ्याउनुहोस् । त्यसपछि समूहमा मूल सन्देश फेरि दोहोऱ्याउनुहोस् ।
यहाँ त्यो सन्देश छ (अप्ठ्यारो नमान्नुहोस्) ।:"आदिमा वचन थियो र वचन परमेश्वर संग थियो, र वचन परमेश्वरसंग हुनुहुन्थ्यो । आदिमा उहाँ परमेश्वरसंग हुनुहुन्थ्यो ।"

छलफल गर्ने प्रश्न

- **के यो सन्देश बिल्कुल शब्दमा समाप्त भयो ? के यो सन्देशको अर्थ यसको मूल अर्थबाट परिवर्तन भयो ?**
- **यदि यो सन्देश खेलको अन्तमा मूल सन्देशबाट परिवर्तन भएको थियो भने तपाईलाई कस्तो लाग्छ, कनि यो परिवर्तन भयो होला? [यो सन्देश तब परिवर्तन भयो जव एउटा व्यक्तिले यो सन्देश अगाडि बाढ्यो तर ठीक रुपमा दोहोऱ्याएन ।**

हस्तान्तरण गर्नुहोस्

# ईसाई चरित्र

टेलिफोन खेलवाट तपाईले भर्खर सिक्नुभएको कुरा दिमागमा राखेर, कसरी हामी निश्चित हुन सक्छौं कि जस्तो बाइबलमूल रुपमा लेखिएको थियो, आज पनि उस्तै छ ? अरु शब्दहरुमा भन्दा, कसरी हामी निश्चित हुन सक्छौ कि हामीसंग आज भएको बाइबलमा भेटाइएका लेखहरु चाहिँ मूलबाट हस्तान्तरण गरिएको थियो ।

## पुरानो नियमबाट प्रमाण

छापाखाना अविष्कार गरिनभन्दा अघि नै, धर्मपुस्तक लेखकहरुले हातले धर्मपुस्तकहरु बनाए । ती लेखकहरु एकदमै व्यवसायिक थिए र आफ्ना कामहरुमा धेरै होशियार थिए । उनीहरु परमेश्वरको पचनसंग काम गर्दै थिए, उनीहरु आफ्ना कामहरुसंग एकदमै सही हुन होशियार थिए ।

**प्रश्न : मानिसहरु जतिसुकै होशियार होस्, हामीले गल्तीहरु गरिरहेका हुन्छौ । मानवीय** भूलको बारेमा के त:? [पुरानो नियम चाहिँ मूल रुपमा हिब्रमा लेखिएको थियो र पछि ल्याटिन र ग्रीकमा अनुवाद गरियो । जव ल्याटिन र ग्रीकका अनुवादहरु मूल हिब्रसँग तुलना गरिन्छ, हामीसँग अहिले भएका सबै अनुवादहरुले अचम्म प्रकारकाले स्वीकार गर्दछ । पहिले थहा भएका पुरानो नियमको प्रतिलिपि सन् ९०० तिरको थियो । लगभग सन् ९०० देखिको प्रतिलिपिलाई 'मासोरेटिक टेक्स्ट' भनिन्छ किनभने यो मासोरेटिक भनिने यहूदी धर्मपुस्तक लेखकको समूहबाछ आएको थियो ।

**प्रश्न : कसरी हामी जान्दँछौ कि कूम्राम भनिने ठाउँमा ई.पू.१५० देखि सन् ७० सम्म बस्ने गर्दथे** । यस समुदायको पुरुषको झुण्डले उनीहरुका समय धर्मपुस्तक र सार्दै बिताउँथे । जब शेमीहरु इस्राएल आक्रमण गर्न जादैँछन् भन्ने कुरा स्पष्ट भयो, तब उनीहरुले जोगाउनको लागि ती सूचीपात्रहरु माटाको भाडाँको गाग्रीमाहरुमा राखे र लाल समुन्द्र नजिकैको घाटीको गुफाहरुमा लुकाईदिए । सन् १९४७ मा यी, सूचीपत्रहरु भेटाइए र मृत सागर सूचीपत्रको रुपमा जानिन पुगे ।

**प्रश्न : किन यी मृत सागर सूचीपत्रहरु महत्वपूर्ण छन्** ? [जब यी मृत सागर सूचीपत्रहरु भेट्टाइएका थिए तब मात्र १००० वर्ष फरकमा उस्तै धर्मपुस्तकहरुका प्रतिलिपिहरु तुलना गर्न सम्भव भयो ।] जब यी मृत सागर सूचीपत्र प्रतिलिपिहरु मासोरेटिक टेक्स्टसँग (मृत सागर सूचीपत्र भेटाइनुभन्दा अगाडी थाहा भएका धर्मपुस्तकको पूर्ण प्रतिलिपिको पूर्ण) तुलना गरिन्छ तब ती प्रतिलिपिहरु एकदम मेल खान्छन् ।
परक चाहिँ के कुराले पार्छ भने के-कति थोरै भिन्नताहरु पाइएको थियो, धर्मपुस्तकको अर्थ परिवर्तन भएको छैन ।

**प्रश्न : त के मासोरेटिक प्रतिलिपि मूल धर्मपुस्तकबाट एउटा राम्रो अनुवादको रुपमा थियो** ? [मृत सागर सूचीपत्रले पनि यस प्रश्नको उत्तर दिन्छ ।] पुरानो नियमको सेप्टुआजिन्ट भनिने ग्रीक अनुवाद छ । सेप्टुआजिन्ट चाहिँ ई.पू.२०० तिरको कुरा हो । जब सेप्टुआजिन्टलाई मृत सागर सूचीपत्रसँग तुलना गरिन्छ तब तुलनाले यी प्रतिलिपिहरु समान छन् भन्ने देखाउँछ ।

यो कुराको प्रमाण छ कि धर्मपुस्तकहरु धेरै होशियारसाथ ई.पू. २०० देखि जोगाएर राखिएको थियो र हामीसँग अहिले जे छ त्यो मूल रुपमा जसरी लेखिएको थियो त्यससँग अत्यन्त नजिकै छ ।

## नयाँ नियमबाट प्रमाण

आज ४,००० भन्दा बढी नयाँ नियम हस्तलिपिहरुका प्रतिलिपिकहरु अस्तित्वमा छन् । यी हस्तलिपिहरु विभिन्न लेख्य वस्तुहरुमा सारिएका छन् र विद्वानहरुले पनि निश्चय गरेका छन् कि हामीसँग मूल धर्मशास्त्रको ९९.९% को प्रतिलिपिहरु छन् ।

**प्रश्न : किन यो महत्वपूर्ण छ कि हामीसँग सकिने वस्तुहरुमा प्रतिलिपिहरु छन् ?** [धर्मशास्त्रको प्रतिलिपिहरु कुनै परिवर्तन भएको छ कि भनेर हेर्न लामो समयको अवधिमा तुलना गर्न सकिन्छ ।

यी विभिन्न वस्तुहरु सारिएका धर्मपुस्तहरुलाई दाँजेर हेर्दा, हामीले शब्दमा कुनै खास भिन्नता पाँदैनौं र भेटाइएका भिन्नताहरुले गर्दा शब्दहरुको अर्थ त परिवर्तन गर्दैन । पुरानो करारका लेखहरुसँग जस्तै नयाँ करारका लेखहरु पनि सारिएका छन् र धेरै होशियारीसाथ जोगाएर राखिएका छन् ।

**प्रश्न : नयाँ नियममा वास्तवमा लेखिएको थियो ?** [सुरुमा, हामीले यो विश्वास गर्नुपर्छ कि जव सम्म लेखकले विरोधहरु अथवा वेठिक वर्णनहरु बनाउँदैनन् तब सम्म लेखिएका कुराहरु ठिक हुन् ।]

लेखिएका कुराहरु ठिकसँग लेखिएक थिए भनेर हेर्नको लागि जाँचको रुपमा एउटा प्रयोग गर्न सक्ने जाँच चाहिँ प्रत्यक्ष वा गवाहीहरुले लेखिएका कुराहरुको बारेमा भन्ने कुरा नै हो । साक्षीहरु अथवा प्रत्यक्ष गवाहीहरुले भनेका विवरणहरुसँग सम्बन्धित पुरुषहरुले नै नयाँ नियम लेखी । बाइबल भन्छ, **“हाम्रो माझमा घटेर पुरा भएका घटनाहरुको विवरण संग्रह गर्ने काम धेरै जनाले आफ्नो हातमा लिएका छन् तिनीहरु जो सुरु देखि नै वचनका प्रत्यक्ष गवाह र सेवकहरु थिए, तिनीहरुले यी कुरा हामीलाई सुम्पि दिए माननिय थियोफिलस, मैले आरम्भदेखि नै सावधानीसाथ सवै कुराको खोजी गरेको छु, र तपाईको निम्ति एउटा क्रमै अनुसारको विवरण लेख्नु मलाई असल लाग्यो, ताकि तपाईलाई बताइएका विषयहरुको सत्यता तपाईलाई थाहा होस् । (लूका १:१-४)**
**“किनकी हामीले तिनीहरुलाई हाम्रा प्रभु येशू ख्रीष्टको महाशक्ति र आगमनको समाचार दिदा धधूर्ततासँग रचिएका दन्त्य कथाहरुको हामीले अनुशरण गरेनौ, तर उहाँको वैभव प्रत्यक्ष देख्ने हामी साक्षी हौं ।”** (२ पत्रुस १:१-६)

येशूको नयाँ करार विवरणहरु ती मानिसहरुका जीवनका कालका अन्तरमा फैलाइएका थिए जो येशूको मिनिस्ट्री भरि बाँचेका थिए । यी मानिसहरुले नै येशूको बारेमा लेखिएका विवरणहरुको यथार्थ निश्चित गर्न सक्थे अथवा अस्वीकार पनि गर्न सक्थे ।

**प्रश्न : नयाँ करारका विवरणहरु मुखको वचनद्वारा ठिक ती कुराहरु भएपछि अघि बढाइएका थिए भने सम्भावनाको वारेमा के त र केही समयमा कहानीहरु, पौराणिक कथाहरु र शिक्षा दिने कथाहरु बने ?** [नयाँ नियमका किताबहरु येशूको जीवन पछि एउटा पुस्ताको अन्तरमा निर्माण गरिएका र जम्मा गरिएका थिए ।] विद्वान व्यक्तिहरु हामीलाई यसो भन्छन् कि छोटो कथाहरु अथवा पौराणिक कथाहरु विकास गर्नको लागि २०-५०) वर्षहरु चाहिँ पर्याप्त समय होइनन् । मानिसहरुले अहिले सम्म पनि येशूले गर्नुभएका र अझ उहाँले भन्नुभएका विषेश शब्दहरु याद गर्न सक्छन् ।

**प्रश्न : के बाइबलमा लेखिएका कुराहरु यथार्थ हुन् भनेर बाइबलीय लिखित प्रमाणहरु बाहेक अरु कुनै यथार्थ प्रमाण छ?** [पुरातत्व अनगिन्ती लेखिएका अंशहरु पुष्टि गरेका छन् बाइबलमा नभेटाइएका कामहरु समेत लेखेका छन् । तर उही अवधि भरि लेखिएका थिए । जव सु-समाचारिय विवरणहरुमा लेखिएका कुराहरु नयाँ नियमका धर्मग्रन्थहरुमा रहेका कुराहरु सित मेल ठान्छन् ।] यी कुराहरुले बाइबलमा लेखिएका घटनाहरु वारे यथार्थको प्रमाण दिन्छन् ।

साराशँ

के यसले यो कुराको भाव दिदैन कि यदि परमेश्वरले उहाँका वचनहरु हजारौ वर्षहरुको लागि ठिकसँग लेखिएको र जोगाएर राखेको चाहनुहुन्छ भने उहाँ ती मानिसहरुलाई डोर्‍याउनुहुन्छ जसले लेख्ने र जोगाउने काम गर्दैछन् ?
को पुनरवलोकन

पाठ # ११ पाठ ८-१० को पुनरवलोकन

आजको पाठ्य पद

**"सम्पूर्ण पवित्र-शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो । र यो सिकाउनलाई अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालीम दिनलाई लाभदायक हुन्छ "(२ तिमोथी ३:१६)**

पाठ्य उद्देश्य

**अर्थपूर्ण प्रमाण दिन कि**

- बाइबल परमेश्वरको वचन हो
- बाइबलले भन्ने कुरा सत्य हो ।
- बाइबलका लिखित प्रमाणहरु आज पनि उस्तै छ जस्तो यी प्रमाण हरु मौलिक रुपमा लेखिएका थिए ।

पाठ # ८ को पुरनरवलोकन

**के बाइबलले भन्ने कुरा साच्चै सत्य हुन् श्र**

बाइबलले केहि चकित पार्ने दाबीहरु गर्दछ :

- बाइबल परमेश्वरको वचन हो-जुन परमेश्वर आफैले लेखिन चाहनुभयो(२ तिमोथि ३:१६)
- परमेश्वर भन्नुहुन्छकी उहाँको वचन सबै सत्यताको लागी झण्डा हो । (हितोपदेश ३०:५)
- परमेश्वरको वचन चाँहि लेखिएको समयमा मात्र सत्य थिएन तर आज पनि सत्य छ र सदाको लागी सत्य हुनेछ । (भजनसंग्रह (११९:१६०)
- हाम्रो वर्तमान अवस्था बारे सत्यता (रोमी३:२३)
- परमेश्वरले हाम्रो निम्ति के गर्नु भयो भन्ने बारे सत्यता (यूहन्ना ३:१६)
- हामीले बचायनको लागी के गर्नुपर्छ भनने बारे सत्यता (रोमी १०:९ )
- हामी कसरी जिउनु पर्छ र कसरी हामीले परमेश्वरको आराधना गर्नुपर्छ भन्ने वारे सत्यता (रोमी १२ :१-२ )

**प्रश्नः बाइबलले भन्ने कुरा सत्य हो भनेर पक्का गर्ने के प्रमाण छ ?**

- बाइबल निर्माण गरिएको तरिका
- पुरातात्विक खोजहरु
- काइबलमा रहेको वैज्ञानिक जानकारीको यथार्थ
- व्यक्तिगत गवाही
- पूरा भएको अगमवाणी

<u>पाठ # ९ को पुनरवलोकन</u>

**के बाइबलले भन्ने कुरा साच्चै सत्य हो ? पूरा भएको अगमवाणी**

<u>प्रश्नः</u> अगमवाणी के हो ? [अगमवाणी परमेश्वरको सन्देश हो-भविष्यमा सत्य आउने कुरा बारे धेरै पटक गरिएको भविष्यवाणी ।]

**प्रश्न : कसरी हामी जान्न सक्छौ कि एउटा निश्चित अगमवाणी परमेश्वरवाट को हो ?** बाइबल भन्छ : **"तर जुन अगमवक्ताले शान्तिको अगमवाणी कहन्छन्, यदि त्यो पुरा भयो भने मात्र यथार्थमा ति नै अगमवक्तालाई परमप्रभुले पठाउनु भएको रहेछ भनि चिनिनेछ ।" (यर्मिया २८:९)** बाइबलमा बनाइएका हरेक अगमवाणी अथवा भविष्यवाणी चाहिँ पुरा भएका छन् । अथवा सत्य आएको छ-समय भएको भए पुरा भएर आएको छ । कुनै घटनाहरु जुन हुनेछ भनेर हामीलाई भनिएको छ, अझै पनि भएको छैन तर ती हुनेछन् ! पुरानो नियममा मानिसलाई चिनाउने ६० वटा प्रमुख अगमवाणीहरु छन्, र सवै येशू खीष्टमा सत्य आएको छ ।

- एउटा मानिसमा यी अगमवाणीहरु मध्ये ८ वटा मात्र सत्य आउने सम्भावनाहरु=१×१० (१७)
- सम्भावना सिद्धान्त कसैले पनि शासन गर्छ तर उहाँ येशू हुनुहुन्छ ।

मसिह भएर येशूले पुरा गर्नु भएका अगमवाणीहरु येशूको जीवनमा घटेका घटनाहरु सँग मेल खुवाउन बनाउन सक्दैन ।

- यी अगमवाणीहरुका लेखकहरुको भविष्यवाणीहरुको परिणाम माथि कुनै नियन्त्रण छैन । मसिह वारे लेखिएका सवै अगमवाणीहरु उहाँ देखा पर्नु भन्दा लगभग ४०० वर्ष अघि बनाइएका थिए ।

- मूल हिब्रुवाट को बाइबलको ग्रीक अनुवाद येशू देखा पर्नु भन्दा १०० वर्ष अघि बनाएका थिए । यी अगमवाणीहरु बनावटी हुन् तर त्यसपछि येशूको जीवनसँग मेल खुवाइएको हो भन्ने त कुनै कुरा छैन ।
- येशूले पुरा गर्नु भएका अगमवाणीहरुका आधार माथि पनि उहाँले नियन्त्रण गर्न सक्नु भएन । उहाँका पिता-पुर्खाहरु को थिए, उहाँ कहाँ जन्मनु भयो, उहाँ क्रुसमा मर्नुभए पछि उहाँका कपडाहरुको लागि सिपाहीहरुले धेरै पैसा हालेका थिए, इत्यादि-यी कुनै पनि कुरा माथि येशूको नियन्त्रण थिएन ।

पाठ # १० को पुनर्वलोकन

**के बाइबल जस्तो सुरुमा लेखिएको थियो आज पनि उस्तै छ ?**

पुरानो नियमवाटको प्रमाण

छापा खाना आविष्कार गरिनु भन्दा अघिनै यहुदी कानुनका गुरुहरुले हातले धर्म पुस्तकहरु बनाए । ती धर्म गुरुहरु धेरै सिप भएका व्यक्तिहरु थिए र आफ्ना कामहरुमा धेरै होशियार थिए । किनकी उनीहरु परमेश्वरहरुको वचनसँग काम गर्दै थिए, उनीहरु आफ्ना कामहरुसँग एकदमै सही हुन होशियार थिए ।

**प्रश्न : मानिसहरु जति सुकै होशिया किन नहोस्, हामीले अझैपनि गल्ती गर्छौ । मानविय भुलको बारेमा के त ?** [पुरानो नियम चाहिँ मूल रुपमा हिब्रुमा लेखिएको थियो र पछि ल्याटिन र ग्रीकमा अनुवाद गरियो । जव ल्याटिन र ग्रीकका अनुवादहरु मूल हिब्रुसँग तुलना गरिन्छ, तब हामी सँग अहिले भएका सबै अनुवादहरु अचम्म प्रकारले स्वीकार गर्दछ ।]

- **प्रश्न : किन यी मृत सागर सूचीपत्रहरु महत्वपूर्ण छन् ?** [१००० वर्षको अन्तरालमा पनि हामीले अहिले पनि त्यही धर्म पुसतकहरुका प्रतिलिपिहरु तुलना गर्न सक्छौ ।]

- **प्रश्न : यी प्रतिलपिहरुको तुलना गर्दा हामीले के भेटाउँन सक्छौ ?** [आउने प्रमुख भिन्नताहरु भनेको हिज्यमा र लेख्ने शैलीमा हो ।] फरक के कुरा पार्छ भने के सँग सानो भिन्नता भेटाइएको थियो । धर्मपुस्तकको अर्थ चाहिँ परिवर्तन भएको छैन ।

नयाँ नियमवाट को भिन्नता

धर्मपुस्तकका प्रथम प्रतिलपिहरु चाहिँ पपिरसमा हुन्, ईसाइतत्वको सुरुवातमा लेख्नको लागि प्रयोग गरिएको एउटा साधारण वस्तु पपिरस चर्म पत्रवाट परिवर्तन गरिएको थियो, जुन मध्यकालमा प्रयोग गरिएको थियो । कागजको सत्तामा चर्मपत्र र आज पनि अझै पनि प्रयोग गरिएको छ ।

**प्रश्न : किन यो महत्वपूर्ण छ कि हामीसँग विभिन्न लेख्न सक्ने वस्तुहरुमा प्रतिलिपिहरु छन्** [धर्मशास्त्रको प्रतिलिपिहरु कुनै परिवर्तन भएको छ कि भनेर हेर्न लामो समयको अवधिमा पनि तुलना गर्न सकिन्छ ।]
यी विभिन्न वस्तुहरुमा सारिएका धर्मपुस्तकहरुलाई दाँजेर हेर्दा, हामीले शब्दमा कुनै खास भिन्नता पाउँदैनौ र भेटाइएको भिन्नताहरुले गर्दा शब्दहरुको अर्थ त परिवर्तन गर्दैन । पुरानो करारका लेखहरुसँग जस्तै नयाँ करारका लेखहरु पनि सारिएका छन् । धेरै होशियारी साथ जोगाइएर राखेका छन् ।

**प्रश्न : नयाँ नियममा वास्तवमा लेखिएको वारेमा के त ? कसरी हामीले थाहा पाउन सक्छौ ? कि यो ठिक रुपमा लेखिएको थियो ?** [सुरुमा, हामीले यो विश्वास गर्नु पर्छ कि जव सम्म लेखकहरुले विरोधहरु अथवा वेठीक वर्णनहरु बनाउँदैनन् तव सम्म लेखिएका कुराहर ठिक हुन् ।]

बास्तविक रुपमा लेखिएका कुराहरु ठिक सँग लेखिएका थिए भनेर थहा पाउन हामीलाई सहायता गर्नको लागि प्रयोग हुन सकिने केही जाँचहरु यहाँ छन् ।

- प्रत्यक्ष गवाहीका विवरणहरु : ती पुरुषहरु जो प्रत्यक्ष गवाही बनेका थिए अथवा जो नियममा प्रत्यक्ष गवाहीहरुले भनेका कुरा लेखिएका विवरणहरुसँग सम्वन्धित छन् ।

- येशूको नयाँ करारका विवरणहरु ती मानिसहरुका जीवनकालका अन्तरमा फैलाइएका थिए जो येशूको सेवकाई भरि बाँचेका चिए । यहि मानिसहरुले नै येशूको बारेमा लेखिएका विवरणहरुको यथार्थ निश्चित गर्न सक्थे अथवा अस्वीकार पनि गर्न सक्थे ।

**प्रश्न : नयाँ करारका विवरणहरु मुखको वचनद्वारा ठीक ती कुराहरु भएपछि अघि बढाइएका थिए भन्ने सम्भावनाको बारेमा के त र केही समयमा ती कहानीहरु, पौराणिक कथाहरु र शिक्षा दिने कथाहरु बने ?** [नयाँ नियमका किताबहरु येशूको जीवनपछि एउटा पुस्ताको अन्तरमा निर्माण गरिएका र जम्मा गरिएका थिए ।]

विद्वान व्यक्तिहरु हामीलाई यसो भन्छन् कि छोटा कथाहरु अथवा पौराणिक कथाहरु विकास गर्नका लागि २०-५० वर्ष चाहिँ पर्याप्त समय होइनन् मानिसहरुले अहिले सम्म पनि येशूले गर्नुभएका र अझ उहाँले भन्नु भएका विशेष शब्दहश्र याद गर्न सक्छन् ।

प्रश्न : के बाइबलमा लेखिएका कुराहरु यथार्थ हुन् भनेर बाइबलीय लिखित प्रमाणहरु वाहेक अरु कुनै यथार्थ प्रमाण छ ?

- पुरातत्व
- बाइबलमा नभेट्टाइएका लेखहरु पनि नयान नियमको धर्मशास्त्रमा रहेका कुराहरुसँग सहमत गर्दछ ।

पाठ # १२

के येशू ख्रीष्टमात्र परमेश्वर तर्फको एक मात्र बाटो हुनुहुन्छ ?

<u>गृहकार्य पुनरावलोकन</u>

**प्रश्नहरु र याद गर्नुपर्ने पद**

<u>आजको पाठ्यपद</u>

**"अरुको कसैमा मुक्ति छैन, किनकी हामीले मुक्ति पाउनलाई स्वर्ग मुनि मानिसहरुमा अर्को कुनै नाउँ दिइएको छैन ।" (प्रेरित ४:१२)**

<u>पाठ् उद्देश्य</u>

**अर्थपूर्ण प्रमाण दिनको लागि कि परमेश्वरसँगको व्यक्तिगत सम्वन्धको लागि येशू ख्रीष्टनै एक मात्र वाटो हुनुहुन्छ।**

<u>छलफल गर्ने प्रश्नहरु</u>

**हरेक धर्मले परमेश्वर बारे ठीक ज्ञान भएको दावी गर्छ । किनकी हरेक धर्म ठीक भएको दावी गर्छ, के तपाई जान्न सक्नुहुन्छ, कुन ठीक हो ?**

<u>पुनरावलोकन</u>

अघिल्लो भागमा (पाठ १-१०) हामीले परमेश्वर हुनुहुन्छ अर्थपूर्ण प्रमाण अघि राख्यौ, येशुले वहाँ परमेश्वर भएको दावी सत्य हुन, वाइवल परमेश्वरको बचन हो, र आज हामीसँग भएको बाइवल मुल कागत- पत्रहरुवाट अर्थहिन रुपमा परिवर्तन भएको छ ।

परिचय

मानिसहरु कुनै पनि कुरावारे तिनीहरुका विश्वासहरुमा सहि हुन चाहन्छन् तर विशेष रुपमा जब कुरा धर्ममा आउछ । निश्चित विश्वासका सदस्य अथवा अनुयायीहरुले परमेश्वरवारे तिनीहरुका विश्वासहरुमा तिनीहरु ठीक छन् भन्ने कुरा थाहा पाउन चाहन्छन् ।
आजको पाठमा, हामी दुई प्रश्नहरुका उत्तरहरु दिन कोसिस गर्नेछौं :

१. के इसाइत्व र अरु धर्महरु मुख्य रुपमा एउटै हुन् ?
२. के येशु ख्रिष्ट नै परमेश्वरसँग व्यक्तिगत सम्वन्धको एकमात्र वाटो हुनुहुन्छ ?

के यशुख्रिष्ट परमेश्वर तर्फको एकमात्र बाटो हुनुहुन्छ ?
(यूहन्ना १४:१-७)

**"तिमीहरुको हृदय व्याकुल नहोस । तिमीहरु परमेश्वरमाथी विश्वास गर्दछौं, म माथी पनि विश्वास गर । मेरा पिताको घरमा वस्ने ठाउँहरु धेरै छन् । त्यसो नभए, के म तिमीहरुलाई भन्ने थिए र, कि तिमीहरुका निम्ति ठाउँ तयार पार्न म गईरहेछु ? अनि गएर मैले तिमीहरुका निम्ति ठाउँ तयार पारेपछि म फेरी आउनेछु, र तिमीहरुलाई म कहाँ लैजानेछु, र म जहाँ छु, त्यहाँ तिमीहरु पनि हुनेछौं । जहाँ म गईरहेछु, तिमीहरु त्यहाँ जाने वाटो चिन्छौं ।" थोमाले उहाँलाई भने, "हे प्रभु, तपाँई कहाँ जाँदै हुनुहुन्छ, हामी जान्दैनौ, तव हामीले बाटो कसरी चिन्ने?" यशुले तिनलाई भन्नुभयो, "वाटो, सत्य र जीवन मनै हुं । मद्वारा बाहेक पनि पिताकहाँ आउन सक्दैन । तिमीहरु मलाई चिनेका भए, मेरा पितालाई पनि चिन्ने थियौं । अवदेखि उसो उहाँलाई चिन्दछौ, र उहाँलाई देखेका छौ ।"**

इसाइहरुले येशुख्रिष्टनै परमेश्वरसँग सम्वन्ध स्थापित गर्ने एक मात्र वाटो हुनुहुन्छ भनेर दावी गर्छ किनकी धर्म शास्त्र भन्छ, **"अरु कसैमा मुक्ती छैन, किनकी हामीले मुक्ती पाउनलाई स्वर्गमुनी मानिसहरुमा अर्को कुनै नाउँ दिइएको छैन ।" (प्रेरित ४:१२)**

इसाइहरुले यो विश्वास गर्छन, यो सत्य छ भनेर तिनीहरुले निर्णय गरेका कारणले होइन तर येशुख्रिष्टले यो सिकाउनु भएको कारण हो । **येशुले भन्नुहुन्छ, "वाटो, सत्य र जीवन म नै हुँ । मद्वारा वाहेक कोहि पनि पिताकहाँ आउन सक्दैन ।" यशुले उहाँनै मुक्तिको एकमात्र वाटो हुन् भन्ने दावी गर्नुहुन्छ । (यूहन्ना १४:६)**

**प्रश्न : अरु विश्वासहरुका मानिसहरुवारे के त जसले उनिहरुको धर्मसँग परमेश्वर को हुनुहुन्छ र उहाँ कस्तो हुनुहुन्छ भन्ने प्रश्नहरुको सहि जवाफहरु छन् भनेर दावी गर्दछन् ।** [एउटा इसाई उसको प्रभुको रुपमा यशुसँग विश्वास योग्य हुन सक्दैन र कुनै पनि अरु विकल्प सँग सहमत हुन सक्दैन अथवा अगाल्न सक्दैन ।] एउटा इसाई सत्यताको समस्यासँग सामना हुँदछ । यदि येशुख्रिष्टले नै उहाँले आफु दावी गर्नुभएको हुनुहुन्छ भने हामीसँग यस विषयमा परमेश्वर स्वर्यको प्रमाणित बचन छ । यदि येशुनै परमेश्वर हुनुहुन्छ र यहाँ अरु कुनै उद्धारकर्ता छैन भने स्पष्ट रुपमा उहाँनै परमेश्वर तर्फको एकमात्र वाटो हुनुहुन्छ ।

**प्रश्न : जव येशु भन्नुहुन्छ, "म वाटो हु" तव यसले के अर्थ लिन्छ ?** आदिमा, परमेश्वरले पृथ्वी सृष्टि गर्नुभयो र यो असल थियो भन्नुभयो । त्यसपछि परमेश्वरले पहिलो पुरुष, आदम र पहिलो स्त्री हब्वा सृष्टि गर्नुभयो । उनिहरु उहाँको सृष्टिको रत्नहरु थिए । आदिमा उनहिरु सिद्ध थिए- परमेश्वरले चाहनुभएको जस्तै ।

**प्रश्न : परमेश्वरले आदम र हव्वाको प्रेमको लागि जाँच गर्नुभयो । परमेश्वरको जाँच के थियो ?** [परवेश्वरलको लागि मानिसहरुको प्रेमको जाँच आज्ञाकारीता थियो ।] आदमले परमेश्वरको आज्ञा पालन नगर्ने निश्चय गरे र त्यस समयमा त्यो सिद्ध भन्दा कम भयो । अब आदमले उसले चाहे अनुसारको तरिकामा सधैं सोच्ने गरे । उ चाहीँ परमेश्वरले मुल रुपमा उसको निम्ति विचार गर्नु भए जस्तो अरु थिएन ।

**प्रश्नः आदमको अनाज्ञाकारिताको कारणले के भयो ?** [तपाइ र म परमेश्वरवाट अलग भयौं ।]

बाइवल भन्छ कि, **"एउटा मानिसद्वारा संसारमा पाप आयो, र पावबाट मृत्यु । यसरी सबै मानिसले पप गरेका हुनाले सबै मानिसमा मृत्यु फैलियो ।" (सेमी ५:१२)** आदमले हरेक व्यक्तिलाई परमेश्वरप्रति अनाज्ञाकारी हुने निश्चय गर्ने उसको स्वभाव दिएको छ परमेश्वरप्रति अनाज्ञाकारीताको अर्को नाम "पाप" हो । र हाम्रा परमेश्र पवित्र हुनुभएको कारण-पापवाट अलग एउटा पापी मानिस परमेश्वरको उपस्थितिमा उभिन सक्दैन । परमेश्वरले सृष्टि गर्नुभएको पृथ्वीले समेत त्यसको मूल सुन्दरता र असलपन गुमायो जब पाप संसारमा प्रवेश गऱ्यो ।

**प्रश्न : परमेश्वरले के गर्नुभयो ?** [उहाँले एउँटा प्रतिज्ञा गर्नुभयो । प्रतिज्ञा यो हो : "म तिमीलाई सधैंको लागि यस अवस्थामा छोड्ने छैन- पापवाट उद्धार गर्ने बाटोविना र मबाटको बिछोड । " म एउटा "बाटा" बनाउनेछु र तिमी यस बाटो भएर म कहाँ आउन सक्छौ । मैले तयार गर्ने बाटोले तिमीलाई तिम्रो लागि मसँग भएको प्रमे देखाउनेछ र मेरो लागि साथै एक अर्काको लागि तिमीसँग भएको मैले चाहेको प्रेम] यो "बाटो", येशु ख्रीष्ट हुनुहुन्छ ।

**प्रश्न : येशु भन्नुहुन्छ, "बाटो, सत्य र जीवन म नै हुनँ, म बाहेक पिताकहाँ कोहि आउन सक्दैन ।" तर कसरी येशु मात्र यो दाबी गर्नुहुने बन्न सक्नुहुन्छ ?** [यो प्रश्नको उत्तर अर्को प्रश्न जाँचेर दिन सक्छौं]"

- प्रश्नः के-कस्ता विभिन्न कारणका सित्द्धान्तहरु, आत्मिक सित्द्धान्तहरु रहन्छन् ? [प्रकृतिको प्राकृतिक सित्द्धान्तहरु, सामाजिक अथवा कानून सम्बन्धी सित्द्धान्तहरु, आत्मिक सित्द्धान्तहरु]
- प्रश्न : कस्तो प्रकारको प्राकृतिक सित्द्धान्तहरु हुन्छन् ? [गुरुत्वाकर्षण, शक्ति र वस्तुविच पारस्परिक क्रिया ।]
- प्रश्न : समाजले कस्तो प्रकारको सिद्धान्त बनाउँछ ? [ वेगको सीमा, मत दिन अधिकारहरु ।]

जस्तो प्रकृति शासन गर्ने प्राकृतिक सिद्धान्तहरु हुन्छन्, समाज शासन गर्ने कानूनी सिद्धान्तहरु हुन्छन्, त्यसैगरि आत्मिक सिद्धान्तहरु हुन्छन् । एउटा आत्मिक सिद्धान्त यो हो : पापको लागि भुक्तानी आवश्यक हुन्छ । जब हामी पाप गर्छौं तब हामीले परमेश्वर विरुद्ध अपराध गर्छौं । हामी मानिस भएको कारण एउटा मानिसले मात्र सजाय चुकाउन सक्छ । तर अपराध चाहीँ असीमित परमेश्वरको विरुद्ध भएको कारण, केवल परमेश्वर आफैले मात्र एक हुनुहुन्छ  जसले हाम्रो निम्ति यो गर्न सक्नुहुन्छ ।येशू, परमेश्वरका एक मात्र पुत्र भएर , मात्र एक हुनुहुन्छ  जसले हाम्रो निम्ति यो गर्न सक्नुहुन्छ ।

येशु खीष्टले यो दावी गर्न सक्नुहुन्छ : " म नै बाटो हुँ" किनकि उहाँ परमेश्वर हुनुहुन्छ  भनेर यशुले गर्नुभएका दाबीहरु सत्य हुन् । तर उहाँ परमेश्वर हुनुभएको कारण हामीसँग यस विषयमा परमेश्वर स्वयम्को प्रामाणिक बचत छ (अझ बढी पूर्ण पुनरावलोकनको लागि पाठ #४ हुर्नुमोस् )

**प्रश्न : फेरि ती मानिसहरुका बारेमा के त जसले येशू परमेश्वर हुनुहुन्छ भनेर विश्वास नगर्ने बताउँछन् । मेरो धर्मले अर्को "बाटो" सिकाउँछ ?** (सत्यताको तीनवटा भागहरुको पुनरावलोकन गरौं) :

१. केही कुरामथि साँचो रुपमा विश्वास गर्नाले त्यस कुरालाई सत्य बनाउँदैन, त्यो होः१+१=३ भनेर साँचो रुपमा विश्वास गर्नाले १+१=२ भन्ने यथार्गले बदल्न सक्दैन ।

२. विश्वास एउटा चीज राखिएको ठाँउभन्दा मान्य हुँदैन, त्यो हो : तपाईले आफैलाई बचाउनको लागि तपाईको विश्वास एउटा चट्टानमाथि राख्नुहोला तर एउटा चट्टानले तपाईलाई बचाउने छैन ।

३. यथार्थहरु यिनीहरुप्रति मानिसका विचारमा ध्यान नदिने यथार्थहरु हुन् ।

त्यहाँ गैर-इसाई विश्वासहरु र धर्महरुका सदस्यहरु छन् जसले येशू परमेश्वर हुनुहुन्छ भनेर विश्वास गर्न चाँहदैनन् ।

**प्रश्नः कसैले परमेश्वर बारे विश्वास गर्ने गलत हो चन्नु कति अप्रिय सुनिन्छ । के इसाईत्व र अरु धर्महरु पनि साँचो रुपमा एउटै हुन् , उस्तै दाबीहरु रुपमा एउटै होइनन् र ?** (धेरै मानिसहरुले यो मान्छन् कि सबै धर्महरु मुख्य रुपमा एउटै हुन् उस्टै दाबीहरु गर्नु र आवश्यक रुपमा इसाईत्वले जे गर्छ त्यही गर्नु तर अलिकति फरक तरीकाले ।) त्यहाँ समानाताहरु भए पनि, असमानताहरु धरै छन् ।

**प्रश्नः इसाईत्व र अरु धर्महरुबिच मूख्य भिन्नता के हो ?** (इसाईत्व एउटा धर्म होइन । इसाईत्व चाहिँ एकजना व्यक्तिसँगको बढ्ने व्यक्तिगत सम्बन्ध हो जो पुनर्निवित र जिउँदो परमेश्वर- येशू ख्रीष्ट हुनुहुन्छ । )

बाइबल भन्छ, **"म यहाँ छु । म ढोकामा उभिन्छु र ढक्‌ढकाउँछु । यदि कसैले मेरो स्वर सुनेर ढोका खोदिदियो भने, म त्यसकहाँ भित्र पस्नेछु र त्यससँग भोजन खानेछु , र त्यसैले मसँग खानेछ । (प्रकाश ३:२०)**

- धर्महरु मानिसहरुले गर्ने कुरा हुन्- परमेश्वरमा पुग्नको लागि खोज्नु र सङ्घर्ष गर्नु । इसाईत्व चाहिँ जे परमेश्वरले गर्नुहुन्छ त्यही हो उहाँलाई खोज्नु र उहाँलाई मद्दत गर्न पुग्नु हो ।
- हरेक धार्मिक तरीका पौडी खेलको शिक्षाहरुको एउटा उदाहरण हो । इसाईत्व चाहिँ जीवन रक्षक हो ।
- धर्महरुमा, असल कामहरु "को लागि" हुन् । इसाईत्वमा "त्यसैले " ।
- धर्महरु "गर्नु" हुन्-इसाईत्व "भइसक्यो" हो ।

**प्रश्नः किन इसाईत्व एक्लैले मात्र मुक्तिको निश्चयताको प्रस्ताव राख्छ ?** (येशूले हाम्रो निम्ति केही गर्नुहुन्छ जुन हामीले आफ्नै निम्ति गर्न सक्दैनौं । ) उहाँले हामीलाई हामी जिउनको लागि बनाएको तरिका अनुसार जिउन उहाँको सामर्थ्य दिनुहुन्छ । उहाँले हाम्रा सबै पापहरु क्षमा गर्नुहुन्छ । उहाँले हामीलाई हाम्रा पापहरुबाट धुनुहुन्छ र हामीलाई उहाँको आफ्नै सिद्ध स्वभाव सबै उपहारको रुपमा दिनुहुन्छ ।

हरेक 'कामहरु' धर्ममा, तपाईको मुक्तिको निश्चयता हुन असम्भव छ तपाईको परमेश्वरको स्थरमा पुग्नको लागि तपाईले पर्याप्त असल कामहरु गर्नुभएको छ भनेर तपाईले कहिले जान्न सक्नुहुन्न । धार्मिक तरीकामा मुक्तिको कुनै निश्चयता छैन किनकि मुक्ति चाहिँ एउटा व्यक्तिले मुक्ति कमाउनको लागि गर्ने पर्याप्त असल कामहरु माथि भर गपर्छ ।

**प्रश्नः त्यसो हो भने के इसाईहरु ती मानिसहरु भन्दा अझ राम्रा हुन् जो इसाईहरु होइनन् ?** (होइन । वास्तवमा, अरु कोहीभन्दा पनि, एउटा इसाई धन्यवादी हुनुपर्छ किनकि उसले यो बोध गर्छ कि मुक्ति चाहिँ शुद्ध रुपले उपलब्ध हुन्छ किनकि परमेश्वरले येशू ख्रीष्टद्वारा उहाँलाई स्वीकार गर्नको लागि उपहारको रुपमा हरेकलाई प्रस्ताव दिन छान्नुभयो ।)

**प्रश्नः कसरी येशू अरु महान् धार्मिक लिडरहरुबाट भिन्न हुनुहुन्छ ?(संसा**रका सबै महान् धार्मिक लिडरहरु मध्ये, केवल येशूले मात्र उहाँ परमेश्पर भएको दाबी गर्नुहुन्छ ।) मोहम्मद र बुद्धहरुका अनुयायीहरुले उनीहरुका शिक्षाहरुलाई जोड दिए । तर येशू स्वयमलाई उहाँको शिक्षाको केन्द्र बिन्दु बनाउनुभयो । यशूले हरेकलाई त्यही एउटै प्रश्न सोध्नुभयो, "तिमीले म को हुँ भनी भन्छौ ?"

यो सत्य होइन कि "तपाईले विश्वास गर्ने कुराले केही फरक पार्दैन जवसम्म तपाईले त्यो कुरा विश्वास गर्नुहुन्छ ।

**ईसाई चरित्र**

“हामीले विश्वास गर्ने कुरा साँचो हुनको लागि त्यो कुरा सत्य हुनुपर्छ। केही मानिसहरुले परमेश्वरतर्फ डोऱ्याउने एउटा मात्र बाटो छ भन्दछन् । यो गलत हो । तपाईलाई परमेश्वरतर्फ डोऱ्याउने त्यहाँ धेरै धेरै बाटाहरु छन् । किनकि बाइबल भन्छ एक दिन सबै मानिसहरु परमेश्वरको अगाडि खडा हुनेछन् (प्रकाश २० :११-१२) । यदि तपाई स्वर्गमा प्रवेश गर्न चाहनुहुन्छ भने, तथापि त्यहाँ केवल एउटा मात्र बाटो छ-येशू ख्रीष्टद्वारा ।

हाम्रो अर्को केही पाठहरुमा हामीले इसाईत्व र अरु धर्महरुबिचका भिन्नताहरुमा हेर्न सुरु गर्नेछौं । सुरुमा बाइबलीय इसाईहरुले विश्वास गर्ने कुरामाथि हेर्छौं ।

पाठ# १३
बाइबलीय इसाईहरुले के विश्वास गर्छन ?

गृहकार्य पुनरावलोकन

प्रश्नहरु र याद गर्नुपर्ने पद

आजको पाठ्य पद

"किनकि परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो कि उहाँले आफ्ना एक मात्र पुत्र दिनुभयो ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस् तर प्रत्यकले अनन्त जीवन पाओस् ।" (
यूहन्ना ३:१६)

पाठको उद्देश्य

बाइबलीय इसाईएत्वलाई अरु धर्महरुसँग दाँज्नको लागि एउटा बाटो तयार पार्न आधारधूत बाइबलीय इसाई विश्वासको सारांश प्रदान गर्नु ।

परिचय

बाइबलीय इसाईत्व र अन्य धर्महरुबिच भिन्नताहरु तरलना गर्न सक्नु अघि छोटकरीमा-बारइबलीय इसाईहरुले विश्वास गर्ने इसाई विश्वासका केही मूख्य सिद्धान्तहरु अथवा निष्ठहरु जान्नु मदतगार हुन्छ ।

बाइबलीय इसाईहरुले के विश्वास गर्छन् ?

बाइबलीय इसाईहरुले येशू ख्रीष्ट बारे गर्ने विश्वास

**"परमेश्वरको स्वरुपमा भएर पनि उहाँले परमेश्वरको बराबरी हुने कुरालाई एउटा पक्रि राख्ने बस्तु जस्तो ठान्नुभएन । तर आफैलाई रित्याईकन कमाराको रुप धारण गरेर तथा मनुष्य भएर जन्मनुभयो । स्वरुपमा मानिसजस्तै भएर आफैलाई होच्याउनुभयो, र मृत्युसम्मै, अर्थात् कूसको मृत्युसम्मै, आज्ञाकारी रहनुभयो ।**
**त्यसैकारण परमेश्वरले उहाँलाई अति उच्च पार्नुभयो, र उहाँलाई त्यो नाउँ प्रदान गर्नुभयो, जो हरेक नाउँभन्दा उच्च छ, कि स्वर्गमा, पृथ्वीमाथि र पृथ्वीमुनि भएको हरेक प्राणीले येशूको नाउँमा घुँडा टेक्नुपर्छ, र हरेक जिब्रोले परमेश्वर पिताका महिमाको निम्ति येशू ख्रीष्टलाई प्रचु भनी स्वीकार गर्नुपर्छ ।"(फिलिप्पी २:६-११)**

येशू हाम्रो उद्धारकर्ता हुनुहुन्छ

**"अरु कसैमा मुक्ति छैन, किनकि हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरुमा अर्को कुनै नाउँ दिइएको छैन ।"(प्रेरित ४:१२)**

**प्रश्नः किन येशूलाई उद्धारकर्ता भनिन्छ ?** (येशू-जसको नाउँले मुक्तिदाता अथवा उद्धारकर्ता भन्ने अर्थ दिन्छ-परमेश्वरको आफ्नै अनन्तका पुत्र हुनुहुन्छ जसले हामीलाई हाम्रा सबै पापहरुबाट बचाउनुहुन्छ ।) जब हामी पाप गर्छौं तब हामीले परमेश्वर विरुद्ध अपराध गर्छौं हामी मानिसहरु भएको कारणले गर्दा केवल एउटाले मानिसले मात्र सजाय चुकाउनुपर्छ । तर अपराध चाहिँ असीसमत परमेश्वरको विरुद्ध हो, केवल परमेश्वर स्वयमले सजाय

चुकाउन सक्नुहुन्छ र येशू, १००%मानिस, एउटा पापरहित-सिद्ध जीवन जिउनुभयो । येशू, १००% परमेश्वर, उहाँसँग मात्र सबैका पापहरु लिने र हामीबाट ती निकाल्ने क्षमता छ । **"किनकि हामी उहाँमा परमेश्वरको धार्मिकता बन्न सकौ भनेर पाप नचिन्नुहुनेलाई परमेश्वरले हाम्रा खातिर पाप बनाउनुभयो ।"** (२ कोरिन्थी ५:२१)

येशू नै ख्रीष्ट हुनुहुन्छ

**"उहाँले तिनीहरुलाई सोध्नुभयो, "तिमीहरु के भन्छौ, म को हुँ ? सिमोन पत्रुससले जवाफ दिए, "तपाई ख्रीष्ट हुनुहुन्छ, जीवीत परमेश्वरको पुत्र ।"** (मत्ती १५:१५-१६)

**प्रश्नः किन येशूलाई ख्रीष्ट (एक अभिषित्त ) भनिन्छ ?** (किनकि उहाँलाई पिता परमेश्वरबाट हामीलाई हाम्रो मुक्तिको लागि परमेश्वरको योजना पूर्ण रुपमा प्रकट गर्ने आदेश दिइएको छ ।) येशूले क्रूसमा उहाँको बलिदानद्वारा मृत्यु र पापको शक्तिबाट सबै मानिसहरुलाई छुट्कारा दिने परमेश्वरको योजनालाई प्रकट गर्नुभयो ।

येशू हाम्रा प्रधान पूजाहारी

**"अधिका पूजाहारीहरु धुरै संख्यामा थिए, किनकि मृत्युले तिनीहरुलाई कार्यमा लागिरहन दिँदैनथ्यो । तर येशूचाहिँ अनन्त हुनुभएकोले उहाँको पूजाहारी पद अटल रहन्छ । फलस्वरुप उहाँद्वारा परमेश्वरको नजिक आउनेहरुलाई उहाँले सदैव उद्धार गर्न सक्नुहुन्छ । किनभने तिनीहरुका निम्ति मध्यस्थताको प्राथना चढाउन उहाँ सदैव जीवित रहनुहुन्छ । किनकि यो उचित थियो कि हाम्रा लागि यस्ता एक जना प्रधान पूजाहारी हुनुपर्दछ, जो पवित्र, दोषरहित, निष्कलङ्क, पापीहरुबाट अलग र स्वर्गभन्दा पनि माथि उचालिएका हुनुहुन्छ । अरु प्रधान पूजारीहरुले जस्तै पहिले आफ्नै पापको निम्ति उहाँले दिनहुँ बलिदान चढाइरहनुपर्दैन । आफैलाई अर्पण गरेर उहाँले यो काम सधैंको निम्ति एकै पल्टमा पूरा गरिदिनुभयो । किनकि व्यवस्थाले दुर्बल मानिसहरुलाई प्रधान पूजाहारी नियुक्त गर्छ, तर सदासर्वदाको निम्ति सिद्ध तुल्याइनुभएको परमेश्वरका पुत्रलाई व्यवस्थाभन्दा पछि आएको शपथको वचनले नियुक्त गर्छ ।"**

**(हिब्रू ७: २३-२७)**

**प्रश्नः नि येशूलाई हाम्रा प्रधान पूजाहारी भनिन्छ ?** (येशूले आफ्नो शरीरको बलिदानद्वारा हामीलाई एकचोटि र सबैको लागि मोल तिरेर छुट्कारा दिनुभएको छ । अहिले उहाँ हाम्रा पूजाहरी प्रतिनिधिको रुपमा सदासर्वदाको लागि पिता परमेश्वरको दाहिने हातपट्टि उभिनुहुन्छ ।)

पुरानो नियमका दिनहरुमा, जब एक व्यक्तिले पापको लागि क्षमा पाउनु आवश्यक पर्दथ्यौ, उसले एउटा बलिदान चाहिँ कानुनले तोकिदिए अनुसार धेरैजसो एउटा चरा अथवा अरु जनावर, मण्दिरमा ल्याउँथ्यो र पूजाहारदिाई दिन्थ्यो जसले उसको सट्टामा त्यो बलिदान परमेश्वरलाई अर्पण गर्‍यो । जव येशू राजीखुसी क्रूसमा मर्नुभयो, परमेश्वरले उहाँको बलिदान स्वीकार गर्नुभयो जुन बलिदानले हामीले हाम्रो पापको लागि तिर्नुपर्ने ऋण पूरा चुकाइदियो । र परमेश्वरले येशूको बलिदान स्वीकार गर्नुभएको कारण, अब हामी सिधै परमेश्वरकहाँ आउन सक्छौँ किनकि हामि अब उसो उहाँबाट अलग छैनौ ।

येशू हाम्रा राजा हुनुहुन्छ ?

**"मैले स्वर्ग उघ्रेको देखे र त्यहाँ एउटा सेतो घोडा थियो । त्यसमाथि सवार हुनुहुने "विश्वासयोग्य"र "सत्य" कहलाइनुहुन्छ । धार्मिकतामा उहाँले इन्साफ र युद्ध गर्नुहुन्छ । उहाँका आँखा आगोका ज्वालाजस्ता थिए, र उहाँका**

**शिरमा धुरै राजमुकुट थिए । उहाँमा एउटा नाउँ अङ्कित थियो, जो उहाँलाई बाहेक अरु कसैलाई थाहा थिएन। उहाँले रगतमा चोबलिएको पोशाक पहिरनुभएको थियो , र उहाँको नाउँ "परमेश्वरको वचन" थियो । स्वर्गका सेनाहरु सेता र स्वच्छ मलमलका वस्त्र पहिरिई सेता घोडाहरुमा चढेर उहाँको पछिपछि लागे । जातिजातिहरुलाई प्रहार गनृ उहाँको मुखबाट धारिलो तखार निस्कन्छ, र उहाँले फलामको डण्डाले तिनीहरुमाथि शासन गर्नुहुनेछ । सर्वशक्तिमान् परमेश्वरका कोधको दाख-कुण्ड उहाँले कुल्चनुहुन्छ । उहाँका पोशाक र तिघ्रामा "राजाहरुका राजा र प्रभु " अङ्कित छ ।" (प्रकाश १९:११-१६)**

**प्रश्नः किन यशूलाई राजा भनिन्छ ?** (येशू हाम्रा अनन्तका राजा हुनुहुन्छ : हामीमाथि राज्य गर्दै, हामीलाई रक्षा गर्दै, हामीलाई शक्ति प्रदान गर्दै, र उद्धार गर्दै । )

<u>येशू प्रभु हुनुहुन्छ ।</u>

"तिनीहरुले यसो भन्दै एउटा नयाँ गीत गाए :

**"तपाई यो चर्मपत्रको मुठ्ठो लिने र त्यसका मोहरहरु तोड्ने योग्यका हुनुहुन्छ , तपाई मारिनुभयो र आफ्नो रगतद्वारा तपाईले परमेश्वरको निम्ति हरेक कुल, भाषा, मानिस र जातिबाट मानिसहरुलाई छुट्कारा दिनुभयो, र तिनीहरुलाई राज्य र हाम्रा परमेश्वरका पूजाहारी बनाउनुभएको छ, र तिनीहरुले पृथ्वीमा राज्य गर्नेछन् ।" तब कैले हेरे, अनि सिंहासन, जीवित प्राणीहरु र धर्मगुरुहरुका वरिपरि धेरै स्वर्गदूतहरुका आवाज सुनें । तिनीहरुको सङ्ख्या लाखौं र करोडौं थियो ।" (प्रकाश ५:९-१०)**

**प्रश्नः किन येशूलाई प्रभु भनिन्छ ?** (येशू हाम्रा प्रभु हुनुहुन्छ किनकि कुनै चाँदी अथवा सूनसँग होइन तर उहाँको आफ्नै रगतको मोलमा उहाँले उहाँ आफ्नै निम्ति पापबाट हामीलाई, शरीर र आत्मालाई ल्याउनुभयो ।

<u>त्रिएकत्व बारे बाइबलीय इसाईहरुले गर्ने विश्वास</u>

**"यसकारण जाओ, र सबै देशका जातिहरुलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीअरुलनई बप्तिस्मा देओ "(मत्ती २८:१९)**

परमेश्वर पिता, परमेश्वर पुत्र र परमेश्वर पवित्र आत्मा हरेक समानातामा र अन्ततामा एक सत्य परमेश्वर हुनुहुन्छ । परमेश्वर आफैलाई ३ व्यक्तिद्वारा चिनाउनुहुन्छ । यो बुझ्नको लागि गाह्रो भए तापनि, त्रिएकत्वको सत्यता जम्मै धर्मशास्त्रभरि सिकाईन्छ ।

त्यहाँ एकमात्र परमेश्वर हुनुहुन्छ जसले सबै थोकहरु सृष्टि गर्नुभयो भन्ने कुरा दुबै पुरानो र नयाँ नियमहरुमा दोहोऱ्याइएको छ :

- **"किनकि परमप्रभु यसो भन्नुहुन्छ- उहाँ, जसले आकाश सृष्टि गर्नुभयो, उहाँ नै परमेश्वर हुनुहुन्छ, जसले पृथ्वीको रुप रच्नुभयो र बनाउनुभयो ,र त्यो बसाल्नुभयो, उहाँले त्यो खाली हुनलाई सृष्टि गर्नुभएन तरउहाँले त्यो आबाद गर्नलाई बनाउनुभयो, उहाँ भन्नुभयो:"म परमप्रभु हुँ, "म परमप्रभु हुँ, मबाहेक अरु कोही छैन ।" (यशैया ४५:१८)**

- **"हे इस्राएल सुन्, पराप्रभु हाम्रा परमेश्वर एउटै हुनुहुन्छ ।" (मर्कूस १२:२९)**

यही समयमा, त्रिएकत्व दुवै पुरानो र नयाँ नियमहरुमा प्रमाणित गरिएको छ :

**"फेरि परमेश्वरले भन्नुभयो, "मानिसलाई आफ्नै स्वरुपमा, हाम्रै प्रतिरुपमा बनाऔं तिनीहरुले समुन्द्रका माछाहरु, आकाशका पक्षीहरु, पालिने पशुहरु र जमिनमा चलहल गर्ने सवै जन्तुमाथि अधिकार गरुन् । "** (उत्पत्ति १:२६) यो पदमा परमेश्वरको लागि प्रयोग गरिएको शब्द बहुवचन हो ।

**"जब सल्लाहकार आउनुहुन्छ, जसलाई म पिताको तर्फबाट तिमीहरुकहाँ पठाइदिनेछु, अर्थात् सत्यका आत्मा, जो पिताबाट आउनुहुन्छ, उहाँले नै मेरो विषयमा गवाही दिनुहुनेछ ।"** (युहन्ना १५:२६) एक परोश्वर तर पनि तीन अलग व्यक्तिहरु :

<u>परमेश्वर पिता</u>

**"आदिमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो ।"** (उत्पत्ति १:१) परमेश्वर नै सृष्टि गरिएका सबै थोकहरुको स्रोत हुनुहुन्छ ।

<u>परमेश्वर पुत्र</u>

**"उहाँ अदृश्य परमेश्वरको प्रतिरुप, सारा सृष्टिका ज्येष्ठ हुनुहुन्छ..." (कलस्सी १:१५)** हामीले परमेश्वर पितालचई उहाँको आफ्नै अनन्तका पुत्र येशू खीष्टद्वारा देख्छौँ र जान्छौँ ।

<u>परमेश्वर पवित्र आत्मा</u>

येशूले भन्नुहुन्छः**"जब उहाँ, अर्थात् सत्यका आत्मा आउनुहुनेछ, तब उहाँले तिमीहरुलाई सबै सत्यतामा डोऱ्याउनुहुनेछ । उहाँ आफ्नो तर्फबाट बोल्नुहुनेछैन । उहाँले जे सुन्नुहुन्छ, त्यही बोल्नुहुनेछ, र हुन आउने कुराहरु तिमीहरुलाई घोषण गरिदिनुहुनेछ ।" (युहन्न १६:१३)** जस्तो पिता र पुत्र हुनुहुन्छ, त्यस्तै पवित्र आत्मा पनि एक साँच्चैको वयक्ति हुनुहुन्छ । हामीले येशूका उपस्थिति पवित्र आत्मद्वारा अनुभव गर्छौ जो हामीमा वास गर्नुहून्छ ।

त्रिएकत्व यसरी पनि संक्षिरप्त गर्न सकिन्छः परमेश्वर तीन वयक्तिहरु हुनुहुन्छ, हरेक व्यक्ति समान र पूर्ण रुपमा साथै अनन्तताका परमेश्वर । हरेक महत्वपूर्ण हुनुहुन्छ, हरेक अलग हुनुहुन्छ र तर पनि सबै एक हुनुहुन्छ ।

केही जानकारी चाहिँ "बाइबलसँग उत्तरहरु छन् ",हेन्री मोरिस र मार्टिन क्लार्कद्वारा लिखित, मास्टर बुक्सद्वारा प्रकाशित, १९८७ यस पुस्तकद्वारा लिएएको हो ।

<u>बाइबलीउ इसाईहरुले मानिसको अनन्तको आत्मा बारे गर्ने विश्वास</u>
**"पृथ्वीको धूलेमा सुतेका भीडहरु उठ्नेछन्, केही अनन्त नीवनको लागि र अरुहरु चाहिँ शर्म र अनन्त तिरस्कारको लागि ।"(दानिएल १२:२)**

मानिस शरीर, प्राण र आत्मा हो । धर्मशास्त्र भन्छ, **"किनकि परमेश्वरको वचन जीवित र क्रियाशील हुन्छ, र कुनै पनि दुइधारे तरवारभन्दा बढी धारिलो हुन्छ । यसले प्राण र आत्मालाई त्यसका जोर्नी-र हाडको गुदीसम्मलाई भाग-भाग पारुञ्जेल वारपार छेड्ने र हृदयका विचार र इच्छा जाँच्न सक्ने हुन्छ ।"(हिब्र ४:१२)**

<u>तपाईको शरीर</u>

तपाईको शरीर चाहिँ तपाईको प्राण र तपाईको आत्माको लागि एउटा अस्थाई घर मात्र हो ।

<u>तपाईको प्राण</u>

## ईसाई चरित्र

तपाईको प्राण अनन्तको हो । जब तपाईको शरीर मर्छ तब तपाईको प्राण त्यसको अनन्तको घरमा जान्छ । तपाईको प्राणको गन्तव्य चाहिँ तपाईको आत्मामाथि भर पर्छ :

१. यदि तपाई इसाई हुनुहुन्न भने तपाईसँग एउटा आत्मरहित प्राण हुन्छ जुन नरकमा जान्छ ।

२. यदि तपाई इसाई हुनुहुन्छ भने तपाईसँग आत्माले भरिएको प्राण हुन्छ

तपाईको आत्मा

हामी सबैजना आत्मिकि रुपमा मृत जन्मदछौँ, परमेश्वरसँग सम्बन्ध राख्न सक्ने क्षमताबिना । बाइबल भन्छ, **"तिमीहरु आफ्ना अपराध र पापहरुद्वारा मरेको बेलामा उहाँले तिमीहरुलाई जीवित पार्नुभयो ।"** (एफिसी २:१)

जब तपाई जन्मनुहुन्छ तब तपाई एउटा मृत आत्मासँग जन्मनुहुन्छ, र यसलाई जीवित बनायनको लागि तपाइ आफैले गर्न सक्ने त्यहाँ केही कुरा नै छैन् । र तपाईको जीवित आत्माबिना यो स्वर्गमा प्रवेश गर्न सक्दैन त्यसैकारण हामीमा आत्मिकी पूनर्जन्म हुनु आवश्यक छ-फेरि जन्मिनु । जब तपाईले येशू ख्रीष्टलाई पवित्र आत्माद्वारा तपाईको जीवनमा ल्याउनुहुन्छ । परमेश्वरबाटको यो उपहारको कारणले, उहाँसँगको तपाईको सम्बन्ध अब पूनर्स्थपित भयो ।

बाइबलीय इसाईहरुले पाप बारे गर्ने विश्वास
**"साँच्चै, म जन्मँदा नै पापी थिएँ, र मेरी आमाले मलाई गर्भधारण गरेदेखि नै म पापी थिएँ, ।" (भजनसंग्रह ५१:५)** आदमले पाप गरेको दिनमा केही गलत भयो । जब आदमले पाप गरे तब उनको आत्मा मऱ्यो र उनले परमेश्वरसँगको सर्म्पकको उनको क्षमता गुमायो । त्यसपछि आदमले उ को पापमय अवस्था हामीमा सारिदिए, हामीले उनको समस्या पायौँ । हामी चाहिँ एउटा जीवित आत्मासँग जन्मेनौँ जुन हामी जन्मिनु पऱ्यो , तर पापबाट बिग्रिएर प्राणसँग जन्मियौँ । धर्मशास्त्र भन्छ, **"एउटा मानिसद्वारा संसारमा पाप आयो, र पापबाट मृत्यु । यसरी सबै मानिसले पाप गरेका हुनाले सबै मानिसमा मृत्यु फैलियो ।"** (रोमी ५: १२)

बाइबल भन्छ,**"हामी सबै भेडाझै बरालिएका छौ हामी हरेका आफ्नै बाटोतिर लागेका छौ, र परमप्रभुले उसमाथि हामी सबैको अधर्म हालिदिनुभएको छ ।" (यशैया ५३:६)** त्यसैले, हामी पापपूर्ण जन्मिएका मात्र होईनौ, हामी निर्णयद्वारा पाप पनि गरिरहन्छौँ- यो हाम्रो स्वभाव हो -यो हामी जस्तो छौँ त्यसको तरीका हो । र यो "पापपूर्ण स्वभाव" हामीमा छ जुन कुराले हामीलाई परमेश्वरदेखि टाढा लैजान्छ ।

केही जानकारी टोनी इभान्सद्वारा लिखित, मूडि प्रेसद्वारा प्रकाशित,, १९९६, 'प्रतिज्ञा' नामक पुस्तकबाट लिइएको हो ।

बाइबलीय इसाईहरुले मुक्तिबारे गर्ने विश्वास गर्नुहोस ।

**"प्रभु येशू ख्रीष्टमा विश्वास गर्नुहोस्, र तपाईले उद्धार पाउनुहुनेछ ....."** (प्रेरित १६:३१)

- **"किनभने अनुग्रहबाट विश्वासद्वारा तिमीहरुले उद्धार पाएका छौ र यो तिमीहरु आफैबाट होईन, यो त परमेश्वरको वरदान हो-कर्महरुद्वारा होईन, नत्रता मानिसले घमण्ड गर्ने ।"** (एफिसी २:८-९) मुक्ति एउटा उपहार हो ।

- **"किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नु भयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस् , तर त्यसले अनन्त जीवन पाओस् ।"** (युहान्ना ३:१६) मुक्ति चाहिँ येशू ख्रीष्ट माथिको विश्वासद्वारा आउँछ ।

- **"मेरा भेडाहरुले मेरो स्वर सुन्छन्, र तिनीहरुलाई म चिन्छु, र तिनीहरु मेरो पछि आउँछन् । तिनीहरुलाई म अनन्त जीवन दिन्छु, र तिनीहरु कहिल्यै नष्ट हुने छैनन्, र कसैले तिनीहरुलाई मेरो हातबाट कसैले**

**तिनीहरुलाई खोसी लाग्नेछैनन् । पिता र म एक हौं ।" (युहन्ना १०: २७-३०)** मुक्ति चाहिँ निश्चित र स्थायी हो ।

<u>बाइबलिय इसाईहरुले मुक्ति प्राप्त गर्ने बारे विश्वास</u>

**"किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोहि पनि नास नहोस्, तर तयसको अनन्त जीवन पाओस् ।"** (युहन्ना ३:१६)

**"यदि हामीमा पाप छैन भनी हामी भन्छौं भनेता हामीले आफैलाई धोखा दिन्छौं, र हामीमा सत्य हुँदैन । यदि हामीले आफ्ना पापहरु स्वीकार गर्‍यों भने उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ, र सबै अधर्मबाट हामीलाई शुद्ध पार्नुहुन्छ, किनकि उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ ।" (१ यूहन्ना १:८-९)** तपाईमा पाप छ भनेर मन्नुहोस् र स्वीकार गर्नुहोस् ।

**केही छुटेको छ ।**

ठीक कार्यहरु : नैतिक, सामाजिक र धार्मिक कर्तव्यहरु पूरा गर्नु ।

ज्ञान : भित्री रुपमा ध्यान केन्द्रित गरेर उपनिषदहरुको शिक्षाहरुलाई सुन्नु

<u>लोकप्रिय हिन्दु धर्म अनुसार :</u>

लोकप्रिय हिन्दु धर्म दर्शनशास्त्रीय हिन्दुधर्मबाट धेरै फरक छ । यो एकदमै मूर्ति पूजा गर्ने हो । एउटा व्यक्तिले धेरै ईश्वरहरुका मूर्तिहरु पूजा गरेर, सर्वोच्च तीनको समूहदेखि लिएर साना ईश्वरहरुसम्म, परमेश्वरसंग एक हुने आशामा रहेर मुक्ति प्राप्त गर्न सक्छ ।

<u>बाइबलीय इशाईहरु अनुसार</u>

यशूले तिनीहरुलाई भन्नुभयो, "जीवनको रोटी म हुँ । म कहां आउने भोकाउने छैन, र म माथि विश्वास गर्ने कहिल्यै तिर्खाउने छैन"(यहुन्न ६ :३५)

<u>प्रश्न</u> : इशाईहरुले मुक्ति प्राप्त गर्ने बारे के विश्वास गर्छन् ? (मुक्ति परमेश्वरको उपहार हो जुन यशू खिष्टमाथिको बिश्वासद्धारा आउंछ ।)

<u>पवित्र पुस्तकहरु (अधिकार )</u>

<u>हिन्दु धर्मअनुसार</u>

१. वेद : ईश्वरबाट सिधारुपमा सुनिएर लेखिएको पहिलेको ज्ञान । यो समय रहित र अनन्त छ ।

२ . उपनिषद : मान्छेले गरेको वेदको व्याख्या । उपनिषद पढ्नाले मानिसलाई मुक्ति प्राप्त गर्ने ज्ञान दिन्छ ।
<u>बाइबलीय ईशाइहरु अनुसार</u>

- बाइबल : पुरानो नियम र नयां नियम संक्षेपमा हिन्दु धर्मको सारांश
- उपनिषदले यो कुरा सिकाउंछ की ब्रहमाण्डमा भएको सबैथोक ईश्वरको एउटा अंश हो ।
- जिउने र सास फेर्ने हरेकसंग अनन्त प्राण छ । जुन ब्रहमाण्डबाट आयो र ब्रहमाण्डको प्राणको अंश हो । हरेक प्राणले आफू आएको ब्रहमाण्डको प्राणमा फेरी फर्केरी जानको लागि कोशिस गर्दछ ।

यो काम पूरा गर्ने एक मात्र तरिका चाहिं पुन : अबतारद्धारा हो - प्राण चाहि मृत्यु र पुनर्जन्मको चक्रबाट छुट्न सक्ने त्यो विन्दु नपुगेसम्म धेरै जीवनहरुद्धारा मुक्तिको ज्ञानमा बिस्तारै बढ्दै जाने - पानीका थोपाहरु सागरसंग मिल्न गएको जस्तै ।हिन्दु विश्वाशको एउटा व्यक्तिलाई बाइबलीय इसाईत्व प्रस्तुत गर्नको लागि

केही सुझाउहरु :

● जीवनसंग अर्थ र उद्धेश्य छ भनेर जोड दिनुहोस् : "किनकि हामी असल कामहरुका निम्ति ख्रीष्ट येशूमा सृजना गरिएका उहांका हातका सीप हौं । हामी तीबमोजिम हिडौं भन्ने हेतुले परमेश्वरले पहिलेबाटै ती तयार गर्नुभएको थियो ।" (एफीसी २ :१०)

● हिन्दु धर्मले परमेश्वर चाहिं मानिसहरुलाई सत्यहरु सिकाउनको निम्ति धेरै पटक अवतार हुनुभएको छ भनी सिकाउंछ । बाइबलले चाहिं परमेश्वर केवल एकचोटि मात्र येशू ख्रीष्टको रुपमा अवतार हुनुभयो भनी भन्छ, सिकाउनको लागि मात्र होइन, तर उहांले हाम्रो लागि गर्नुभएको कामद्धारा मुक्तिको निश्चयता दिनको लागि पनि :" किनभने मैले जे पाएं त्यसैलाई सबैभन्दा मुख्य विषयको रुपमा तिमीहरुलाई सुम्पिदिए, अर्थात् पवित्र धर्मशास्त्र अनुसार ख्रीष्ट हाम्रा पापका निम्ति मर्नुभयो । उहां गाडिनुभयो र पवित्र धर्मशास्त्रअनुसार तेस्रो दिनमा उहां पुनर्जीवित पारिनुभयो । "(१ कोरिन्थी १५ :३,४) ।

● येशूको अद्धितीय दाबीहरुमाथि जोर दिनुभयो । येशू ख्रीष्टद्धारा हामीसंग अनन्त जीवन छ, प्रमाण नगरिएका पुन : अवतारको क्रम होइन : "गवाहीचाहिं यही हो, कि परमेश्वरले हामीलाई अनन्त जीवन दिनुभयो, र यो जीवन उहांका पुत्रमा छ । जससंग पुत्र हुनुहुन्छ, त्यससंग जीवन छ , जससंग परमेश्वरका पुत्र हुनुहुन्न , त्यससंग जीवन हुदैन ।" (१ यूहन्ना ५ :११–१२) । सांचो रुपमा केही कुरालाई विश्वास गर्दैमा त्यो कुरालाई सत्य बनाउंदैन भनेर जोड दिनुहोस् । केवल येशू ख्रीष्टले मात्र पापको समस्याको समाधान गर्नैहुन्छ ।

मर्मोन धर्म र बाइबलीय इसाईत्वबीचका भिन्नताहरु

गृहकार्य पुनरावलोकन

**प्रश्नहरु र कण्ठ गर्नुपर्ने पद**

आजको पाठ्य पद

**" आदिमा वचन हुनुहुन्थ्यो, वचन परमेश्वरसंग हुनुहुन्थ्यो अनि वचन परमेश्वर हुनुहुन्थ्यो ।"**

पाठको उद्धेश्य

**मर्मोन् धर्म (पछिका दिनका सन्तहरुका येशू खीष्टको चर्च) र बाइबलीय इसाईत्वबिचको भिन्नताहरुलाई जोर दिनु र मर्मोन् विश्वासको अनुयायीलाई बाइबलीय इसाईतव कसरी प्रस्तुत गर्ने भन्ने कुरामा सुझावहरु दिनु ।**

नोट :यो पाठले एउटा सिलशिल शुरु गर्छ जहाँ हामी प्रमुख सांसारिक धर्महरुदेखि धेरैले बोलाउने "झुटा अथवा भ्राकक" इसाइ धर्महरु तर्फ जान्छौं । मर्मोन धर्म, यहोवाको साक्षी र इसाई विज्ञान सबै यहि श्रेणीमा पर्छ ।
यी भनौटे इसाई समूहहरुले बाइवलीय इसाईत्ववाट आफूले चाहेका कुरामात्र निकाल्छन् र रोज्छन् त्यसपछि उनीहरुका शिक्षाहरुमा सम्मिलित गर्छन । त्यही पनि जब तिनीहरुका शिक्षाहरुमा इसाईत्वका तत्वहरु सम्मिलित हुन्छन् र कुनै कुनै समयहरुमा इसाईजस्ता सुनिन्छन्, तब तिनीहरुका शिक्षाहरुले उनीहरुले प्रयोग गर्ने भाषाको सत्य बाइबलीय अर्थलाई अस्वीकार गर्छन । उदाहरणमा भन्पर्दा, तपाईले देख्नुहुनेछ कि जब मर्मोनहरुदे परमेश्र उहाँ हुनुहुन्न जसको बारेमा वाइवलले सिकाउँछ । अलमल्ल पर्ने सुनिन्छ ? यो अलमल्ल पार्ने मात्र होइन तर भ्रममा पार्ने हो र यी "झुटा धर्महरु" अथवा कोहिले तिनीहरुलाई 'भक्ति' भने कुराहरुमा खतरा हुन्छ । यी अलमल्ल पार्ने केही कुराहरुलाई स्पष्ट गर्न हामीले हाम्रो सबभन्दा राम्रो गर्नेछौं ।
जब अध्ययनमा प्रस्तुत गरिएका सामग्रीहरुले मर्मन निष्ठाका मानिसहरुले विश्वास गर्ने आधारभूतहरु बारे केही प्रश्नहरुको उत्तर दिन सक्छ , म विश्वास गर्छु कि आज तपाईसँग भएको असाधारण अवसर चाहिँ बाइबलीलय इसाईत्वको सत्यता समूहलाई पुनः पुष्टि गर्नु हो ।

धेरैभन्दा धेरै जानकारीहरु यस पाठमा प्रश्नुत गरिएका छन् । र म तपाँइलाई यस पाठमा नहतारिनको लागि उत्साह दिन्छु । यदि तपाँईसँग एउटै बैठकमा सबै सामग्रीहरु ढाक्न प्याप्त सयम छैन भने तपाँइले तपाईको अर्को बैठकमा यो पाठ जारी राख्न इच्छा गर्नु होला ।

**परिचय**

मर्मोन धर्म सन् १८२० मा सुरु भयो जब जोसेफ स्मिथ, पश्चिमी न्यूयोर्कका एक जवान व्यक्ति, साँचो भने मानिन्छ की उनी परमेश्वर पिता र परमेश्वर पुत्रद्वारा भेट गरिएको थियो, दुई अलग व्यक्तिहरु जसले उहाँलाई कुनै पनि चर्चसँग नमिल्न भन्नुभयो । किनकी यसवेला सबै चर्चहरु झुटा थिए । उहाँहरुले उनलाई यो भन्नुभयो कि उनले एउटा साँचो चर्च स्थापित गर्नुहुनेछ ।

सन १८२३ मा, जोसेफको अर्को भेट मोरोनी नाम गरेको एउटा स्वर्गदुतसँग भयृ भनेर मानिन्छ । यस स्वर्गदुतले अमेरिकामा पुरानो हिब्रूहरुद्धारा लेखिएको पवित्र इतिहास बारे बताए, सुनको पट्टिमा खोपिएको र नजिकको पहाडमा गाडिएको थियो । जोसेफलाई यो अभिलेख यो संसारको ज्ञानलाई प्रकट गर्न बताईयो । जोसेफले यी सुनका पाटाहरु सन् १८२७ मा त्यहि स्वर्गदुतवाट प्राप्त गरे, र ति पाटालाई सामेल गरेर परमेश्वरको आत्मद्वारा र पवित्र साधनको प्रयोगद्वारा अंग्रेजीमा अनुवाद गरियो । यो अनुवाद मर्मनहरुको किताबको रुपमा १८३० मा प्रकासित गरियो ।
मर्मन चर्चहरुको आम जनसाधारण विच, उच्च नैतिक स्थरहरु र परिवारको बलविच राम्रो नाम र प्रतिष्ठा छ । तर मर्मनहरुले धेरैजसो व्यक्तिगत र पारिवारिक जीवनमा प्रसंसनीय छाप देखाए तापनि, पछिल्लो दिनका सन्तहरुका येशु खीष्टका चर्चका शिक्षाहरु चाही बाइवलको शिक्षासँग सहमत छैनन् ।

मर्मन धर्मः साचो चर्च ?

**ईसाई चरित्र**

**(हिब्रु १:१-२)**

**"प्राचिन कालमा हाम्रो पिता-पुर्खाहरुसँग अगमबक्ताहरुद्वारा धेरै र विभिन्न किसिमले परमेश्वर बोल्नुभयो । तर यी आखिरी दिनहरुमा उहाँ आफ्ना पुत्रद्वारा हामीसँग बोल्नुभएको छ । पुत्रलाई नै उहाँले सबै कुराका उत्तराधिकारी नियुक्त गर्नुभयो, उहाँद्वारा नै समस्त सृष्टि रच्नुपनि भयो ।"**

**परमेश्वर को हुनुहन्छ?**

**मर्मनहरुअनुसार**

- परमेश्वर ब्रहमाण्डका सर्बोच्च परमेश्वर हुनुहुन्छ तर उहाले सधै त्यो स्थानमात्र लिनुभएको छैन । उहाँले एउटा सिद्ध जीवन जिउनु भएर बिस्तारै बिस्तारै परमेश्वरत्व प्राप्त गर्नुभयो ।
- परमेश्वर पितासँग मासु र हड्डीहरुको एउटा शरीर छ ।
- आदम नै परमेश्वर पिता हुनुहुन्छ, उहाँहरु एक र एउटै हुनुहन्छ : "जव हाम्रा पिता आदम अदनको बगैचामा आउनुभयो, उहाँ यहाँ दिव्य शरीरमा आउनुभयो, र हव्वालाई आफुसँग ल्याउनुभयो, उहाँको श्रीमती मध्ये एक । उहाँले यो संसार बनाउन र सुव्यवस्थित गर्न सहयोग गर्नुभयो । उहाँ माइकल हुनुहुन्छ, एक मुख्य दूत, पुराना दिनहरुमा जसको बारेमा पवित्रजनहरुले भनेका थिए-उहाँ हाम्रा पिता र हाम्रा परमेश्वर हुनुहुन्छ, एकमात्र परमेश्वर जससँग हामीले गर्नुपर्छ ।" (ब्राइहाम योङ्ग, प्रवचन १:५०-५१ को विवरण, अप्रलि ९,१८५२) ।

<u>बाइबलीय इसाईहरु अनुसार</u>

**"आदिमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो ।" (उत्पत्ति १:१)**

**प्रश्न : वाइबलीय इसाईमहरुले परमेश्वरको बारेमा के विश्वास गर्छन् ?**

- परमेश्वर पिता, स्वर्ग र पृथ्वीका सृष्टिकर्ता, सिद्धान्तमा अनन्तमा रहनुभएको छ, र उहाँको असिमित शक्ति र ज्ञानमा कहिल्यै कमी आएन जसरी आज पनि उहाँसँग छ ।
- **परमेश्वर आत्मा हुनुहुन्छ "परमेश्वर आत्मा हुनुहुन्छ र उहाँको आराधकहरुले आत्मा र सत्यतामा आराधना गर्नुपर्छ" (युहन्ना ४:२४)** उहाँसँग छाला र हड्डीको शरीर छैन ।
- आदम चाहिँ सवै थोकहरु भन्दा पहिले सृष्टि गरिएका पुरुष थिए र कहिल्यै पनि परमेश्वर थिएनन् ।

येशू खीष्ट को हुनुहुन्छ ?

<u>मर्मनहरु अनुसार</u>

- येशूका पिता आदम हुनुहुन्छ, "जब कन्या मरियमलाई बालक येशूलाई गर्भधारण गरिन् तव येशू पवित्र आत्माद्वारा जन्मिनुभएको थिएन् । येशू हाम्रो जेठो दाई त अदनको बगैचामा [पिता आदम] भएको उस्तै स्वरुपद्वारा शरीरमा जन्मिनुभएको थियो ।" - ब्राइहाम योङ्ग, प्रवचन १:५०-५१ को विवरण ।

- "येशू र शैतान, हामीजस्तै, बेथलेहेममा मरियमद्वारा येशूको आत्मालाई शरीर दिनुभन्दा अघि आत्ममा दाजु-भाईहरु र परमेश्वरका पुत्र थिए । येशू र शैतान उद्धारकर्ता बन्नको लागि मासुको शरीर लिने सौभाग्यको लागि संघर्ष गरेका थिए, तर यो प्रतियोगितामा येशू विजयी भए ।" -जोसेफ स्मिथ् ठूलो मोलको मोती, मोशा,४:१-४ को पुस्तक ।
- मासु र रगतको शरीर प्राप्त गरेपछि, येशूलाई देउताको श्रेणीमाथि उचालियो र "जेठो दाई" को रुपमा उल्लेख गरियो र धेरै देउताहरुमध्ये एक हुन् ।

- ख्रीष्टले मरियम र मार्था नाउँ गरेका दुई स्त्रीहरुसँग विवाह गरेर बच्चाहरु जन्माए । मर्मन तर्क अनुसार यदि उनीसँग बच्चा नभएको भए उहाँलाई देउताको श्रेणीसम्म उच्च पारिने थिएनन् ।
- उनी अरु मानिसहरु भन्दा फरक छैनन् । उनी अमर छन् , त्यसैगरी अरु मानिसहरुका आत्माहरु पनि अमर छन् ।

<u>बाइवलीय इसाईत्वअनुसार</u>

**उहाँ अदृश्य परमेश्वरको प्रतिरुफ सारा सृष्टिका ज्येष्ठ हुनुहुन्छ, किनकी उहाँमा नै सबै थोक सृष्टि भएका थिए । स्वर्गमा र पृथ्वीमाथि..........." (कलस्सी १:१५)**

**प्रश्न : इसाईहरुले येशू ख्रीष्टलाई को भनि भन्छन् ?** [येशू ख्रीष्ट परमेश्वर जस्तै, त्रिएकत्वका दोस्रो व्यक्ति, अनन्तमा रहनुभएको छ, र त्यसपछि बेथलेहेममा उहाँको जन्म मानव स्वभावमा धारण गर्नुभयो । त्यस समयदेखि उहाँ अनन्तमा दुवै ईश्वरीय र मानव भएको एउटा मानिसको रुपमा हुनुहुन्छ ।

<u>त्रिएकत्वको बारेमा के त ?</u>

<u>मर्मनहरुअनुसार</u>

- ब्रह्माण्डमा एकमात्र परमेश्वर (पिता-परमेश्वर) अरु सबै देउताहरुभन्दा माथि हुनुहुन्छ ।
- पिता र पुत्र, हरेकसँग शारिरिक शरीरहरु छन् ।
- पवित्र आत्मा मात्राको भिन्नतामा व्यक्तिलाई तयार गएिको एउटा अशारिरिक तरल हुनुहुन्छ ।

<u>बाइबलीय इसाईहरु अनुसार</u>

**"जब सल्लाहअनुसार, जसलाई म पिताको तर्फबाट तिमीहरु कहाँ पठाईदिनेछु । अर्थात सत्यका आत्मा, जो पितावाट आउनुहुन्छ, उहाँले नै मेरो विषयमा गवाही दिनुहुनेछ । तिमीहरु शुरुदेखि नै मेरो साथ रहेका हुनाले, तिमीहरु पनि मेरा साक्षी हौ ।" (यूहन्ना १५:२६)**

**प्रश्न : इसाईहरुले त्रिएकत्वको बारेमा के विश्वास गर्छन् ?** [परमेश्वर पिता, परमेश्वर पसत्र र परमेश्वर पवित्र आत्मा हरेक समान रुपमा र अनन्ततामा एक साँचो परमेश्वर हुनुहुन्छ, तरपनि तीन व्यक्तिहरु ।] पिता, पुत्रर पवित्र आत्मा तीन व्यक्तिहरु हुनुभए तापनि, उहाँहरु एक परमेश्वर हुनुहुन्छ ।

**<u>के मानिसहरुसँग अनन्त प्राण छ ?</u>**

<u>मर्मनहरु अनुसार</u>

- सबै मानव जातिहरु र आत्माहरु, येशू र शैतान पनि जन्मनु अगाडि आत्मियय प्राणीहरुको रुपमा रहन्थे । शारिरिक जन्मले यी आत्माहरुलाई शरीरहरु दिन्छ र ठीक-वेठिक रोज्नको लागि अवसर पनि दिन्छ ।
- सबै मानिसहरु तीन स्वर्गएहरु मध्ये एकमा जानेछन् । अविश्वासीहरु सबैभन्दा तल्लो श्रेणीको स्वर्गमा जान्छन्, धार्मिक र अमर्मनहरु दोस्रो श्रेणीमा र असल मर्मनहरु चाहिँ सबैभन्दा माथिल्लो श्रेणीमा जान्छन् । सबैभन्दा उच्च अन्तिम पुरस्कार परमेश्वर बन्नु र आफ्ना परिवारसँग एउटा छुट्टा ग्रह शासन गर्न हो ।

<u>बाइबलीय इसाईहरु अनुसार</u>

**"पृथ्वीको धुलोमा सुतेका भडिहरु उठेनेछन्, केही अनन्त जविनको लागि र अरु चाहिँ शर्म र अनन्त तिरस्कारको लागि ।" (दानिएल १२:२)**

## ईसाई चरित्र

**प्रश्न : इसाईहरुले मानिसको अनन्त आत्माको बारेमा के विश्वास गर्छन् ?**

- हाम्रो संसारिक अस्तित्व अघि अगाडिको जीवनमा मानवयि आत्माहरुको कुनै पनि अस्त्वि हुँदैन । बाइबल यस बारे कुनै पनि रुपमा सिकाउँदैन ।
- मानिस सधैं परमेश्वरभन्दा तल्लो स्थरमा नै रहनेछ । हामी स्वर्गमा नैतिक शुद्धतामा उहाँ जस्तै हुन सक्छौ, तर हामी कहिल्यै पनि ज्ञान अथवा क्षमतामा असिमित हुदैंनौ । बाइबलले अरु संसारहरु भर्नुबारे केही पनि भन्दैन ।

पापको बारेमा के त ?

मर्मनहरुअनुसार

- मानिसको पतन राम्रो र आवश्यक थियो र अर्को आज्ञा (फलवन्त र बृद्धि हुनु) पालन पालनको गर्नको लागि मानिसले परमेश्वरको आज्ञाहरुमध्ये (फल नखानु) एक पालन नगर्नु पर्‍यो ।
- आदमबाट आएको कुनै पाप स्वभाव छैन, र बालबालिकाहरुलाई पूर्ण निर्दोषताको अवस्थमा जन्मिन्छन् । सबै बालबालिकाहश्रले अन्तिममा पाप गर्छन् र उनीहरुका पापहरुको लागि स्पष्टीकरणको उमेरमा पुग्छन् ।

बाइबलीय इसाईअनुसार

**"साँच्चै म जन्मदा नै पापी थिएँ र मेरी आमाले मलाई गर्भधारण गरेदेखि नै म पापी थिएँ ।" (भजनसंग्रह ५१:५)**

**प्रश्नहरु इसाईहरुले पापको बारेमा के विश्वास गर्छन् ?** [एउटा व्यक्ति आत्मिकी रुपमा मृत जन्मिन्छ र आदमको मूल पापबाट आएको पापमय अवस्थामा रुपमा मृत हुन्छ ।]

कसरी एउटा व्यक्तिले मुक्ति प्राप्त गर्छ ?

मर्मनहरुअनुसार

- परमेश्वरको राज्यमा मुक्ति चाहिँ येशू ख्रीष्टको प्रायश्चितको रगतको कारणले उपलव्ध छ । तर यो आज्ञाहरु राख्नमा विश्वास, पश्चताप, ब्प्तिस्मा र अन्त्यसम्म सहनशिलताको अवस्थामा मात्र प्राप्त गरिन्छ ।" -आधिकारिक मर्मन मूलपाठ पापको क्षमादानमा एउटा मंजुर गरिएको मर्मन पुजारीहरुद्वारा भएको बप्तिस्मा आवश्यक पर्छ ।

बाइबलीय इसाईअनुसार

**"किनभने अनुग्रहमा विश्वासद्वारा तिमीहरुले उद्धार पाएका छौ र यो तिमहिरु आफैबाट होइन, यो त परमेश्वरको वरदान हो -कर्महरुद्वारा होइन, नत्रता मानिसले घमण्ड गर्नेछ । (एफिसी २:८:९)**

**प्रश्न : इसाईहरुले मुक्ति प्राप्त गर्ने बारे के विश्वास गर्छन् ?** [कुक्ति येशू ख्रीष्टमा भएको विश्वासद्वारा आउने परमेश्वरको दान हो ।] हामी परमेश्वरको सिद्ध पवित्रताको सतरलाई पर्याप्त सामना गर्न एउटा राम्रो जीवन जिउन हामी असक्षम छौं । हामी मुक्तिमा हाम्रा आफ्नै कामहरुद्वारा होइन, ख्रीष्टले क्रुसमा पुरा गर्नुभएको काममाथिको विश्वासद्वारा कामहरु हुन् तर मुक्ति प्राप्त गर्ने साधनहरु होइनन् ।

पवित्र पुस्तकहरु (अधिकार)

मर्मनहरुअनुसार

यो ठीकसँग अनुवाद गरिएको हो भने हामीले बाइबल परमेश्वरको वचन हो भनि विश्वास गर्छौं, हामी पनि मर्मनको पुस्तक परमेश्वरको वचन हो भनि विश्वास गर्छौं ।"

- बाइबल
- मर्मनको किताब
- सिद्धान्त र करारहरु : जोफेफ स्मिथलाई स्वर्गीय सन्देशवाहकद्धारा धेरै पटक भेट गरिएको थियो भन्ने मान्यता छ जसले उनलाई विधिपूर्वक एक साँचो पुरोहित वा पादरी बनाए । उसलाई चर्च संचालन गर्न र सुसमाचारको अझ धेरै ज्ञान दिन लगातार परमेश्वरबाट प्रकाशहरु दिययो। यी प्रकाशहरु मध्ये धेरै नै सिद्धान्त र करारहरुमा प्रकाशित छन् ।
- मूल्यवान मोति

<u>बाइबलीय इसाईहरुअनुसार</u>

**“मैले तिमीहरुलाई दिएका आज्ञाहरु केही पनि घटबढ नगर्नू, तर मैले तिमीहरुलाई दिएका परमप्रभु परमेश्वरका आज्ञाहरु पालन गर्नु ।”** (व्यवस्था ४:२)

**प्रश्न : इसाईहरुले बाइबलको बारेमा के विश्वास गर्छन् ?**

- बाइबल परमेश्वरद्धारा प्रेरित भएको वचन हो
- केवल बायबल मात्र प्रमाणिक हो
- बाइबलमा गरिने थप चाहिँ मनाही छ
- जोसेफ स्मिथ्लाई भविष्यवक्ताको रुपमा स्वीकार गरिदैनन् ।
- एउटा ममन व्यक्तिलाई बाइबलयि इसाइत्वको सत्यता प्रस्तुत गर्नको लागि सुझावहरु:-
- मर्मन धर्मको शिक्षाहरुलाई बाइबलसँग सहमत गराउन किदैन भन्ने कुरामा शिक्षाहरुसँग तुलना गर्न चुनौती दिनुहोस् ।
- याद राख्नुहोला, मर्मनहरुले ख्रीष्टको मृत्युले त केवल पहिलेका-बितेका पापहरुो मोल तिर्छ, सबैका लागि र सवै पापहरु एकैचोटि होइन भनि विश्वास गछ्रन् । कुनै पनि मर्मनले ऊसँग ख्रीष्टमा अनन्त जीवन छ भनि दाबी गर्न सक्दैन। उनीहरुका कामहरुको प्रणालीले निश्चयताको कमीतिर डोऱ्याउँछ । नयाँ नियमले मुक्तिको निश्चयताको ती व्यक्तिहरुका लागि उपलब्ध छ जसको मुक्तिको आधार उनीहरुका सट्टामा येशू ख्रीष्टको पुरा भएको कामना छ ।

<u>के मर्मन चर्च साँचो रुपमा सत्य चर्च हो ?</u>

“यो ठिकसँग अनुवाद गरिउको हो भने हामीले बाइबल परमेश्वरको वचन हो भनि विश्वास गर्छौ ।” आधिकारिक मर्मन मूलपाठ

<u>मर्मनको पुस्तक</u>

धेरै व्यक्तिहरुले मर्मनको पुस्तक ई.पू. ६०० देखि सन् ४२८ सम्म लेख भनि अनुमान गरिन्छ । मर्मनको पुस्तकअनुसार :

- यहूदीहरुको एउटा समूहलाई हुन गइरहेको बेबिलोनको कैद बबारे परमेश्वर
- बाट चेताउनी दिइयो र त्यसपछि दक्षिण अमेरिकामा प्यासिफिक समुद्रलाई पार गरे ।

- यी यहुदीहरु दुई राज्यहरुमा बाँडिए, नेफाइट्स र ल्यामानाइट्स (ल्यामानाइटस्हरु उनीहरुका पापका कारण कालो छालाले श्रापित भउ र अमेरिकी भारतका पूर्खाहरु बने ।
- नेफाइठस्हरुले येशूको दोस्रो आगमन र खीष्टको पुनरुत्थानपछि दक्षिणाी अमेरिकामा उनीहरुसँग येशूको भेटबारे अगमवाणीहरु लेख । नेफाइट्सहरु ल्यामानाइट्हरुसँगको युद्धमा पूर्ण रुपले नष्ट हुनु अघि, मर्मन, एक नेफाइटले अति उत्तम रुपमा मर्मनको पुस्तक प्रकट गरे, र उनका छोरा मोरोनीले त सुनौला पाताहरु लिए जसमा "प्रकाश" लेखिएको थियो र त्यसपछि भुईमुनि गाडे। यी पाताहश्र पछि जोफेस स्मिथद्वारा जसले यी पाताहश्र अनुवाद गरे, न्यू योर्कमा १,४०० साल पछि बाहिर खुले । यी पाताहरुमा "सुधारिएका मिश्री चित्रलिपिहरु" भनेर अंकित गरिएको थियो । जुन स्मिथ् जादुई चश्माको जोडीको सहायताले अनुवाद गर्न सक्षम भए ।

मर्मन पुस्तकको ऐतिहासिक अध्ययन

- मर्मनको पुस्तकमा वर्णन गरिएका विस्तृत जानकारी मूलक इतिहास र सभ्यता अमेरिकाको कुनै पनि ठाउँमा पुनरातत्वीहरुद्वारा पाएका कुनै पनि योकहरुसँग मेल खाँदैन । न त मर्मनको पुस्तकले अमेरिकामा त्यसबेला साँचो रुपमा रहेका सभ्यताहरुका कुनै पनि विशेषताहरु उल्लेख गर्छ । मर्मन किताववका मानिसहरु मोशाका नियमहरु निरिक्षण गरेर यहूदी भक्त भए भनेर मानिन्छ, तर मर्मनको किताववमा विभिन्न नियमको निरिक्षण अथवा यसवारे एकदम ठीक ज्ञान भएको चनेर प्रायः कुनै पनि निशान नै छैन ।
- धेरै ऐतिहासिक बयानहरुको मर्मन पुस्तकमा पाएका कुराहरु स्मिथ्ले मर्मनको किताव निकाल्न सुरु गर्नभन्दा १ वर्ष अघि मात्र (हिब्रुहरुको धारणा), १८२५ मा पहिल्यै छापमा प्रकाशित भइसकेको थियो । यस अस्पष्ट पुस्तकको होशियार अध्ययनले एकजना मर्मन चर्चका अधिकारीलाई यो कुरा स्वीकार गर्न बाध्य बनायो कि यो प्रमाणले मर्मनको पुस्तक चाहिँ प्राचिन लेख थिएन तर पहिलेका किताबमा उनले पढेका विचारहरुमा आधारित स्मिथ् आफैद्वारा देखेको सपना थियो भन्ने कुरातिर झुकायो ।

- ती व्यक्तिहरु मात्र जस-जसले ती सुनौला पाताहरु साँचो रुपमा देखेका हुन् भनेर दाबी गर्नेहरु स्मिथ्का एघारजना नजिकका साथीहरु थिए । (ति मध्ये धेरै एक-अर्कासँग सम्बन्धित थिए) । कुनै पनि निष्पक्ष दुई मुख्य व्यक्तिबाहेक तेस्रो व्यक्तिलाई कहिल्यै पनि उनीहरुलाई जाँच्न अनुमति दिइएन ।

- मर्मनको किताव सन् ४२८ मा गाडिएको भए तापनि, मर्मनको पुस्तकमा २५,००० बोलेको या लेखेको जस्तै शब्दहरु, सन् १६११ बाइबलको राजा याहूकबको अनुवादबाट रहेका छन् । मर्मनको किताबको विषयमा एउटा स्मिथ सम्बन्धी संस्था प्रकाशनले मर्मनको पुस्तक कल्पना मात्र हो भन्ने कुरा प्रमाण गर्छ । यहाँ स्मिथ् सम्बन्धी संस्थाको बयानवाट झिकिउको एउटा अंश छ : "स्मिथ् सम्बन्धी पुरातत्वविद्हरुले नयाँ संसारको पुरातत्व रयस पुस्तकको विषयवस्तुविच कुनै पनि सिधा सम्बन्त्र देख्दैनन् ।"
- सन् १८३० देखि मर्मनको पुस्तमा २००० भन्दा बढी सच्चाउने काम गरिएको थियो । स्मिथ्ले उनको अनुवाद ईश्वरीय रुपमा दिइएको थियो भनेर दाबी गरे । अझै पनि यस पुस्तकमा तथ्यपूर्ण भूलहरु, परस्पर विरोधहरु र झुटा अगमवाणीहरु छन् ।

- धेरै सिद्धान्तहरु जुन एकचोटि मर्मन चर्चवाट सिकाइएका थिए, र अति आवश्यक, महत्वपूर्ण र अनन्तको रुपमा राखिएका थिए, ती सिद्धान्तहरु त्यागिएका छन् ।

- मर्मनहरुले राजा याकूबको अनुवाद स्वीकार गर्छन् किनकी यो "ठीकसँग अनुवाद" गरिएको छ । के कुराले ठीक अनुवाद निर्धारित गर्छ ? मर्मन सिद्धान्त । जव मर्मन सिद्धान्त बाइबलीय लेखका अंशहरुसँग विपरित छन् तव ती अंशहरु बेठिक रुपमा अनुवाद" गरिएका छन् । तर पनि राजा याकूबको अनुवादवाट धेरै लेखका अंशहरु कुनै पनि बद्लाउबिना स्वीकार गरिएका छन् ।

थप विवरणहरु

- जोसेफ स्मिथ्ले आफु एक अगमवक्ता भएको र बारम्वार “परमेश्वरकाृ शक्तिद्वारा” भविष्यका घटनाहरु बारे भविष्यवाणी गरेका हुन् भनेर दाबी गरे । भविष्यवाणीहरुमध्ये धेरै LDS धर्मशास्त्रीय सिद्धान्त र करारहरुमा लेखिएका छन् । प्रायः कुनै पनि पूरा भएका छैनन् ।

- धेरै मर्मन इतिहासकारहरु मर्मन इतिहासको सत्यतामा तिनीहरुका खोजहरु प्रकाशित गरेका कारणले यो चर्चवाट सम्पर्कविहिन गरिएको छ ।

पाठ # १८ :
यहोवाको साक्षी र बाइबलीय इसाईतत्व

<u>गृहकार्य पुनरावलोकन</u>

**प्रश्नहरु र कण्ठ गर्नुपर्ने पद**

<u>आजको पाठ्य पद</u>

**थोमाले उहाँलाई भने, "मेरा प्रभु र मेरा परमेश्वर ।" (युहन्ना २०:२८)**

<u>पाठ्य उद्देश्य</u>

**यहोवाको साक्षी र बाइलीय इसाईतत्वविचका भिन्नताहरुमा जोड दिने र यहोवाको साक्षीको विश्वासी अनुयायीलाई कसरी बाइबलीय इर्सातत्व प्रस्तुत गर्ने भन्ने कुरामा सुझावहरु दिने ।**

नोट : यो पाठले धेरैले भन्ने "झूठो अथवा भ्रममा पार्ने" इसाई धर्महरुमा एउटा सिलसिला जारि राख्दछ । यहोवाको साक्षी, जस्तै मर्मन धर्म र इसाई विज्ञानहरु यस वर्गमा पर्छन् ।

यी भनौटे इसाई समूहहरुले बाइबलीय इसाईवाट तिनीहरुलाई मन पर्ने कुराहरु उठाउँछन् र छन् र ती तिनीहरुका शिक्षाहरुमा समावेश गर्छन् । जव कि तिनीहरुका शिक्षाहरुमा इसाइतत्वका तत्वहरु रहन्छन् र कुनै कुनै समयमा इसाई सुनिन्छन् तरपनि तिनीहरुका शिक्षाहरुले तिनीहरुले प्रयोग गर्ने भाषाकोसत्य बाइबलीय अर्थ अस्वीकार गर्छन् । उदाहरणको लागि तपाई हेर्नहुनेछ कि जब यहोवाको साक्षीले येशू ख्रीष्टको बारेमा कुरा गर्छन् तल तिनीहरुका येशू त कुनै नजिक ठाउँमा नै हुनुहुन्न जुन बाइबलले उहाँको बारेमा सिकाउँछ । अलमल्ल सुनिन्छ ? यो अलमल्ल मात्र होइन तर भ्रामक पनि हो र त्यहाँ यी 'झूटा धर्महरु' अथवा जस्तो कोहीले तिनीहरुलाई "सम्प्रदायकहरु" भन्ने गर्छन् यी कुराहरुको खतरा रहन्छ। हामीले यी कोही गडबडहरु यहाँ स्पष्ट पार्न हाम्रो सबैभन्दा राम्रो गर्नेछौ ।

जब यस अध्ययनमा प्रस्तुत गरिएका सामग्रीले यहोवाको साक्षीको विश्वासका मानिसहरुले विश्वास गर्ने कुराको आधारभूत बारे केही प्रश्नहरुको उत्तर दिन सक्छ, म विश्वास गर्छु कि आज तपाईसँग भएको अद्धितीय अवसर चाहिँ बाइबलीय इसाईतत्व सत्यता समूहमा पून : पुष्टि गर्नको लागि हो ।

यस पाठमा धेरैचन्दा धेरै जानकारीहरु दिइएका छन् रम तपाईलाई यस पाठमा हतार नगर्न प्रोत्साहित गर्छु । यदि तपाईसँग एउटै बैंठकमा सम्पूर्ण सामग्रीहरु समेट्ने पर्याप्त समय छैन भने तपाईले तपाईको अर्को बैंठकमा यो पाठ अघि बढाउन चाहनुहोला ।

**<u>परिचय</u>**

थोरै मानिसहरु धेरै बाइबलीय इसाईहरुले पनि यहोवाको साक्षीले के विश्वासगर्छ भन्नेबारे धेरै जान्दछन् । उनीहरुले विश्वास गर्ने कुरा बाइबलीय इसाईतत्वभन्दा धेरै परको छ । यहोवाको साक्षीको कारणले चाहिँ बाइबलको शिक्षाभन्दा माथिको राख्छ । त्यसैकारण तिनीहरुले धर्मशास्त्रमा नबुझ्ने कुनै पनि कुरा अस्वीकार गर्छन् । त्यसैले अरु कुराहरुमध्ये, यहोवाको साक्षीले यी कुराहरु अस्वीकार गर्छन् :

- येशू ख्रीष्ट परमेश्वर हुनुहुन्छ ।
- पवित्र आत्मा परमेश्वर हुनुहुन्छ
- येशू ख्रीष्टको शारिरिक पुनरुत्थान

यहोवाको साक्षीले के कुरा विश्वास गर्छन् भने तिनीहरुको संस्था, द वाच्टावर बाइबल र ट्राक्ट् सोसाइटी, परमेश्वर बारे सत्यता फैलाउनेको लागि एकमात्र माध्यम हो । त्यसैकारण यहोवाको यहोवाको साक्षीले वाच्टावर सोसाइटीले तिनीहरुलाई यसको परिशुद्धतामा कुनै पनि प्रश्न नगरिकन सन्तुष्ट गर्छ भन्ने जानकारी स्वीकार गर्छ ।

यहोवाको साक्षी : उनीहरुले केही कुराहरु ठीक पाउँछन्, तर धेरैभन्दा धेरै गल्ती पाउँछन्
(यूहन्ना २०:१९-२९)

**त्यही दिन, अर्थात हप्ताको पहिलो दिनको साझँ, जब यहूदीहरुको डरले चेलाहरु ढोकाहरु बन्द गरेर भित्र बसेका थिए, येशू आएर तिनीहरुका माझमा उभिनुभयो र तिनीहरुलाई भन्नुभयो, "तिमीहरुलाई शान्ति ।" यति भनेर उहाँले तिनीहरुलाई आफ्ना हात र कोखा पनि देखाउनुभयो । प्रभुलाई देखेर चेलाहरु अति खुशी भए ।**
**तव येशूले फेरि तिनीहरुलाई भन्नुभयो, "तिमीहरुलाई शान्ति ! जसरी पिताले मलाई पठाउनुभयो, त्यसरी म पनि तिमीहरुलाई पठाउँदछु ।" अनि यति भनेर उहाँले तिनीहरुमाथि श्वास फुखेर भन्नुभयो, "पवित्र आत्मा लेओ । जसका पाप तिमीहरुमा क्षमा गर्छौ, तिनीहरुलाई क्षमा हुन्छ र जसका पाप तिमीहरु क्षमा गर्दैनौ क्षमा हुनेछैन ।**
**येशू आउनुहुँदा बाह्र जनामध्ये एक जना, दिदुमस भन्ने थोमाचाहिँ तिनीहरुसँग थिएनन् । त्यसकारण अरु चेलाहरुले तिनलाई भने, "हामीले प्रभुलाई देख्यौ ।"**
**तर तिनले उनीहरुलाई भने, "जबसम्म म उहाँका हातमा कीलाहरुका डोब देख्दिन, र कीलाहरुका डोबहरु मेरा औंला हाल्दिन, उहाँको कोखामा मेरो हात हाल्दिन तब सम्म म विश्वास गर्नेछैन ।"**
**आठ दिनपछि उहाँका चेलाहरु फेरि घरभित्रै थिए । थोमा पनि तिनीहरुसँग थिए । ढोकाहरु बन्द थिए तर येशू भित्र प्रवेश गर्नुभयो र माझमा उभिएर भन्नुभयो, "तिम्रो औंला यहाँ राख र मेरा हातहरु हेर तिम्रो हात बढाउर मेरो कोखाम हाल । शङ्का नगर, तर विश्वासी होऊ ।" थोमाले उहाँलाई भने, "मेरा प्रभु, र मेरा परमेश्वर ।" येशूले तिनलाई भन्नुभयो, "तिमीले मलाई देखेको कारणले ममाथि विश्वास गरेका छौ ? धन्य हु तिनीहरु, जसले मलाई देखेका छैनन् र पनि विश्वास गर्छन् ।"**

परमेश्वर को हुनुहुन्छ ?

यहोवाको साक्षीअनुसार

यहोवा नै एकमात्र सृष्टिकर्ता, उद्धारकर्ता र एकमात्र जुटाउने हुनुहुन्छ ।

बाइबलीय इसाईअनुसार

**अनि परमेश्वरले मोशालाई भन्नुभयो, "म परमप्रभु हुँ । अब्राहाम, इसहाक र याकूब कहाँ म सर्वशक्तिमान् परमेश्वरको रुपमा देखा परेँ तर "परमप्रभु" भन्ने मेरो नाउँले त तिनीहरु कहाँ प्रकट भइनँ ।" (प्रस्थान ६:२-३)**

**प्रश्न : बाइबलीय इसाईहरुले परमेश्वरबारे के विश्वास गर्छन् ?** [उहाँ सर्वशक्तिमान परमेश्वर, परमप्रभु परमेश्वर हुनुहन्छ । उहाँ परमेश्वर पिता, सबै सृष्टिका स्रोत हुनुहुन्छ र परमेश्वर पुत्र साथै परमेश्वर पवित्र आत्मासँग अनन्ततामा रहनुभएको छ ।]
नयाँ संसारको अनुवादले (बाइबलको यहोवाको साक्षीको अनुवाद) परमेश्वरको लागि यहोवा नाम प्रयोग गर्छ । यहोवाको साक्षीले यो मात्र परमेश्वरको लागि नाम हो भनी विश्वास गर्छन् । तैपनि मूल धर्मशास्त्रमा परमेश्वरको

लागि यो नाम कहिल्यै पनि प्रयोग गरिएको थिएन । "प्रभु" हो, त्यो हो : यहोवा-वाइरे-प्रभुले जुटाउनुहुन्छ ; यहोवा-सालोम-प्रभु शान्ति हुनुहुन्छ ।

यहोवाको साक्षीले प्रमाणित गर्न खोज्ने धेरै दाबीहरुका उत्तरहरु दिनको लागि तिनीहरुमध्ये प्रमुख कि यहोवा मात्र हुनुहुन्छ र उहाँ मात्र परमेश्वर हुनुहुन्छ, तपाई एकदम पक्का हुनुपर्छ कि येशू खीष्ट नै परमेश्वर हुनुहुन्छ र उहाँको शारिरिक पुनरुत्थान भएको थियो । त्यसैले हामी आज ती दुई सत्यताहरु हेर्दै हाम्रो पाठको एउटा राम्रो बिताउँनेछौं ।

<u>येशू खीष्ट को हुनुहुन्छ ?</u>

<u>यहोवाको साक्षी अनुसार</u>

येशू खीष्ट यहोवाका प्रथम सृष्टि थिए र यहोवाले अरु सबै थोकहरु सृष्टि गर्न खीष्टको प्रयोग गर्नुभयो । येशू खीष्ट एक सिद्ध हुनुहुन्थ्यो । तैपनि, उहाँको संसारिक जविनभन्दा अघि येशू मुख्य दूत माईकल हुनुहुन्थ्यो । जब खीष्ट यस पृथ्वमिा आउनुभयो । येशूको शारिरिक रुपमा पुनरुत्थान भएको थिएन तर आत्मिकी हुनेछ र शारिरिक होयन । येशू यहोवाको तल हुनुहुन्थ्यो, हुनुहुन्छ र सधैं हुनुहुनेछ । यहोवा र खीष्ट सह-समान हुनुहुन्न ।

<u>बाइबलीय इसाईहरुअनुसार</u>

**"....हे महान् र शक्तिशाली परमेश्वर, जसको नाउँ सर्वशक्तिमान परमप्रभु हो.." (यर्मिया ३२:१८)**

**प्रश्न : इसाईहरुले येशू खीष्ट को हुनुहुन्छ भन्नि भन्छन् ?** [नयाँ नियमको येशू खीष्ट पुरानो नियमको यहोवा हुनुहुन्छ ।] "यहोवा" भनेर दुवै परमेश्वर पिता र परमेश्वर पुत्रको लागि बाइबलमा प्रयोग गरिन्छ । उहाँहरु अलग व्यक्तिहरु हुनुभए तापनि हरेकलाई यहोवा भन्न सकिन्छ किनकी उहाँहरु प्रत्येक परमेश्वर हुनुहुन्छ ।

<u>खीष्टको प्रमुख धर्मशास्त्रमा सिकाइन्छ</u>

**"किनकी यदि तिमीले येशूलाई प्रभु हो भनि आफ्नो मुखले स्वीकार गर्‍यौ, र परमेश्वरले उहाँलाई मरेकाहरुबाट जीवित पार्नुभयो भनी आफ्नो हृदयमा विश्वास गर्‍यौ भने तिम्रो उद्धार हुनेछ ।" (रोमी १०:९)**

यदि याद गर्नुहुन्छ भने यहोवा नामले "प्रभु" भन्ने अर्थ दिन्छ । हामलि भर्खरै यस पदमा पढेको प्रभुको लागि प्रयोग गरिएको ग्रीक शब्द हो र खीष्टलाई नयाँ नियममा ५०० भन्दा बढी पटक प्रभु भनिएको छ, तैपनि यहोवाको साक्षीले यो कुरा मान्नको लागि अस्वीकार गर्छन्।

**प्रश्न : किन इसाईहरुले येशू खष्टि परमेश्वर हुनुहुन्छ भनि देखाउँछ ?**

- येशूलाई सबै कुरामा थाहा छ, सवृशक्तिमान, पापरहित, अनन्त र कहिल्यै नबदल्नृ हुनुहुन्छ । केवल परमेश्वर मात्र यी गुणहरुले युक्त हुनुहुन्छ ।

- येशूका कामहरुले उहाँ परमेश्वर हुनुहुन्छ भनि देखाउँछ : येशूसँग पापहरु क्षमा गर्न, अनन्त, जीवन दिन, संसारको न्याय गर्न र प्रकृतिलाई नियन्त्रण गर्न शक्ति छ । केवल परमेश्वरले यी कामहरु गर्न सक्नुहुन्छ ।

- खीष्ट आराधनालाई परमेश्वरको रुपमा प्राप्त गर्नुभयो । स्वर्गदूतहरु र मानिसहरुले परमेश्वरको आराधना गर्छन् र तैपनि केवल परमेश्वरलाई मात्र आराधना चढाउनुपर्छ । खीष्टले आराधना परमेश्वरबाट मात्र हो भन्नुभयो, तैपनि उहाँले आराधना स्वीकार गर्नुभयो।

- खीष्ट सृष्टि भन्दा प्राथमिक हुनुहुन्छ : "उहाँ अदृश्य परमेश्वरको प्रतिरुप, सारा सृष्टिका ज्येष्ठ हुनुहुन्छ, किनकी उहाँमा नै सबै थोक सृष्टि भएका थिए....." (कलस्सी १:१५,१६) यहोवाको साक्षी परमेश्वरले येशूको सृष्टि गर्नुभयो भनि भन्छन् । येशू चाहिँ सृष्टि गरिनुभएको होइन तर "प्रथम जन्मिनुभएको" हो जसको अर्थ "उत्तराधिकारी" हो । खीष्टले सबै थोकहरुका लागि उत्तराधिकारी हुनुहुन्छ ।

- येशू खीष्ट परमेश्वर समान हुनुहुन्छ : जब येशूले भन्नुहुन्छ, "म र पिता एक हौं" (यूहन्ना १०:३०) यहोवाको साक्षीले यस अर्थलाई यसरी विश्वास गर्छन् कि खीष्ट परमेश्वरसँग एउटा उद्देश्यमा हुनुहुन्थ्या, प्रकृति र सारमा होइन । तैपनि येशूलाई क्रूसमा टाँग्ने यहूदीहरुले येशूले आफु परमेश्वर हुनुहुन्छ भनेर दाबी गर्नुभएको कुरालाई बुझे । यही कारणले नै तिनीहरुले उहाँलाई क्रूसमा टाँगे; उहाँले केही गर्नुभएको कारणले होइन तर उहाँको हुनुभएको दाबी गर्नुभएको कारणले । येशूले आफू परमेश्वर हुनुभएको दाबी गर्नुभयो, "उद्देश्यमा परमेश्वरसँग हुनुभएको एक" होइन ।

परमेश्वर मानिस बन्नुभयो र हाम्रो पापको लागि उहाँको जीवन बलि भर्नुभयो भनि इन्कार गर्ने यहोवाको साक्षीले धर्मशास्त्रका धेरै लेखका अंशहरु बदल्नुपर्छ र उपेक्षा गर्नुपर्छ ।

## येशुको पुनरुत्थान

**"वास्तवमा खीष्ट मृतकहरुवाट जीवित हुनुभएको छ । सुतिजानेहरु-मध्येमा उहाँ चाहिँ प्रथम फल हुनुहुन्छ ।" (१ कोरिन्थी १५:२०)**

यहोवा साक्षी अनुसार, येशू खीष्ट दैवयि आत्माका रुपमा बिउताइनु भएको थियो, शारिरिक रुपमा होइन । येशू हुनुभएको व्यक्ति त मृत छ । वाइबलीय इसाईहरु अनुसार, येशू खीष्टको शारिरिक रुपमा पुनरुत्थान भएको थियो । बाइबल भन्छ,

**"तिनीहरुले यी कुरा गर्दा गर्दै येशू तिनीहरुका विचमा खडा हुनुभयो र भन्नुभयो, "तिमीहरुलाई शान्ति होस् ।" तिनीहरु तर्से, र डरले आत्तिए र "हामीले त प्रेत देखिरहेछौं" भन्ने सम्झिए । तर उहाँले तिनीहरुलाई भन्नु भयो "तिमीहरु किन विचलित हुन्छौ, पाउ हेर, म नै हुँ, मलाई छोएर हेर । किनकी प्रेतको मासु र हाड हुदैन, तर तिमीहरु देख्छौ, मेरा त छन् ।"**

**यसो भन्नुभएपछि उहाँले तिनीहरुलाई आफ्ना हात र पाउ देखाउनुभयो । तर खुशीले पत्यार गर्न नसकी तिनीहरु छक्क पर्दा उहाँले तिनहिरुलाई भन्नुभयो, "के तिमीहरुसित यहाँ केही खानेकुरो छ ?" तिनीहरुले पकाएको माछाको एक टुक्रा उहाँलाई दिउ । अनि उहाँले त्यो लिएर तिनीहरुकै सामुन्ने खानुभयो ।**

**उहाँले तिनीहरुलाई भन्नुभयो "तिमीहरुसँग मैले बोलेको वचनहरु यी नै हुन् अर्थात मोशाको व्यवस्था अगमवक्ता र भजनका पुस्तकमा मेरो विषय लेखिएका सबै कुराहरुको समझ खोलिदिनु भयो । उहाँले तिनीहरुलाई भन्नुभयो, "यसो लेखिएको छ कि खीष्टले दुःख भोग्नु र तेस्रो दिनमा मृतकबाट जीवित हुनुपर्छ....."** (लूका २४:३६-४६)

यहोवाको साक्षीले येशूको शरीर के भयो भन्ने कुरा व्याख्या गर्न सक्दैन । फेरि पनि, उनीहरुले व्याख्या गर्न नसक्ने कुनै पनि कुरा विश्वास गर्न अस्वीकार गरेको कारणले उनीहरुको लागि शारिरिक पुनरुत्थान चाहिँ एउटा रहस्य बनेर रहनेछ । तर येशू खीष्ट मृतहरुवाट शारिरिक रुपमा बिताउँनुभएको हो र आज जीवित हुनुहुन्छ भन्ने सत्यता अझै पनि रहन्छ ।

## त्रिएकत्वको बारेमा के त ?

### यहोवाको साक्षीअनुसार

कारणवश यहोवाको साक्षीले त्रिएकत्वलाई नबुझ्नाले, उनीहरुले पवित्र आत्मा परमेश्वर हुनुहुन्छ भनेर अस्वीकार गर्छन् र त्यसैकारणले यहोवासँग सह-समान हुदैन भनि भन्छन् । पवित्र आत्मा परमेश्वरको अशारिरिक शक्ति हुनुहुन्छ, व्यक्ति होइन । त्यसैगरि, केवल यहोवा परमेश्वर हुनुभएको कारणले, उनीहरुले येशू ख्रीष्ट परमेश्वर हुनुहुन्छ भनि अस्वीकार गर्छन् । त्यसैले यहोवाको साक्षीले परमेश्वर पिता, परमेश्वर पुत्र र परमेश्वर पवित्र आत्माको बाइबलीय इसाई सत्यतालाई इन्कार गर्नुपर्छ ।

**<u>बाइबलीय इसाईकत्वअनुसार</u>**

**"जव सल्लाहकार आउनुहुन्छ, जसलाई म पिताको तर्फवाट तिमीहरुकहाँ पठाइदिनेछ, अर्थात सत्यका आत्मा जो पितावाट आउनुहुन्छ, उहाँले नै मेरो विषयमा गवाही दिनुहुनेछ । तिमीहरु शुरुदेखि नै मेरो साथ रहेका हुनाले तिमीहरु पनि मेरा साक्षी हौ ।"** (यूहन्ना १५:२६)

**प्रश्न : इसाईहरुले त्रिएकत्वको बारेमा के विश्वास गर्छन् ?** [पिता परमेश्वर, परमेश्वर पुत्र र परमेश्वर पवित्र आत्मा हरेक समान रुपमा र अनन्ततामा एक सत्य परमेश्वर हुनुहन्छ, तैपनि तीन व्यक्तिहरु ]

**के मानिससँग अनन्त आत्मा छ ?**

<u>यहोवाको साक्षीअनुसार</u>

मानिससँग अनन्त प्राण हुँदैन र प्राण शरीरवाट अलग छैन । यहोवाको साक्षीले पनि त्यहाँ कुनै नरक हुँदैन भनि विश्वास गर्छन् । उनीहरुका लागि यो परमेश्वरको प्रेम विपरी र अनुचित कुरा हो ।

<u>बाइबलीय इसाईहरु अनुसार</u>

**"तव यिनीहरु अनन्त दण्डको भागि हुनेछन् तर धर्मी जनहरु अनन्त जीवनमा प्रवेश गर्नेछन् ।" मत्ती २५:४६**

प्रश्न : इसाईहरुले मानिसको अनन्त आत्माबारे के विश्वास गर्छन् ? [मानिससँग एउटा अनन्त आत्मा छ जुन शारिरिक मृत्युमा शरीरदेखि बाहिर निस्केपछि अस्तित्वमा आउँछ ।] यहोवाको साक्षीले यो कुरा दावी गर्छन् कि नरक हुँदैन जुन कुराले बाइबलको साँचो विचार र पापको गम्भीरतालाई बंग्याउँछ र उहाँको उपस्थितिमा परमेश्वरको पवित्रताले पापलाई अनुमति दिन सक्दैन भन्ने दाबी पनि गर्छन् ।

**पापको वारेमा के त ?**

<u>यहोवाको साक्षीअनुसार</u>

जव येशू क्रुसमा मर्नुभयो तब त्यो एउटा मानिसको रुपमा थियो र एउटा मानिसको मृत्यु चाहिँ संसारको पापको लागि पर्याप्त हुँदैन । क्रुसमा येशूको मृत्युले आदमको पापको असर मात्र हटाइदियो रउउटा मानिसलाई उसको आफ्नै मुक्तिको लागि केही गर्नुपर्ने स्थितिमा राखियो ।

**<u>बाइबलीय इसाईअनुसार</u>**

**"यसैले जसरी एउटै मानिसको अपराधले सबै मानिसहरु दण्डका भागिदार बबने, त्यसरी नै एउटै मानिसको धार्मिकताको कामले सबै मानिसका निम्ति धर्मी ठहराएर जीवन ल्याउँछ । (रोमी ५:१८)**

**ईसाई चरित्र**

**प्रश्न : इसाईहरुले पापको वारेमा के विश्वास गर्छन् ?** [सबै मानिसहरुसँग आदमको पापमय स्वभाव छ र शारिरिक रुपमा मृत जन्मिन्छन् । यो यस्तो अवस्था हो जसले हामीलाई परमेश्वरावाट अलग गर्छ र त्यसैले हामीले उद्धारकर्ताको आवश्यक हुन्छ ।]

## कसरी एउटा व्यक्तिले मुक्ति प्राप्त गर्छ ?

### यहोवाको साक्षीअनुसार

यहोवाको साक्षीहरु ढोका-ढोका गउर तिनीहरुको विश्वासबारे मानिसहरुलाई बताउनमा प्रख्यात छन् । उनीहरु यति गवाही दिन्छन् किनकी तिनीहरु तिनीहरुको मुक्ति कमाउनको लागि धेरै मिहेनत गर्छन् । तिनीहरु नरक माथि विश्वास गर्दैनन् त्यसैले अनन्त सजायको कुनै डर छैन । तैपनि तिनीहरु डराउने कुरा चाहिँ तिनीहरुले जो यहोवाको स्तरसम्म पुग्न सक्दैनन् । तिनीहरुलाई पूर्ण रुपले नष्ट पारिनेछन् । तिनीहरुका प्राणहरु रहनका लागि रोकिनेछन् । यो भाग्यवाट उम्कने एकमात्र उपाय चाहिँ यहोवाको साक्षीका सिद्धान्तहरु स्वीकार गरेर र प्रचार गर्नु हो ।

### बाइबलीय इसाईहरुअनुसार

**"साच्चै, म तिमीहरुलाई भन्दछु, जसले मेरो वचन सुन्छ र मलाई पठाउनुहुने माथि विश्वास गर्छ, त्यससित अनन्त जीवन छ । त्यो न्यायमा आउँदैन, तर मृत्युदेखि त्यसले जीवनमा प्रवेश गरेको छ ।" (यूहन्ना ५:२४)**

प्रश्न : इसाईहरुले मुक्ति प्राप्त गर्ने बारे के विश्वास गर्छन् । [मुक्ति परमेश्वरको दान हो जुन येशू ख्रीष्टमाथिको विश्वासद्वारा आउँछ ।] सिद्ध पवित्रताका परमेश्वरको स्तरसम्म पुग्नको लागि हामी पर्याप्त असल जीवन जिउन सक्षम छैनौं । हामी ख्रीष्टको कामवाट मुक्तिमा आउन सक्छौ, हाम्रा आफ्नै कामहरुवाट होइन ।पवित्र जविनशैली परमेश्वरप्रति आज्ञाकारिताको एउटा क्रिया हो, तर मुक्ति प्राप्त गर्ने साधन चाहिँ होइन ।

जस-जसले येशूलाई उद्धारकर्ताको रुपमा ग्रहण गर्छन् र तिनीहरुले अनन्त जीवन प्राप्त गर्छन् । बाइबल भन्छ, **"तर जतिले उहाँलाई ग्रहण गोर उहाँको नाउँमाथि विश्वास गरे, उहाँले तिनीहरुलाई परमेश्वरका सन्तान हुने अधिकार दिनुभयो ।" (यूहन्ना १:१२)**

येशूलाई ग्रहण गर्न र परमेश्वरको सन्तान हुन तपाई र मसँग यो केवल एकमात्र जीवनकाल छ । त्यहाँ कुनै दोस्रो मौका छैन जस्तो यहोवाको साक्षीले तपाईलाई बताउनेछ । र ख्रीष्टलाई अस्वीकार गर्न निश्चय गर्नेहरुका लागि अनन्त दण्ड छ : **"जसको नाउँ जीवनको पुस्तकमा लेखिएका भेट्टाइएन त्यो अग्नि कुण्डमा फालियो ।" (प्रकाश २०:१५)**

## पवित्र पुस्तकहरु (अधिकार)

यहोवाको साक्षीअनुसार

बाइबल : "नयाँ संसार अनुवाद" । तैपनि यहोवाको साक्षी साँचो अधिकार धर्मशास्त्रको तिनीहरुको अर्थ व्याख्या हो । यहोवाको साक्षीको साहित्य र सिद्धान्तले धर्मशास्त्रको अचूक अर्थ बताउनेको रुपमा क्रिया गर्छ । यहोवाको साक्षीअनुसार नयाँ संसार अनुवाद मात्र बाइबलको एउटा ठिक अनुवाद हो, बायबलको साहित्य । सिद्धान्त लेख्ने चाहिँ अज्ञात छ, किनकी अधिकाँश मामलामा काम पनि अज्ञात छ ।

बाइबलीय इसाईहरुअनुसार

**"मैले तिमीहरुलाई दिएका आज्ञाहरु केहि पनि घटवढ नगर्नू तर मैले तिमीहरुलाई दिएका परमप्रभु परमेश्वरका आज्ञाहरु पालन गर्नु ।"** (पेज ७९)

# बाइबलका उत्तरहरुको अनुसन्धान

## पाठ १ : इसाई विश्वासको रक्षाको परिचय

### बाईबल अध्ययन गर्ने मौकाहरु

१) इसाई के हो ?
एउटा व्यक्ति जो येशु ख्रिष्टसँग व्यक्तिगत सम्बन्धमा प्रवेश गरेको छ । (प्रकाश ३:२०)

२) इसाईत्व के हो ? येशुको आज्ञाहरु र शिक्षाहरुमा आज्ञाकारितापूर्ण जिउनको लागि पवित्र आत्माको शक्तिद्धारा अगुवाई गरिएका र अधिकार दिइएका ईसाईहरु (युहन्ना १४:१५-१७)

३) ईसाईत्वको सत्यता कसरी प्रस्तुत गर्ने भन्ने बारे सिक्न किन जरुरी छ ? यसले तपाईलाई ईसाइत्व बारे सत्यता जान्न र बुझ्न सहायता गर्छ, मानिसहरुलाई ईसाईत्व बारे सत्यता बताउन सहायता गर्छ, तपाईका ख्रिष्टीय विश्वासका दृढ विश्वास दिन मदत गर्छ किनकी यो अर्थपूर्ण र तर्कपूर्ण प्रमाणमा आधारित छ । (१ पत्रुस ३ : १५, युहन्ना ८ : ३१ - ३२)

४) बाइबलले सत्यताबारे के भन्दछ ?
सत्यता जान्न सकिने खाल्को छ । (युहन्ना ८ : ३१ - ३२)

५) सत्यता मूलको विपरीत हो । यदी परमेश्वर बारे इसाई अभिप्राय सत्य हो भने .........................
परमेश्वरको विरोध गर्ने सबै अभिप्रायहरु झुठो हो ।

### याद गर्नको लागि राम्रो बचन

“तर ख्रिष्टलाई प्रभु मानेर तिम्रो हृदयमा उहाँको श्रद्धा गर । तिमीहरुमा भएका आशाको विषय कसैले सोधपुछ गरे त्यसको जवाफ दिन सधै तत्पर बस, त्यो काम नम्रता र श्रद्धासाथ गर । ” (१ पत्रुस ३:१५)

## पाठ २ : के परमेश्वर जान्न सकिने हुनुहुन्छ ?

**पढ्नुहोस् :** युहन्ना १० : १ - १८

**बाइबल अध्ययन गर्ने मौकाहरु**

१) भेडाहरुले उनीहरुको गोठालोलाई कसरी चिन्दछन् ?
भेडाहरुले उसको सोर जानेका र चिनेका हुनछन् । (युहन्ना १० : ४)

२) परमेश्वरबारे हामीले के जानेका छौं ?
परमेश्वर जान्न सकिने हुनुहुन्छ । (युहन्ना १० : १४)

३) तपाई र मैले परमेश्वरबारे कसरी जान्न सक्छौं ?
परमेश्वरले आफैलाई येशु ख्रिष्टद्धारा चिनाउनु भएको छ । (कलस्की १ : १५)
चउरमा उभिनु, यो कुरा विश्वास गर्नु सजिलो छ कि एउटा पाईलटले तपाईलाई सुरक्षितसाथ एक ठाउँदेखी अर्को ठाउँ पुऱ्याउन सक्छ । तर यो हवाईजहाज साँच्चै चढ्नु र उसमाथि भरोसा गर्नु अलग कुरा हो।

४) हवाईजहाज र पाईलटको कथा प्रयोग गर्नाले एउटा साँचो ईसाई बन्नको लागि कस्तो प्रकारको विश्वास चाहिन्छ ?
हवाईजहाजमा चढ्ने खाल्को विश्वास

५) बाईबलले इसाईत्वको सत्यता प्रस्तुत गर्ने बारे के भन्दछ ?
कोही मानिसहरुले येशुलाई उद्धारकर्ताको रुपमा स्वीकार गर्छन् । (गलाती ६ : ९)
कोही मानिसहरुले विश्वास गर्न अस्वीकार गर्छन् । (युहन्ना ५ : ४०)

६) तपाईले मानिसहरुलाई इसाईत्वको सत्यता बारे कुन तरिकामा बताउनुपर्छ ?
भद्र रुपमा र आदरसहित (१ पत्रुस ३ : १५)

**याद गर्नको लागि राम्रो बचन**
" म असल गोठालो हुँ म आफ्ना भेडाहरुलाई चिन्छु, अनि मेरा भेडाहरुले मलाई चिन्दछन् ।" (युहन्ना १०:१४)

## पाठ ३ : परमेश्वर हुनुहुन्छ भन्ने धारणा

पढ्नुहोस् : प्रस्थान १९:१६-१९

**बाइबल अध्ययन गर्ने मौकाहरु**

परमेश्वर हुनुहुन्छ भन्ने सम्भावना साँचो हो, र यो अर्थपूर्ण छ कि परमेश्वरवारे केही सत्यता जान्न सकिन्छ, त्यसो हो भने यो पनि अर्थपूर्ण छ कि परमेश्वर हुनुहुन्छ भन्ने त्यहाँ प्रमाण पनि छ ।

१) किन परमेश्वरलाई वैज्ञानिक रुपले प्रमाणित गर्न सकिदैन ?
केही कुरा वैज्ञानिक रुपले प्रमाणित गर्न त्यो कुरा दोहोऱ्याउन सकिने, ध्यान दिन सकिने र नाप्न सकिने हुनुपर्छ ।

२) परमेश्वरलाई वैज्ञानिक रुपले प्रमाणित गर्न सकिँदैन, त हामीले के हेर्नुपर्छ ?
संकेतहरु

३) परमेश्वर हुनुहुन्छ भन्ने उत्तर प्रमाण के हुन सक्थ्यो ?
गवाही हुनु लाभदायक हुन्छ (प्रस्थान १९ : १६ - १९)

४) परमेश्वरले आफैलाई प्रस्ट रुपमा चिनाउनुभएको छ भन्ने बारे बाइबलले के भन्दछ ?
उहाँको सृष्टीद्धारा (रोमी १ : १९ - २०)

५) तपाईले यस विश्वमा परमेश्वर हुनुहुन्छ भन्ने के प्रमाण पाउनु हुन्छ ?
ब्रह्माण्डको क्रम : (भजनसङ्ग्रह १९ : १ - ४)

६) पृथ्वीबारे कुन प्रमाणले परमेश्वर हुनुहुन्छ भनेर हामीलाई बताउँदछ ?
पृथ्वीको नक्शा (हितोपदेश ८ : २५ - २९)

७) मानिसहरुमध्ये कुन प्रमाणले परमेश्वर हुनुहुन्छ भनेर हामीलाई बताउँदछ ?
- सबै मानिसहरुको समूहमध्ये परमेश्वरमा प्राय : विश्व सम्बन्धी विश्वास (भजनसङ्ग्रह ४५ : १०)
- सम्पूर्ण सभ्यतामा सबै समय नैतिक कानुनहरुको अस्तित्व (भजनसङ्ग्रह ४५ : १०)

८) परमेश्वरको लागि सबैभन्दा ठूलो प्रमाण के हो ?
जीवनको सृष्टी (भजनसङ्ग्रह १३९ : १२ - १४)

प्रकृतिबाटको सङ्केतहरु इतिहास र जीवन सबैले परमेश्वर हुनुहुन्छ भन्ने अर्थपूर्ण प्रमाणतर्फ अङ्कित गर्दछ । याद गर्नुहोस् । यद्यपी जव व्यक्तिगत संकेतहरु आफैद्धारा परमेश्वरको अस्तित्वलाई प्रमाणित गर्न नसक्ला - जव तपाई सबै संकेतहरु एकैसाथ राख्न सुरु गर्नुहुन्छ, त्यो प्रमाण परमेश्वरको अस्तित्वको पक्षमा भावविभोर हुन्छ ।

**याद गर्नको लागि राम्रो वचन**

“परमेश्वरको विषयमा जान्न सकिने कुरा तिनीहरुमा प्रस्टै छ, किनकी परमेश्वरले तिनीहरुलाई त्यो कुरा देखाइदिनुभएको छ । उहाँको अदृष्य गुण, अर्थात् उहाँको अनन्त शक्ति र ईश्वरीय स्वभाव संसारको सृष्टीदेखी नै बनाईएका थोकहरुम छर्लङ्गै देखिएको छ । यसैले यिनीहरुलाई कुनै किसीमको बहाना छैन ।”

(रोमी १:१९-२०)

**ईसाई चरित्र**

**पाठ ४ : के येशु ख्रिष्ट परमेश्वर हुनुहुन्छ ?**

**बाइबल अध्ययन गर्ने मौकाहरु**

१) परमेश्वरको लागि मानिसहरुसँग कुरा गर्ने अति नै उत्तम उपाय के हुन सक्थ्यो ? मानिस बन्ने र हामीहरुसँग बाच्ने ।

२) के परमेश्वरले यो काम गर्नु भयो ? को र कसरी ?
हो (हिब्रु १ : १ - २)

येशु ख्रिष्ट एउटा वचन जो शरीर बन्यो र हामीहरुविच आफ्नो वासस्थान बनाउनुभयो । (युहन्ना १ : १४)
येशु नै परमेश्वर हुनुहुन्छ र उहाँ कस्तो हुनुहुन्छ भन्ने कुरा हामी कसरी जान्न सक्छौं भन्ने प्रश्नको उत्तम र स्पष्ट

उत्तर हुनुहुन्छ । अरु चिन्हहरु त संकेतहरु मात्र हुन् । उनीहरुलाई दृढ ठहऱ्याउने कुरा चाँही येशु ख्रिष्टको जन्म, जीवन, मृत्यु र पुनरुत्थान हो ।

३) येशुलाई अरु सबै प्रमुख धार्मिक अगुवाहरुबाट के ले फरक बनाउँदछ ? येशुले आफू परमेश्वर हुनुभएको दावी गर्नुहुन्छ ( मत्ती २६ : ६३ - ६४)

४) येशुले आफुले गर्नुभएका तीनवटा दावीहरु के के हुन् ?
- येशुले आफु परमेश्वरको पुत्र हुनुहुन्छ भन्ने दावी गर्नुहुन्छ
- येशुले आफू परमेश्वरसँग समान हुनुहुन्छ भन्ने दावी गर्नुहुन्छ ।
- येशुले आफू परमेश्वर ..........................

५) येशुले उहाँ परमेश्वर हुनुहुन्छ भन्ने उहाँको दावीहरु सत्य छन् भनेर हामीले कसरी जान्न सक्छौ ? येशुको दावीहरु झुठो हुनसक्छ ?
येशुले दावीहरु झुठो हुन सक्छ अथवा उहाँको दावीहरु सत्य हुन सक्छ ।

६) तर येशुका दावीहरु झुठा छन् भने के त ?

- येशुले उहाँका दावीहरु झुठा हुन् भनेर जान्नुहुनथ्यो, जसले उहाँलाई झुठो बनाउथ्यो ।
- येशुले उहाँका दावीहरु झुठा हुन् भनेर जान्नु हुदैनथ्यो, जसले उहाँलाई पागल बनाउँथ्यो ।

७) तर येशुका दावीहरु यथार्थमा साँचो हुन् भने के त ?
येशु उहाँ जे हुनुहुन्छ भन्नुभयो त्यही हुनुहुन्छ । येशु परमेश्वर हुनुहुन्छ ।

अब तपाईले के रोज्नुहुन्छ ? भनेर कुरा आउँछ । नरोज्ने कुरा चाँही एउटा विकल्प हो जुन विकल्प तपाईको अगाडी खुला राखिएको छैन । कुनै पनि रोजाई नवनाउनु भनेको आफै तिनीहरुको पक्ष लिनु हो जस - जसले उहाँलाई अस्वीकार गर्छन् र आफ्नै इच्छाले परिणामहरु भोग्न स्वीकार गर्छन् ।

८) तपाईले येशु ख्रिष्ट को हुनुहुन्छ भनेर भन्नुहुन्छ ?

---

**याद गर्नको लागि राम्रो वचन**

"प्राचीन कालमा हाम्रा पिता पुर्खाहरुसँग अगमवक्ताहरुद्धारा धेरै र विभिन्न किसीमले परमेश्वर बोल्नुभयो । तर यी आखिरी दिनहरुमा उहाँ आफ्ना पुत्रद्धारा हामीसँग बोल्नुभएको छ ......... " (हिब्रु १ : १ - २)

**पाठ ५ : पुनरुत्थान**

**बाइबल अध्ययनको व्यवहारिक सेवाकाई**

**<u>पढ्नुहोस् :</u> १ कोरन्थी १५ : १२ - २०**

येशुले आफ्नो बारे धेरै दावीहरु गर्नुभएको छ - उहाँले भन्नुभयो उहाँलाई मृत्युमा राखिनेछ तर तीन दिनपछि उहाँलाई फेरी जीवनमा उठाईनेछ। यदी येशुले उहाँलाई फेरी जीवनमा उठाइनेछ भन्नुभएको भए र वास्तवमा नउठ्नु भएको भए, उहाँका सबै शिक्षाहरु र उहाँले दावी गर्नुभएको कुराहरुमा प्रश्न उठ्न सक्थ्यो। मृतकहरुबाट उहाँको पुनरुत्थान परमेश्वरको सत्यताको छाप हो कि येशुले उहाँ जो हुनुहुन्थ्यो भन्नुभएको थियो, त्यही हुनुहुन्छ : परमेश्वरका पुत्र !

**<u>बाइबल अध्ययन गर्ने मौकाहरु</u>**

१) यदि येशुलाई मृत्यु देखि जीवनमा नउठाएको भए, पावलले हाम्रो विश्वासको बारेमा के भन्छन् ?
चर्चका ढोकाहरु बन्द गर, बत्तीहरु निभाऊ र घर जाऊ। हामी विश्वास व्यर्थ हुन्छ। (१ कोरन्थी १५:१४)

२) यदी येशुलाई जीवनमा फेरी नविताइएको भए किन पावलले हाम्रो विश्वास हामी अझै पनि हाम्रो विश्वास व्यर्थ छ भन्छन् ?
हामी अझै पनि हाम्रो पापहरुमा छौं र उद्धारकर्तारहित (१ कोरन्थी १५ : १७ - १८)

३) येशु ख्रिष्टको पुनरुत्थान बारे सत्यता के हो ?
वास्तवमा येशु बौरी उठ्नु भएको छ। (१ कोरन्थी १५ : २०)

**<u>येशु ख्रिष्टको पुनरुत्थान लागि पृष्ठभूमी तयार गर्दे</u>**

**<u>पढ्नुहोस् १ युहन्ना १९:३८-४२</u>**
४) येशुलाई क्रुसमा टाँगिएपछि उहाँको लाशलाई कहाँ राखिएको थियो ?

**<u>पढ्नुहोस्: मत्ती २७:६२-६६</u>**
५) यहुदी धार्मिक अगुवाहरुको चिहान सुरक्षित बनाउनको लागि के गरे ?
चिहानलाई एउटा ढुगाले बन्द गरिदिए र एउटा सिपाही खटाईदिए।

**<u>पढ्नुहोस: मत्ती २८:१-७ र युहन्ना २०:२-७</u>**
६) मरियमले आइतबारको दिन चिहानमा के देखिन् ? पत्रुस, र युहन्नाले के देखे ?
एउटा स्वर्णदूत ! केही पनि देखेनन् ! सुती कपडाका पट्टीहरु मात्र देखे र शिरको लागि दफन कपडा।

धेरै मानिसहरुका लागि येशुको पुनरुत्थान बारे बाइबलको विवरण प्रशस्त प्रमाण हो की उहाँ साँच्चै मृत्युबाट जीवनमा उठाइनु भएको थियो, र येशु आफु जो हुनुहुन्छ भन्नुभएको छ उहाँ त्यही हुनुहुन्छ। तर धेरै मानिसहरु कि त बाइबल भनेका कुराहरु विश्वास गर्दैनन् अथवा बाइबलले भनेका कुराहरु विश्वास गर्न खोज्दैनन्। यथार्थमा भन्नुपर्दा केही मानिसहरु अरु व्याख्याहरुसँग अगाडी आएका छन् कि चिहान किन खाली थियो। उनीहरुले के भन्नुपर्छ त्यो हामी हेर्नेछौं, र हाम्रो अर्को पाठमा किन तिनीहरु गलत छन् , त्यो पनि हामी हेर्नेछौं।

**<u>याद गर्नको लागि राम्रो वचन</u>**
" वास्तवमा ख्रिष्ट मृतकहरुबाट जिवीत हुनुभएको छ। सुतिजानेहरुमध्येमा उहाँचाँही प्रथम फल हुनुहुन्छ।" (१ कोरन्थी १५ : २०)

## पाठ ६ : पुनरुत्थानलाई व्याख्या गर्नु

**पढ्नुहोस् : १ कोरन्थी १५ : ३ - ७**

त्यस पहिलो इस्टर विहानमा चिहान किन रित्तो भन्ने कुरा व्याख्या गर्नको लागि त्यहाँ धेरै व्यक्तिहरुले विभिन्न सिद्धान्तहरु निकालेका छन् । उनीहरुले के भन्नुपर्दछ र उनीहरु किन गलत छन् भन्ने बारे हामी हेरौं ।

**गलत चिहान : युहन्ना २० : १ - ३ पढ्नुहो.स्**
यो सिद्धान्तले यो भनिठान्छ कि मरिमय गलत चिहानमा गएकी थिइन् । यदी मरिमय गलत चिहानमा गएकी भए युहन्ना र पत्रुस पनि त गलत चिहानमा गएका थिए र त्यो रोमी सिपाही पनि गलत चिहानमा रहेछ । साथै ती यहुदी धार्मिक अगुवाहरु पनि ठीक चिहानमा जान समय बेकारमा नफालेका हुने थियो ।

**अचेल सिद्धान्त : युहन्ना १९ : ३१ - ३५ पढ्नुहोस् ।**
यो सिद्धान्तले यसो भन्छ कि येशु साँचो रुपमा मर्नुभएको थिएन तर थकाइ र रगतको नाशले गर्दा बेहोस मात्र हुनुभएको थियो । पछि उहाँले चेतना पाउनु भयो र चिहान छोड्नुभयो । तर क्रुसीकरणको ठाउँमा हरेक निश्चित थिए कि येशु मर्नुभएको थियो । अझ सिपाहीहरुमध्ये एक येशुतर्फ गयो र उहाँ साँच्चै मर्नुभएको हो या होइन भनेर हेर्नको लागि येशुलाई भालाले गोप्यो र उहाँ अझै जिवीत हुनुभएको भए, तिनीहरुले उहाँलाई क्रुसबाट झार्ने थिएनन् ।

**चेलाहरुले येशुको लाशलाई चोरे : युहन्ना २० : १९ पढ्नुहोस्**
यो सिद्धान्तले यसो भन्छ कि जसरी भए पनि चेलाहरु चिहानमा गए र लाश चोरे । जे भने तापनि येशुको मृत्युपछि तीन दिनसम्म एउटा कोठामा बन्द थिए एकसाथ भीडमा र उनीहरुलाई के हुने हो भनेर डराउँदै थिए र रोमी सिपाहीहरु बारे के त ? उनीहरु त्यहाँ थिए । के यी डराईरहेका चेलाहरुती तालिम प्राप्त लडाई गर्ने सिपाहीहरुसँग लडेर लाश चोर्न सक्थे ? अन्तमा, ती चिहानका कपडाहरु त्यही थिए । रोमी अथवा यहुदी अधिकृतहरुले लाशलाई हटाईदिए : मत्ती २८ : ११ - १५ पढ्नुहोस् । यदी यसो हो भने ती अधिकृतहरुले किन येशुको लाशलाई त्यसै निकालेनन् ? यसले इसाईत्व सुरु हुनुभन्दा अघि नै चकनाचुर पार्ने थियो ।

**येशु खिष्टको पुनरुत्थानका प्रमाणहरु**
चिहानका कपडाहरु नचलाईकन राखिएका थिए ।
त्यहाँ धेरै विभिन्न गवाहीहरुलाई येशुको दशवटा फरक उपस्थिति थिए ।
यदी त्यो पुनरुत्थान नभउको भए बन्द ढोका पछाडी डराईरहेका येशुका चेलाहरुलाई के कुराले तिनीहरुलाई ती बलिया व्यक्तिहरुमा परिणत गर्‍यो जसले निर्धक्क सँग यो समाचार दावी गरे की येशु नै बौरी उठ्नुभएको खिष्ट हुनुहुन्छ ।

**याद गर्नको लागि राम्रो वचन**
" त्यसकारण जाओ र सबै देशका जातिहरुलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आतमाको नाउँमा तिनीहरुलाई बस्तीसम्म देओ, मैले तिमीहरुलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरुलाई सिकाओ । हेर म युगको अन्त्यसम्म सँधै तिमीहरुका साथमा छु । " (मत्ती २८ : १९ - २०)

## पाठ ७ : पाठ १ - ६ सम्मको पुनर्विचार

१) सत्यताको विरोध गर्ने कुनै पनि झुठो हो । यदी परमेश्वर बारे इसाई विचार सत्य हो भने अरु सबै परमेश्वरको विचारको विरोध गर्ने झुठो हो तव इसाईहरु के कुराको निश्चित हुन सक्छन् ?
परमेश्वर हुनुहुन्छ, बाइबल सत्य हो ( यसको सबै कुरा ) येशु मात्र परमेश्वरतर्फको बाटो हुनुहुन्छ ।

२) परमेश्वर हुनुहुन्छ भन्ने कुन प्रमाण छ ? - प्रकृतिको बनोट, सम्पूर्ण जगत्को क्रम सबै मानिसहरुविच परमेश्वरमाथिको विश्वास, नैतिक कानुनहरुको अस्तित्व जीवन ।

३) परमेश्वर हुनुहुन्छ भन्ने सबैभन्दा उत्तम प्रमाण के हो ? येशु खिष्टको व्यक्ति

४) अरु सबै धर्महरुबाट इसाईहरुलाई के ले फरक बनाउँदछ ? इसाईत्व एउटा धर्म होइन । धर्महरु त परमेश्वरलाई खुशी पार्न र स्वर्गको बाटो खोल्नको लागि मानिसद्धारा गरिएका प्रयासहरु हुन् । तर इसाइत्व येशु खिष्टसँगको सम्बन्ध हो ।

५) येशु आफु परमेश्वर भएको दावी गर्नुभयो । कि त उहाँका दावीहरु झुठा हुन् अथवा साँचो हुन् ।

६) यदि येशुका दाबीहरु गलत हुन् भने : येशुले झुठो बोल्दै हुनुहुन्नथ्यो वा येशु पागल हुनुहुनथ्यो ।

७) यदि येशुले दावी साँचो हो भने : येशु नै परमेश्वर हुनुहुन्छ ।

८) किन पुनरुत्थान त्यति महत्वपूर्ण छ ? किनभने इसाइत्व येशु खिष्टको पुनरुत्थानसँगै खडा हुन्छ अथवा सिद्धिन्छ ।

९) येशु खिष्ट बौरी उठ्नुभएको हो भनेर हामी कसरी थाहा पाउन सक्छौं ?
परमेश्वरको वचन - बाइबलमा भेटाएका गवाहीहरुको विवरण ।

१०) येशु बौरी उठ्नुभएको थिएन यी सिद्धान्तहरु बारे के त ?

- मरिमय गलत चिहानमा गइन् : पत्रुस, युहन्ना र सिपाहीहरु पनि त गलत चिहानमा थिए ।
- येशु साँचो रुपमा क्रुसमा गर्नुभएन : सिपाहीहरुमध्ये एकजनाले येशुलाई गोपेको थियो ।
- चेलाहरुमध्ये येशुले लाशलाई चोरे : चेलाहरु त एउटा कोठामा बन्द थिए , उनीहरुलाई केही होला भनेर डराउँदै एकसाथ थिए ।
- रोमी र यहुदी अधिकृतहरुसँग येशुको लाश थिए ।

११) येशुको पुनरुत्थानको लागि त्यहाँ के प्रमाण छ ? चिहानको कपडाहरु त्यही चिहानभित्रै नचलाईकन राखिएका थिए, येशु देखा पर्नुभयो , चेलाहरु परिवर्तन भए ।

**याद गर्नको लागि राम्रो वचन**
“ तर खिष्टलाई प्रभु मानेर तिम्रो हृदयमा उहाँको श्रद्धा गर । तिमीहरुमा भएका आशाको विषय कसैले सोधपुछ गरे त्यसको जवाफ दिन सँधै तत्पर बस, तर त्यो काम नम्रता र श्रद्धासाथ गर । ” (१ पत्रुस : ३ : १५)

## पाठ ८ : के बाइबलले जे जान्दछ त्यो साँचो हो ?

१) बाइबलले केही चकित पार्ने दावीहरु गर्छ :
- बाइबल परमेश्वरको तत्व हो ( २ तिमोथी ३:१६)
- परमेश्वरले भन्नुहुन्छ उहाँको वचन सबै सत्यताको लागि प्रमाण हो । (हितोपदेश ३० : ५)
- परमेश्वरको वचन लेखिएको बेला सत्य थियो, आज सत्य छ र सधैंको लागि सत्य हुनेछ भजनसङ्ग्रह ११९:१६०)

२) बाइबलले यो कुरा पनि दावी गर्छ कि यसमा तपाईले यी कुराहरु भेट्टाउनुहुन्छ :
- हाम्रो वर्तमान आत्मीकी स्थिति बारे सत्यता (रोमी ३:२३)
- परमेश्वरले हाम्रो लागि के गर्नुभयो भन्ने बारे सत्यता (युहन्ना ३:१६)
- हामी बचाइनको लागि हामीले के गर्नुपर्छ भन्ने बारे सत्यता (रोमी १०:९)
- हामी कसरी जिउनुपर्छ र परमेश्वरको आराधना गर्नुपर्छ भन्ने बारे सत्यता (रोमी १२:१-२)

चकित पार्ने दावीहरु - हो । तर यदी बाईबलका दावीहरु सत्य हुन् भने हामी यो जान्दछौं कि परमेश्वर हुनुहुन्छ, यो पनि कि येशु नै परमेश्वरको अनन्त छोरा हुनुहुन्छ र तपाईको जीवनको लागी उद्देश्य र अर्थ बारे तपाईसँग सत्यता छ ।

३) यद्यपी बाइबल १५०० वर्षको अवधिमा ४० जना विभिन्न पुरुषहरुद्धारा लेखिएको थियो , बाइबलसँग एउटामात्र मध्य सन्देश छ : मानिसहरुलाई उनीहरुको पापबाट बचाउनको लागि परमेश्वरको इच्छा र योजना । यो काम कसरी पूरा हुन सक्थ्यो त ?

परमेश्वरले यी व्यक्तिहरुलाई उहाँ तपाई र मसँग के कुरा गर्न चाहानुहुन्छ भनेर यी व्यक्तिहरुद्धारा विभिन्न समयमा उहाँको इच्छा र योजना प्रकट गर्नुभयो । (२ पत्रुस १ : २१)

४) बाइबल भन्ने कुरा सत्य हो भनेर पुरातत्वहरुले कसरी निश्चय गर्न सहायता गर्छ ।
- बाइबलमा भएको विवरणहरुको निश्चित गर्छ ।
- बाइबलको विवरणमा लेखिएका व्यक्तिहरु र ठाउँहरुको नाममा पृष्ठभूमिको सुचना जुटाउँछ ।

५) केही वैज्ञानिक सत्यताहरु के हुन्, जुन सत्यताहरु बाइबलमा सयौं वा हजारौं वर्षहरु विज्ञानले प्रमाणित गर्नुभन्दा अगाडी नै यथार्थको रुपमा लेख तयार पारिएका थिए ।
- पृथ्वी गोलो छ (यशैया ४०:२२)
- वायुमण्डलमा बहाव (उपदेशक १:६)
- पृथ्वीसँग गुरुत्वाकर्षण क्षेत्र छ (अयुव २६:७)

६) व्यक्तिगत अनुभवले बाइबलको प्रमाणलाई निश्चय गर्न कसरी मदत गर्छ ?
- बाइबलको प्रतिज्ञाहरु सत्य हुन् भन्ने पाउँछ (भजनसङ्ग्रह ११९:१६०)
- यसको परामर्श र सल्लाह राम्रो छ भनेर साक्षी दिन्छ (हितोपदेश ८:३२-३३)
- यसको आज्ञाहरु र मर्यादाहरु विवेकपूर्ण छन् भनेर प्रमाणित गर्छ (भजनसङ्ग्रह १२१:१-२)

**याद गर्नको लागि राम्रो वचन**

"तपाइका सम्पूर्ण वचनहरु सत्य छन् र तपाईका सबै धार्मिक नियमहरु अनन्तका छन् ।"
(भजनसङ्ग्रह ११९ :१६० )

## पाठ ९ : बाइबलले जे भन्छ त्यो साँचो हो ?

१) येशु नै परमेश्वरका पुत्र - म सिह हुनुहुन्छ भन्ने कुरा जान्न सक्ने दुई उपायहरु के हुन् ?
क) पुरा भएको अगमवाणी (यशैया ७ : १४ र लुका २ : १ - ७)
ख) येशुको पारिवारिक चित्रद्धारा सम्भावनाहरु हटाउनु (मत्ती १ : १ - १६)

२) अगमवाणीलाई त्यसको परिपूर्णतासँग मिलाउनुहोस् :

- आउनुहुने मसिह (मलामी ३ : १) - घ -
- मसिह कसरी चिनीनुहुनेछ : (यशैया ६१ : १) - ख -
- मसिहको जन्म : (यशैया ७ : १४ र मिका ५ : २) - च -
- मसिहको जाँच : (यशैया ५३ : ७) - क -
- मसिहको मृत्युको तरिका : (यशैया ५३ : ५) - ङ -
- मसिहको पुनरुत्थान : (यशैया ५३ : ११) - ग -

क) मत्ती २७:१२-१४ ख) मर्कुश १:१०-११, लुका ७:२२ ग) मत्ती २८:१-७
घ) लुका २:२१-३२ ङ) मत्ती २७:२६ च) लुका २:१-७

३) मसिहको बारेमा पुरानो नियममा उल्लेखित कतिवटा अगमवाणीहरु नयाँ नियममा पुरा भएको छ?
क) ८ ख) १९ ग) ६० उत्तर - ग) ६०

४) येशुको पारिवारिक चित्र मिलाउनुहोस् -

- येशु नोआका तीन छोराहरुमध्ये कुनचाँही छोराबाट आउनुभयो ? - ख -
- येशु इसहाकको कुन छोराबाट आउनुभयो ? - ङ -
- येशु याकुवको कुन छोराबाट आउनुभयो ? - घ -
- येशु इस्रायलको कुन राजाबाट आउनुभयो ? - क -
- मरियम र युसुफ दुबै कसबाट आए ? - ग -

क) दाउद अरु सबै मानिसहरुका वंशलाई हटाएर मसिह आउन सक्नुहुनथ्यो
ख) रोम सबै मानिसहरुका २ / ३ लाई हटाएर मसिह आउन सक्नुहुन्थ्यो
ग) दाउद येशुलाई राजकिय सिंहासनमा अधिकारपूर्ण उत्तराधिकार दिएर
घ) यहुदा अरु रहेका सम्भावनाहरुको ११ / १२ लाई हटाएर
ङ) याकुव अरु रहेका सम्भावनाहरुको १ / २ लाई हटाएर

सम्भावनाको कानुनद्धारा कोही एक तर येशु मसिह बनेर राज्य गर्नुभएको छ ।

### याद गर्नको लागि राम्रो वचन

“ तर ऊ त हाम्रा अपराधहरुका निमति छेडियो । हाम्रा अधर्मका निम्ती ऊ पेलियो । हामीमा शान्ती ल्याउने दण्ड उसमाथि पऱ्यो र उसको कोर्राको चोटले हामी निको भयौं । ” (यशैमा ५३ : ५)

## पाठ १० : के बाइबलले भन्ने कुरा साँचो हो ?

**के वाइबल जसरी मौलिकपनाले लेखिएको थियो, आज पनि उस्तै छ ?**

- छाप्ने कारखाना भन्दा पहिल्यै, मौलिक बाइबल वेदहरु हातद्धारा ध्यानपूर्वक बनाएका थिए ।
- परानो करार हिब्रुमा मौलिक रुपमा लेखिएको थियो र पछि ल्याटिन भाषामा अनुवाद गरियो र त्यसपछि फेरि ग्रीक भाषामा पनि अनुवाद गरियो । हिब्रु, ल्याटिन र ग्रीक अनुवादनहरु विचारपूर्ण सहमति हो ।
- सबैभन्दा सुरु थाहा भएको पुरानो नियमको पूर्ण नक्कल सन् ९०० तिर पाईयो । हामी यो जान्दछौं कि इ.पु. ९०० भन्दा अगाडिका लेखहरु मृत सागरको कागज झैं बेरेर राखिएका कागजका मुठाहरु भेट्टाईयो, १,००० वर्षको अन्तरालमा त्यस्तै बाइबल बेदहरुको नक्कलहरु आज पनि दाँज्न सकिन्थ्यो । थोरै भेट्टाएका भिन्नताहरुले बाइबल वेदको अर्थलाई बदल्न सकेन ।

- Septuagint (पुरानो नियमको ग्रीक अनुवाद) २०० BC तिर तोकिएको छ । जब Septuagint लाई ती मृत सागरमा मुठाहरुसँग दाजिन्छ , यसले यो देखाउाछ कि ती नक्कलहरु समान छन् । यो कुरा प्रमाणित गरिन्छ कि पुरानो नियमका मुठाहरु २०० इन्त्र देखि धेरै होशियारसँग जोगाएर राखिएका थिए, साथै यो पनि प्रमाणित गर्न सकिन्छ कि हमीसँग अहिले जे छ त्यो त्यही हो जुन मौलिक रुपमा लेखिएको थियो ।

- आज नयाँ नियमको हस्तलिपीहरु ४,००० जति नक्कलहरु अस्तित्वमा छन् । यी हस्तलिपीहरु विभिन्न लेख्य वस्तुहरुमा नक्कल गरिएका छन् र यसले समयको विभिन्न अवधिहरुमा नक्कल गरिएका बाइबलहरु दाँज्न मद्दत पुऱ्याउँदछ ।

- विभिन्न वस्तुहरुमा नक्कल गरिएका बाइबलहरु दाँज्नाले शब्दहरुमा भिन्नता नभएको थोरै भेट्टाउँदछौं र भेट्टाएका भिन्नताद्धारा शब्दहरुको अर्थ बद्लिएको छैन ।

**नयाँ नियममा जे छ मौलिक रुपमा लेखिएको थियो, त्यो ठीक रुपमा लेखिएको थिए भन्ने प्रमाणहरु :**

- सुरुमा हामीले यो कुरा विश्वास गर्नु पर्छ कि जे लेखिएको थियो त्यो ठिक हो । जवसम्म लेखकले विरोध गर्दैन वा गलत वर्णन बनाउँदैन ।
- ती पुरुषहरु जो गवाही बनेका थिए वा जो गवाहीहरुले भनेका कुराहरुसँग सम्बन्धित थिए । ती सबै पुरुषहरुले नयाँ करार लेखेका हुन् ।
- येशुको नयाँ नियमको विवरणहरु येशुको जीवनको समयमा बाँचेका व्यक्तिहरुको जीवन कालभित्र नै बनाइएका थिए । यी व्यक्तिहरुले नै लेखिएका कुराहरु निश्चय गर्न सक्थे अथवा यथार्थलाई अस्वीकार पनि गर्न सक्थे ।

**बाइबलका लेखिएका कुराहरु साँचो हुन् भन्ने निश्चय गर्ने बाइबल लेखभन्दा बाहिरका प्रमाणहरु :**

- पुरातत्वले अनगिन्ती खण्डहरु निश्चय गरेका छन् ।
- सु- समाचार विवरणहरु लेखिएको समयमा नै लेखिएका कामहरुले बाइबलमा रहेका कुराहरुसँग सहमति जनाउँदछ ।

**<u>याद गर्नको लागि राम्रो वचन</u>**

"किनकी हामीले तिमीहरुलाई हाम्रा प्रभु येशु ख्रिष्टको महाशक्ति र आगमनको समाचार दिंदा धुर्ततासँग रचिएका दन्त्य - कथाहरुको हामीले अनुसरण गरेनौं तर वैभव प्रत्यक्ष देख्ने हामी साक्षी हौं । (२ पत्रुस १:१६)

## पाठ ११ : पाठ ८ - १० को पुनर्विचार

१) बाइबलले के कस्तो दावीहरु गर्दछ ?

- बाइबल आफूले लेखिएको चाहानुभएको कुरा हो । (२ तिमोथी ३:१६)
- उहाँको वचन सबै सत्यताको लागि प्रमाण हो । ( हितोपदेश ३०:५)
- परमेश्वरको वचन लेखिएको समयमा सत्य थियो , आज सत्य छ र सदाको लागि सत्य हुनेछ । ( भजनसङ्ग्रह ११९:१६०)
- हाम्रो वर्तमान आत्मीकी अवस्था बारे सत्यता (युहन्ना ३:१६)
- हामी बचाइनको लागि हामीले के गर्नुपर्छ भन्ने सत्यता (रोमी १०:९)
- हामी कसरी बाँच्नुपर्छ र कसरी परमेश्वरको आराधना गर्नुपर्छ भन्ने बारे सत्यता (रोमी १२ :१-२)

२) बाइबलले भनेको कुरा सत्य हो भनेर निश्चय गर्ने प्रमाण के छ ?

- बाइबल निर्माण गरिएको तरिका
- पुरातत्व खोजहरु
- बाइबलमा रहेका वैज्ञानिक सुचनाको यथार्थ
- व्यक्तिगत शाक्षी
- पूरा भएका अगमवाणी

३) येशु नै परमेश्वरका पुत्र - मसिह हुनुहुन्छ भनेर जान्न सक्ने दुई तरिकाहरु के के हुन् ?

- पुरा भएका अगमवाणी
- येशुको पारिवारिक चित्रद्धारा हुने सम्भावनाहरु हटाउनु

४) हामीले बाइबल जसरी मौलिक रुपमा लेखिएको थियो आज पनि ती बाइबलका लेखहरु उस्तै छन् भनेर कसरी जान्न सक्छौं ?

- ध्यानपूर्वक नक्कल गरिएको
- मौलिक हिब्रु भाषाबाट भएका ल्याटिन र ग्रीक अनुवादनहरु सबै सहमतिमा छन् ।
- हजारौ वर्षभन्दा अघिका बाइबलको नक्कलहरु पनि अद्भुत सहमतिमा छन् ।

५) नयाँ नियममा मौलिक रुपमा लेखिएका कुराहरु ठिकसँग लेखिएका थिए भनेर हामी कसरी जान्न सक्छौ ?

- गवाहीका विवरणहरु अथवा गवाहीहरुले भनेका कुराहरुको सम्बन्धित विवरणहरु
- येशुका नयाँ नियमका विवरणहरु येशुका जीवनका समयमा बाँचेका व्यक्तिहरुको जीवन कालभित्र नै बनाईएका थिए । यी व्यक्तिहरुले नै निश्चय गर्न सक्थे अथवा यथार्थलाई अस्वीकार पनि गर्न सक्थे ।

६) बाइबलमा लेखिएका कुराहरु ठिक हुन् भनेर के बाइबल भन्दा बाहिर कुनै प्रमाण छ ?

- पुरातत्वबाटको निश्चयता
- बाइबलमा नपाइएका अरु लेखहरु बाइबलको नयाँ नियममा रहेका कुराहरुसँग सहमत छन् ।

**याद गर्नको लागि राम्रो वचन**

“ सम्पूर्ण पवित्र - शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो ……….. ” (२ तिमोथी ३ : १६)

## पाठ १२ : के येशु ख्रिष्ट मात्र परमेश्वरसम्म पुग्ने बाटो हुनुहुन्छ ?

१) इसाईहरुले येशु ख्रिष्टबारे के विश्वास गर्दछन् ?
येशु बाहेक अरु कसैमा मुक्ति छैन (प्रेरित ४ : १२)

२) इसाईहरुले यो कुरा किन विश्वास गर्दछन् ?
किनकी येशु ख्रिष्टले यही कुरा सिकाउनुहुन्छ (युहन्ना १४ : ६)

३) अरु धर्महरुका सदस्यका बारेमा के त जसले यी कुराहरु दावी गर्दछन् कि परमेश्वर को हुनुहुन्छ र उहाँ कस्तो हुनुहुन्छ भन्ने प्रश्नहरुको ठीक उत्तरहरु उनीहरुको विश्वाससँग छ ?
उहाँ नै परमेश्वरसम्म पुग्ने एकमात्र बाटो हुनुहुन्छ ?

४) येशु भन्नुहुन्छ, " म बाटो हुँ " , भन्ने दावी कसरी गर्न सक्नुहुन्छ ?
ती आत्मिक कानुनहरु जुन पापको मुल्य चुकाउनको लागि आवश्यक पर्दछ ?
ऋुसमा येशुको मृत्युद्धारा मात्र पुर्ति गर्न सकिन्छ । (रोमी ३ : २३ - २५)

६) कसैले परमेश्वरबारे विश्वास गर्नु गलत हो भन्नु कठोर सुनिन्छ । के इसाइत्व र अरु धर्महरु वास्तवमा उस्तै होइनन् र ?
होइन । हो ,त्यहाँ केही समानताहरु छन् तर समानताहरुभन्दा पनि धेरै भिन्नताहरु छन् ।

७) इसाईत्व र अरु धर्महरुविच मुख्य भिन्नता के हो ?
इसाईत्व एउटा धर्म होइन । धर्महरु परमेश्वरलाई खुशी पार्न र स्वर्गको बाटो कमाउने मानिसद्धारा गरिएको कोशिश हो । तर इसाईत्व त येशु ख्रिष्टसँगको एउटा सम्बन्ध हो । (युहन्ना १४ : १५ - १८)

८) किन ईसाईत्वले मात्र मुक्तिको दृढविश्वास दिदछ ?
हामीले हाम्रो लागि गर्न नसक्ने केही कुरा येशुले हाम्रो लागि गर्नुहुन्छ । (एफिसी २ : ८ - ९)

९) त्यसो हो भने के इसाईहरु ती व्यक्तिहरुभन्दा राम्रा छन् जो इसाई होइनन् ?
एउटा इसाईले आफू राम्रैं छु भन्ने कुनै अधिकार छैन । उ आफू परमेश्वरको अनुग्रहको कारण शुद्ध रुपमा बचाइएको पापी जस्तै बोल्दछ । (एफिसी २ : ४ - ५)

१०) येशु अरु प्रमुख धार्मिक गुरुहरुभन्दा कसरी फरक छ ?
संसारका सबै महान् धार्मिक गुरुहरुमध्ये येशुले मात्र आफू परमेश्वर भएको दावी गर्नुहुन्छ । (मत्ती १६:१५-१७)

याद गर्नको लागि राम्रो वचन ? त्यजल १४ : ६ - ७

## पाठ १३ : बाइबलिय इसाईहरुले के विश्वास गर्छन् ?

१) किन येशुलाई मुक्तिदाता भनिन्छ ?
किनकी मानिसको रुपमा येशुले मानिसको ऋण तिर्न सक्नुहुन्थ्यो, परमेश्वरको रुपमा येशुसँग असिमित परमेश्वरको विरुद्ध जानुको असिमित सजायको पुर्ति गर्नको लागि सामर्थ्य थियो । (प्रेरित ४ : १२ )

२) किन येशुलाई ख्रिष्ट (अभिशिक्त) भनिन्छ ?
येशुले परमेश्वरका योजनाहरु क्रुसमा आफ्नै वलिदानद्धारा सम्पूर्ण मानिसहरुलाई पाप र मृत्यको शक्तिबाट छुसटकारा दिनको लागि प्रकट गर्नुभयो । (मत्ती १६ : १५ - १६)

३) किन येशुलाई हाम्रा प्रधान पुजाहारी भनिन्छ ?
येशुले हामीलाई उहाँको शरीरको बलिदानद्धारा एकचोटी र सबैको लागि मोल तिरेर छुटाईसक्नुभएको छ र अहिले परमेश्वर पितासँग हाम्रो लागि मध्यस्थ कर्ताको रुपमा हाम्रा प्रार्थनाहरु जाहेर गर्दै पिताको दाहिने हात पट्टी हुनुहुन्छ । (हिब्रु ७ : २३ - २७)

४) किन येशुलाई राजा भनिन्छ ?
येशु हाम्रा अनन्तका राजा हामीमा राज्य गर्नुहुन्छ, हाम्रो समर्थन गर्नुहुन्छ र हामीलाई मोल गरेर छुटाउनु हन्छ । (प्रकाश १९ : ११ - १६)

५) किन येशुलाई प्रभु भनिन्छ ?
उहाँको आफ्नै रगतको मुल्यमा उहाँले हामीलाई हाम्रो पापबाट निकालेर ल्याउनुभयो । (प्रकाश ५:९-१०)

६) वाइबलिय ईसाईहरुले त्रीएकत्वको बारेमा के विश्वास गर्छन् ?
ईश्वर पिता परमेश्वर पुत्र र परमेश्वर पवित्र आत्मा हरेक समान रुपमा र अनन्ततामा एक साँचो परमेश्वर हुनुहुन्छ । (मत्ती २८:१९)

७) बाइबलिय ईसाईहरुले मानिसको आत्मा बारे के विश्वास गर्छन् ?
यो अमर छ । (दानियल १२:२)

८) बाइबलिय इसाईहरुले पापको बारे के विश्वास गर्छन् ?
- हामी पापपूर्ण जन्मन्छौ (भजनसंग्रह ५१:५)
- हामी हाम्रै रोजाइले पाप गर्छौ । (यशैया ५३:६)

९) बाइबलिय ईसाईहरुले मुक्तिको बारेमा के विश्वास गर्छन् ?
- मुक्ति एउटा उपहार हो । (एफिसी २:८-९)
- मुक्ति येशु ख्रिष्टमा विश्वासबाट आउँछ (युहन्ना ३:१६)
- मुक्ति निश्चित गरिएको र स्थायी हुन्छ (युहन्ना १०:१७-३०)

१०) बाइबलिय इसाइहरुले मुक्ति प्राप्त गर्ने बारे के विश्वास गर्छन् ?
- तपाईको पापलाई मान्नुहोस् र स्वीकार गर्नुहोस् (१ युहन्ना १:८-९)
- येशुलाई परमेश्वरको पुत्रको रुपमा विश्वास गर्नुहोस् र उहाँलाई तपाईको प्रभु र मुक्तिदाता हुनको लागि भन्नुहोस् । (रोमी १०:९)

याद गर्नको लागि राम्रो वचन (युहन्ना ३ : १६)

## धन्यवादको चाड
## धन्यवादको समय र दिने समय

“परमेशवरलाई धन्यवाद चढाओ, उहाँका नाउँको पुकार गर, जातिहरुका बीचमा उहाँले गर्नुभएका कार्यहरु प्रचार गर । उहाँको निम्ति गाओ, उहाँको निम्ति प्रशंसाको स्तुति गाओ, उहाँका सबै आश्चर्यकर्महरुको बयान गर । ” ( भजनसंग्रह १०५ : १ - २ )

धन्यवाद ज्ञापन चाँही हामीलाई दिईएका कुराहरुप्रति कृतज्ञ हुने बारे हो । एकछिनको लागि आऔं हामीले के पायौं भन्ने बारे सोचौं । निम्न लिखित पदहरु पढ्नुहोस् :

“ पृथ्वी र त्यसमा भएका जो - जति छन् सबै परमप्रभु हुन् .... ( भजनसंग्रह २४ : १ )

प्रश्न : तपाईसँग भएका सबै कुराहरु कहाँबाट आए ? ( हामीसँग भएका सबै कुराहरु परमेश्वरले दिनुभएका कुराहरुबाट आउँदछन् । )

प्रश्न : के कसैले परमेश्वरभन्दा बढी उद्धारचित्तले दिएको छ ?

- “ किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस् तर त्यसले अनन्त जीवन पाओस् । ( युहन्ना ३ : १६ ) परमेश्वरले हामीलाई उपकारको रुपमा अनन्त जीवन दिनुहुन्छ ।
- “ आँखाले नदेखेका र कानले नसुनेका र मानिसले मनमा नसोचेका, यी नै कुरा परमेश्वरले उहाँलाई प्रेम गर्नेहरुका निम्ति तयार पार्नुभएको छ । ” ( १ कोरन्थी २ : ९ ) परमेश्वरले हामीले सोचेको भन्दा पनि बढी दिनुहुनेछ ।

परमेश्वरले ईसाईहरुलाई यो निश्चय गर्नुहुन्छ ( ती व्यक्तिहरु जसले येशु ख्रिष्टलाई उनीहरुको जीवनमा मुक्तिदाता र प्रभुको रुपमा बोलाईएका छन् ) कि एकदिन उनीहरु परमेश्वरसँग उहाँको घर स्वर्गमा सदासर्वदाको लागि जिउनेछन् । तर .... कहिलेकाँही हामी परमेश्वरले हामीलाई गर्नुभएको अर्को अनौठो प्रतिज्ञा बारे बिर्सिन्छौं ।

“म त तिनीहरुले जीवन पाऊन्, र त्यो प्रशस्त मात्रामा ....... ” ( युहन्ना १० : १० ) येशुले यो भन्नुहुन्छ कि उहाँले तपाईलाई स्वर्गमा नागरिकता मात्र दिनुहुने होइन तर स्वर्गको यतापट्टि तपाईले अति उत्तम जीवन पाउन सक्नुहुन्छ । परमेश्वरले हामीलाई दुवै संसारको उत्तम प्रदान गर्नुहुन्छ ।

प्रश्न : तपाईलाई दिईएका मानिसहरु को - को हुन् ? (अविभावकहरु जसले तपाईलाई परमेश्वरको प्रेम देखाउनुहुन्छ, शिक्षकहरु जसले तपाईलाई विद्यालयमा सिक्नको लागि सहायता गर्नुहुन्छ, तालिम दिने शिक्षक जसले तपाईलाई खेलहरु खेल्न सिक्नको लागि सहायता गर्नुहुन्छ, ती व्यक्तिहरु जो हाम्रो देश सुरक्षित राख्न शैनिक फौजमा सेवा गर्छन् । ) सोच्नुहोस् जव कसैले तपाईलाई दिनको निम्ति समय लिन्छ तव कस्तो राम्रो अनुभव हुन्छ ।

हामीलाई पक्कै पनि धेरै दिईएको छ, त्यसैले हामी धन्यवादी हुनुपर्ने धेरै प्रशस्त कुराहरु हामीसँग छन् । यो पाठको अन्त्यमा एउटा रमाइलो खेल भन्दा अघि एउटा सानो कसरत गरौं ।

प्रश्न : सेप्टेम्बर ११, २००१ -
न्यूयोर्कको विश्व व्यवसाय केन्द्रमा मानिसहरुले हवाईजहाजमा उडाईएको दिन - त्यहाँ धन्यवादी हुनुपर्ने के छ र ? ( कि परमेश्वरले त्यहाँ हुन सक्नेभन्दा कम विनाश हुन दिनुभयो, धेरै मानिसहरुले उनीहरुको विश्वाश र भरोसा मुक्तिदाताको रुपमा येशुमाथि रोखेका छन् , स्वदेशभक्ति र दिने कुराको बहाव, नयाँ गरिएको प्रार्थनामय जीवन र मण्डलीको सेवा ।

## ईसाई चरित्र

प्रश्न : तपाईको परिवारमा गम्भीर विमार छ । यसमा धन्यवादी हुनुपर्ने के कुरा भेटाउन सक्नुहुन्छ ? ( तपाईले आनन्द लिनुहुने स्वस्थ्य एउटा उत्तम भविष्यको लागि आशा, मानिसहरुको सहायताको रुपमा येशुको प्रेम व्यवहारमा उतार्नु )

प्रश्न : संघटनमा तपाईको खेल दल हार्छ । यसमा धन्यवादी हुनुपर्ने के कुरा भेटाउन सक्नुहुन्छ ? ( खेल्न सक्षम हुनको लागि शारिरीक स्वास्थ्य, खेलको
जान्नुपर्ने कुरामा सिक्दै र बढ्दै जानु, खेल बाहिर तपाईले प्रयोग गर्न सक्नुहुने राम्रा पाठहरु सिक्ने : आत्म संयम, धैर्य , दया । )

प्रश्न : तपाईको घर वर पर हेर्नुहोस् । यसमा धन्यवादी हुनुपर्ने के कुरा भेटाउनु सक्नु हुन्छ ? (परिवार तपाई सगँ एउटा घर, कपडाहरु, खाना, इत्यादी छन् ।)

प्रश्न : तपाईको चर्च वरी परी हेर्नुहोस् । यसमा धन्यवादी हुनुपर्ने के कुरा भेटाउन सक्नुहुन्छ । (येशु खीष्ट, तपाईको पास्टर, स्वतन्त्र र खुला रुपमा आराधना गर्नको लागि ठाउँ । )

प्रश्न : भनौं तपाईलाईले एउटा घर विहिन व्यक्तिलाई भेट्नु हुन्छ र उसले तपाईलाई सोध्छ, “म के कुराको लागि धन्यवादी हुनु पर्छ ?” (परमेश्वरले तपाईको आवश्यकताहरु जुटाउनु हुन्छ, मानिसहरुले वास्ता गर्छन् र मद्दत गर्छन् - तपाई बिर्सिनु हुदैन, तपाई आफ्नो खुट्टा फेरी उभिन तपाई सगँ अवसरहरु छन् । ) धन्यवादी हुनकोलागि हामीसगँ धेरै कुराहरु छन् । तर धन्यवाद ज्ञापनको दोस्रो भाग दिनु हो । त्यसैले दिने बारे कुरा गरौं ।

प्रश्न : तपाईले दिन सक्ने तीन उपायहरु यहाँ छन् । ती के हुन् भनेर विचार गर्नुहुन्छ ?
१. हामीले समय दिन सक्छौं ।
२. हामीले हाम्रा क्षमताहरुद्धारा दिन सक्छौं ।
३. हामीले हाम्रो समय दिन सक्छौं ।

प्रश्न : किन तपाईले दिनुपर्छ ? बाईबल भन्छ : “ तिमीहरुले सित्तैमा पायौ, सित्तैमा देओ ” ( मत्ती १० : ८ ) ( दिनुहोस् किनकी तपाईलाई दिईएको छ । ) बाइबल भन्छ, “ तर कुरा यही हो, कि थोरै छर्नेले थोरै नै कटनी गर्छ, र प्रशस्त सँग कटनी गर्छ । अनि हरेक मानिसले आफ्नो मनमा सङ्कल्प गरे बमोजिम दिओस् , इच्छा नभई होइन, नता  करकापमा परेर ( किनकी तपाईले दिनुपर्छ ), किनभने खुसीसाथ दिनेलाई परमेश्वरले प्रेम गर्नुहुन्छ । ” ( १ कोरन्थी ९ : ६ - ७ ) तपाईसँग भएको कुरा दिनुहोस् किनभने तपाईले दिन चाहनुहुन्छ ।

प्रश्न : हामीले कहिले दिनुपर्छ ? ( अवसर आउने बेलामा बाड्नुहोस् । ) बाईबल भन्छ, “ सन्तहरुको खाँचोमा सहायता देओ ........ ” ( रोमी १२ : १३ ) कुनै पनि समय ठीक समय हो ।

धन्यवादज्ञापनले “ छुट्टिको मौसम ” खोल्दछ, यो त्यो समय हो जब हामी स्वत : दिनको लागि उपायहरु खोज्छौं ।

प्रश्न : कसरी तपाईले तपाईका क्षमताहरु, तपाईको समय र तपाईको पैसा दिनको लागि प्रयोग गरी व्यवहारमा उतार्न सक्नुहुन्छ ?

म मेरा क्षमताहरु प्रयोग गर्न सक्छु :

| | |
|---|---|
| घरमा | - पारिवारिक कार्यको योजना बनाउन सहायता गरेर |
| स्कूलमा | - कक्षाको साथीलाई विज्ञान योजनामा सहायता गरेर |
| चर्चमा | - क्वायरमा गित गाएर |
| समुदायमा | - आफूभन्दा ठूलाबडा छिमेकीलाई पात मिलाउन सहायता गरेर म मेरो समय प्रयोग गर्नसक्छु : |
| घरमा | - टि. भी. भन्दा अघि घरको काम गरेर |
| स्कूलमा | - सञ्चय उठाउने योजनालाई मद्दत गरेर |
| समुदायमा | - च्यारीटी वा सामुदायिक सेवा योजनामा भाग लिएर म मेरो पैसा प्रयोग गर्न सक्छु : |

| | |
|---|---|
| घरमा | - सम्पूर्ण परिवारको लागि विशेष उपहार किनेर |
| स्कूलमा | - साथीको खाजा किनेर |
| चर्चमा | - चर्चमा दशांश दिएर |
| समुदायमा | - सहायता चाहिएको परिवारलाई आर्थिक सहयोग गरेर |

## धन्यवादको चाड
## धन्यवादको समय र दिने समय

"परमेशवरलाई धन्यवाद चढाओ, उहाँका नाउँको पुकार गर, जातिहरुका बीचमा उहाँले गर्नुभएका कार्यहरु प्रचार गर । उहाँको निम्ति गाओ, उहाँको निम्ति प्रशंसाको स्तुति गाओ, उहाँका सबै आश्चर्यकर्महरुको बयान गर । " ( भजनसंग्रह १०५ : १ - २ )

धन्यवाद ज्ञापन चाँही हामीलाई दिईएका कुराहरुप्रति कृतज्ञ हुने बारे हो । एकछिनको लागि आऔं हामीले के पायौं भन्ने बारे सोचौं । निम्न लिखित पदहरु पढ्नुहोस् :

" पृथ्वी र त्यसमा भएका जो - जति छन् सबै परमप्रभु हुन् .... ( भजनसंग्रह २४ : १ )

प्रश्न : तपाईसँग भएका सबै कुराहरु कहाँबाट आए ? ( हामीसँग भएका सबै कुराहरु परमेश्वरले दिनुभएका कुराहरुबाट आउँदछन् । )

प्रश्न : के कसैले परमेश्वरभन्दा बढी उद्धारचित्तले दिएको छ ?

- " किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस् तर त्यसले अनन्त जीवन पाओस् । ( युहन्ना ३ : १६ ) परमेश्वरले हामीलाई उपकारको रुपमा अनन्त जीवन दिनुहुन्छ ।
- " आँखाले नदेखेका र कानले नसुनेका र मानिसले मनमा नसोचेका, यी नै कुरा परमेश्वरले उहाँलाई प्रेम गर्नेहरुका निम्ति तयार पार्नुभएको छ । " ( १ कोरन्थी २ : ९ ) परमेश्वरले हामीले सोचेको भन्दा पनि बढी दिनुहुनेछ ।

परमेश्वरले ईसाईहरुलाई यो निश्चय गर्नुहुन्छ ( ती व्यक्तिहरु जसले येशु खिष्टलाई उनीहरुको जीवनमा मुक्तिदाता र प्रभुको रुपमा बोलाईएका छन् ) कि एकदिन उनीहरु परमेश्वरसँग उहाँको घर स्वर्गमा सदासर्वदाको लागि जिउनेछन् । तर .... कहिलेकाँही हामी परमेश्वरले हामीलाई गर्नुभएको अर्को अनौठो प्रतिज्ञा बारे विर्सिन्छौं ।

"म त तिनीहरुले जीवन पाऊन्, र त्यो प्रशस्त मात्रामा ....... " ( युहन्ना १० : १० ) येशुले यो भन्नुहुन्छ कि उहाँले तपाईलाई स्वर्गमा नागरिकता मात्र दिनुहुने होइन तर स्वर्गको यतापट्टि तपाईले अति उत्तम जीवन पाउन सक्नुहुन्छ । परमेश्वरले हामीलाई दुवै संसारको उत्तम प्रदान गर्नुहुन्छ ।

प्रश्न : तपाईलाई दिईएका मानिसहरु को - को हुन् ? (अविभावकहरु जसले तपाईलाई परमेश्वरको प्रेम देखाउनुहुन्छ, शिक्षकहरु जसले तपाईलाई विद्यालयमा सिक्नको लागि सहायता गर्नुहुन्छ, तालिम दिने शिक्षक जसले तपाईलाई खेलहरु खेल्न सिक्नको लागि सहायता गर्नुहुन्छ, ती व्यक्तिहरु जो हाम्रो देश सुरक्षित राख्न शैनिक फौजमा सेवा गर्छन् । ) सोच्नुहोस् जब कसैले तपाईलाई दिनको निम्ति समय लिन्छ तव कस्तो राम्रो अनुभव हुन्छ ।

हामीलाई पक्कै पनि धेरै दिईएको छ, त्यसैले हामी धन्यवादी हुनुपर्ने धेरै प्रशस्त कुराहरु हामीसँग छन् । यो पाठको अन्त्यमा एउटा रमाइलो खेल भन्दा अघि एउटा सानो कसरत गरौं ।

प्रश्न : सेप्टेम्बर ११, २००१ -
न्यूयोर्कको विश्व व्यवसाय केन्द्रमा मानिसहरुले हवाईजहाजमा उडाईएको दिन - त्यहाँ धन्यवादी हुनुपर्ने के छ र ? ( कि परमेश्वरले त्यहाँ हुन सक्नेभन्दा कम विनाश हुन दिनुभयो, धेरै मानिसहरुले उनीहरुको विश्वाश र भरोसा

## ईसाई चरित्र

मुक्तिदाताको रुपमा येशुमाथि रोखेका छन् , स्वदेशभक्ति र दिने कुराको बहाव, नयाँ गरिएको प्रार्थनामय जीवन र मण्डलीको सेवा ।

प्रश्न : तपाईको परिवारमा गम्भीर विमार छ । यसमा धन्यवादी हुनुपर्ने के कुरा भेटाउन सक्नुहुन्छ ? ( तपाईले आनन्द लिनुहुने स्वस्थ्य एउटा उत्तम भविष्यको लागि आशा, मानिसहरुको सहायताको रुपमा येशुको प्रेम व्यवहारमा उतार्नु )

प्रश्न : संघटनमा तपाईको खेल दल हार्छ । यसमा धन्यवादी हुनुपर्ने के कुरा भेटाउन सक्नुहुन्छ ? ( खेल्न सक्षम हुनको लागि शारिरीक स्वास्थ्य, खेलको
जान्नुपर्ने कुरामा सिक्दै र बढ्दै जानु, खेल बाहिर तपाईले प्रयोग गर्न सक्नुहुने राम्रा पाठहरु सिक्ने : आत्म संयम, धैर्य , दया । )

प्रश्न : तपाईको घर वर पर हेर्नुहोस् । यसमा धन्यवादी हुनुपर्ने के कुरा भेटाउनु सक्नु हुन्छ ? (परिवार तपाई सगँ एउटा घर, कपडाहरु, खाना, इत्यादी छन् ।)

प्रश्न : तपाईको चर्च वरी परी हेर्नुहोस् । यसमा धन्यवादी हुनुपर्ने के कुरा भेटाउन सक्नुहुन्छ । (येशु खीष्ट, तपाईको पास्टर, स्वतन्त्र र खुला रुपमा आराधना गर्नको लागि ठाउँ । )

प्रश्न : भनौं तपाईलाईले एउटा घर विहिन व्यक्तिलाई भेट्नु हुन्छ र उसले तपाईलाई सोध्छ, “म के कुराको लागि धन्यवादी हुनु पर्छ ?” (परमेश्वरले तपाईको आवश्यकताहरु जुटाउनु हुन्छ, मानिसहरुले वास्ता गर्छन् र मद्दत गर्छन् - तपाई बिर्सिनु हुदैन, तपाई आफ्नो खुट्टा फेरी उभिन तपाई सगँ अवसरहरु छन् । ) धन्यवादी हुनकोलागि हामीसगँ धेरै कुराहरु छन् । तर धन्यवाद ज्ञापनको दोस्रो भाग दिनु हो । त्यसैले दिने बारे कुरा गरौं ।

प्रश्न : तपाईले दिन सक्ने तीन उपायहरु यहाँ छन् । ती के हुन् भनेर विचार गर्नुहुन्छ ?
१. हामीले समय दिन सक्छौं ।
२. हामीले हाम्रा क्षमताहरुद्धारा दिन सक्छौं ।
३. हामीले हाम्रो समय दिन सक्छौं ।

प्रश्न : किन तपाईले दिनुपर्छ ? बाईबल भन्छ : “ तिमीहरुले सित्तैमा पायौ, सित्तैमा देओ ” ( मत्ती १० : ८ ) ( दिनुहोस् किनकी तपाईलाई दिईएको छ । ) बाइबल भन्छ, “ तर कुरा यही हो, कि थोरै छर्नेले थोरै नै कटनी गर्छ, र प्रशस्त सँग कटनी गर्छ । अनि हरेक मानिसले आफ्नो मनमा सङ्कल्प गरे बमोजिम दिओस् , इच्छा नभई होइन, नता  करकापमा परेर ( किनकी तपाईले दिनुपर्छ ), किनभने खुसीसाथ दिनेलाई परमेश्वरले प्रेम गर्नुहुन्छ । ” ( १ कोरन्थी ९ : ६ - ७ ) तपाईसँग भएको कुरा दिनुहोस् किनभने तपाईले दिन चाहनुहुन्छ ।

प्रश्न : हामीले कहिले दिनुपर्छ ? ( अवसर आउने बेलामा बाड्नुहोस् । ) बाईबल भन्छ, “ सन्तहरुको खाँचोमा सहायता देओ ........ ” ( रोमी १२ : १३ ) कुनै पनि समय ठीक समय हो ।

धन्यवादज्ञापनले “ छुट्टिको मौसम ” खोल्दछ, यो त्यो समय हो जव हामी स्वत : दिनको लागि उपायहरु खोज्छौं ।

प्रश्न : कसरी तपाईले तपाईका क्षमताहरु, तपाईको समय र तपाईको पैसा दिनको लागि प्रयोग गरी व्यवहारमा उतार्न सक्नुहुन्छ ?

म मेरा क्षमताहरु प्रयोग गर्न सक्छु :

| | |
|---|---|
| घरमा | - पारिवारिक कार्यको योजना बनाउन सहायता गरेर |
| स्कूलमा | - कक्षाको साथीलाई विज्ञान योजनामा सहायता गरेर |
| चर्चमा | - क्वायरमा गित गाएर |
| समुदायमा | - आफूभन्दा ठूलाबडा छिमेकीलाई पात मिलाउन सहायता गरेर म मेरो समय प्रयोग गर्नसक्छु : |

| | |
|---|---|
| घरमा | - टि. भी. भन्दा अघि घरको काम गरेर |
| स्कूलमा | - सञ्चय उठाउने योजनालाई मद्दत गरेर |
| समुदायमा | - च्यारीटी वा सामुदायिक सेवा योजनामा भाग लिएर म मेरो पैसा प्रयोग गर्न सक्छु : |
| घरमा | - सम्पूर्ण परिवारको लागि विशेष उपहार किनेर |
| स्कूलमा | - साथीको खाजा किनेर |
| चर्चमा | - चर्चमा दशांश दिएर |
| समुदायमा | - सहायता चाहिएको परिवारलाई आर्थिक सहयोग गरेर |

## विशेष क्रिसमस पाठ

**आजको पाठ पद**
"अब हेर, तिमीले गर्भधारण गर्नेछ्यौं र एउटा छोरो जन्माउनेछ्यौं र तिमीले उहाँको नाउँ येशु राख्नेछ्यौं । "
(लुका १:३१ )

**छलफल गर्ने प्रश्न**
तपाईको केही मनपर्दो क्रिसमसका यादगार क्षणहरु के हुन् ?

### क्रिसमसको कथा
### (लुका २:१-७)

"ती दिनहरुमा कैसर अगस्प्सले तिनको सारा साम्राज्यमा जजनगणना लिनु भन्ने हुकुमजारी गरे । कुरेनियस सिरियाका हाकिम हुँदा यो पहिलो पल्टको जनगणना थियो । सबै जना नाउँ दर्ता गराउन आफ्नो - आफ्नो शहर गए ।

योसेफले पनि गालिलको नासरतबाट यहुदियाको बेथलेहेम भन्ने दाउदको शहरमा गए, किनभने तिनी दाउदका कुटुम्ब र वंशका थिए । नाउँ दर्ता गराउन तिनी आफूसँग मगनी भएकी मरियमलाई साथमा लिएर गए । मरियम गर्भवती थिइन् । तिनीहरु त्यहाँ भएकै बेला गए । मरियमको बालक जन्माउने बेला आयो । तिनले आफ्नो जेठो छोरो जन्माईन् र उहाँलाई लुगाले बेह्रेर डुँडमा राखिन्, किनकी तिनीहरुका निम्ति पौवामा ठाउँ थिएन । "

यो क्रिसमस कथा, यो अद्भुत जीवन हो , ३४ औं गल्लीको चमत्कार । क्रिसमसको साँचो अर्थबाट चुक्न सजिलो छ । यदी तपाईले टि. भी.मा, अथवा भण्डारहरुमा जे देख्नुहुन्छ त्यत्ति नै तपाईलाई क्रिसमसको बारेमा थाहा छ भने तपाईले यो सोच्न सक्नुहुन्छ कि क्रिसमस चाँही उपहारहरु किन्ने र लिने, पार्टीहरु गर्ने र स्यान्टा क्लज इत्यादी बारे हो । तर क्रिसमस यतिमात्र होइन, यो अझ अझ धेरै हो ।

प्रश्न : क्रिसमस के हो ? ( क्रिसमस लगभग २००० वर्ष अगाडी घटेको ऐतिहासिक घटनाको उत्सव हो । )

प्रश्न : साँचो रुपमा त्रिसमस कहिले सुरु भयो ? ( वास्तवमा क्रिसमस कथा पृथ्वी ग्रह सृष्टि गर्नुभन्दा पहिल्यै परमेश्वरको हृदयमा सुरु हुन्छ । ) आदीमा परमेश्वरले पृथ्वी सृष्टि गर्नुभयो र यो राम्रो थियो भन्नुभयो । अनि परमेश्वरले प्रथम पुरुष - आदम र प्रथम स्त्री - हव्वा सृष्टि गर्नुभयो । तिनीहरु उहाँका सृष्टिका बहुमुल्य रत्नहरु थिए । सुरुमा तिनीहरु सिद्ध थिए - परमेश्वरले चाहनु भएकाहरु जस्तै ।

प्रश्न : परमेश्वरसँग आदम र हब्बाको प्रेमको लागि जाँच थियो । त्यो के थियो ? ( उहाँको निम्ति मानिसहरुको प्रेमको जाँच चाँही आज्ञाकरता थियो । तर आदम परमेश्वरले चाहनुभएको जस्तो बन्न छनौट गरेन । उसले परमेश्वरप्रति अनाज्ञाकारी हुने निर्णय गऱ्यो र त्यो समय सिद्धताभन्दा कम भयो । अब आदम सँधै उसले चाहेको तरीका सोच्ने थियो । ऊ अब परमेश्वरले मौलिक रुपमा सोच्नुभएको भैँ थिएन ।

प्रश्न : आदमको अनाज्ञाकारीताले के भयो ? ( आदमको अनाज्ञाकारीताको कारणले तपाई र म परमेश्वरदेखी अलग भयौं । )

बाइबल यो भन्छ कि, " एउटा मानिसद्धारा ( आदम ) संसारमा पाप आयो र पापबाट मृत्यु । यसरी सबै मानिसले पाप गरेका हुनाले सबै मानिसमा मृत्यु फैलियो । " ( रोमी ५ : १२ ) हरेक व्यक्तिमा आदमले परमेश्वरप्रति अनाज्ञाकारी हुनुको दोस्रो नाम ' पाप ' हो र हाम्रा परमेश्वर पवित्र हुनाको कारण - पाप उहाँबाट टाढा भयो - एउटा पापी व्यक्ति परमेश्वरको उपस्थितिमा उभिन सक्दैन । अनि परमेश्वरले सृष्टि गर्नभएको पृथ्वीले पनि त्यसको मौलिक सुन्दरता र राम्रोपना हरायो ।

## ईसाई चरित्र

प्रश्न : परमेश्वरले के गर्नुभयो ? परमेश्वरले एउटा प्रतिज्ञा गर्नुभयो । त्यो प्रतिज्ञा यो हो, " म तिमीलाई यो परिस्थितिमा छोड्नेछैन - सँधै - पाप र मबाट अलग हुनुबाट छुटकारा दिने बाटोविना म तिमीलाई कहिल्यै छोड्ने छैन । म  एउटा बाटो बनाउँछु त्यसैले यो ठूलो खालीपना जसले तिमीलाई मबाट अलग गऱ्यो पुल बन्नेछ र तिमी मकहाँ आउन सक्छौ । मैले बनाएको यो बाटोले तिम्रो लागि भएको प्रेम तिमीलाई देखाउँछ साथै यस बाटोले मेरो र एक अर्काको लागि जुन तिमीसँग भएको चाहन्छु , त्यो प्रेम देखाउँछ । )

परमेश्वरले यो पहिलो प्रतिज्ञा गर्नु भएदेखि, त्यहाँ ती व्यक्तिहरु पनि रहेका थिए जसले त्यो विश्वास गरेका थिए । यी ती व्यक्तिहरु हुन् जसले तिनीहरुका विश्वास र भरोसा परमेश्वरको  वचनमा थिए ।

लगभग २००० वर्ष अगाडी जव परिस्थिति ठिकै थियो गालीलले नासरत भन्ने सानो गाउँमा मरिमय नाम गरेकी एउटी सानी केटी बस्थिन् । मरिमय कन्या र विवाह नगरेकी थिइन् तर युसुफ नाम गरेको व्यक्तिसँग मगनीमा बाँधिएकी थिइन् ।

मरिमयले परमेश्वरले गर्नुभएको प्रतिज्ञामाथि विश्वास गरिन् । उसले परमेश्वरमाथि भरोसा गरिन् । एकदिन जव ऊ प्रार्थना गरिन्, तव एउटा स्वर्गदुत परमेश्वरको दुत मरिमय कहाँ आयो ।
प्रश्न : यो दुतले उसलाई के भन्यो ? ( त्यो स्वर्गदुतले उसलाई नडराउन भन्यो परमेश्वरको आत्माको शक्तिद्धारा उ भित्र रचना गरिने बालक ऊसँग हुनेछ । उसले त्यो बालकलाई येशु नाम दिनुपर्ने थियो जसको अर्थ उद्धारकर्ता अथवा परमेश्वरले बचाउनुहुन्छ हो । )

यो नै उहाँले प्रतिज्ञा गर्नु भए अनुसार उहाँतर्फ फर्किने " बाटो " बनाउनु उहाँको योजना थियो । त्यो स्वर्णदूत युसुफद्धारा पनि देखा पऱ्यो । मरिमय र युसुफ यो बालक येशुका अभिावकको रुपमा छानिएकाले खुसिले भरिए - जसले परमेश्वरले हामीलाई कति प्रेम गर्नुहुन्छ भनेर देखाउनुहुन्छ ।

जब मरिमयले यस बालकलाई जन्म दिन पर्खिदै थिइन् तव त्यस ठाउँका शासकले हरेकलाई आफ्नो शहरमा गएर जनगणना  लिनु भने । मरिमय र युसुफ बेथलेहेमतिर यात्रा गरे र जब तिनीहरु बेथलेहेम पुगे मरियमको लागि उसको बच्चा जन्माउने बेला भयो । बेथलेहम धेरै भिड थियो कि सबै यात्रीहरुको निम्ति बस्ने ठाउँहरु र पौवाहरु भरि थिए तर मरिमय र युसुफले शरण पाए र मरिमयले बालक जन्माइन् र डुंडमा लेटाइन् ।

प्रश्न : डुंड के हो ? ( डुंड जनावरहरुले दाना खाने ठेकी हो । )

प्रश्न : येशु भनिने यो बालक को हो ? ( यो बालक संसारको लागि परमेश्वरको उपहशार थियो - एउटा साँचो जिवित मानिस एउटा स्त्रीदेखी जन्मेको तर पनि परमेश्वरका पुत्र हुनुहुन्थ्यो । येशु १००% परमेश्वर, १००% परमेश्वर मानिस हुनुहुन्थ्यो । परमेश्वरले निर्देशन दिए अनुसार मरिमय र युसुफले उहाँको नाम येशु राखे ( आज येशुको लागि प्रख्यात नाम यहोशू ' हुनसक्छ ' अर्थ परमेश्वरले बचाउनुहुन्छ र परमेश्वर हामीसँग हुनुहुन्छ । )
किनकी उहाँ स.सारको
उद्धारकर्ता हुनु थियो ।

यस समयमा बेथलेहमको बाहीरी खेतहरुमा गोठालाहरु आफ्ना भेडाहरुको हेरचाह गर्दै थिए । अचानक राति आकाशमा विशाल उज्यालो देखे र एउटा स्वर्गदूत तिनीहरुकहाँ देखा परे ।

प्रश्न : त्यो स्वर्गदूतले तिनीहरुलाई के भने ? ( धर्मशास्त्र भन्छ, " नडराओ किनभने हेर म तिमीहरुलाई बडो आनन्दको सुसमाचार सुनाउँछु जो सबै मानिसहरुका निम्ति हुनेछ । आज दाउदको शहरमा तिमीहरुका निम्ति एउटा मुक्तिदाताको जन्म भएको छ जो ख्रिष्ट प्रभु हुनुहुन्छ । तिमीहरुलाई चिन्हचाँही यो हुन्छ : तिमीहरुले एउटा बालकलाई लुगाले बेह्रेको र डुँडमा सुताईराखेको भेट्टाउनेछौ । " ( लुका २ : १० - १२ )

अचानक स्वर्गदूतको ठूलो संख्या एउटा स्वर्गदूत देखा परे परमेश्वरको प्रसंशा गर्दै र भन्दै, " सर्वोच्चमा परमेश्वरलाई महिमा र पृथ्वीमा जुन मानिसहरुसँग उहाँ प्रसन्न हुनहुन्छ । तिनीहरुलाई शान्ति । " ती गोठालाहरु

परमेश्वरको प्रतिज्ञा माथि विश्वास गर्ने मध्येका थिए त्यसैले तिनीहरु डुँडमा जान हतारिए र निहुरिएर बालक दण्डवत् गरे ।

प्रश्न : येशु जन्मिनुभएको रात तपाईले के विचार गर्नुहुन्छ किनकी राजाहरु अथवा राजकिय कर्मचारीहरु अथवा धार्मिक अगुवाहरुको सट्टा ती स्वर्गदूतहरु गोठालाहरु विच देखा परे ? ( तपाई देख्नुहुन्छ, उनीहरुका फोहोर, घिनलाग्दो कामको कारणले गर्दा गोठालाहरुलाई समाजबाट बाहिर हटाईएका थिए । कोही पनि तिनीहरुसँग मिल्न खोज्दैन थिए - तिनीहरु आजका घरविहिनजस्ता थिए । येशु गरीबहरुसँग रहन आउनुभयो - ती व्यक्तिहरु जसलाई सबैभन्दा आवश्यक थियो । येशुको लागि उहाँकहाँ आउन कोही पनि व्यक्ति सानो होइन । ) के तपाईले कल्पना गर्न सक्नुहुन्छ जव स्वर्गदूतहरु येशु ख्रिष्ट जन्मिनु भएको त्यस रातमा तिनीहरुकहाँ सबैभन्दा पहिले देखा परे तव ती गोठालाहरु कति हर्षित भए ?

संसारको अर्को भागमा त्यसबेला पर्सिया भनिन्थ्यो, अहिले इरान अथवा इराक त्यहाँ ज्योतिषीहरु थिए , उनीहरुका राजाका सल्लाहकार जसले ताराहरु अध्ययन गर्दै थिए । आश्चर्यमा एउटा चम्किलो नयाँ तारा अचानक देखापर्‍यो । तिनीहरुले परमेश्वरले गर्नुभएको प्रतिज्ञाको बारेमा पनि सुनेका थिए ।

त्यसैले तिनीहरुले आफ्नो यात्रा त्यस ताराले तिनीहरुलाई कहाँ डोर्‍याउँछ भनेर हेर्न त्यो तारालाई पछ्याउँदै सुरु गरे । हामीलाई पक्का गरी थाहा छैन कि येशुलाई हेर्न कतिजना ज्योतिषीहरु आए र हामीलाई यो थाहा छ कि तिनीहरुले तीनवटा उपहारहरु ल्याएका थिए । तिनीहरुले तीनवटा उपहारहरु ल्याएका थिए ।
प्रश्न : ती ज्योतिषिहरुले ल्याएका उपहारहरु के थिए ? ( सुन, सुगन्धित धुप र मुर्र )

प्रश्न : यी उपहारहरुले के वर्णन गर्छ ? ( हरेक उपहारले येशुको जिवनको भाग र परमेश्वर राजाको लागि उपहार हुनुहुन्छ जसरी येशु हाम्रो स्वर्गीय राजा हुनहुन्छ । सुगन्धित धुप परमेश्वरको दण्डवत् गर्नमा प्रयोग गरिन्छ जसरी परमेश्वरले आफैलाई येशु ख्रिष्टमा प्रकट गर्नुभयो । मुर्र एउटा सुगन्धित द्रव्य हो जुन गाड्नलाई लाश तयार पार्नको लागि प्रयोग गरिन्छ जसरी येशु मर्नको लागि आउनुभएको हो र उहाँको मृत्युद्धारा परमेश्वर विरुद्ध हामीले गरेको पापको क्षमादानको लागि आवश्यक पूरा मूल्य तिर्नुभयो ।

तपाईले आजसम्म सुन्नुभएको क्रिसमसमा बताइने कथामात्र हो । तर यसमा अरु भागहरुविना थोरै अर्थ हुनुपर्छ । मरिमय र युसुफ आफ्नो बालकसँग फेरी नासरतमा फर्के । येशु परमेश्वरको आत्माले भरिनुभएको थियो । उहाँले सिद्ध जीवन बिताउनुभयो । उहाँ परमेश्वरप्रति सदा आज्ञाकारी हुनुहुन्थ्यो ।
प्रश्न : येशुले परमेश्वरलाई के भनेर बोलाउनु हुन्थ्यो ? ( येशुले परमेश्वरलाई बुबा भनेर बोलाउनु हुन्थ्यो । ) येशुले यो कुरा हामीलाई याद दिलाउनुहुन्छ कि परमेश्वरले चाहनुभएको कुरा चाँही तपाईसँगको साँचो व्यक्तिगत सम्बन्ध एउटा प्यारो बुबाले आफ्नो छोरा अथवा छोरीसँग चाहेको जस्तै । येशुले हामीलाई यो पनि याद दिलाउनुहुन्छ कि परमेश्वरले तपाई जस्तो हुनुहुन्छ त्यस्तै रुपमा तपाईलाई प्रेम गर्नुहुन्छ र ग्रहण गर्नुहुन्छ । यो जीवन जुन येशुले दिनुहुन्छ अनन्तको हो - र यो जीवन तपाईको भरोसा उहाँमाथि राख्ने समयदेखि सुरु हुन्छ । ३३ वर्षको उमेरमा उहाँले धेरै कुराहरु सिकाउनुभए पछि र गर्नुभएपछि येशुलाई उहाँ जो हुनुहुन्थ्यो त्यसरी ग्रहण नगर्ने मानिसहरुद्धारा क्रुसमा मार्नलाई राखियो । यी तीनै मानिसहरु थिए जसले एकचोटी फेरी परमेश्वरको प्रेमलाई अस्वीकार गरे ।

प्रश्न : येशु के को लागि मर्नुभयो ? ( येशु उहाँको भागमा पर्ने अनआज्ञाकारीताको कुनै कामको लागि मर्नुभएन - उहाँको जीवन पूर्ण सिद्धान्तको थियो । अझ उहाँ परमेश्वरप्रति आज्ञाकारीताको कामको रुपमा मर्नुभयो - परमेश्वर उहाँको बुबा । ) येशु मर्नुभयो ताकि पाप र परमेश्वरबाट टाढा भएको कुरादेखी छुटकारा पाउन रोज्ने जोसुकैको लागि पनि एउटा बाटो बनाउन सक्नुभएको होस् ।

जव हामी पाप गर्छौं तव हामीले परमेश्वर विरुद्ध अपराध गर्दछौं । हामी मानिस भएको कारणले एउटा मानिसले मात्रै सजाय चुकाउन सक्छ । तर यो अपराध असिमित परमेश्वर विरुद्ध भएको कारण परमेश्वर आफैले मात्र सजाय चुकाउन सक्नुहुन्थ्यो । त्यसैले परमेश्वरले हामीकहाँ उहाँको पुत्र येशु पठाउनुभयो । येशु, १००% मानव, पाप रहित- सिद्ध जीवन जीउनु भयो । येशु, १००% परमेश्वर, उहाँसँग हामीबाट सबैका पापहरु लिने र हटाईदिने

क्षमता छ । " किनकी हामी उहाँमा परमेश्वरको धार्मिकता बन्न सकौं भनेर पाप नचिन्नुहुनेलाई परमेश्वरले हाम्रा खातिर पाप बनाउनुभयो । " ( २ कोरिन्थी ५ : २१ )

जव येशु मर्नुभयो, तव उहाँले तपाई र मैले गरेका अथवा गर्ने सबै गल्तीहरु आफूमाथि लिनुभयो । ती गल्तीहरुले तपाईलाई परमेश्वरबाट अलग राखेको थियो । तर तपाईले उहाँलाई तपाईको जीवनमा आउनको लागि सोध्न निर्णय लिनुभएको समय देखी अव तपाई परमेश्वर देखि अलग हुनुभएको छैन । येशु परमेश्वर तर्फ फेरी फर्कने ' बाटो ' हुनुहुन्छ । जुन तपाईलाई धेरै लामो समय अघि देखि प्रतिज्ञा गरिएको थियो ।

उहाँ मर्नुभएको र गाडिनु भएको तीन दिनपछि, येशु मृतकहरुबाट बिउतनुभयो र एउटा जीवित व्यक्ति झैं यस पृथ्वीमा फेरी एकपटक हिड्नुभयो । येशुको पुनरुत्थान नै यो कुराको प्रमाण हो की परमेश्वरले सबै मानिसहरुका लागि येशुको बलिदान ग्रहण गर्नुभयो ।

यो कथामा अझ धेरै कुराहरु छन् । तर अहिले, यस क्रिसमससमा विशेषगरी जव उपहारहरु साटासाट गरीन्छ, तपाईलाई दिईएको सबैभन्दा ठूलो उपहार सम्झनुहुनेछ - हामी सबैलाई परमेश्वरबाट दिईएको - येशु ख्रिष्ट उहाँ नै हामीले क्रिस्मस मनाउने कारण हुनुहुन्छ ।

## ईस्टर : क्रुसिकरण

**आजको पाठ्य पद**
“किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नमश नहोस्, तर त्यसले अनन्त जीवन पाओस् ” । (यूहन्ना ३:१६)

**परिचय**

किन ईसाईहरुले ईस्टर मनाउँछन् भन्ने कारण बुझ्नको लागि तपाईले क्रिस्मसको अर्थ बुझ्नुपर्छ । त्यसैले क्रिस्मस हाम्रो अघिल्लो पाठ पुनर्विचार गरौं ।

आदीमा परमेश्वरले पृथ्वी सृष्टी गर्नुभयो । अनि परमेश्वरले एउटा पुरुष र एउटा स्त्री सृष्टी गर्नुभयो । अनदीमा तिनीहरु सिद्ध थिए - परमेश्वरले तिनीहरु भएको चाहनु भए झैं । तर आदमले परमेश्वरप्रति अनाज्ञाकारी हुन रोज्यो र त्यसै समय ऊ सिद्धभन्दा कम भयो । त्यतिखेर पाप संसारमा आयो । बाइबलले भन्दछ कि “ एउटा मानिसद्धारा संसारमा पाप आयो र पापबाट मृत्यु । यसरी सबै मानिसले पाप गरेका हुनाले सबै मानिसमा मृत्यु फैलियो । ” ( रोमी ५ : १२ )

आदमदेखि हरेक व्यक्तिले पाप गरेको छ किनकी हामीमा आदमबाट पाप सऱ्यो । त्यस छनौटको कारणले तपाई र म परमेश्वरबाट छुट्टिएका हौं र परमेश्वरतर्फ फर्केर जानको लागि हामीसँग कुनै बाटो भएन । हामीलाई हाम्रो पापबाट छुटाउन आवश्यक थियो ।

जव समय ठिक थियो, परमेश्वरले गाब्रियल नाम गरेको एउटा स्वर्गदूतलाई मरिमय नाम गरेकी स्त्रीकहाँ पठाउनुभयो । गाब्रियलले यो घोषणा गऱ्यो कि उसलाई एउटा बालक हुनेछ जुन परमेश्वरको आत्माको शक्तिद्धारा उसभित्र सृजना गरियो । उहाँले यसको नाउँ येशु बोलाउनुपर्थ्यो, जसले मुक्तिदाता अथवा परमेश्वरले बचाउनुहुन्छ भन्ने अर्थ दिन्छ । उहाँतर्फ फर्किनको लागि उहाँले तयार गर्नका लागि यो परमेश्वरको योजना थियो ।

परमेश्वरसँग सँधै एउटा योजना हुन्छ । र हाम्रो उद्धारको लागि यो योजना बलिदानमा समाप्त हुन्छ र यो चाँही यो हो जहाँ ईस्टरले क्रिस्मसबाट उठाउँदछ ।

## क्रुसिकरणका लागि स्थिति तयार गर्नु

प्रश्न : बचाइनु भन्नाले के अर्थ दिन्छ ? ( छुटकारा पाउनु )

प्रश्न : हामी के कुराबाट छुटकारा पाउनु पर्छ ? ( पाप )

प्रश्न : पाप के हो ? ( पाप परमेश्वरप्रति गरिने कुनै पनि अनाज्ञाकारी व्यवहार हो । )

प्रश्न : किन हामी पापबाट छुटकारा प्राप्त गर्नुपर्छ ? ( जब हामी पाप गर्छौं, हामीले परमेश्वर विरुद्ध अपराध गर्छौं । हामी मानिस भएको कारण एउटा व्यक्तिले मात्र सजाय चुकाउन सक्छ । तर अपराध असिमित परमेश्वर विरुद्ध असिमित भएको कारणले परमेश्वर आफैले मात्र सजाय चुकाउन सक्नुहुन्थ्यो । त्यसैले परमेश्वरले उहाँको पुत्र येशु हामी कहाँ पठाउनुभयो । येशु १००% मानिस पापरहित - सिद्ध जीवन जिउनुभयो । येशुसँग १००% परमेश्वर, हामी सबैका पापहरु लिनसक्ने र हामीबाट
ती पापहरु हटाउन सक्ने क्षमता छ ।

“ किनकी हामी उहाँसँग परमेश्वरको धार्मिकतामा बन्न सकौं भनेर पाप नचिन्नुहुनेलाई परमेश्वरले हाम्रा खातिर पाप बनाउनुभयो । ” ( २ कोरिन्थी ५ : २१ ) सु - समाचार के हो भने परमेश्वरले यसो भन्नुहुन्छ कि तपाईले

तपाईको पापहरुबाट छुटकारा पाउन सक्नुहुन्छ यदि तपाईले परमेश्वरले येशुलाई मृत्युबाट उठाउनुभयो ( जीवनमा फेरि ल्याउनुभयो ) भनेर विश्वास गर्नुहुन्छ र येशुलाई तपाईको जीवनमा आउन निमन्त्रणा दिनुहुन्छ ।

परमेश्वरको आफ्नै पुत्र येशुलाई के भन्यो भनेर विवरण सुन्नुहोस् त्यसैले उहाँले तपाईलाई पापबाट छुटाउन सक्नुहुन्थ्यो र परमेश्वरतिर फर्किने बाटो खोल्न सक्नुहुन्थ्यो । अन्तिम भोजको राति, येशुले रोटी भाँचेर आफ्ना चेलाहरुलाई दिदनुभयो र कचौरा लिनुभएर धन्यवाद दिनुभयो र तिनीहरुलाई दिनुभएपछि, उहाँहरु जैतुन डाँडामा निस्केर जानुभयो ।

## क्रुसिकरण
## (मत्ती २६:३६-३९ र लुका २२:४३-४४)

### गेतसमनी

“तव येशु गेतसमनी भन्ने ठाउँमा तिनीहरुसँग जानुभयो र चेलाहरुलाई भन्नुभयो, “ तिमीहरु यही बस, म चाँही अलि पर गएर प्रार्थना गर्छु । ” र आफूकहाँ र जब्दियामा दुई छोराहरुलाई लिएर उहाँ शोकित र व्याकुल हुन लाग्नुभयो । तव उहाँले तिनीहरुलाई भन्नुभयो, “ मेरो प्राण गहिरो शोकले मरेतुल्य भएको छ । तिमीहरु यही बस, र मसँग जागा रहो । ” अनि उहाँले अलि अगाडी गएर लम्पसार परी प्रार्थना गर्नुभयो , “ हे मेरा पिता , हुन सक्छ भने यो कचौरा म बाट हटोस् । तरै पनि मैले ईच्छा गरेबमोजिम होइन, तर तपाईले इच्छा गर्नुभए बमोजिम होस् । ” ( मत्ती २६ : ३६ - ३९ )

“ तव सवर्गबाट एउटा दूत उहाँलाई बल दिन उहाँकहाँ देखा परे । अत्यन्त सङ्कष्टमा परेर आग्रहपूर्वक उहाँ प्रार्थना गर्न लाग्नुभयो र उहाँको पसिना रगतको ठूला ठूला थोप्लाजस्तै जमीनमा असिरहेका थिए । ” ( लुका २२ : ४३ - ४४ ) क्रुसमा टाँग्नुभन्दा अगाडी पनि, येशुले गेतसमनीमा हामीलाई छुटकारा दिनको लागि उहाँ कस्तो शारीरिक र आत्मिक भयद्धारा जाँदै हुनुहुन्थ्यो भनेर अनुभव गर्न सुरु गर्दै हुनुहुन्थयो - तपाई र मेरो लागि परमेश्वरको मुक्तिको योजना पूरा गर्नको लागि । येशु भावुक रुपमा यति मलिन हुनुभएको थियो कि परमेश्वरले एउटा स्वर्णदूत उहाँलाई बल दिनको लागि पठाउनुभएको थियो । येशुले तीनचोटी प्रार्थना गर्नुभयो कि उहाँ क्रुसीकरणको अनुभवबाट नजानुपरेको होस् - तर अझै पनि उहाँले आफ्नो इच्छा होइन तर उहाँको पिताको इच्छा पूरा भएको होस् भनेर प्रार्थना गर्नुभयो ।

### येशुको पक्राऊ

त्यस रात येशुका चेलाहरुमध्ये एक यहुदा नाउँ गरेको चेला येशुको विरुद्ध गयो र मानिसहरुको रिसाहा भिडलाई उहाँपछि लग्यो । तिनीहरुले येशुलाई पक्रे र उहाँलाई कैयाफास, प्रधान पुजाहारी र Sanhedrin का सदस्यहरु यहुदी उच्च राजसभाकहाँ लगे । त्यहाँ तिनीहरुले उहाँको मुखमा थुके र तिनीहरुका मुठीले हाने । ( मत्ती २६ : ६७ )

“विहान सवेरै, सबै मुख्य पुजाहारीहरु र जनताका धर्म - गुरुहरुले येशुलाई मृत्युदण्ड दिन भनी उहाँको विरुद्धमा सरसल्लाह गरे । अनि तिनीहरुले उहाँलाई बाँधेर लगे र हाकिम पिलातसकहाँ सुम्पिदिए । ” (मत्ती २७ :१-२)

त्यसपछि पिलातसले येशुलाई कोर्रा लगाएर क्रुसमा टाँगिनका लागि आज्ञा दिए । कोर्रा हान्ने सजायमा प्रयोग गरीएको औजारलाई ‘ फ्याग्रा ’ भनिन्थ्यो । यस औजारमा लगभग १२ वटा छालाका कप्टेरोहरु र प्रत्येक कप्टेरोको अन्त्यमा तिरको धातुका अथवा हड्डीका टुक्राहरु अड्काईन्थ्यो । येशुलाई एउटा लामो लौरीमा बाँधियो र त्यसपछि यस औजारले उहाँको ढाडमा कमसेकम ३९ पटक कोर्रा हानियो ।

“तव हाकिमका सिपाहीहरुले येशुलाई महलमा लगे र जँम्मै पल्टनलाई उहाँको सामुन्ने भेला गराए । तिनीहरुले उहाँको बस्त्र लगाईदिए । तिनीहरुले काँडाको मुकुट गाँथेर उहाँको शिरमा लगाईदिए र उहाँको दाहिने हातमा निगालो दिए र उहाँको गिल्ला गरे, “ हे यहुदीहरुका राजा, प्रणाम । ” तव तिनीहरुले उहाँलाई थुके र त्यो निगालो

लिएर उहाँको शिरमा हिर्काए । उहाँको गिल्ला गरिसकेपछि तिनीहरुले त्यो वस्त्र फुकालिदिए र उहाँको आफ्नै वस्त्र पहिराएर उहाँलाई क्रुसमा झुण्ड्याउन लगे ।" (मत्ती २७:२७- ३१)

**क्रुसिकरणका**

यसपछि रोमी सिपाहीहरुले येशुलाई क्रुसमा टाँग्नको लागि गल्गथा भनिने ठाउँमा लग्दै गर्दा उहाँलाई ती सिपाहीहरुले रगतको कमी र पिटाईहरुले र उहाँको आफ्नै क्रुसमा बोकाउनाले कमजोर बनाए । जव उहाँ अझ पर जान सक्नुभएन तव तिनीहरुले सिमोन नाउँ गरेको मानिसलाई साईररेनीबाट पक्रे र उसलाई येशुको क्रुसमा बोक्न जवरजस्ती गरे (युहन्ना १९ :१६-१७ , मर्कुस १५:२१)

अन्त्यमा जव तिनीहरु गल्गथामा पुगे तिनीहरुले येशुलाई क्रुसको आड लिने दलिनमाथि राखेर तन्काए र एउटा लामो धातुको तीखो किल्ला लिएर हत्केलाको तल्लो भागमा त्यो किल्ला गोपे । त्यसपछि तिनीहरुले अर्को हात लिएर क्रुसमा उने । घन ठोक्ने प्रत्येक समय म येशुले भन्नुभएको, " पिता, यिनीहरुलाई क्षमा गर्नुहोस्, किनकी यिनीहरुले के गर्दैछन् सो जान्दैनन् " यो कुरा कल्पना गर्छु ।

त्यसपछि ती सिपाहीहरुले उहाँको खुट्टा लिएर तन्काए तर चाँही घुँडा हल्का खुम्चाएर छोडिदिए किनकी यो भाग चाँही रोमीको क्रुसिकरणको एउटा तरीका हो । त्यसपछि अरु किल्लाहरु उहाँका खुट्टाहरुमा पनि गोपे । येशुलाई क्रुसमा ठोकेपछि तिनीहरुले क्रुसलाई सिधा माथि उठाए र भूईमा भएको एउटा प्वालमा खसाले । यो धक्काले पक्कै पनि येशुको काँधलाई विस्थापित गऱ्यो । छिट्टै नै क्रुसिकरणको भय र पिडा सुरु भयो । तपाई हेर्नुहोस् क्रुसिकरणको समय येशुले सास भित्र लिन सक्नुहुनथ्यो तर शारीरिक रुपमा उहाँलाई सास बाहिर फाल्न असम्भव थियो - उहाँले आफ्नो फोक्सोबाट हावा बाहिर फाल्न सक्नुहुन्थेन ।

तव रोमीले के गर्दै थिए भनेर तिनीहरुलाई थाहा थियो । त्यसैले त तिनीहरुले येशुको घुँडा हल्का खुम्चाएर छोडिदिएका थिए । तव येशुलाई सास लिन आवश्यक हुन्थ्यो तव उहाँले आफ्नो सास बाहिर फाल्नको लागि आफैलाई माथि धकल्नुहुन्थ्यो । त्यसपछि फेरी तल झर्नुहुन्थ्यो र उहाँ त्यहाँ धेरै घण्टौसम्म संघर्ष गर्नुभयो । इतिहास लेखकहरुले भन्छन् कि क्रुसमा टाँगिएका मानिसहरुले उनीहरुका वरपर भएका मानिसहरुलाई असाध्यै मन नपर्ने शब्दहरु भन्थे । बाइबल भन्दछ, " उहाँका दुई जना डाँकुहरु क्रुसमा झुण्ड्याइएका थिए एउटा उहाँको दाहिनेपट्टि र अर्को देब्रेपट्टी । त्यहाँबाट आउने - जानेहरुले आ- आफ्नो मुण्टो हल्लाएर उहाँको गिल्ला गरे र भने " ए मन्दिर भत्काउने र तीन दिनमा निर्माण गर्ने, आफैलाई बचा र परमेश्वरको पुत्र होस् भने क्रुसबाट ओर्लेर तल आइज । " मुख्य पुजाहारीले पनि शास्त्रीहरु र धर्म गुरुहरुका सँगसँगै उहाँको गिल्ला गर्दै भने " यसले अरुलाई त बचायो, आफूलाई चाँही बचाउन सक्दैन । यो इस्राएलको राजा हो । अहिले क्रुसबाट आर्लेर तल आओस् र हामी यसलाई विश्वास गर्नेछौं । यसले परमेश्वरमा भरोसा राख्छ । परमेश्वरले यसलाई चाहनुहुन्छ भने उहाँले यसलाई अहिले छुटकारा दिऊन् किनकी यसले म परमेश्वरको पुत्र हुँ भनी भन्थ्यो । " अनि उहाँसँग क्रुसमा झुण्ड्याईएका ती डाँकुहरुले पनि यही किसिमले उहाँको अपमान गरे । " (मत्ती २७:३८-४४)

प्रश्न : बलिदान के हो ? ( बलिदान अरुको भलाईको लागि जव केही मुल्यवान् कुरा दिइन्छ । ) येशुले तपाई र मेरो लागि आफ्नो जीवन वलि गर्नुभयो ताकि हामी पापबाट छुटकारा पाउन सकौं ।

प्रश्न : तपाईलाई के लाग्छ येशुलाई पिट्नु, उहाँमाथि थुक्नु र उहाँको अपमान गर्नुको कारण के थियो हालो ? ( यो चाँही तपाई र म लगायत सम्पूर्ण मानिसहरुका लागि परमेश्वरको मुक्तिको योजना परास्त गर्नको लागि शैतानको ( राक्षसको ) अन्तिम थियो । ) शैतानले पिटाई, थुकाई, अपमान, निन्दा, ठट्टा र तिरस्करहरुको ठट्टा गऱ्यो । येशुको केवल एउटा रिसाहा विचार, एउटा रिसाहा शब्द र तपाई र मेरो लागि त्यो मुक्ति हराउने थियो ।

प्रश्न : यदि येशु उहाँलाई पिट्ने अथवा उहाँमाथि थुक्ने अथवा उहाँको अपमान गर्ने मानिसहरुसँग रिसाउनु भएर पाप गर्नुभएको भए किन परमेशवरको मुक्तिको येशु - सिद्ध हुनुपऱ्यो - दागरहित - पापरहित । )

शैतानको लागि समय गैरहेको थियो । त्यसैले त्यसले आगो दन्कायो । पिडायुक्त कोर्रा, अझ बढी अपमानहरु, अझ बढी निन्दा गर्ने, सराप्ने, क्रुसिकरणको असाध्यै पिरोल्ने पिडा, उहाँको वरिपरि उनीहरुका अपमानहरुले

चिच्याउँदै गरेको भीड । पक्के पनि येशु एकचोटी मात्र भूए पनि रिसाउनुहुन्थ्यो । तर यसको सट्टामा, " येशुले भन्नुभयो, " पिता यिनीहरुलाई क्षमा गर्नुहोस् किनकी यिनीहरुले के गर्दैछन् जान्दैनन् । " (लुका २३ : ३४ )

तर येशु डराउनुभएको भयानक कुरा पिटाईहरु, अपमानहरु अथवा क्रुसिकरण पनि थिएन । त्यो चाँही हुन गईहरेको बारे थियो । यो चाँही त्यही हो जुन येशुले गेतसमनीको बगैचामा आफ्ना पितासँग सोध्नुभएको थियो कि उहाँलाई यसबाट भएर जान नपरेको होस् ।

प्रश्न : तपाईलाई के लाग्छ येशु यति साह्रो डराउनुभएको कुरा के थियो होला ? " अव मध्यान्हदेखी तीन बजेसम्म सारा देशमा अन्धकार भयो । तीन बजेतिर येशु यसो भनेर ठूलो स्वरले कराउनुभयो, " इलोई, इलोई, लामा सबरवथनी ? " अथवा " हे मेरा परामेश्वर, हे मेरा परमेश्वर , तपाईले मलाई किन त्याग्नुभएको छ ? "
( मत्ती २७ :४५-४६)

अव येशु उहाँको पिता - परमेश्वरबाट अलग हुनुभयो । समयको सुरुवात हुन अघिबाटै येशु आफ्ना पितासँग सिद्ध सम्बन्धमा रहनुभएको थियो । तर याद राख्नुहोस् कि पाप पवित्र परमेश्वरको उपस्थितिमा खडा हुन सक्दैन । येशु परमेश्वरको बलिदान परमेश्वरको सिद्ध थुमाले सबै मानवजातिको पापको सजाय भोग्नुभयो - परमेश्वरको क्रोधको पूरा नाप उहाँको शरीरमाथि र येशुले चर्को स्वरमा कराउनुभयो, " अव सिद्धियो ! " ( यूहन्ना १९ : ३० )

प्रश्न : किन येशुलाई परमेश्वरको थुमा भनिन्छ ? ( येशुले जीवनको समयमा यरुशेलमको मन्दिरमा त्यहाँ दिनहुँ बलिदान हुन्थ्यो । बलिदान धेरैजसो थुमा दिउँसोको ३ : ०० बजे काटिन्थ्यो ( तयारीको दिनमा पनि ) । त्यसबेला पूजाहारी चाँही मन्दिरको सबैभन्दा अग्लो स्थानमा उभिन्थ्यो र तिनीहरुले थुमाको वलि चढाउन लागेका छौं भनेर चिन्हको रुपमा भेडाको सिङ अथवा एउटा क्जयतयच फुक्यो ।

जव येशु क्रुसमा झुण्डिनुभयो, उहाँले शहरभरी गुञ्जेको सिङको आवाज सुन्नुभयो । येशुले उहाँको बलिदानको समय आयो भनेर जान्नुभयो । जव पूजाहारीले त्यो एबककयखभच थुमा मारे तव येशुले माथि स्वर्गतिर हेर्नुभयो र भन्नुभयो, " अव सिद्धियो ! " । त्यस समयमा, एबककयखभच थुमा र परमेश्वरको साटो - येशु - हाम्रा एबककयखभच थुमा ३ : ०० बजे मर्नुभयो ।

बाइबल भन्छ जव येशुले आफ्नो प्राण त्याग्नुभयो, तव मन्दिरको टुप्पा देखी फेदसम्म दुई भागमा भएर च्यातियो । इतिहास लेखकहरुले हामीलाई यो कुरा बताउँदछन् कि मन्दिरको त्यो पर्दा यति राम्रोसँग बुनिउको र यति बाक्लो थियो कि चारवटा घोडाहरुलाई त्यो पर्दाको कुनाहरुमा बाने पनि ती घोडाहरुले च्यात्न सक्ने थिएनन् । त्यो मन्दिरको पर्दाले एउटा साधारण मानिसलाई पवित्रको पवित्र भनिने भित्री शरणस्थानबाट अलग गर्‍यो जहाँ परमेश्वरको उपस्तिति आउथ्यो ।

प्रश्न : तपाईलाई के लाग्छ किन त्यो मन्दिरको पर्दा दुई भागमा च्यातियो होला ? ( परमेश्वरले त्यो पर्दा दुई भागमा च्यात्नुभयो, हरेकले यो जानुन् कि पापको कारणले गर्दा अव मानिस परमेश्वरदेखि अलग हुनु पर्ने छैन । )

येशुले भन्नुभयो, " अव सिद्धियो ! " र सिद्धियो पनि । तपाईले परमेश्वरको मुक्तिमा जोड्न सक्ने त्यहाँ केही छैन । यो तपाईलाई परमेश्वरको उपहार हो । येशु परमेश्वरका थूमा हुनुहुन्छ जसले तपाईको पाप र ती सबै मानिसहरुका पाप लैजानुहुन्छ जसले येशुलाई परमेश्वरका पुत्र भनेर विश्वास गर्छन् र उहाँलाई उद्धारकर्ताको रुपमा तिनीहरुको जीवन बोलाउँदछन् ।

प्रश्न : के तपाईले परमेश्वरको पुत्रलाई तपाईको पापबाट छुटाउनको लागि अनुरोध गर्नुभएको छ ? के तपाईले येशुलाई तपाईको जीवनमा तपाईको उद्धारकर्ताको रुपमा निमन्त्रणा दिनुभएको छ ? यदि यो नै तपाईले गर्न खोज्नुभएको कुरा हो भने तपाईको हृदयमा चुपचाप अथवा सानो स्वरमा मसँग कृपया यो प्रार्थना गर्नुहोस् :

प्यारो येशु, म तपाईसँग यो स्वीकार गर्छु म पापी हुँ । कृपया मेरा सबै पापहरुको मलाई क्षमा दिनुहोस् । म अहिल्यै तपाईलाई मेरो व्यक्तिगत मुक्तिदाताको रुपमा ग्रहण गर्न चाहन्छु । कृपया मेरो जीवनमा आउनुहोस् र सबैलाई तपाईले चाहनुभएको व्यक्ति बनाउन सुरु गर्नुहोस् । आमिन ।

## विशेष प्रार्थना पाठ
## प्रार्थनाको राष्ट्रिय दिवसको लागि

"यदि मेरो आफ्नै नाउँ दिईएको मेरो प्रजाले आफैलाई नम्र पारेर प्रार्थना गर्छ, र मलाई खोजेर आफ्ना दुष्ट चालहरुबाट फर्कन्छ, तव म स्वर्गबाट तिनीहरुको प्रार्थना सुन्नेछु र तिनीहरुका पाप क्षमा गर्नेछु, र तिनीहरुको देशलाई म स्वस्थ्य पार्नेछु ।

सन् १९५२ मा युनाईटेड स्टेट्स काङ्ग्रेसले " प्रार्थनाको राष्ट्रिय दिवस " भनिने दिन राखेको थियो । यो राखिएको त्यो दिन हो जहाँ सबै अमेरिकीहरुलाई हाम्रो देशको लागि प्रार्थना गर्न भनिएको थियो : यहाँका अगुवाहरु र यहाँका मानिसहरु ।

आज, हामी ५ समूहहरुमा मानिसहरुका लागि प्रार्थना गर्न जाँदैछौं :

- सरकार
- चर्चहरु र मिनीस्ट्री संस्थाहरु
- व्यापारहरु र उद्योगहरु
- परिवारहरु
- हामी आफ्नै निम्ति

हरेक समूहका व्यक्तिहरुका सुझावहरु अथवा उदाहरणहरु, तपाईले प्रार्थना गर्नका लागि मानिसहरु सोच्नलाई मद्दत गर्न दिइएका छन् । साथै उनीहरुका लागि के को बारेमा प्रार्थना गर्ने भनेर तपाईलाई सोच्न मद्दत गर्नका लागि एउटा अथवा दुई वटा धर्मशास्त्रका पदहरुले हरेक समुहलाई सँगसँगै राख्दछन् ।
जसरी तपाई व्यक्तिगत रुपमा तपाईको छोरा अथवा छोरीसँग भेला हुनुहुन्छ, अथवा परिवारको समुहको रुपमा हामी आफैलाई नम्र बनाऔं , गलत कुराबाट फर्कौं र राम्रोतर्फ लागौं र उहाँलाई पुकारौं कि उहाँले स्वर्गबाट सुन्नुहुनेछ र हाम्रा पापहरु क्षमा गर्नुहुनेछ र हाम्रो देशलाई निको पार्नुहुनेछ ।

" हे परमप्रभु मेरा वचनहरुमा कान थाप्नुहोस् ................ " ( भजनसंग्रह ५ : १ )

## हाम्रो सरकार

"धन्य हो त्यो मानिस जो दुष्टहरुको सल्लाहमा हिड्दैन, जो पापीहरुको मार्गमा खडा हुँदैन । अनि गिल्ला गर्नेहरुको सङ्गतमा बस्दैन । तर परमप्रभुको व्यवसाय नै त्यो  खुसी रहन्छ र त्यसले दिनरात उहाँकै व्यवस्थामा मनन गर्छ । " ( भजनसंग्रह १:१-२)

प्रार्थना गर्नुहोस् कि हाम्रा मार्गदर्शकहरुले परमेश्वरले तिनीहरुलाई राम्रा निर्णयहरु लिन र उनीहरु प्रसिद्ध नभए पनि उनीहरुसँग खडा हुनको लागि उहाँसँग विन्ति गरेका हुन् ।

- संघिय लिडरहरु : राष्ट्रपति, युनाईटेड स्टेटस् मन्त्री सभासद् र प्रतिनिधीहरु नियुक्त गरेका लिडरहरु ।
- स्थानीय लिडरहरु : शासक, राज्य, मन्त्रसभासद् र प्रतिनीधिहरु, मेयरहरु निर्वाचित पदहरु
- अदालती र पद्धति : ग्क सर्वोच्च अदालत राज्य सर्वोच्च अदालत न्याय
- शसस्त्र सेवाहरु : एयर फोर्स, नौकासमूह, समुद्र जहाजहरु सुरक्षित राख्ने ठाउँहरुमा " तर पत्रुस र प्रेरितहरुले भने, " हामीले मानिसहरुको होइन तर परमेश्वरको आज्ञा पालन गर्नैपर्छ ! " (प्रेरित ५:२९)

## चर्चहरु र मिनिस्ट्री संस्थाहरु

" भलाई गर्ने काममा हामी नथाकौं, किनभने यदि हिम्मत हारेनौं भने ठीक समयमा हामी कटनी गर्नेछौं । " ( गलाती ६:९)

# ईसाई चरित्र

हाम्रो राष्ट्रले यो जान्न अति नै आवश्यक छ कि एक परमेश्वर हुनुहुन्छ र यो पनि उहाँले हामी सबैको लागि सत्यताको सिद्धान्त दर्शाउनुभएको छ। निम्न कुराको लागि प्रार्थना गर्नुहोस् :

- तपाईको पास्टर, तपाईका चर्च अगुवाहरु र शिक्षकहरु तपाईको समुह, तपाईको श्रेण, कि परमेश्वरको वचन स्पष्ट रुपमा र निर्लज्जासाथ बोल्नुभएको होस् र कि चर्च अध्यारो संसारमा पनि शुद्ध र चम्किलो ज्योति भएको होस्।

- मिनिष्ट्री संस्थाहरु तपाई पक्ष लिनुहुन्छ र जसले तपाईको परिवारलाई मद्दत गर्छ, त्यो हो : मुक्ति सेना, परिवारमा ध्यान दिने इसाई क्याम्पहरु, अभ्यास संस्थाहरु कि जीवनहरु परिवर्तन भएका होउन् परमेश्वरका वचनहरु हरेक दिन व्यवहारमा लागू भएको होस् ।

## कैद गरिएका र सताईएकाहरु

"बलिया र साहसी हाओ ! यिनीहरुसित नडराओ र त्रसित नहोओ ! किनभने परमप्रभु तिमीहरुका परमेश्वर नै तिमीहरुसँग जानुहुन्छ । उहाँले तिमीहरुलाई कहिल्यै छोड्नुहुँदैन नता त्याग्नुहुनेछ । " (व्यवस्था ३१:६)

- धेरै चोटी गलत कामको कारणले गर्दा झ्ेलखानाका परेका मानिसहरुलाई तिनीहरुका हृदयहरु ( तिनीहरुका विचारहरु र व्यवहारहरु ) शुद्ध बनाउनु आवश्यक छ ताकि तिनीहरुले फेरी अपराध नगरेका हुन् । येशुले मात्र एउटा व्यक्तिको हृदयमा परिवर्तन गर्न सक्नुहुन्छ । तिनीहरुका हृदय परिवर्तन हुनको लागि प्रार्थना हर्नुहोस् ।
- कोही मानिसहरु गैर - कानुनी लागू पदार्थ, अधिक मदिरा सेवन परमेश्वर बारे गलत विश्वासहरु, ईत्यादी कुराहरुमा दास भएका छन् र तिनीहरु ती कुराहरुमा कैद गरिएका र आफूलाई सुम्पेका छन् । येशुसँग मात्र ती साङ्गलाहरु खोल्ने साँचो छ जुन साङ्गलाले ती मानिसहरुलाई पक्रेका छन् । ती मानिसहरुको छुटकाराको निम्ति प्रार्थना गर्नुहोस् ।
- कहिलेकाँही , ईसाईहरुको मजाक उडाईन्छ अथवा ईसाईहरुलाई कहिलेकाँही जेलमा हालिन्छ, शारीरिक रुपमा हानि पुऱ्याईन्छ अथवा तिनीहरुबाट कामहरु घरहरु अथवा परिवारका सदस्यहरु पनि टाढा लगिन्छ । तिनीहरुको सुरक्षाको लागि र परमेश्वर उनीहरुका वचनहरु र स्वभावहरुद्धारा सम्मानित हुनुभएको होस् भनेर प्रार्थना गर्नुहोस् ।

## हाम्रो समाज र संस्कृतिहरु

"धन्यका हुन् तिनीहरु, जसले उहाँका कानून पालन गर्दछन्. र उहाँलाई सम्पूर्ण हृदयले खोज्दछन् । तिनीहरुले कुनै अधर्म गर्दैनन्, उहाँका मार्गमा तिनीहरु हिड्दछन् । तपाईले आदेशहरु यस हेतुले दिनुभयो कि हामी तिनलाई पूरा-पूरा पालन गरौं । " ( भजन संग्रह ११९ : २ - ४ ) हरेक दिन हामीहरु हामीले देख्ने, सुन्ने, पढ्ने अथवा हामीलाई भनिएका कुराहरुबाट प्रभावित हुन्छौं चाहे ती ठिक हुन् अथवा वेठीक, राम्रो अथवा नराम्रो, परमेश्वरीय अथवा अपरमेश्वरीय । नराम्रो कुरा परमेश्वरीय कुराहरु रोकिएका होऊन् भनेर प्रार्थना गर्नुहोस् र जुन कुरा ठिक र राम्रा र परमेश्वरीय छन् , ती कुराहरु देखिएका, सुनिएका, पढिएका र बताइएका होऊन् । निम्न सुचीबाट एउटा अथवा दुईवटा समुहहरु उठाउनुहोस् र यी क्षेत्रहरुमा संलग्न मानिसहरुका लागि तपाईको प्रार्थनाहरु प्रयोग गर्नुहोस् :

- व्यापार र उद्योग — सञ्चारहरु, धनसम्पत्ति, कानुन, कलकारखाना
- सामुदायिक सेवाहरु — च्यारिटेवल, संस्थाहरु, प्रहरी
- शैक्षिक पद्धति — तालिम दिने शिक्षकहरु विद्यार्थीहरु, शिक्षकहरु
- वैज्ञानिक समूदाय — अनुसन्धान र विकास
- मिडिया — टि.भी, रेडियो, पत्र पत्रिकाहरु
- म्नोरञ्जन व्यवसाय — फिल्म, संगित, छाप, खेलकुँदहरु

## परिवार

"तिमीहरुले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले आफ्नो सारा प्राणले र आफ्नो सारा शक्तिले प्रेम गर । मैले आज तिमीहरुलाई सुनाएका आज्ञाहरु आफ्नो मनमा राख । ती तिमीहरुले आफ्ना छोराछोरीहरुलाई होशियारीसाथ सिकाओ । घरमा बस्दा बाटोमा हिड्दा, ढल्केर सुत्दा र उठ्दा तिनको चर्चा गर । (व्यवस्था ६:५-७)

- परमेश्वरले परिवार बनाउनुयो । जहाँ उहाँका सत्याताहरु र बाटोहरु र बाटोहरु सिकाईन्छ । अभिभावकहरुका लागि प्रार्थना गर्नुहोस् , विशेषगरी बुबाहरुले उनीहरुका परिवारहरु उदाहरणद्धारा अगाडी बढाएका होऊन् जुन बाइबलमा परमेश्वर र हिरोहरुले हाम्रो लागि बनाएका छन् ।

- तपाईका परिवारमा सदस्यहरु, तपाईका साथीहरु तपाईका छिमेकीहरु तपाईका समूहका साथीहरु टुक्रिएका परिवारहरुका लागि जसको कुनै परिवार नै छैन यी सबैका लागि प्रार्थना गर्नुहोस् ।

"हे परमेश्वर मलाई जाँच्नुहोस् र मेरो हृदयलाई जान्नुहोस् । मलाई जाच्नुहोस् र मेरा चिन्ताहरुलाई जान्नुहोस् । हेर्नुहोस्, ममा कुनै खराव चाल छ कि र मलाई अनन्तको मार्गमा डोऱ्याईदिनुहोस् । " ( भजनसङ्ग्रह १३९ : २३ - २४ )

- प्रार्थना गर्नुहोस् कि परमेश्वरले तपाईलाई तपाईका ती भागहरु देखाउनुभएको होस् जसले परमेश्वरलाई मुस्कुराउन दिदैन र उहाँलाई ती भागहरु बनाउन सहायता गर्नका लागि अनुमति दिनुहोस् ।

- हाम्रो देशका सबै मानिसहरुका लागि प्रार्थना गर्नुहोस् कि तिनीहरुले परमेश्वरलाई खोजेका होऊन् र नराम्रो सोच्न र गर्नबाट फर्केका होऊन् र जे कुरा ठिक छ त्यही कुरा सोचेका र गरेका होऊन् ।

"परमेश्वरमा हाम्रो पूर्ण भरोसा छ कि उहाँको इच्छा बमोजिम जे मागे तापनि उहाँले हाम्रो कुरा सुन्नुहुन्छ । " ( १ युहन्ना ५ : १४ )

यो पाठ डालास प्रार्थना बेकफास्ट गाईडबाट लिईएको हो, सन् १९९७ ।

## कथाको समय

**आजको पाठ्य पद**

" ............ एउटै कुरा मात्र म जान्दछु कि म अन्धो थिए तर अब देख्दछु । " ( यूहन्ना ९ : २५ )

**परिचय**

सन् २००१ मा मैले डालास, त्ह मा एउटा एउटा स्थानिय चर्चको लागि " कथा बताउने " भनिने एउटा कोर्स बनाउन सहायता गरे - कसरी तिनीहरुले आफ्ना कथाहरु बाड्न सक्छन् भन्ने कुरा बनाउन र सिक्नको लागि सहायता गर्न साथै कसरी तिनीहरु येशु खिष्टसँगको सम्बन्धमा आए । कथा समय यस कोर्सको बदल्न सक्ने शक्तिबारे साक्षी दिनको लागि सहायता गर्न । तपाई र तपाईका बालबालिकाहरुले तपाईको बाइबल अध्ययनमा अनुभव गर्नुहुने सबैभन्दा शक्तिशाली र आत्मिय क्षणहरुमध्ये एउटा यो हो जव एउटा बुबाले अथवा एउटा छोराले अथवा एउटा छोरीले तिनीहरुको कथा बताउँदछ । कुनै पनि समयमा तपाईले समुहको रुपमा गर्न निर्णय लिनुहुन्छ, यो समय बाइबलहरु र पुस्तिकाहरु एकापट्टि राख्ने समय हो र सुन्नुहोस् मात्र । यो समय एकसाथ विताउने एउटा अति नै अद्भुत समय हो । ( यो पाठको अन्त्यमा तपाईको समूहसँग कसरी अगाडी लाने भन्ने कुराको नोट हेर्नुहोस् । )

## कथाको समय
## (यूहन्ना ९:१-२५)

"त्यहाबाट जाँदै गर्दा येशुले एकजना जन्मैको अन्धालाई देख्नुभयो । उहाँका चेलाहरुले उहाँलाई सोधे, " रब्बी कसले पाप गऱ्यो यसले कि यसका आमा बुबाले र यो अन्धो जन्म्यो ? " येशुले जवाफ दिनुभयो, नता यसले पाप गऱ्यो न यसका आमा बाबुले, तर यो यस हेतुले भयो कि परमेश्वरको काम यस मानिसको जीवनमा प्रकट होस् । मलाई पठाउनुहुनेका कामहरु हामीले दिन छँदै गर्नुपर्छ । रात आउँछ तव कसैले काम गर्न सक्दैन । म संसारमा रहुन्जेल म संसारको ज्योति हुँ । " यी कुरा भनेर उहाँले भूईमा थुक्नुभयो र थुकले माटो मुछेर लेप बनाई त्यसका आँखामा लगाईदिनुभयो । अनि उहाँले त्यसलाई भन्नुभयो, " जाऊ सिलोआमको ( जसको अर्थ हो पठाईएको ) तलाउमा गएर पखाल । " त्यसले गएर पखाल्यो र देख्ने भएर फर्क्यो ।

त्यसका छिमेकीहरु र त्यसले भिख मागेको देख्नेहरुले भने, " बसेर भिख माग्ने मान्छे के यही होइन ? " कसै - कसैले भने, " यो त्यही हो । " अरुले भने, " हाईन यो त्यही जस्तो देखिन्छ । " त्यसले भन्यो, " म त्यही हुँ । " तव तिनीहरुले त्यसलाई सोधे, " तेरा आँखा कसरी खोलिए त ? " त्यसले जवाफ दियो, " येशु भन्ने एउटा मानिसले माटोको लेप बनाएर मेरा आँखामा लगाईदिएर मलाई भन्नुभयो, " सिलोआममा जाऊ र पखाल । तव गएर मैले पखाले र म देख्ने भएँ । " तिनीहरुले त्यसलाई भने, " तिनी कहाँ छन् त ? " त्यसले भन्यो, " म जान्दिन । "

अघि अन्धो हुने त्यस मान्छेलाई तिनीहरुले फरिसीहरुकहाँ ल्याए । जुन दिन येशुले माटोको लेप बनाएर त्यसका आँखा खोलिदिनुभएको थियो त्यो शवाथ दिन थियो । फरिसीहरुले त्यसलाई सोधे, " तँ कसरी देख्ने भइस् ? " त्यसले तिनीहरुलाई भन्यो, " उहाँले मेरा आँखामा माटोको लेप लगाईदिनुभयो , अनि मैले पखाले र देख्ने भएँ । "

फरिसीहरुमध्ये कुनै - कुनैले भने, " मै त्यो मानिस परमेश्वरबाट आएको होइन, किनकी त्यसले शवाथ दिन पालन गर्दैन । " तर अरुहरुले भने, " कसरी पापी मानिसले यस्ता चिन्हहरु गर्न सक्तछ ? " र तिनीहरुका विचमा फाटो हुन गयो । तिनीहरुले त्यस अन्धालाई फेरि सोधे, " यसले तेरा आँखा खोलिदिएछ, अव उसको विषयमा तँ के भन्छस् ? " त्यसले जवाफ दियो, "उहाँ अगमवक्ता हुनुहुन्छ । " दृष्टि पाउने मानिसका आमा बाबुलाई बोलाएर नसोधुन्जेल यहुदीहरुले त्यो अन्धो थियो र देख्ने भयो भनेर विश्वास गरेनन् । तव तिनीहरुले उनीहरुलाई सोधे, "के यो तिमीहरुका छोरा हो जो अन्धो जन्मेको थियो भनी तिमीहरु भन्छौं ? त अव कसरी त्यो देख्न सक्ने भयो ? "

त्यसका आमा बाबुले तिनीहरुलाई भने, " हामी जान्दछौं यो हाम्रो छोरो हो र अन्धो जन्मेको थियो । तर अव यो कसरी देख्ने भयो हामी जन्दैनौं, अथवा यसका आँखा कसले खोलिदिए त्यो पनि हामी जान्दैनौं । यसको उमेर पुगेको छ, यसैलाई सोध्नुहोस् । आफ्नो विषयमा त्यो आफै बोल्नेछ । " त्यसका आमा बाबुले यी कुरा भने, " किनकी उनीहरु यहुदीहरुदेखि डराउँथे । किनभने कसैले उहाँलाई खिष्ट भनि स्वीकार गऱ्यो भने त्यसलाई

सभाघरबाट निकाल्नुपर्छ भनी यहुदीहरु अघि नै सहात भएका थिए । यसैकारण त्यसका आमा बाबुले भने, " यसको उमेर पुगेको छ यसैलाई सोध्नुहोस् । "

तव तिनीहरुले त्यस अन्धो मानिसलाई दोस्रो पल्ट बोलाएर भने, " परमेश्वरलाई महिमा दे । हामी जान्दछौं यो मान्छे पापी हो । " त्यसले जवाफ दियो, " उहाँ पापी हुनुहुन्छ कि हुनुहुन्न म जान्दिन । एउटै कुरा मात्र म जान्दछु कि म अन्धो थिएँ तर अव म देख्तछु । "

## तपाईको कथा बताउनु

' तपाईको कथा बताउने' विचार अलि असजिलो हुनसक्छ । हुनसक्छ, तपाई असफल हुनमा अथवा तपाईले के भन्ने भनेर थाहा नभएर डराउनुभएको छ । त्यसैले मैले यो खण्ड एकसाथ ' कथाको समयमा ' राखेको हो । हरेकसँग बताउनको लागि एउटा कथा छ र तपाईको कथा कसरी बताउने भनेर सिक्नु कसैको जीवनमा येशु खिष्टको सु - समाचार ल्याउनु हुनसक्छ । त्यसैले ............ तपाईको कथा के हो ? " त्यसैले .......... मलाई तपाईको कथा बताउनुहोस् । यदी तपाईलाई यो प्रश्न सोधिएको भए तपाईको जवाफ के हुन सक्थ्यो ? " मलाई लाग्दैन, मसँग बताउनको लागि धेरै कथाहरु छन् । " ......... " मलाई लाग्छ मसँग एउटा कथा छ तर यो त्यत्ति रोचक छैन । " यस प्रकार अनुभव गर्नु स्वभाविक हो तर यो सत्यताभन्दा टाढाको कुरा हो । हामी सबैसँग बताउनका लागि एउटा विशेष, अद्धितीय र अर्थपूर्ण कथा छ । जुन सबैभन्दा फरक छ । यदी तपाईले येशुलाई भेट्नुभएको छ भने तपाईसँग बताउनको लागि एउटा कथा छ ।

हुनसक्छ तपाईलाई पहिल्यै यो कुरा थाहा छ । तर यसलाई अझै विकाश गर्न तपाईलाई आवश्यक छ । अर्को उपाय तपाईको कथा लेख्नु र बाट्नु कसरी तपाईको जीवनमा परमेश्वरले काम गर्दै हुनुहुन्छ भन्ने कुराको एउटा शक्तिशाली समझना गराउने माध्यम हुन सक्छ । यसले ती जो जतिले यसलाई सुन्छन् - विशेषगरी तपाईको छोरा अथवा छोरीको लागि एउटा शक्तिशाली गवाही जुटाउँदछ ।

त्यो नै तपाईको कथा बाट्नुको उद्देश्य हो - तपाईको जीवनमा परमेश्वरको परिवर्तन गर्ने शक्तिको बारेमा बताउनु । जव तपाईले तपाईको कथा बाट्नुहुन्छ तव तपाईले तपाईको जीवनद्धारा सु - समाचार बताउँदै हुनुहुन्छ तपाईको जीवनमा साँचो र व्यक्त गर्न सकिने सु - समाचार । त्यसैले यहाँ आओं ।

यदी तपाईले कसैलाई तपाईको कथा कसरी बताउने भन्ने बारे कहिल्यै पनि सोच्नुभएको छैन अथवा तपाईको कथा कागजमा लेख्ने अद्भुत अनुभव गर्नुभएको छ भने तपाईको कथा एकसाथ राख्नका लागि यहाँ केही विचारहरु र सुझावहरु छन् :

## परिवर्तन

यदी तपाईले तपाईको जीवनमा येशु खिष्टलाई स्वीकार गर्नुभएको कुनै निश्चित समय, ठाउँ अथवा घटना सम्झनुहुन्छ भने 'परिवर्तन' भन्ने शब्द उत्तम हुन्छ । यदी परिवर्तन उत्तम छ भने तपाईको कथा यी प्रश्नहरुमाथि अटाउन कोशिश गर्नुहोस् :

- येशु तपाईको जीवनमा आमन्त्रण गनु अघि तपाईको जीवन कस्तो थियो ?
- येशुलाई मुक्तिदाताको रुपमा ग्रहण गर्न के कुराले ( घटनाहरु, कुराकानी इत्यादी ) डोऱ्यायो ?
- तपाईले खिष्टलाई मुक्तिदाताको रुपमा कसरी र कहिले लिनुभयो ? प्रभुको रुपमा ?
- कसरी येशुले तपाईको जीवन परिवर्तन गर्नुभएको छ ?

## यात्रा

यदी तपाईको विश्वास एउटा यात्राजस्तो देखिन्छ भने " आत्मिकी यात्रा " उत्तम हुन्छ । यी प्रश्नहरु कोशिश गर्नुहोस् ?

- परमेश्वरले तपाईको जीवनमा गनुभएको कामको कुनै मुख्य घटनाहरु के के भएका छन् ?

- येशु ख्रिष्टमा तपाईको विश्वास विकास गर्न के के परिस्थितिहरु ,अनुभवहरु अथवा मानिसहरुले सहायता गऱ्यो ?
- येशुविनाको तपाईको जीवन कसरी फरक हुन्थ्यो ? ( त्यो हो : जीवनशैली, बानीव्यवहार, प्राथमिकताहरु, सम्बन्धहरु इत्यादी )

**<u>तपाईको जीवनद्धारा सु-समाचार बाट्नु</u>**

" ........... ख्रिष्टमा हुनुभएर परमेश्वरले संसारलाई आफूसँग मिलापमा ल्याउँदै हुनुहुन्थ्यो ........ " ( २ कोरिन्थी ५: १९ ) सु - समाचार येशुको कथा हो । येशुको कथा धर्मशास्त्रको ठूलो कथाको भाग हो, सृष्टिको फैलावट झर्ने कुरादेखि लिएर छुटकारासम्म जुन येशुले ल्याउनु हुन्छ । त्यो एउटा ठूलो कथा हो, अझै पनि त्यहाँ एउटा प्रसंग छ । जुन त्यो कथाभरि हिड्छ : मिलाप ! येशु ख्रिष्टको सु - समाचार बाट्ने एउटा शक्तिशाली उपाय तपाईको आफ्नै कथामा सु-समाचार बुन्नु हो ।

तपाईको कथामा यी प्रश्नहरु अटाउन कोशिश गनुहोस् :

**<u>सृष्टि</u>**

- कसरी तपाईले सृष्टिमा परमेश्वरको उद्देश्य बुझ्न सक्नुहुन्छ ? " ............. ख्रिष्ट येशुद्धारा प्रेममा उहाँले हामीलाई आफ्ना सन्तान हुनलाई ............. " ( एफिसी १ : ५ )
- कसरी तपाईले जीवनमा तपाईको उद्देश्य बुझ्न सक्नुहुन्छ ? " ........ तैले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले र आफ्नो सारा प्राणले र आफ्नो सारा समझले प्रेम गर्नु, ......... छिमेकीलाई आफैलाई जस्तै प्रेम गर्नु " (मत्ति २२ : ३७ - ३९ )

**<u>पतन</u>**

- कसरी तपाईले तपाईको जीवनमा पाप अनुभव गर्नुभएको छ ? " तिमीहरुले मलाई प्रेम गर्छौ भने मेरा आज्ञाहरु पालन गर्ने छौं । " ( यूहन्ना १४ : १५ )
- ती पापहरुको परिणामहरु के छन् ( थिए ) ? " तर तिमीहरुका अधर्मले तिमीहरुलाई आफ्ना परमेश्वरबाट अलग गरेका छन् ........ " ( यशैया ५९ : २ )

**<u>उद्धार</u>**

- कसरी तपाईले येशु ख्रिष्टमा तपाईको विश्वास राख्नुभयो ( समाधान ) ? " सकभने अनुग्रहबाट विश्वासद्धारा तिमीहरुले उद्धार पाएका छौं र यो तिमीहरु आफैबाट होइन । यो त परमेश्वरको वरदान हो - कर्महरुद्धारा होइन, नत्रता मानिसले घमण्ड गर्ने छ । " ( एफिसी २ : ८ - ९ )
- कसरी तपाई परमेश्वरसँग फेरी मिलापमा आउनु भयो ? ( परिणामहरु के थिए ? ) " ........ हाम्रो प्रभु येशु ख्रिष्ठद्धार परमेश्वरलाई हामी रमाउँदै पनि छौं । उहाँ द्धारा अव हामीलाई परमेश्वरसँग मिलाप प्राप्त भएको छ । " ( रोमी ५ : ११ )
- तपाईको लागि मण्डली वा अरु केही कुराहरुले के भूमिका खेल्यो ? " तिमीहरु ख्रिष्टका शरीर हो र रहेक त्यसका अंगहरु हो । " ( १ कोरिन्थी १२ : २७ )

**<u>तपाईको कथा एकसाथ राख्नु</u>**

- तपाईको जीवनको कुन कुरा अरु कसैको लागि रोचक हुन सक्ला ?
- अगाडीका हरेक प्रश्नहरुमा तपाईले के कस्ता बाइबलका पद हरु राख्नुहुन्छ होला ?
- तपाईको कथा बनाउन मद्दत गर्नको लागि तपाईको जीवनका के कस्ता अनुभवहरुले व्याख्याहरु बनाउन सक्छ ?
- तपाईले अरु कसैलाई बताउँदै गर्नु भएको जस्तै गरी तपाईको कथा लेख्नुहोस् ।
- ३ - ५ मिनट विच लेख्नुहोस् ।

## ईसाई चरित्र

तपाईको जिवनमा तपाईको व्यक्तिगत प्रभु र मुक्तिदाताको रुपमा येशू कसरी आएको चाहानुहुन्छ तलको पृष्टमा तपाईको आफ्नो साक्षी अर्थात तपाईको कथा लेख्नुहोस्

याद गर्नको लागि राम्रो वचन

“तर एउटा कुरा म जान्दछु। म अन्धो थिए, तर अब देख्न सक्ने भएको छु।” (युहन्ना ९ : २५)